'पञ्ञा नरानं रतनं'

# परियत्ति : प्रथम प्रवेश शिक्षा

पञ्ञा नरानं रतनं

तिपिटक

अ.नै.भि. महासंघ द्वारा संचालित

नेपाल बौद्ध परियत्ति शिक्षा

स्थापित बु सं २५०७

(प. स. पा. को प्रवेश प्रथम वर्षको पाठ्य-पुस्तक)

बु. सं. २५४६ देखि स्वीकृत

Downloaded from http://dhamma.digital/

'पञ्ञा नरानं रतनं'

# परियत्ति : प्रथम प्रवेश शिक्षा

(बु. सं. २५४६ देखि स्वीकृत)

(नेपाल बौद्ध परियत्ति शिक्षा समितिको निर्देशन अनुसार
प. स. पा. को प्रवेश प्रथम वर्षको पाठ्य-पुस्तक)

सम्पादक तथा संयोजन

कोण्डन्य

(संयोजक : नेपाल बौद्ध परियत्ति शिक्षा, पाठ्यक्रम विकास समिति)



Downloaded from http://dhamma.digital/

प्रकाशकः

# नेपाल बौद्ध परियत्ति शिक्षा परिषद्

पाठ्यक्रम विकास तथा व्यवस्थापन समिति

मणिमण्डप महाविहार, पटको, पाटन।

सर्वाधिकार सुरक्षित : नेपाल बौद्ध परियत्ति शिक्षा, बु. सं. २५४६

नेपालमा वितरणार्थ आर्थिक सहयोगः

| | | |
|---|---|---|
| प्रकाशन व्यवस्थापन | : | बुद्ध विहार भृकुटीमण्डप, सुखी होतु नेपाल |
| संकलित पुनर्मुद्रण | : | कर्पोरेट बडी अफ द बुद्ध एजुकेशनल फाउण्डेशन,टाइवान |
| सहयोगीहरू | : | भिक्षु मंगल, भिक्षु बोधिज्ञान, भिक्षु वजिरबुद्धि, बासुदेव देसार |
| कम्प्यूटर सज्जा | : | किरणमुनि वज्राचार्य, डिल्लीराम गौतम राजु |
| प्रकाशन | : | बु. सं. २५४७, बि. सं. २०६० |
| | | ने. सं. ११२४, ई. सं. २००४ |

Printed for free distribution by

**The Corporate Body of the Buddha Educational Foundation**

11F., 55 Hang how South Road Sec 1, Taipei, Taiwan, R.O.C.

Tel: 886-2-23951198, Fax: 886-2-23913415

Email: overseas@budaedu.org

Website: http: // www.budaedu.org

**यो पुस्तक निःशुल्क वितरणको लागि हो, विक्रीको लागि होइन।**

**This book is strictly for free distribution, it is not to be sold.**

Printed in Taiwan



Downloaded from http://dhamma.digital/

# केही शब्द

नेपालको बुद्ध शासनिक क्षेत्रमा अखिल नेपाल भिक्षु महासंघबाट झण्डै ४० वर्ष देखि संचालित नेपाल बौद्ध परियत्ति शिक्षाको विशिष्ठ देन सर्वविदितै छ। यस्को श्रेय बुद्धशासनप्रति श्रद्धा र श्रम समर्पित गर्दै आउनु भएका नेपाल बौद्ध परियत्ति शिक्षाका संचालन सम्बन्धित पदाधिकारी, सदस्यहरू, परियत्ति शिक्षाका सम्पूर्ण केन्द्रका प्रबन्धक र शिक्षक-शिक्षिकाहरू, पुस्तक प्रकाशक र पुरस्कार वितरणार्थ श्रद्धालुहरूलाई छ।

नेपाल बौद्ध परियत्ति शिक्षालाई व्यापक रूपमा फैलाउन परिवर्तित परिप्रेक्ष अनुसार नेपाल बौद्ध परियत्ति शिक्षाका विविध पक्षहरूमा समयानुकुल परिवर्तित र परिवर्द्धित गरिंदै लानुपर्ने कुरालाई ध्यानकेन्द्रित गरी नेपाल बौद्ध परियत्ति शिक्षाको नियमावली बनेको र पाठ्यक्रम निर्माणमा प्रयास भएको छ। यसै अन्तर्गत प्रवेश प्रथम वर्षको पत्रगत नेपाली भाषामा सिङ्गो एक पुस्तक *परियत्ति : प्रथम प्रवेश शिक्षा* उपलब्ध हुने गरी पाठ्य-पुस्तक प्रकाशितहुनु *"धम्मपीति"* को विषय हो।

अखिल नेपाल भिक्षु महासंघबाट संचालित नेपाल बौद्ध परियत्ति शिक्षा नेपालको बुद्धशासनिक क्षेत्रमा आफ्नै विशेषता र देन रहेको कुरा स्पष्टहुँदै आएकोछ। परियत्ति शिक्षाको प्रारम्भ समयमा अध्ययन गर्ने विद्यार्थी, परियत्तिका शिक्षक-शिक्षिका तथा शुभचिन्तकहरू उत्तरोत्तर उन्नति-प्रगति गरिंदै यसलाई व्यवस्थित ढङ्गले अगाडी बढाई शिक्षा प्रणाली अनुरूप वैज्ञानिकीकरण गरिंदै पाठ्य-पुस्तकलाई व्यवस्थित गरी अध्ययनार्थीहरूलाई सुलभ गरिंदै जानुमा सचेतता देखिनु पनि सकारात्मक कदम हो।



Downloaded from http://dhamma.digital/

पाठ्य-पुस्तकलाई प्रयोगमा ल्याई अनुभवी शिक्षकले पाठ्यक्रमद्वारा लक्षित विषयवस्तुलाई विविध श्रोतको सदुपयोग गरी सफलतापूर्वक अध्यापन गर्न सक्ने हुन्छ तापनि सहजरूपमा हाम्रा परियत्ति केन्द्रहरूमा अन्य सहायक सामाग्रीहरू उपलब्ध नहुँदा पाठ्य-पुस्तक माथि अत्यधिक निर्भर रहनु परेको छ । परिवर्तित परिप्रेक्ष अनुसार नेपाल बौद्ध परियत्ति शिक्षाको पाठ्यक्रम परिवर्तित र परिवर्द्धित गरिँदै लानुपर्ने लक्ष्यतिर ध्यान केन्द्रितगरी नेपाल बौद्ध परियत्ति शिक्षाको प्रवेश स्तरका प्रथम, द्वितीय र तृतीय वर्षका प्रत्येक प्रश्न-पत्रका एउटै सिंगोपुस्तक नेपाली भाषामा उपलब्ध गराउने प्रयास भैरहेछ । यसै अनुरूप प्रस्तुत पाठ्य-पुस्तकलाई सीमित जनशक्ति र श्रोतलाई प्रयोगगरी सकेसम्म स्तरयुक्त बनाई शिक्षक र विद्यार्थीहरूका आवश्यकतालाई अत्यधिक मात्रामा पूरागर्न सकियोस् भनी केही हदसम्म प्रयास गरिएतापनि भाषा, विषयक्रम, शैलीजस्ता पाठ्य-पुस्तकमा हुनुपर्ने विविध पक्षमा अझै कमी/कमजोरीहरू यथेष्टनै नहोलान् भन्न सकिन्न र तापनि शिक्षक, अभिभावक, विद्यार्थी, बौद्ध-विद्वान् तथा शिक्षाविद् लगायत सम्पूर्ण पाठकहरूको सक्रिय सहयोगको महत्वपूर्ण भूमिका रहनेहुँदा सम्बद्ध सबैका लागि रचनात्मक सुझाव, सरसल्लाहका लागि नेपाल बौद्ध प. शि. पाठ्यक्रम विकास समिति सदैव हार्दिक स्वागत गर्दछ ।

यस पाठ्य-पुस्तकलाई एकै ठाउँमा संकलनगरी तयार पारिएकोलाई निःशुल्क मुद्रण गरिदिनु भएकोमा The Corporate Body of the Buddha Educational foundation, Taiwan परिवारलाई तथा प्रत्यक्ष-अप्रत्यक्ष सहयोग पुऱ्याउनेहरू सबै सम्बन्धित निकाय एवं श्रद्धालु महानुभावहरू तथा प्रकाशन कार्यमा सहयोग गरिदिनु हुने श्रद्धालु दाताप्रति हार्दिक साधुवाद व्यक्त गरिन्छ ।

साधुवाद ।

नेपाल बौद्ध परियत्ति शिक्षा परिषद्

पाठ्यक्रम विकास समिति



Downloaded from http://dhamma.digital/

# दुई शब्द

बुद्ध जन्मभूमि नेपालमा बुद्धधर्म, बौद्ध संस्कृति, इतिहास र दर्शन विषय अध्ययन गर्न स्वदेश बाहिर जानुपर्ने अवस्थालाई अन्त्य गर्न काठमाडौं उपत्यका बाहिर त्रिशुलीको सुगतपुर विहारमा वर्तमान अखिल नेपाल भिक्षु महासंघका अध्यक्ष एवं नेपाल बौद्ध परियत्ति शिक्षाका शिक्षाध्यक्ष संघउपनायक भिक्षु बुद्धघोष महास्थविरले सुगत बौद्ध मण्डलका तत्कालीन सचिव धर्मरत्न शाक्यको प्रार्थना र सहयोगमा बि.सं. २०१९ सालमा अनौपचारिक रूपले बौद्ध परियत्ति शिक्षा पठन-पाठनको शुरूवात गर्नुभयो । यसको लगत्तै नेपाल अधिराज्यमैं परियत्ति शिक्षालाई व्यापकता दिंदैलान कक्षा १-३ सम्मको पाठ्यक्रम स्वीकृत गरी अनौपचारिक बौद्ध शिक्षालाई ५ बैशाख २०२० सालको बैठकमा अखिल नेपाल भिक्षु महासंघले "नेपाल बौद्ध परियत्ति शिक्षा" नामाकरण गरी औपचारिकता प्रदान गरे ।

यसरी अखिल नेपाल भिक्षु महासंघको २३ फागुण २०२० सालको बैठकले पुनः परियत्ति धम्म पालक (पछि परियत्ति सद्धम्म पालक) को व्यवस्था गरियो भने परियत्ति शिक्षाको अध्ययन-अध्यापनमा लोकप्रियता बढेको कुरालाई ध्यानमा राखी १ फागुण २०२३ को अ.ने.भि. महासंघको बैठकले परियत्ति सद्धम्म कोविद परीक्षा पनि व्यवस्था गरियो। यसरी अ.ने.भि.महासंघद्वारा संचालित नेपाल बौद्ध परियत्ति शिक्षा पठन-पाठन गर्न केन्द्रहरूको अवधारणा विकास गरी थेरवादी विहारहरूमा यो शिक्षा सुरुवात गरिएको मान्नसकिन्छ। हालसम्म परियत्ति परीक्षा संचालन हुने ३२ वटा केन्द्रहरू स्थापित भैसकेका छन् ।



Downloaded from http://dhamma.digital/

बौद्ध विहार, बहा: बही‌को सम्पर्कमा रहेकाहरूका छोरा-छोरी, आफन्त र साथीहरूले यो परियत्ति शिक्षा अध्ययनगर्दै आएका छन्। परियत्ति शिक्षामा सुरुमा प्रारम्भिक कक्षा १-३ सम्म, त्यसपछि सद्धम्मपालक उपाधि परीक्षा सातौं तहसम्मको व्यवस्था गरियो भने अन्ततः कोविद अन्तिम वर्ष भनी १० औं तहसम्मको अध्ययन व्यवस्था गरियो। सुरुदेखिनै विद्यार्थीहरूले बडो श्रद्धा र अभिरूचिपूर्वक यो शिक्षा अध्ययनगर्दै आइरहेका छन्। वस्तुतः परियत्ति अध्ययन गर्ने र नगर्ने विद्यार्थीहरूकाबीच पनि यसले ठूलो प्रभाव एवं छाप छोडेको छ।

केही वर्ष अगाडी देखि परियत्ति पढ्ने विद्यार्थीहरूमा र यस परियत्ति शिक्षाको उत्तरोत्तर उन्नति-प्रगति हुनुपर्छ भन्ने शुभ चिन्तकहरूमा नेपाल बौद्ध परियत्ति शिक्षालाई व्यवस्थित ढंगले अगाडि बढाई शिक्षा प्रणाली अनुरूप वैज्ञानिकीकरण गरिंदै पाठ्यक्रमलाई व्यवस्थित पार्दै लानुपर्ने सचेतता आएको देखिंदैछ। परियत्ति शिक्षालाई निश्चय पनि वैज्ञानिकीकरण गर्नुपर्ने हो, तर यसको लागि दक्ष जनशक्ति, आर्थिक संकलन र व्यवस्थापन पक्ष पनि मजबूत हुनु नितान्त आवश्यक कुरा हुन्। सम्बन्धित सबैले आ-आफ्नो जिम्मेवारी बहन गर्नेतर्फ उन्मुख हुनसके निश्चय पनि नेपाल बौद्ध परियत्ति शिक्षालाई व्यवस्थितगर्दै अगाडि बढाउन सकिने हुन्छ। वास्तवमा परियत्ति शिक्षाको अवधारणा विकास अनुरूप त्रिभुवन विश्व विद्यालयमा Post Graduate Diploma in Buddhist Studies (PGD) सुरुभई दुइवर्षीय स्नातकोत्तर अध्ययनको पनि व्यवस्था भैसकेको कुरालाई नकार्न सकिंदैन।

परियत्तिका विकास कार्यमा पाठ्यक्रमले पनि ठूलो भूमिका निभाउने कुरालाई नकार्न सकिंदैन। पाठ्यक्रम अनुरूप विद्यार्थीहरूलाई सुलभ हुने तवरमा पाठ्य



Downloaded from http://dhamma.digital/

पुस्तक उपलब्ध गर्नाले पढ्ने विद्यार्थीहरूलाई हौसला बढ्ने कुरा स्वाभाविक हुन् । यसका लागि पत्रगतरूपमा पाठ्यपुस्तकको व्यवस्था हुनुपर्ने धेरैको रचनात्मक सुझाव तथा अत्यावश्यक पक्षलाई ध्यानमा राखी यसतर्फ अगाडि बढ्ने अभ्यासहरू भइरहेको थियो ।

अखिल नेपाल भिक्षु महासंघको बैठकले ५ बैशाख २०५७ का दिन नेपाल बौद्ध परियत्ति शिक्षाको पाठ्यक्रम परिमार्जन, परिवर्द्धन तथा संशोधन एवं परिवर्तनका लागि म भिक्षु कोण्डन्यको संयोजकत्वमा गठित श्रद्धेय महास्थविर भिक्षुहरू बुद्धघोष, ज्ञानपूर्णिक, सुदर्शन, धर्मशोभन र शीलभद्र तथा भिक्षुहरू भद्दिय, बोधिज्ञान र निग्रोध गरी नौ सदस्सिय समिति गठन भएअनुरूप एवं बौद्ध महिला संघ, नेपालको आयोजनामा २०५७ मा भएको नेपाल बौद्ध परियत्ति शिक्षा विकास दुइदिने कार्याशाला गोष्ठी पछि अझ पाठ्यक्रमलाई व्यवस्थित ढंगमा अगाडि बढाउन विभिन्न व्यक्तिहरूसित सरसल्लाहगरी पाठ्यक्रमलाई सुधार गरिने कार्य भयो । यस पाठ्यक्रम स्वरूपमा प्रारम्भिक प्रथम वर्षदेखि प्रवेश तृतीय वर्षसम्म नेपाली भाषामा पनि प्रस्तुत गरिएको छ भने पाठ्य पुस्तक पनि पत्रगत आधारमा प्रवेश तृतीय वर्षसम्म व्यवस्था गरि एअनुरूप नेपाली भाषामै पाठ्यपुस्तकहरू प्रकाशित भैसकेको सुखद् विषय हुन् । दाताहरू क्रमशः मोतिलाल शिल्पकार-ललितपुर, अनागारिका धम्मवती-धर्मकीर्ति विहार, शरणलक्ष्मी कंसाकार-पुतलीसडक, रत्नमाया शाक्य-जावलाखेल, धर्म बहादुर धाख्वा कल्याण कोषर-ललितपुर, डा. केशर मान वज्राचार्य-काठमाडौंबाट हजार-हजार प्रति प्रकाशित भएका थिए । प्रकाशक दाताहरू साधुवादका पात्र हुन्, उहाँहरूलाई पाठ्यक्रम विकास समितिको तर्फबाट पनि साधुवाद व्यक्त गर्दछु । विशेषतः बु.सं. २५४६ देखि लागू हुनेगरी प्रकाशित गरिएको सो



Downloaded from http://dhamma.digital/

पाठ्यपुस्तक अन्तरगत **"परियत्ति : प्रथम प्रवेश शिक्षा-१, परियत्ति : प्रथम प्रवेश शिक्षा-२, परियत्ति : प्रथम प्रवेश शिक्षा-३, परियत्ति : द्वितीय प्रवेश शिक्षा-१, परियत्ति :द्वितीय प्रवेश शिक्षा-२,परियत्ति : द्वितीय प्रवेश शिक्षा-३"** लाई २०६० आश्विन ७ बुधवार भएको नेपाल बौद्ध परियत्ति शिक्षा परिषदको बैठकमा पारित भएअनुरूप टाइवानबाट निःशुल्क पुनर्मुद्रण गरिनेक्रममा परियत्ति प्रवेश प्रथम वर्षका लागि **"परियत्ति : प्रथम प्रवेश शिक्षा"** र परियत्ति प्रवेश द्वितीय वर्षका लागि **"परियत्ति : द्वितीय प्रवेश शिक्षा"** भनी नामाकरण गरिएको छ ।

वस्तुतः परियत्तिको विकास गर्ने क्रममा इतिहास, पुरातत्व एवं बौद्ध संस्कृतिविद् पूर्व अखिल नेपाल भिक्षु महासंघका उपाध्यक्ष तथा नेपाल भाषा एकेडेमीका उपकुलपति दिवंगत श्रद्धेय भिक्षु सुदर्शन महास्थविरको जुन अथक प्रयास र योगदान रहेको छ, त्यसले उहाँ परियत्तिको इतिहासमा सदा स्मरणीय व्यक्तित्वको रूपमा रहीरहने छ भने नयाँ पाठ्यक्रमको स्वरूपलाई मूर्तरूप दिन वर्तमान परीक्षा केन्द्रीय परीक्षा नियन्त्रक भिक्षु बोधिज्ञान, भिक्षु निग्रोध, अनागारिकाहरू धम्मवती, सुजाता र ञाणवती, डा. गणेश बहादुर माली, डा. वज्रराज शाक्य, डा.केशरी लक्ष्मी मानन्धर, नानीमैंया मानन्धर, ठाकुरमान शाक्य, त्रिरत्न मानन्धर, रीना तुलाधर, अमिता धाख्वा, वीणा कंसाकारको पनि ठूलो सहयोग रहेकोलाई स्मरण गर्नैपर्छ ।

याथार्थतः परियत्ति शिक्षा राष्ट्रियस्तरमै अगाडि बढिसकेको भएर पनि यसमा सुधारात्मक कार्यहरू अझै धेरै हुन बाकी छ, यो स्वीकार्य छ। मूलतः संस्थागत कार्यलाई ध्यानाकृष्ट गरीनुपर्ने देखिन्छ। जे होस् विद्यार्थीहरूको सहभागितालाई



Downloaded from http://dhamma.digital/

हामीले निश्चय पनि सचेतता अपनाई यस बौद्ध परियत्ति शिक्षालाई कसरी निरन्तरता दिंदै अघि बढ्ने भन्ने विषयमा धर्मप्रेमी हामी सबैको ध्यान केन्द्रित हुनु सबैको लागि सुखकर हुने भएर नेपाल बौद्ध परियत्ति शिक्षाको विकासमा सबैले टेवा पुऱ्याउन सकौं परिणामतः यस पछिको अर्को पाठ्यक्रममा हामीले अझ व्यवस्थित तथा वैज्ञानिक पद्धतिलाई अपनाउन सक्ने कुरामा नकार्न सकिंदैन ।

नेपाल बौद्ध परियत्ति शिक्षा परिषद्का लागि निःशुल्क मुद्रण गरिदिने टाइवानको दातृसंस्था The Corporate Body of The Buddha Educational Foundation, प्रकाशनार्थ व्यवस्थापनको अभिभार बहन गर्ने बुद्ध विहार भृकुटीमण्डप तथा सुखी होतु नेपाल, टाइवानमा प्रकाशनको लागि आवश्यक सहयोग गर्नुहुने भिक्षु मंगल र भिक्षु वजिरबुद्धि, सहयोगीहरू केन्द्रीय परीक्षा नियन्त्रक भिक्षु बोधिज्ञान, बासुदेव देसार, किरणमुनि वज्राचार्य, डिल्लीराम गौतम आदि सबैलाई साधुवाद छ ।

**- कोण्डन्य,**

बुद्ध विहार-भृकुटी मण्डप
संयोजक, पाठ्यक्रम विकास समिति

Downloaded from http://dhamma.digital/

# विषय सूची

**विषय** **पृष्ठः**

## परित्त सुत्त


| | | |
|---|---|---|
| | खन्ध सुत्त | १ |
| | स्कन्ध सूत्रको निदान | २ |
| | स्कन्ध सूत्रको अर्थ | २ |
| | पुब्बण्ह सुत्त | ५ |
| | पुब्बण्ह सूत्रको अर्थ | ८ |


## बुद्ध-जीवनी

### प्रथम खण्ड


| | | |
|---|---|---|
| **परिच्छेद-१** | महामायाको गर्भधारण | १३ |
| | महामायालाई देवताको आरक्षा | १५ |
| | मायादेवीको माइतगमन | १५ |
| | बोधिसत्त्वको जन्म | १६ |
| | बोधिसत्त्वको सिंहनाद | १७ |
| | मायादेवीको कपिलवस्तुगमन | १८ |
| | कालदेवल तपस्वीद्वारा बोधिसत्त्व-वन्दना | १८ |
| | प्रथमवार वन्दना | १९ |
| | कालदेवल तपस्वीको शोक | १९ |
| | नालकको प्रव्रज्या | २० |
| | सिद्धार्थकुमारको नामाकरण | २१ |
| **परिच्छेद-२** | महामायादेवीको स्वर्गारोहण | २४ |
| | शुद्धोदन महाराजद्वारा हलो जोताइ | २४ |
| | सिद्धार्थकुमार ध्यानमा | २५ |
| | द्वितीयवार पुत्रवन्दना | २५ |




Downloaded from http://dhamma.digital/

| | विषय | पृष्ठ: |
|---|---|---|
| | राजकुमारको सिल्प प्रर्दशन | २६ |
| | मंगल विवाह | २७ |
| **परिच्छेद-३** | चार दृश्यहरू | २९ |
| | उद्यान-क्रीडा | ३२ |
| | राहुल कुमारको जन्म | ३३ |
| | कृष्णागौतमी शान्तिपद | ३४ |
| | नर्तकीहरूको विरूपता | ३४ |
| | सिद्धार्थको गृहत्याग | ३५ |
| | **द्वितीय खण्ड** | |
| **परिच्छेद-४** | सिद्धार्थकुमारको भिक्षुत्वग्रहण | ३९ |
| | छन्न सारथीको विरह | ४१ |
| **परिच्छेद-५** | सारथी छन्नको कपिलपुर आगमन | ४३ |
| **परिच्छेद-६** | राजगृहमा भिक्षाटन् | ४५ |
| | राजा बिम्बिसारसितको भेट | ४६ |
| | आलार र उद्दकहरूको आश्रममा | ४७ |
| **परिच्छेद-७** | पञ्चवर्गीहरू | ४९ |
| | दुष्करचर्या | ४९ |
| | पञ्च महास्वप्न | ५० |
| | सुजाताको खीरदान | ५१ |
| **परिच्छेद-८** | सुवर्णपात्र नदीको विपरीत गतिमा बढेको | ५४ |
| | सोत्थिय ब्राह्मणको तृणदान | ५४ |
| | चतुरङ्ग अधिष्ठान | ५५ |
| | मार विजय | ५५ |
| | बुद्धत्व प्राप्ति | ५६ |
| | बुद्धको प्रीतिवाक्य | ५६ |



Downloaded from http://dhamma.digital/

| विषय | | पृष्ठ: |
|---|---|---|
| परिच्छेद-९ | प्रथम सप्ताह बोधिपल्लंक | ५९ |
| | द्वितीय सप्ताह अनिमिस-चैत्य | ५९ |
| | तृतीय सप्ताह चंक्रमण-चैत्य | ६० |
| | चतुर्थ सप्ताह रत्नाधर-चैत्य | ६० |
| | पञ्चम सप्ताह अजपाल-वृक्ष | ६१ |
| | षष्ठम सप्ताह मुचलिन्द-वृक्ष | ६२ |
| | सप्तम सप्ताह राजायतन-वृक्ष | ६३ |
| | इन्द्रको सेवा | ६३ |
| | तपुस्स र भल्लुकहरूको सत्तुदान | ६३ |
| | केश धातु | ६४ |
| | **तृतीय खण्ड** | |
| परिच्छेद-१० | धर्मोपदेशमा अनुत्साहितता | ६७ |
| | सहम्पत्ति ब्रह्माको प्रार्थना | ६८ |
| | ऋषिपतन गमन | ६९ |
| | उपकाजीवकसितको भेट | ६९ |
| | पञ्चवर्गीहरूसित भेट | ७० |
| | पञ्चवर्गीयहरूसित वार्तालाप | ७१ |
| | छोड्नुपर्ने र लिनुपर्ने मार्ग | ७२ |
| | चार सत्य | ७३ |
| | देवघोषणा | ७५ |
| | कौण्डन्य भिक्षुको उपसम्पदा | ७५ |
| | चारजना भिक्षुहरूको उपसम्पदा | ७६ |
| | अनात्मलक्षण सूत्र | ७६ |
| | पञ्चवर्गीय भिक्षुहरू अर्हत् भए | ७८ |



Downloaded from http://dhamma.digital/

| | विषय | पृष्ठ: |
|---|---|---|
| परिच्छेद-११ | यशपुत्रको गृहत्याग | ८० |
| | त्रैवाचिक प्रथमोपासक | ८१ |
| | यशकुमारको प्रव्रज्या | ८२ |
| | प्रथमोपासिकाहरू | ८२ |
| | चारजना साथीहरूको प्रव्रज्या | ८३ |
| | पचासजना साथीहरूको प्रव्रज्या | ८३ |
| | धर्मप्रचार गर्न पठाउनुभयो | ८४ |
| | तीस भद्रवर्गीयहरूको प्रव्रज्या | ८५ |

## पालिभाषावतरण

| | |
|---|---|
| अक्षर विभाजन | ८९ |
| लिङ्ग-भेद | ९० |
| विभक्ति र वचन | ९१ |
| संज्ञाको शब्द-रूप | ९३ |
| विकृत विभक्ति स्वरूप | ९४ |
| नेपालीभाषामा "पुरिस" शब्दको रूप | ९५ |
| क्रिया र क्रियाको रूप भेद | ९९ |
| वर्तमान काल | १०१ |
| धातुभेद | १०५ |
| पुल्लिङ्ग इकरान्त शब्द | १०९ |
| अतीत क्रिया | ११० |
| अम्ह, तुम्ह, शब्द | ११५ |
| अलिङ्ग तुम्ह शब्द (= म) | ११५ |
| अलिङ्ग तुम्ह शब्द (= तिमी) | ११६ |



Downloaded from http://dhamma.digital/

विषय पृष्ठः

## धम्मपद

यमक वग्ग (जोरा वर्ग) १२१

## माता-पिताको सेवा

आमा-बाबाको अर्थ ? १३७
आमा-बाबा नै ब्रह्मा हुन् १३७
मातृ-ममता १३९
आमा-बाबा नै पूर्वाचार्य हुन् १४३
भनेका कुरा नमान्ने छोराछोरीहरू १४४
आमा-बाबाको वचनमा त्याग १४६
मातृत्व र धर्म १४९
आमा-बाबाको सेवाद्वारा सुगति १५२
आमा-बाबाको सेवामा बुद्धको आदर्श १५२
राहुलको आदर्श १५३
सारिपुत्रको आदर्श १५३
आमा-बाबाको सेवक हात्तीको प्रतिमा १५८
वृद्धावस्थामा आफ्ना बच्चाहरू नै आधार हो १६१
आमा-बाबालाई पिटेको विपाक १७२
श्रृंगार पुत्रलाई उपदेश १७४
चारप्रकारका कर्मक्लेश १७५
चार पापकर्म नगर्नेको वृद्धि १७६
धनसम्पत्ति नाश हुने ६ वटा कारणहरू १७६
६ वटा दिशाको नमस्कार १७६



Downloaded from http://dhamma.digital/

| विषय | पृष्ठः |
| --- | --- |

## जातक कथाहरू


१. राजोवाद जातक १८०

२. सूकर जातक १८४

३. अलीन चित्त जातक १८८

४. विनिलक जातक १९४

५. मणिचोर जातक १९७

६. महापिङ्गल जातक २०१

७. अब्भन्तर जातक २०४

८. गामणि चन्द जातक २१३


## पटाचारा


बाल्यकाल २२९

विवाह २२९

पति र सन्तान वियोग २३३

मनस्थिति असन्तुलन २३५

बुद्धसित भेट २३६

अतीत कथा २३६

अभ्यास प्रश्नहरू २४३


## विशाखा-चरित्र


बाल्यकाल २४५

विवाह २४७

जन्तीलाई स्वागत सत्कार २५२

महालता-प्रसाधन २५४




Downloaded from http://dhamma.digital/

| विषय | पृष्ठ: |
|---|---|
| दश अर्थपूर्ण उपदेश | २५५ |
| विशाखालाई दिइएको दाइजो | २५६ |
| श्रावस्तीमा विशाखाको स्वागत | २५७ |
| मृगार कुलमा मङ्गलोत्सव | २५८ |
| विशाखाको विश्वास विपरितको कुल | २५९ |
| दश अर्थपूर्ण उपदेश | २६२ |
| विशाखालाई 'मृगारमाता' को संज्ञा | २६४ |
| विशाखाको आठ प्रकारका दान | २६७ |
| धनमट्ठक-प्रसाधन | २७० |
| विशाखाकी पुत्रपुत्री र सन्तानहरू | २७० |
| विशाखाका अन्य विशेषताहरू | २७१ |
| विशाखाको सामाजिक जीवन | २७७ |
| भिक्षुणीको परीक्षामा विशाखाको निर्णय | २८० |
| पूर्वाराम विहारमा भगवान् बुद्ध | २८१ |
| आर्य-उपोसथ ब्रतको फल | २८१ |
| जति प्रेम हुन्छ त्यति नै दुःख बढ्छ | २८३ |
| इहलोक र परलोक विजय | २८५ |
| विशाखाको यशकीर्ति | २८८ |
| विशाखाको शोक | २८९ |
| विशाखाको अन्तिम घडी | २८९ |
| अभ्यास प्रश्नहरू | २९१ |



Downloaded from http://dhamma.digital/

| विषय | पृष्ठः |
|---|---|

## गृही-विनय


| | |
|---|---|
| गृहस्थीले के गर्नु पर्दछ ? | २९५ |
| सिगालोवाद-सूत्र | ३०२ |
| चार प्रकारको कर्मक्लेश | ३०५ |
| चार प्रकारको पाप | ३०६ |
| सम्पत्ति नाश हुने छ :वटा दोष | ३०७ |
| सुरापान गर्नुमा छ : वटा दोष | ३०८ |
| कुबेलामा घुम्न जानुमा छ : वटा दोष | ३०९ |
| नाच आदि हेर्न जानुमा छ : वटा दोष | ३११ |
| जुवा आदि हेर्न खेल्नुमा छ : वटा दोष | ३१२ |
| कुमित्र संगत गर्नुमा छ : वटा दोष | ३१३ |
| अल्सी भएर रहनुमा छ : वटा दोष | ३१४ |
| चार प्रकारका असत् मित्रहरू | ३१९ |
| परवस्तु मात्रै लिने मित्र | ३२० |
| वचनले मात्रै मित्रभाव देखाउने मित्र | ३२२ |
| मुखको अगिल्तिर मात्रै प्रशंसा गर्ने मित्र | ३२४ |
| कुकर्ममा मात्रै सहायता दिने मित्र | ३२५ |
| चार प्रकारका सत्‌मित्रहरू | ३२७ |
| उपकार गर्ने मित्र | ३२८ |
| सुख-दुःखमा उपकार गर्ने मित्र | ३२९ |
| बृद्धिहुने अर्तिदिने मित्र | ३३० |
| चूल सुभद्राको कथा | ३३२ |
| अनुकम्पा राख्ने मित्र | ३४२ |
| अभ्यास प्रश्नहरू | ३४६ |




Downloaded from http://dhamma.digital/

'पञ्ञा नरानं रतनं'

# परियत्ति : प्रथम प्रवेश शिक्षा

(भाग-१, नेपाली)

(बु. सं. २५४६ देखि स्वीकृत)

(नेपाल बौद्ध परियत्ति शिक्षा समितिको निर्देशन अनुसार
प. स. पा. को प्रवेश प्रथम वर्ष प्रथम पत्रको पाठ्य-पुस्तक)

निर्देशन

**भिक्षु सुदर्शन महास्थविर**

सम्पादन तथा संयोजन

कोण्डन्य

(संयोजक : नेपाल बौद्ध परियत्ति शिक्षा, पाठ्यक्रम विकास समिति)



Downloaded from http://dhamma.digital/

## परियत्ति प्रवेश शिक्षा प्रथम – १

परित्त सुत्त

बुद्धजीवनी – १

– लेखक : आचार्य भिक्षु अमृतानन्द महास्थविर

– अनु. केशवलाल कर्माचार्य

पालिभाषावतरण

– लेखक : भिक्षु बुद्धदत्त, श्रीलंका

– अनु. भिक्षु शीलभद्र महास्थविर

## परियत्ति प्रवेश शिक्षा प्रथम – २

धम्मपद

– अनुवादक : आचार्य भिक्षु अमृतानन्द महास्थविर

माता-पिताको सेवा

– लेखक : भिक्षु सुदर्शन महास्थविर

– अनुवादिका : सुश्री वीणा कंसाकार

जातक कथाहरु

– लेखिका : अनागारिका धम्मावती

– अनुवादिका : सुश्री अमिता धाख्वा

## परियत्ति प्रवेश शिक्षा प्रथम – ३

पटाचारा-जीवनी

– भिक्षु सुबोधानन्द महास्थविर

– अनुवादक : दोलेन्द्र रत्न शाक्य

विशाखा चरित्र

– भिक्षु प्रज्ञारश्मि महास्थविर

– अनुवादक : दोलेन्द्र रत्न शाक्य

गृही-विनय

– लेखक : भिक्षु अमृतानन्द महास्थविर

– अनु. : केशव लाल कर्माचार्य

– सम्पादन तथा संयोजन : कोण्डन्य



Downloaded from http://dhamma.digital/

# परित्त सुत्त

Dhamma.Digital



Downloaded from http://dhamma.digital/

# स्कन्ध सुत्त

सब्बासीविस जातीनं, दिब्ब मन्तं गदं विय।
यं नासेति विसं घोरं, सेसञ्चापि परिस्सयं॥
आणा खेतम्हि सब्बत्थ, सब्बदा सब्बपाणिनं।
सब्बसोपि निवारेति, परित्तं तं भणाम हे।
विरूपक्खेहि मे मेत्तं, मेत्तं एरापथेहि मे।
छब्यापुत्तेहि मे मेत्तं, मेत्तं कण्हागोतमके हि च॥ १॥
अपादकेहि मे मेत्तं, मेत्तं द्विपादकेहि मे।
चतुप्पदेहि मे मेत्तं, मेत्तं बहुप्पदेहि मे॥ २॥
मा मं अपादको हिंसि, मा मं हिंसि द्विपादको।
मा मं चतुप्पदो हिंसि, मा मं हिंसि बहुप्पदो॥ ३॥
सब्बे सत्ता सब्बे पाणा सब्बे भूता च केवला।
सब्बे भद्रानि पस्सन्तु, मा किञ्चि पापमागमा॥ ४॥
अप्पमाणो बुद्धो, अप्पमाणो धम्मो।
अप्पमाणो संघो, पमाणवन्तानि सिरिंसपानि॥ ५॥
अहि विच्छिका सतपदी, उण्ण-नाभी सरबू मूसिका।
कता मे रक्खा, कतं मे परित्तं॥ ६॥
पटिक्कमन्तु भूतानि, सोहं नमो भगवतो।
नमो सत्तन्नं, सम्मासम्बुद्धानं॥ ७॥

खन्धसुत्त निट्ठितं।



Downloaded from http://dhamma.digital/

## स्कन्ध सूत्रको निदान ♦

भगवान् बुद्ध श्रावस्तीको जेतवन विहारमा विहार गर्नु भएको समयमा सर्पले टोकेर एकजना भिक्षुको मृत्यु भयो । यो कुरा भिक्षुहरूले भगवान् बुद्धलाई निवेदन गरे । त्यसपछि भगवान् बुद्धले आज्ञा गर्नुभयो– "भिक्षुहो ! त्यो मृत्यु हुने भिक्षुले चार राजकुल सर्पहरूलाई मैत्री चित्त फैलाएन होला (मैत्री भाव राखेन होला) । भिक्षुहो ! त्यो भिक्षुले चार राजकुल सर्पहरूप्रति चित्त फैलाएको भए ती सर्पहरूले त्यो भिक्षुलाई टोक्ने थिएन । भिक्षुहो ! सर्प चार जातिका छन्– बिरूपक्ष सर्प जाति, एरापथ सर्पजाति, छब्यापुत्त सर्प जाति र कृष्णगौतम सर्प जाति । उपरोक्त चार जातिका सर्पहरूप्रति मैत्री चित्त राखेको भए सर्पले टोकेर मृत्यु हुँदैनथ्यो । भिक्षुहो ! आज देखि आफ्नो सुरक्षाको निम्ति चार जातिका सर्पहरूप्रति मैत्री राख भनी "विरूपक्खे हि मे मेत्तं" भनी खन्ध सूत्र देशना गर्नु भयो । यी कुरा चतुक्क निपात अंगुत्तरनिकाय पाली र दुकनिपात खन्ध जातकमा उल्लेख भएको छ ।

## स्कन्ध सूत्रको अर्थ

यो लोकमा चार प्रकारका घोर विषधारी सर्पहरूको भयलाई यो परित्राणले दिब्यशक्ति भएको मन्त्रले जस्तै विनाश गर्दछ । फेरि एक लाख कोटि चक्रवालमा जुन आज्ञा चल्ने आज्ञा क्षेत्र छन्, त्यहाँका सबै प्राणीहरूको सम्पूर्ण भयलाई निवारण गर्न समर्थ भएको यो परित्राणलाई हे सज्जन हो ! हामीले पाठ गर्नुपर्‍यो ।

विरूपक्ष, नागराजाहरूलाई मेरो मैत्री भाव रहोस्, एरापथ नागराजाहरूलाई पनि मेरो मैत्री भाव रहोस्, छब्यापुत्र नागराजाहरूलाई पनि मेरो मैत्री भाव रहोस्, कृष्णगौतम नागराजाहरूलाई पनि मेरो मैत्री भाव रहोस् ॥ १ ॥

♦स्कन्ध सूत्रलाई पालिभाषामा 'खन्ध सुत्त' भनिन्छ ।



Downloaded from http://dhamma.digital/

खुट्टा नभएका प्राणीहरूलाई मेरो मैत्री भाव रहोस्, दुई खुट्टा मात्र भएका प्राणीहरूलाई पनि मेरो मैत्री भाव रहोस् । चारखुट्टा भएका प्राणीहरूलाई पनि मेरो मैत्री भाव रहोस्, धेरै खुट्टा भएका प्राणीहरूलाई पनि मेरो मैत्री भाव रहोस् ॥ २ ॥

खुट्टारहित प्राणीहरूले मलाई हिंसा नगरोस्, दुईखुट्टे भएका प्राणीहरूले पनि मलाई हिंसा नगरोस्, चारखुट्टे मात्र भएका प्राणीहरूले पनि मलाई हिंसा नगरोस् ॥ ३ ॥

सबै सत्त्वहरू, सबै प्राणीहरू, सबै भूतहरू, सबै जीवधारीको असल दृष्टि भै असल महा-उत्तम भएको देखिनुपर्ने देखियोस् । कसैको कुदृष्टि नहोस् ॥ ४ ॥

असीमित छ बुद्धको गुण, असीमित छ धर्मको गुण, असीमित छ संघको गुण । तर सर्प, बिच्छी, खजुरो, माकुरो, छेपारो, मुसा आदि घिस्रेर जाने प्राणीहरू सीमितरूपले द्वेषादि क्लेशधारी हुने हुनाले यिनीहरूलाई पनि रक्षा हुने काम गरिसकें, मैले परित्राण गरिसकें ॥ ५ ॥

अब यहाँ विषाधारीहरूले छोडेर जानुपर्‍यो । मैले उहाँ भगवान् बुद्धलाई नमस्कार गरें । विपश्वी आदि सात सम्यक्सम्बुद्धलाई नमस्कार गरें ।



Downloaded from http://dhamma.digital/

## अभ्यास–१

**(१) तलका खालि ठाउँमा भर्नुहोस् ।**

(क) अपादकेहि मे मेतं ........................... मेत्तं बहुप्पदेहि मे ।

(ख) सब्बे सत्ता सब्बे ........................... किञ्चि पापमागमा ।

(ग) अप्पमाणो बुद्धो ................................ सिरिंसपानि ।

(घ) पटिक्कमन्तु भूतानि ........................... सम्मासम्बुद्धानं ।

**(२) तलका पालि गाथाहरूलाई नेपालीमा अर्थ लेख्नुहोस् ।**

(क) विरूपक्खेहि मे मेत्तं, मेत्तं एरापथेहि मे ।
छब्यापुत्तेहि मे मेत्तं, मेत्तं कण्हागोतमके हि च ।

(ख) मा मं अपादको हिंसि, मा मं हिंसि द्विपादको ।
मा मं चतुप्पदो हिंसि, मा मं हिंसि बहुप्पदो ।

(ग) अहि विच्छिका सतपदी, उण्ण-नाभी सरबू मूसिका ।
कता मे रक्खा, कतं मे परित्तं ।



Downloaded from http://dhamma.digital/

# पुब्बण्ह सुत्त

यं दुन्निमित्तं अवमङ्गलञ्च,
यो चामनापो सकुणस्स सद्दो ।
पापग्गहो दुस्सुपिनं अकन्तं,
बुद्धानुभावेन विनासमेन्तु ॥ १ ॥

यं दुन्निमित्तं अवमङ्गलञ्च,
यो चामनापो सकुणस्स सद्दो ।
पापग्गहो दुस्सुपिनं अकन्तं,
धम्मानुभावेन विनासमेन्तु ॥ २ ॥

यं दुन्निमित्तं अवमङ्गलञ्च,
योचामनापो सकुणस्स सद्दो ।
पापग्गहो दुस्सुपिनं अकन्तं,
संघानुभावेनं विनासमेन्तु ॥ ३ ॥

दुक्खप्पत्ताच निद्दुक्खा,
भयप्पत्ताच निब्भया ।
सोकप्पत्ताच निस्सोका,
होन्तु सब्बेपि पाणिनो ॥ ४ ॥

एत्तावता च अम्हेहि, सम्भतं पुञ्ञ-सम्पदं ।
सब्बे देवानुमोदन्तु, सब्ब सम्पत्ति-सिद्धिया ॥ ५ ॥



Downloaded from http://dhamma.digital/

**दानं ददन्तु सद्धाय सीलं रक्खन्तुसब्बदा ।**
**भावनाभिरता होन्तु, गच्छन्तु देवता गता ॥ ६ ॥**

**सब्बे बुद्धा बलप्पता, पच्चेकानञ्च यं बलं ।**
**अरहन्ताञ्च तेजेन, रक्खं बन्धामि सब्बसो ॥ ७ ॥**

**यं किञ्चि वित्तं इध वा हुरं वा,**
**सग्गेसु वा यं रतनं पणीतं ।**
**न नो समं अत्थि तथागतेन,**
**इदम्पि बुद्धे रतनं पणीतं ।**
**एतेन सच्चेन सुवत्थि होतु ॥ ८ ॥**

**यं किञ्चि वित्तं इधवा हुरं वा,**
**सग्गेसु वा यं रतनं पणीतं ।**
**न नो समं अत्थि तथागतेन,**
**इदम्पि धम्मे रतनं पणीतं ।**
**एतेन सच्चेन सुवत्थि होतु ॥ ९ ॥**

**यं किञ्चि वित्तं इधवा हुरं वा,**
**सग्गेसु वा यं रतनं पणीतं ।**
**न नो समं अत्थि तथागतेन,**
**इदम्पि संघे रतनं पणीतं ।**
**एतेन सच्चेन सुवत्थि होतु ॥ १० ॥**

**भवतु सब्बमङ्गलं, रक्खन्तु सब्बदेवता ।**
**सब्बबुद्धानुभावेन,सदा सुखी भवन्तु ते ॥ ११ ॥**



Downloaded from http://dhamma.digital/

भवतु सब्बमङ्गलं, रक्खन्तु सब्ब-देवता ।
सब्बधम्मानुभावेन, सदा सुखी भवन्तु ते ॥ १२ ॥

भवतु सब्बमङ्गलं, रक्खन्तु सब्ब-देवता ।
सब्ब-संघानुभावेन, सदा सुखी भवन्तु ते ॥ १३ ॥

महा कारूणिको नाथो, हिताय सब्ब पाणिनं ।
पूरेत्वा पारमी सब्बा, पत्तो सम्बोधि मुत्तमं ।
एतेन सच्च वज्जेन, सोत्थि ते होतु सब्बदा ॥ १४ ॥

जयन्तो बोधिया मूले, सक्यानं नन्दिवड्ढनो ।
एवमेव जयो होतु, जयस्सु जयमङ्गले ॥ १५ ॥

अपराजितपल्लङ्के, सीसे पुथुवि-पुक्खले ।
अभिसेके सब्बबुद्धानं, अग्गपत्तो पमोदति ॥ १६ ॥

सुनक्खत्तं सुमङ्गलं, सुप्पभातं सुहुट्ठितं ।
सुखणो समुहुत्तो च, सुयिट्ठं ब्रह्मचारीसु ॥ १७ ॥

पदक्खिणं कायकम्मं, वाचाकम्मं पदक्खिणं ।
पदक्खिणं मनो कम्मं, पणिधी ते पदक्खिणे ॥ १८ ॥

पदक्खिणानि कत्वान, लभन्तत्थे पदक्खिणे ।
ते अत्थ-लद्धा सुखिता, विरूल्हा बुद्ध-सासने ।
अरोगा सुखिता होन्तु, सह सब्बेहि ञातीभि ॥१९॥



Downloaded from http://dhamma.digital/

## पुब्बण्ह सूत्रको अर्थ

जुन दुर्निमित्त, अमङ्गलचरा चुरुङ्गिहरूको अप्रिय कुशब्द, पापग्रह दुस्वप्न आदि हुने हो, ती सबै बुद्धको आनुभावले विनाश भएर जावोस् ॥ १ ॥

जुन दुर्निमित्त, अमङ्गलचरा चुरुङ्गिहरूको अप्रिय कुशब्द, पापग्रह दुस्वप्न आदि हुने हो, ती सबै धर्मको आनुभावले विनाश भएर जाओस् । ॥ २ ॥

जुन दुर्निमित्त, अमङ्गलचरा चुरुङ्गिहरूको अप्रिय कुशब्द, पापग्रह दुस्वप्न आदि हुने हो, ती सबै संघको आनुभावले विनाश भएर जाओस् । ॥ ३ ॥

दुःखप्राप्त निदुःखी भयप्राप्त भएका निर्भयी शोकप्राप्त भएका निशोकी होस् सबै प्राणीहरू ॥ ४ ॥

अहिले जति हामीले पाएका छौं, त्यस पुण्यसम्पत्तिलाई गरुन् अनुमोदन देवताहरूले र होस सिद्ध सबै सम्पत्ति उहाँहरूको ॥ ५ ॥

श्रद्धापूर्वक दान गरोस्, सर्वदा शील पालन गरोस्, भावनामा अभिरत होस् र यति गरेर देवताहरू गए झैं देवलोकमा जाओस् ॥ ६ ॥

दश बलधारी सबै तथागतहरू, प्रत्येक बुद्धहरू र अरहन्तहरूको तेज ज्ञान बलद्वारा सम्पूर्ण स्थानमा रक्षा बन्धन गर्‍यौं ॥ ७ ॥

यस लोकमा र नाग गरूड लोकहरूमा जेजति सम्पत्तिहरू छन् फेरि स्वर्गमा जुन अनर्घ रत्न छन् ती सबै रत्नभन्दा बुद्धरत्न उत्तम हुन् । बुद्धमा यही उत्तम रत्नत्व छ । यो सत्यद्वारा कल्याण होस् ॥ ८ ॥

यस लोकमा र नाग गरूड लोकहरूमा जे जति सम्पत्तिहरू छन् फेरि स्वर्गमा जुन अनर्घ रत्न छन् ती सबै रत्न भन्दा धर्म रत्न उत्तम हुन् । धर्ममा यही उत्तम रत्नत्व छ । यो सत्यद्वारा कल्याण होस् ॥ ९ ॥



Downloaded from http://dhamma.digital/

यस लोकमा र नाग गरूड लोकहरूमा जे जति सम्पत्तिहरू छन् फेरि स्वर्गमा जुन अनर्घ रत्न छन् ती सबै रत्न भन्दा संघ रत्न उत्तम हुन्। संघमा उही उत्तम रत्नत्व छ। यो सत्यद्वारा कल्याण होस् ॥ १० ॥

तिमीलाई सबै प्रकारको मङ्गल होस्, सम्पूर्ण देवताहरूले रक्षा गरून्, सम्पूर्ण बुद्धहरूको आनुभावले सधैं सुखी होस् ॥ ११ ॥

तिमीलाई सबै प्रकारको मङ्गल होस्, सम्पूर्ण देवताहरूले रक्षा गरून्, सम्पूर्ण धर्महरूको आनुभावले सधैं सुखी होस् ॥ १२ ॥

तिमीलाई सबै प्रकारको मङ्गल होस्, सम्पूर्ण देवताहरूले रक्षा गरून्, सम्पूर्ण संघहरूको आनुभावले सधैं सुखी होस् ॥ १३ ॥

महान् करूणाले युक्त हुनु भएका भगवान् बुद्धले सम्पूर्ण प्राणीहरूलाई हितोपकार गर्नुको निम्ति सम्पूर्ण पारमिता पूर्ण गर्नु भई उत्तम सम्बोधि (ज्ञानमा पुग्नुभयो, लाभ गर्नुभयो।) यो सत्य वचनको प्रभावले तिमीलाई सदैव सुख आनन्द होस् ॥ १४ ॥

शाक्य कुमारहरूलाई प्रसन्न गर्नु हुने भगवान् बुद्धले बोधिवृक्ष मुनि मार विजय गर्नुभएको थियो, त्यसरी नै तिमीलाई शत्रु विजय हुने हेतु भई रहेको मङ्गलद्वारा जय होस् ॥ १५ ॥

सम्पूर्ण बुद्धहरूको अभिषेक हुने शोभाले युक्त पृथ्वीमाथि पृथ्वीको शिर जस्तै भई रहेको अपराजित उत्तम बुद्धत्वमा प्राप्त हुनुभएका भगवान् प्रमुदित हुनुभयो ॥ १६ ॥

त्यस्तै सुनक्षत्र सुमङ्गल, सुप्रभात असल उन्नति बृद्धि होस् फेरि उत्तम क्षण शुभ-मुहुर्त पनि होस्, उत्तम आचरण गर्ने पुद्गलहरूलाई राम्रोसँग पूजा गरिने होस् ॥ १७ ॥

उत्तम कार्यकर्म उत्तम वाचाकर्म उत्तम मनोकर्म भई उत्तम कर्ममा स्थीर भइरहने होस् ॥ १८ ॥

ती देव मनुष्यहरूले असल कर्महरू गरेर उत्तम फल लाभ गरे उत्तम फल प्राप्त गरी सत्पुरुषहरू सुखी भएर भगवान् बुद्धको शासनमा उन्नति बृद्धि भई सबै आफन्तहरू सहित निरोगी होस् ॥ १९ ॥



Downloaded from http://dhamma.digital/

## अभ्यास–२

(१) **तलका खालि ठाउँमा भर्नुहोस् ।**

(क) यं दुन्निमित्तं अवमङ्गलञ्च ................. धम्मानुभावेन विनासमेन्तु ।
(ख) दुक्खप्पत्ताच निद्दुक्खा ......................... होन्तु सब्बेपि पाणिनो ।
(ग) यं किञ्चि वित्तं इधवा ................... एतेन सच्चेन सुवत्थि होतु ।
(घ) महा कारूणिको नाथो ......................... सोत्थि ते होतु सब्बदा ।

(२) **तलका पालि गाथाहरूलाई नेपालीमा अर्थ लेख्नुहोस् ।**

(क) यं दुन्निमित्तं अवमङ्गलञ्च,
योचामनापो सकुणस्स सद्दो ।
पापग्गहो दुस्सुपिनं अकन्तं,
संघानुभावेनं विनासमेन्तु ।

(ख) दानं ददन्तु सद्धाय सीलं रक्खन्तुसब्बदा ।
भावनाभिरता होन्तु, गच्छन्तु देवता गता ।

(ग) पदक्खिणं मनो कम्मं, पणिधी ते पदक्खिणे ।
पदक्खिणानि कत्वान, लभन्तत्थे पदक्खिणे ।
ते अत्थ-लद्धा सुखिता, विरूल्हा बुद्ध-सासने ।
अरोगा सुखिता होन्तु, सह सब्बेहि ञातीभि ।



Downloaded from http://dhamma.digital/

# बुद्ध-जीवनी

लेखक

**भिक्षु अमृतानन्द महास्थविर**

अनुवादक

**केशव लाल कर्माचार्य**



Downloaded from http://dhamma.digital/

**नमो तस्स भगवतो अरहतो सम्मासम्बुद्धस्स ।**

"नमस्कार उहाँ भगवान् अरहन्त सम्यक् सम्बुद्धलाई"

# (प्रथम खण्ड)

(बोधिसत्त्वको जन्मदेखि गृहत्यागसम्म)

## परिच्छेद–१

नेपालको तौलिहवा जिल्ला अर्न्तगत कपिलवस्तु भन्ने एउटा रम्य देश छ। आजको करिब पच्चीस सय वर्षअगाडि त्यो देश साह्रै राम्रो र समृद्धशाली थियो। त्यसबेला त्यहाँ शाक्यवंशका महाप्रतापी राजा शुद्धोदन राज्य गर्दथे । तिनका मायादेवी र प्रजापती भन्ने दुई रानी थिए। उनी साह्रै धर्मात्मा तथा प्रजावत्सल राजा थिए । महारानीहरू पनि उस्तै धर्मात्मा र सबैमाथि दया करुणा राख्ने थिए।

### महामायाको गर्भधारण

वर्षेनी आषाढ महिनामा त्यो देशमा एउटा चाड पर्दथ्यो। देशका प्रजाहरू आफ्ना आफ्ना औकातअनुसार चाड मानी नाना प्रकारले रसरंगमा मग्न हुन्थे । मायादेवी पनि एक आषाढपूर्णिमाको अगाडि सात दिनसम्म सयौं नानी सुसारेहरू सहित नानातरहको वस्त्र आभूषणले सुसज्जित भई फूलमाला लगाई मद्यपान बाहेक हरेक प्रकारका उत्तम भोजन गरी चाड मानिरहेकी थिइन्। आषाढ पूर्णिमाको बिहान सबेरै जागा भई सुगन्ध-जलले नुहाई रङ्गी-चङ्गी पोशाक सबै छाडी खालि शुद्ध वस्त्र लगाई एक लक्ष सुवर्ण दान गरी ब्राह्मणादि दुःखी दरिद्रहरूलाई दान दिई उपोसथाङ्गव्रत धारण गरी सिंगारिराखेको आफ्नो खोपीमा आराम गर्न गइन् ।



Downloaded from http://dhamma.digital/

त्यसैबेला तिनलाई यस किसिमको सपना भयो –

"दिव्य देह भएका चारजना देवताहरू आई रानी मयादेवीलाई पलङसमेत उचाली हिमालय पर्वततिर लग्दै रहेछ। त्यसैको मुनि साठी योजन लामो एउटा मनोशिला भन्ने आसन रहेछ। रानीलाई देवताहरूले त्यसै मनोशिलामा राखे। अनि देवकन्याहरू आई रानीलाई अनोतप्त नामक दहमा लगेर नुहाइदिए। त्यस दहमा नुहाइसकेपछि रानी मनुष्यगन्धरहित भइन्। त्यसपछि रानीलाई दिव्य वस्त्रालङ्कारले सिँगारी दिव्य पुष्पमाला पहिराई नजिकैको चाँदीको पर्वतमा कनक-विमानमा, पूर्वतिर शिरासन भएको पलङ्गमा शयन गराए। त्यसै समयमा तुषित देवलोकमा बस्ने श्वेतकेतु बोधिसत्त्व सेतो वर्णको हात्तीकोरूप धारण गरी त्यहीँ नजिकैको सुवर्ण-पर्वतमा एकैछिन यताउती टहली तल झरेर फेरि त्यही चाँदीको पर्वतमा उक्ले। चाँदीको सिक्रीजस्तो उज्जवल आफ्नो सूंडले परिशुद्ध श्वेतपद्म एउटा लिएर आफ्नो स्वभावनुसार गर्जन गरी कनक-विमानभित्र पसेर मायादेवी आराम गरेको पलङलाई तीनपटक परिक्रमा गरी रानीको दाहिने काखी मुनिबाट पेटभित्र पसे।"

सपना देखी डराएकी रानीले बिहान सबेरै महाराजा शुद्धोदनको सामू गएर सबै वृत्तान्त बताइन्। महाराजाले तुरुन्तै चौसट्ठीजना ब्राह्मणाचार्यहरूलाई डाक्न पठाई सुवर्णका भाँडाहरूमा खीर राखी घिउ, सखर, मह आदि दान गरे। अनिपछि एक एक जोर सेतो वस्त्र पनि दान गरी बितेको रातमा महारानीले सपनामा देखेको कुरा ब्राह्मणहरूको समक्ष राखे।

ब्राह्मणहरूले राजामा यसप्रकार बिन्ती गरे–

"महाराज ! सपना साह्रै शुभ लक्षणको छ। महारानीको कोखबाट एउटा ठूलै महापुरुषको जन्म हुनेछ। त्यो बालक राजपाट सम्हालेर गृहस्थी नै भएर बसे भने चक्रवर्ती राजा हुनेछ, यदि संसार त्यागेर सँन्यासी भएर गए भने बुद्धत्व नै प्राप्त गरी सर्वज्ञ हुनेछ।"



Downloaded from http://dhamma.digital/

ब्राह्मणवर्गका यस किसिमको उत्तर सुनेर राजा रानी दुबै आनन्दले विभोर भए । राज्यभरि उत्सव मनाउने हुकुम दिए ।

यसरी बोधिसत्त्वले महामायादेवीको कोखमा प्रवेश गरेको आषाढपूर्णिमा उत्तराषाढ नक्षत्रको शुभ दिन थियो । त्यसबेला संसारमा बत्तीस प्रकारको लक्षण प्रकट भई महाभूकम्पसमेत भयो ।

## महामायालाई देवताको आरक्षा

बोधिसत्त्वले मायादेवीको कोखमा बास लिएको समयदेखि चारजना लोकपाल देवताहरूले रानी र बोधिसत्त्व दुबैको आरक्षा गरिरहे । राजा शुद्धोदनलाई पनि त्यस दिनदेखि नानाप्रकारको लाभ हुँदै आयो । रानीको धर्मचेष्टा पनि बढ्दै गयो । त्यस बेलादेखि पुरुष-तृष्णा पनि रानीलाई जीवनभर भएन । गर्भिणी भए तापनि महारानीलाई जीउ गह्रौं कहिल्यै अनुभव भएन, थकाई पनि कहिल्यै लागेन । कुनै प्रकारको रोग व्याधिले पनि छोएन, तैपनि राजाले रानीका धाई सुसारेहरूको संख्या बढाइदिएका थिए ।

## मायादेवीको माइतगमन

हजारौं दासी सुसारेहरूको सेवा गरिएको महारानीको गर्भ क्रमशः दश महिना पुग्यो । एक दिन रानीलाई एकपटक माइत जान साह्रै इच्छा लाग्यो र राजालाई बिन्ती गरिन् । राजाले हुन्छ भन्ने अनुमति दिई कपिलवस्तुदेखि देवदह नगरसम्मको बाटो सफा गराउन लगाई ठाउँ ठाउँमा पूर्णकलशादि राख्न लगाए । वैशाख पूर्णिमाको दिन रानीलाई सुवर्णमय पालकीमा विराजमान गराई नगरका



Downloaded from http://dhamma.digital/

सबै सैन्य तथा कर्मचारीहरूले पछि लगाई माइत पठाइदिए ।

महामायादेवी पनि देशका सबै महापुरुषहरूद्वारा अनुगमन गराई देवदहको निमित्त प्रस्थान गरिन् । बीच बाटोमा नन्दन बनजस्तो असाध्य रम्य लुम्बिनी भन्ने एउटा शालोद्यान पर्दथ्यो । त्यो उद्यानमा नगरका राजकुमारीहरू बराबर आएर खेल्न तथा हावा खान आउने गर्दथे । महारानी त्यहाँ पुगेपछि त्यस रम्य उद्यानको आनन्द लिन एकछिनको निम्ति पालकीबाट ओर्लिन् र मनपरेको चार पाँचजना परिचारिकाहरू साथमा लिई उद्यानभित्र प्रवेश गरिन् ।

## बोधिसत्त्वको जन्म

त्यहाँ महारानीले परिचारिकाहरूसहित भएर उद्यानको प्राकृतिक सौन्दर्यको सुखानुभव गरिन् । त्यसबेला रानीलाई आफ्नो शारीरिक स्वभावमा केही परिवर्तन भएर आएको अनुभव भयो । रानी त्यहीं नजिकैको शालवृक्षको एउटा हाँगो समाती उभिइन् । परिचारिकाहरूले महारानीको परिस्थिति बुझेर चारैतिर कपडाको घेरा लगाइदिए । सैन्यादि लस्करहरू पर परसम्म हटेर गए । माथि आकाशमा ब्रह्मादि देवताहरूको हूल भयो । त्यसै शालवृक्षको मुनि रानीमायादेवीलाई बत्तीस लक्षणले युक्त भएको पुत्ररत्न पैदा भयो । त्यही सुसमयमा प्रकट भएर महाब्रह्माले बालकलाई सुवर्णमय जालमा थापिलिए र रानीको सामु राख्दै भने, “महारानी ! बत्तीस लक्षणले युक्त भएको महानुभाव सम्पन्न कुमार प्राप्त भएको छ, सन्तोष गर्नुहोस् ।”

त्यसै शुभ मुहूर्तमा आकाशबाट पुष्पवृष्टिसहित शीतोष्ण जलधाराको पनि वृष्टि भयो । महाब्रह्माको हातबाट त्यो बालक लोकपाल देवताहरूले मङ्गल सुसम्मत सुस्पर्श भएको मृगचर्ममा थापिलिए । तिनीहरूको हातबाट पनि देशका गण्यमान्य महाजनहरूको कोमल पवित्र वस्त्रमा थापिलिए ।



Downloaded from http://dhamma.digital/

## बोधिसत्त्वको सिंहनाद

त्यसपछि त्यो बालकले महाजनहरूको हातबाट मुक्त भई जमीनमा उभिएर सबभन्दा पहिले पूर्वदिशातिर हेरे । त्यसबखतमा त्यहाँ चक्रवालहरू मैदानजस्तो भएर गए । देवगण तथा मनुष्यहरूले पुष्पवृष्टि गरेर पूजा गरे । त्यस बालकको रूपधारण गर्ने बोधिसत्त्वले यस्तै प्रकारले दश दिशातिर हेरे । अनिपछि कतै पनि आफूसमान योग्य हुने व्यक्ति नदेखेपछि पुनः उत्तर दिशातिर फर्केर सात कदम अगाडि बढाई "**अग्गोहमस्मि लोकस्स**" अर्थात् संसारको अग्र पुरुष म नैं हुँ भनी सिंहनाद गरे । त्यस बखतमा महाब्रह्माले त्यस बालकलाई श्वेतछत्रले ओढाए । इन्द्रले चमर हम्के । अरू देवताहरूले **राजककुधभाण्ड** (खड्ग, छत्र, मुकुट, पादुका र चमर ।) लिई पछिपछि गए ।

बोधिसत्त्वहरूको अन्तिम जन्म हुँदा मातृकोखमा ठीक दश महिना सम्पूर्ण भएकै दिनमा जन्मन्छन् । अन्य साधारण मानिसहरू जस्तै नौ अथवा दश महिना बितिसकेपछि कहिल्यै जन्म लिँदैनन् । जन्मदिने बुद्धमाता उभिएकै हुन्छिन् । जन्म हुने बोधिसत्त्व पनि धर्माशनबाट ओर्लेको धर्मकथिकजस्तै ओर्लन्छन् । गर्भप्रवेशको बखतमा जस्तै अहिले जन्मको समयमा पनि बत्तीस प्रकारको पूर्वलक्षण देखिन थाल्यो । भूमिकम्प पनि त्यस्तै भयो ।

दीपंकर बुद्धसित बुद्धत्वको प्रार्थना गरेदेखि बुद्ध हुन आउँदासम्ममा बोधिसत्त्वले जन्म लिनासाथ कुरा गरेको जम्मा तीनपटक मात्र हो । एकपटक महोसध पण्डित भएर जन्म लिन आउँदा, दोस्रो पटक विश्वन्तर राजकुमार भएर जन्म लिन आउँदा र यसपालि सिद्धार्थकुमार भएर जन्म लिन आउँदा ।

सिद्धार्थ राजकुमार उत्पन्न भएकै दिनमा अरू सात कुरा पनि उत्पन्न भए । तिनीहरू यी नै हुन्– यशोधरादेवी, छन्न सारथी, कालुदायी अमात्य, मङ्गल हात्ती



Downloaded from http://dhamma.digital/

(कुनै कुनै अट्ठकथामा हात्तीको ठाउँमा आनन्दको नाम उल्लेख भएको छ ।), कन्थक घोडा, बोधिवृक्ष र धनले परिपूर्ण चारवटा घडा ।

यसप्रकारले बोधिसत्त्व अर्थात् सिद्धार्थकुमार वैशाख पूर्णिमाको दिन लुम्बिनी बगैंचामा जन्म भयो ।

## मायादेवीको कपिलवस्तुगमन

कपिलवस्तु तथा देवदह दुबै नगरका सकल प्रतिष्ठित व्यक्तिहरू त्यस लुम्बिनी उद्यानमा भेला भएर ठूलो हर्ष उत्सव मनाए। रानी मायादेवी सिद्धार्थ कुमारलाई लिएर राजकर्मचारी तथा महाजनहरूसहित सिन्दूर कजात्रा गरी कपिलवस्तु फर्किन् ।

## कालदेवल तपस्वीद्वारा बोधिसत्त्व-वन्दना

"बोधिसत्त्वको जन्म भयो । अब उहाँले बोधिवृक्षको मुनि बसेर बुद्धत्व प्राप्त गर्नु हुनेछ" भन्दै देवलोकमा देवताहरू पनि उत्सव मनाइरहेका थिए । त्यसबखतमा महाराजा शुद्धोदनको दरबारमा बराबर आवत-जावत गरिरहने अष्टसमापत्ति ध्यान प्राप्त गरेका अतीतका चालीस र अनागतका चालीस कल्पसम्म ध्यानदृष्टिले हेर्न सक्ने कालदेवल गएर बिताउनुपर्‍यो भनी जाँदा त्यहाँ देवताहरू त्यस्तो उत्सवमा मग्न भैरहेका देखेर त्यस उत्सवको कारण सोधे । देवताहरूले उत्तर दिए–

"मारिष ! शुद्धोदनलाई बत्तीस लक्षणले युक्त भएको पुत्ररत्न प्राप्त भएको छ । त्यस बालकले यस संसारमा धर्मचक्र प्रवर्तन गर्नेछ । अनन्त बुद्ध-लीला हेर्न पाइने भयो भनी यो हर्ष उत्सव गरिरहेका हौं ।"

यस्तो उत्तर सुनेर तपस्वी कालदेवल तुरुन्त देवलोकबाट फर्केर कपिलपुर



Downloaded from http://dhamma.digital/

राजभवनमा गए । त्यहाँ पुगेपछि आफ्नो आसनमा बस्दै भने– “महाराज ! तपाईलाई पुत्ररत्न लाभ भएको छ भन्ने सुनेर आएको हुँ । म पनि भगवान्‌को दर्शन गरेर आफूलाई कृतार्थ सम्झुं ।”

## प्रथमबार पुत्रवन्दना

महाराज शुद्धोदनले बालकलाई तपस्वीको चरणमा वन्दना गराउन अगाडि लैजाँदा बालकको खुट्टा तपस्वीको टाउकोतिर बढ्यो । तपस्वीले पनि त्यस बालकको लक्षण बुझेर मनमा कुनै किसिमको अभिमान नराखी “**यो बालक त संसारका अग्रमहापुरुष हुन्**” भन्ने जानेर आसनबाट उठी त्यस बालक अर्थात् बोधिसत्त्वको चरणकमलमा टाउकोले वन्दना गरे ।

यस्तो आश्चर्य घटना देखेर महाराज शुद्धोदनले ‘मेरो छोरा साधारण होइन नत्र यत्रो महाऋषिले पनि किन वन्दना गर्दथे’ भनी आफूले पनि पुत्रको श्रीचरणमा सादर प्रणाम गरे । आँखाबाट हर्षाश्रु निकाली चित्तानन्दमा डुबे । महाराज शुद्धोदनको यो प्रथमबार पुत्रवन्दना थियो ।

## कालदेवल तपस्वीको शोक

कालदेवलले यो बालक पछि बुद्ध हुने हुन् कि होइनन् भनी आफ्नो दिव्यचक्षुले विचार गरी हेर्दा निश्चय पनि यसले बुद्धत्व प्राप्त गर्नेछ भन्ने थाहापाई “**यो बालक संसारमा दुर्लभ पुद्गल हो**” भनी जानी मुसुक्क हाँसे । फेरि त्यस्ता दुर्लभ महापुरुषको दर्शन प्राप्त हुने हो कि होइन भनी ध्यानले विचार गरी हेर्दा सयौं हजारौं बुद्धहरूले पनि बोध गराउन नसक्ने अरूप भवनमा आफू जन्म हुन जाने



Downloaded from http://dhamma.digital/

थाहा पाई अब मैले यो बालक बुद्ध हुने देख्न पाइने भएन भन्ने जानी गहभरी आँसु राखेर बसे । तपस्वीको अनुहार हेरेर बसेका राजाले मनमा त्रास उत्पन्न गरी सोधे– "भो गुरु ! आँखाभरी आँसु किन गर्नुभो ? राजकुमारलाई बिघ्न-बाधा उत्पन्न हुने कुनै डर छ कि ?" राजाको यस्तो प्रश्न सुनेर तपस्वीले भने– "राजन् ! राजकुमारलाई कुनै किसिमको हानि हुने डर छैन । यो कुमार अवश्य पनि बुद्ध हुनेछ । म अभागी रहेछु, यस कुमारले बुद्धत्व प्राप्त गर्नुभन्दा अगाडि म अरूप भवनमा जन्म लिन गैसक्नेछु । बुद्ध-दर्शन मैले प्राप्त गर्न सक्ने भइन भन्ने आफ्नो दिव्यचक्षुले देखी साह्रै मनमा दुःख लागेर मात्रै आँखामा आँसु आएको हो ।

तपस्वी कालदेवले आफ्ना नाता कुटुम्बहरूको कुलमा यो बालक बुद्ध हुन्जेलसम्ममा बाँचिरहने कुनै व्यक्ति होला कि भनी ध्यानदृष्टिले हेर्दा नालक भन्ने आफ्नो भान्जा एकजनाले यो सौभाग्य प्राप्त गर्नेछ भन्ने कुरा थाहा पाए । त्यसपछि उनी आफ्नी बहिनीको घरमा पुगे र भने– "बहिनी ! तिम्रो छोरा खोइ ? एकछिन उसलाई यहाँ डाक त ।"

## नालकको प्रव्रज्या

प्रणाम गरेर अगाडि उभिन आइपुगेको भान्जा नालकलाई कालेदेवलले भने–

"भान्जा ! महाराज शुद्धोदनको कुलमा बत्तीस लक्षणले युक्त भएको बालकको जन्म भएको छ । त्यो बालक निश्चय पनि बुद्धत्व प्राप्त गरी बुद्ध हुनेछ । म अभागी रहेछु, उनी बुद्ध हुनुभन्दा अगाडि नै मैले यो नश्वर देह छोड्नुपर्नेछ । तिमी भाग्यमानी रहेछौ, उनले बुद्धत्व प्राप्त गरेको तिमीले देख्न पाउनेछौ । तिमी आजैदेखि उहाँको नाममा प्रव्रजित भएर जाऊ ।"

कालदेवलको कुरा सुनेर चौरासी करोड धनका स्वामी नालक मेरो मामाले



Downloaded from http://dhamma.digital/

कहिल्यै नभएको कुरा गर्नुहुन्न भनी तुरुन्तै त्यही मुहूर्तमा काषायवस्त्र तयार पारी गृह त्यागेर **"संसारमा अग्रश्रेष्ठ पुरुषको नाममा आज म प्रव्रजित भएँ"** भनी बोधिसत्त्व रहेको दिशातिर हेरी पञ्चाङ्ग प्रणाम गरी काषायवस्त्र धारण गरी हिमालयतर्फ प्रस्थान गरी श्रमण-धर्म पालन गरेर बसे । बोधिसत्त्व अर्थात् शाक्यकुमार बुद्ध भैसकेपछि भिक्षु नालक उनकहाँ पुगेर **"नालकोवाद"** भन्ने सूत्रान्तरको उपदेश सुनिसकेपछि फेरि हिमालयमा नै गएर धर्माचरण गरेर अर्हत् भए। त्यसपछि एउटा सुवर्णमय पर्वतमा गई उभिएको उभिई अनुपादिशेष निर्वाण प्राप्त गरे ।

## सिद्धार्थकुमारको नामकरण

शाक्यकुलमा पाँचौं दिनमा नामकरण गर्ने रीति थियो । त्यसदिन शहरभरि सिँगारिएको थियो । राजभवनमा चारप्रकारको सुगन्धले लिपपोत गराइयो । लावा अबीर आदि पाँचप्रकारको फूल भुईंमा छरिराखेको थियो । त्रिवेदमा पारङ्गत भएका एकसय आठ ब्राह्मणहरूलाई निमन्त्रणा गरे। खीर आदि मिष्ठान्नले ती ब्राह्मणहरूलाई भोजन गराइसकेपछि राजा शुद्धोदनले बालकलाई के नामाकरण गर्ने भनी सोधे। ती एकसय आठ ब्राह्मणहरू मध्येमा राम, धज, लक्षण, मन्ती, कौण्डन्य, भोज, सुयाम, सुदत्त, नाम गरेका ज्योतिषादि षड्शास्त्रमा पारङ्गत भएका अति श्रेष्ठ आठजना पण्डितहरू पनि थिए । तिनीहरूले बालक शाक्य कुमारको शरीरादि लक्षण परीक्षा गरेर हेरे। अनि कौण्डन्य बाहेक सातजना पण्डितहरूले दुइटा औंला ठडचाई भने–

"राजन् ! यो बालक राजपाट संभाली गृहस्थाश्रममा नै रहे भने अद्वितीय चक्रवर्ती राजा हुनेछ। यदि संसार त्यागेर सन्यासी भएर गए भने त्रिलोकाचार्य सर्वज्ञ बुद्ध हुनेछ। यसमा कुनै सन्देह छैन ।"

ती आठजना पण्डितमध्ये सबभन्दा कान्छो कौण्डन्य नामक पण्डितले एकै औंलामात्रै ठडचाई भने–



Downloaded from http://dhamma.digital/

"महाराज ! यो बालक अवश्य पनि सर्व अर्थ सिद्ध गरेर बुद्ध नै हुनेछ । यिनले गृहस्थ भएर जीवन बिताउने छैन । यो म निश्चय गरेर भन्छु ।"

सर्व अर्थसिद्ध गर्न सक्ने हुनाले पण्डितहरूले त्यस बालकको नाम '**सर्वार्थसिद्ध**' भनेर राखे । अर्थसिद्ध गर्ने हुनाले '**सिद्धार्थ**' मात्रै पनि भन्दछन् ।

यसरी कौण्डन्य पण्डितले स्थिररूपले यस बालकले गृह त्यागेर जानेछ भन्दा राजा शुद्धोदनलाई त्यसबेला हर्ष र विस्मात् दुबै भयो । हर्ष यसकारणले कि आफ्नो बुढेसकालमा पाएको छोरा भए तापनि सर्वज्ञ बुद्ध भएर संसारकै गुरु हुनेछ । विस्मात् पनि यसकारणले कि एक्लो छोराले कुल मर्यादा राजपाट कुनै नथामी गृहत्याग गरेर जानेछ, तर यो भ्रम राजालाई मात्रै भएको हो । संसारमा परोपकार तथा धर्म राजपाटभन्दा ठूलो छ । राज्य भनेको मरेपछि मानिसले लान पाउने वस्तु होइन तर धर्मले चाहिँ मानिसलाई मरेपछि पनि छोड्दैन ।

त्यसपछि राजाले पण्डितहरूसित "यो बालकले के कारण देखेर गृहत्याग गरेर जानेछ ?" भनी सोध्दा पण्डितहरूले यसप्रकारको जवाफ दिए– "वृद्ध शरीर देख्दा, रोगी देख्दा, मृत शरीर देख्दा र सन्यासीरूप देख्दा यो कुमार त्यागी भएर जानेछ ।"

पण्डितहरूको यस्तो कुरा सुनेर राजाले आज्ञा दिए– "राजकुमार सिद्धार्थले त्यस्तो रूप देख्ने मौका कहिल्यै नपाओस् । यसमा राजदरबारका हरेक कर्मचारीहरू चौबीसै घण्टा सचेष्त रहुन् ।"

मेरो एक्लो छोरालाई बुद्धत्वको कुनै खाँचो छैन । जे गरेर भए पनि मेरो छोरालाई हजारौं द्वीपका अधिपति गराएर चक्रवर्ती सम्राट तुल्याउन पाए पुग्छ– भन्ने राजाको चिन्तना थियो ।

यसरी त्यस शाक्यकुमारको "**सर्वार्थसिद्ध**" भन्ने नामाकरण चौरासी हजार राजाका आफ्ना नाताकुटुम्बहरूको समूहमा भएको थियो ।

★



Downloaded from http://dhamma.digital/

## अभ्यास – १

१) बोधिसत्त्वको गर्भ प्रवेश हुँदा महामायादेवीले कस्तो सपना देखिन् ?

२) बोधिसत्त्वको गर्भ प्रवेश भएदेखि महाराजलाई के-कस्ता लाभहरू हुन थाले ?

३) बोधिसत्त्वको जन्म हुँदा त्यस स्थलको वातावरणको प्राकृतिक सौन्दर्यता बारे वर्णन गर्नुहोस् ।

४) बोधिसत्त्वको अन्तिम जन्ममा कस्तो प्रकारका लक्षणहरू देखा पर्छन् ?

५) कालदेवल तपस्वीले देवताहरू हर्ष उत्सव मनाइराखेको देखेर कस्तो जिज्ञासा प्रकट गरे ?

६) किन कालदेवल तपस्वी एकैचोटी खुशीले रमाए भने तुरुन्तै दुःखित भएर शोक प्रकट गरे ?

७) किन कालदेवल तपस्वी आफ्नो भानिज नालक कहाँ गए ? कारण खुलष्ट पार्नुहोस् ।

८) बोधिसत्त्वको नामाकरण गरिएको दिन राजभवनमा भएको चहलपहल बारे लेख्नुहोस् ।

९) बोधिसत्त्वको नामाकरणपछि पण्डितहरूको भविष्यवाणीबाट राजा शुद्धोदनलाई कस्तो प्रभाव पऱ्यो ?



Downloaded from http://dhamma.digital/

# परिच्छेद–२

## महामायादेवीको स्वर्गारोहण

सिद्धार्थ राजकुमारको भरणपोषणको निम्ति राजा शुद्धोदनले सहस्रौं धाईहरू राखिदिए । सिद्धार्थकुमार जन्म भएको सातौं दिनमा रानी मायादेवी परलोक भइन् । परलोक भएर तुषित देवलोकमा मातृदेवराज भई उत्पन्न भइन् । अनि बालक राजकुमारको पालनपोषणको काम प्रजापती गौतमीले गरिन् ।

## शुद्धोदन महाराजद्वारा हलो जोताइ

समय बित्दै गयो । राजकुमारले बाल-लीला देखाउन थाले । आषाढको महिना थियो । कपिलवस्तु नगरबासीहरूको रोपाईंको चाड आइपुग्यो । महाराज शुद्धोदनको रोपाईं गर्ने मङ्गल दिन पनि आइपुगिहाल्यो । शहर सिंगारियो । नगर बासी महाजनहरू सबै भेला भए । सबैले श्वेतवस्त्र लगाएका थिए । मानौं शहरभरि चमेली फूल फुलेर यताउती घुमिरहेका जस्ता देखिन्थे । राजभवनमा रोपाईंको शुभदिन थियो । एक घटी आठ सय हलगोरू सिँगारिएका थियो । राजाले जोत्ने गोरूका सिंगहरूमा सुनको पाताले मोडिराखेको थिए । राजा शुद्धोदनपुत्र सिद्धार्थलाई लिई श्वेतवस्त्र धारण गरी राजकर्मचारी तथा महाजनहरूसहित भएर खेततिर गए ।

त्यस खेतको एक छेउतिर एउटा जामुनको वृक्ष साह्रै शोभायमान भएर खडा थियो । राजाले त्यस ठाउँमा सफा सुग्घर गराउन लगाई पाल टांगी राजकुमारलाई त्यहीँ परिचारिकाहरूको रेखदेखमा छाडी आफूहरू खेततिर गए ।



Downloaded from http://dhamma.digital/

सुवर्णमय सिंग भएको आफ्नो निम्ति सिँगारिराखेको हलगोरू लिई राजा खेत जोत्नमा मग्न भए । अरू महाजन तथा राजकर्मचारीहरूले पनि खेत जोत्न थाले ।

## सिद्धार्थकुमार ध्यानमा

त्यसबखतमा त्यहाँ विशाल जनसमूह राजाले सुवर्णमय हलो जोतेको हेरिरहेको थियो । सिद्धार्थ कुमारकहाँ पालो बसिरहेका परिचारिकाहरूले मन थाम्न सकेनन् र राजकुमारलाई एक्लै त्यहीँ छाडी दगुर्दै त्यो मङ्गलोत्सव हेर्न गए । यसैबेला पलंगमा सुतिरहेका बालक कुमार उठेर त्यही पलंगमै पलेटी कसी ध्यान गरेर बसिरहे ।

## द्वितीयबार पुत्रवन्दना

उत्सव हेरेर मग्न भैरहेका दासीहरूले वृक्षमुनिको राजकुमार झसक्क सम्झे । दौडेर गएर हेर्छन् त हेर्दैमा हिस्सी लाग्दो सानो सुवर्णवर्णको बालक कुमार पलंगमा पलेटी कसेर ध्यान गरी बसिरहेको देखेर आश्चर्य मानी दगुर्दै गएर राजाका जुनाफमा जाहेर गर्न पुगे । त्यसबेला त्यहाँ रहेका वृक्षका हाँगाहरूका छायाँ दिन घट्नुको साथै लाम्चो-लाम्चो भएर गैरहेको तर एउटा रूखको छायाँ जसको मुनि बालक थियो त्यसको छाया भने पहिलेकै अवस्थामा रहेको देखें । राजा तुरुन्तै आएर हेर्न आउँदा बालक त पलंगमा पलेटी कसेर आसन जमाई ध्यानमा बसिरहेको र रूखको छायाँसमेत स्थिररूपमा रहेका देखे । यस्तो आश्चर्यमय लीला देखेपछि राजाले त्यही बेला छोरा सिद्धार्थकुमारलाई साष्टाङ्ग प्रणाम गरे । राजा शुद्धोदनको यो द्वितीयपटकको पुत्रवन्दना थियो ।



Downloaded from http://dhamma.digital/

## राजकुमारको सिल्प प्रदर्शन

समय बित्दै गयो । राजकुमारले किशोरावस्थामा पदार्पण गरे । राजाले कुमारको निम्ति **रम्य, सुरम्य र शुभ** नाम गरेका साह्रै मनोहर तीनवटा महल बनाइदिए । 'रम्य' नामक महल नौ तल्ले र हेमन्त ऋतुको निम्ति थियो । सात तल्ले 'सुरम्य' नामक महल वर्षा ऋतुमा बस्नको निम्ति थियो । पाँच तल्ले 'शुभ' भन्ने महल ग्रीष्म ऋतुको निम्ति थियो । छोराले घरबार छोडेर गृहत्यागी बनी गइदेला भन्ने राजालाई हरहमेशा त्रास थियो । संसारमा भुलाइराख्नको निम्ति राजाले कुमारलाई मोजमज्जाका सबै सामग्री जुटाइदिए । सेवाको निम्ति नाच्न गाउन जान्ने हजारौं नानी सुसारेहरू राखिदिए । तिनीहरूको मुख्य काम राजकुमारलाई यस संसारमा भुलाइराख्नु थियो । क्रमशः राजकुमार पनि युवक हुँदै आए । विवाह गरिदिन राजाले कन्या पनि खोज्न पठाउन शुरू गरे ।

तर, पाएको बखतमा लोकले भन्न किन बाँकी राख्थे । केटीतर्फका मान्छेहरूको यस्तो किसिमको भनाइ राजाले खानुपर्दथ्यो– "धनुर्विद्यासम्म पनि नजानेका राजकुमार कस्ता ! राजकुमार भएपछि सबै कुरा जानिराख्नुपर्छ । राजाहरूलाई भनेको युद्धको त्रास हरहमेशा भैरहन्छ । त्यस अवस्थामा त्यो सिद्धार्थ कुमारले के गर्लान् ! रूपले के गर्छ ! शिल्पादि शास्त्र केही नजानेका खालि स्वास्नीमान्छेहरूको बीचमा बसेर बिताएकालाई कसले आफ्नी छोरी दिन्छ !" इत्यादि ।

'तिमीलाई यस्तो पो भन्छन्' भन्ने कुरा राजाले कुमारलाई सुनाएपछि राजालाई कुमारले यस किसिमले भने–

"भो पिता ! यस विषयमा हजुरले कुनै चिन्ता लिइबक्सनुपर्दैन । मेरो धनुषविद्याको करामत हेर्ने नै इच्छा रहेछ भने नाताकुटुम्ब तथा अरू राजाहरूलाई म देखाइदिने भएँ । आजको सातौं दिनमा मैले धनुषविद्याको कौशल देखाउने



Downloaded from http://dhamma.digital/

भएको छु भनी झ्याली पिट्न लगाइबक्सियोस् । आफ्ना धनुषविद्याको करामत देखाउने इच्छा भएका अरू कुमारहरूलाई पनि डाक्न पठाइबक्सियोस् ।"

छोराको कुरा सुनेर हर्षित भएका राजाले देशभरी झ्याली पिट्न लगाए ।

तोकिएको समयमा नाना देशबाट शिल्पादिमा पोख्त धनुर्धर क्षत्रीय राजकुमारहरू कपिलपुरमा जम्मा हुन आए । सिद्धार्थकुमार पनि आफ्ना साथीहरूसहित प्रदर्शन मैदानमा विशाल जनसमूह भेला भैसकेको थियो । विभिन्न स्थानबाट आएका कुमारहरूले आफ्नो योग्यता देखाए । शाक्यकुमारले पनि बाह्र (यी बाह्र प्रकारका धनुर्विद्या भनेको कस्ता हुन् भन्ने बारेमा लेखकको जातकसंग्रह भाग-४, पृष्ठ १७१ सरभङ्गजातकमा हेर्नू ।) प्रकारका योग्यता देखाए । शाक्य कुमारले शिल्पादि धनुषविद्या देखाएर सारालाई आश्चर्य र चकित पारिदिए । अनि पछि जनसमूहबाट यस्तो ध्वनि आएको सुनियो– "कहिल्यै हेर्न नपाएको यस्तो चमत्कारी धनुर्विद्या सिद्धार्थले कहाँबाट सिके र कहिले सिके ? धन्य सिद्धार्थ धन्य शाक्य कुमार !"

## मंगल विवाह

शाक्यकुमार सिद्धार्थ सोह्र वर्ष पुगेपछि राजा शुद्धोदनले यशोधरा नाम गरेकी परम सुन्दरी सुप्रबुद्धकी छोरीसँग उनको विवाह गरिदिए । त्यसपछि राज्याभिषेक पनि गरे ।

★



Downloaded from http://dhamma.digital/

## अभ्यास–२

१) महामायादेवीको दिवंगत कहिले भएको थियो ? र त्यसपछि बोधिसत्त्वको पालन-पोषण कसरी गरियो ?

२) उस बेला महाराज शुद्धोदनले समेत हलो जोट्ने चलन भएबाट खेतीको काममा जनताहरूलाई कस्तो प्रकारको उत्साह उत्पन्न हुन्थे होला ?

३) सुवर्ण हल मङ्गलोत्सव बेला बालक सिद्धार्थ कुमार के गरिरहेका थिए ?

४) शुद्धोदन महाराजले कहिले द्वितीयवार पुत्र वन्दना गरेका थिए ?

५) सिद्धार्थ कुमारको शिल्पादि प्रदर्शन कस्तो रहेको थियो ? शिल्पादि प्रदर्शन गर्न अगाडि मानिसहरूले सिद्धार्थ कुमारको बारे कसरी कुरा काट्दथे ?

६) सिद्धार्थ कुमारको मङ्गल विवाह सम्बन्धी प्रकाश पार्नुहोस् ?

Dhamma.Digital



Downloaded from http://dhamma.digital/

# परिच्छेद–३

## चार दृश्यहरू

एक दिन सिद्धार्थकुमारले उद्यानमा घुम्न जाने इच्छाले सारथी छन्नलाई रथ ल्याउने आज्ञा दिए । सारथी छन्नले पनि रथलाई मानौ देव-विमानसरि सिँगारी चारवटा घोडा जोती कुमारको अघिल्तिर ल्याइपुऱ्यायो । कुमार त्यस रथमा चढेर उद्यान भ्रमणको निम्ति राजप्रासादबाट प्रस्थान गरे । त्यसबेलाको शहरको सफा र श्रृङ्गार पनि हेर्न लायकको थियो ।

राजकुमार सारथीसित प्रिय सम्भाषण गर्दै बाटोको रणीयता अवलोकन गर्दै उद्यानको निम्ति जाँदै थिए । त्यहीबेला अलि परबाट एउटा कुप्रो वृद्ध पुरुष दाहिने हातले लट्ठी टेक्दै थरथर काँप्दै बाटोमा हिँडिरहेको देखियो । त्यो वृद्ध पुरुष यतिको कुप्रिसकेको थियो कि घुँडाले च्युँडो छोइएलाभैँ थियो । दाँत जम्मै झरिसकेको हुनाले चाउरी परेको र दुबै गाला भित्र पसिसकेको थियो । कपाल जम्मै फुलेर सेताम्य भैसकेको र आँखा धसिएर भित्ताका खोपाजस्तै देखिन्थे । धोबीले चुनेर ल्याएको लुगाजस्तै छाला चाउरी परेको थियो । दरबारको आनन्दमा डुबेका खालि गुलाबी फट्टिकमा ढालेको जस्ता सुवर्णमय युवतीहरूको बीचमा जीवन बिताएको राजकुमारले आज यस्तो वृद्ध पुरुषलाई देखेर सारथी छन्नसित सोधे–

"छन्न ! यो कस्तो किसिमको जीव हो ?"

"कुमार ! यो पनि हामीजस्तै मनुष्य हो ।"

"छन्न ! यो हामीजस्तै मनुष्य हो भने यो हामीजस्तै हट्टाकट्टा र राम्रा किन भएन ?"

"कुमार ! वृद्धावस्थामा पुगेपछि सबै मनुष्य यस्तै हुन्छन् । सबै मनुष्यले एक



Downloaded from http://dhamma.digital/

दिन वृद्ध हुनै पर्दछ र त्यस्तै चाउरी परेर कमजोर अवस्थामा पुग्नुपर्छ ।"

"छन्न ! त्यसोभए के त मैले पनि एक दिन त्यस्तै हुनुपर्छ ?"

"कुमार ! संसारका सबै मनुष्य एक दिन त्यस्तै अवस्थामा पुग्छन् !"

"छुटकाराको कुनै बाटो छैन ?"

"ज्यू, कुमार !"

"तिमीले त साह्रै आश्चर्यको कुरा सुनायौ !"

यो दृश्यले कुमारको आँगै जिरिङ्ग भएर आयो । मनुष्य मात्रले यस्तो अवस्थामा पुग्नुपर्छ भन्ने कुराले चेतना नै हराएको जस्तो भयो । भरिएको गाग्रोमा एक ठाउँमा एउटा सानो प्वाल परेपछि जस्तो पानीको धारा छुट्न थाल्दछ त्यस्तै कुमारको हृदयमा धेरै कालदेखि जमिरहेको वैराग्यरूपी आकाशमा वैराग्यरूपी हुरी आएर विषयरूपी बादल जम्मै उडाएर लग्यो । सुख भनी च्यापिराखेको पञ्चविषय जम्मै दुःख हो भन्ने थाहा पाई विरक्त भएको कुमारले सारथीलाई आज्ञा दिए–

"छन्न ! रथलाई राजभवनतर्फ मोड ! यस्तो दुःखमय संसारमा बसेर के उद्यानको सयल गर्न जानु !"

सारथीले कुमारको आज्ञा पालन गऱ्यो ।

राजाको हजुरमा यो सबै खबर तुरुन्त पुग्यो । मनलाई साह्रै व्याकुल पारी हत्तरपत्तर दरबारका सबै नृत्यकारहरूलाई बोलाउन पठाए र उनीहरूलाई सम्बोधन गर्दै भने–

"हे अप्सराहरू हो ! मलाई सर्वनाश हुनबाट बचाऊ । तिमीहरूले तुरुन्तै आफ्ना आफ्ना नृत्यकला देखाएर राजकुमारको हृदयकाशमा उडेर वैराग्यरूपी बादललाई सकेसम्म चाँडै भगाएर पठाउने काम गर ।"

नृत्यकार रणीयहरू पनि तुरुन्तै तयार भएर कुमारको मनलाई रसरङ्गमा भुलाई राख्न अनेक किसिमका हावभाव देखाउँदै आफ्ना आफ्ना कला प्रदर्शन गर्न थाले ।



Downloaded from http://dhamma.digital/

सिद्धार्थ बालअवस्थादेखि नै बडो विचारशील थिए । जीवनको क्षणभंगुरताको विषयमा सोचिरहने अब उनको काम हुन थाल्यो । एक दिन फेरि उनी उद्यानमा घुम्न भनी सारथी छन्नसहित रथमा बसेर हिँडे । त्यसबेला एकजना मानिस रोगले पीडित भएर सडकको बीचमा छट्पटाइरहेको देखे । यसका कारण सारथीसित सोध्दा उही अगाडिकैजस्तै उत्तर पाए । त्यस दिन पनि उद्यानतिर घुम्न नगई मनलाई विरक्त पारी राजभवनतिर नै फर्के ।

अब राजकुमार दिन प्रतिदिन अर्कै हुँदै गए । उनको मनमा नाना तरहका कुराहरू खेलिरहन्थ्यो । कुमारको मनमा कुनै किसिमको दुःख क्लेश तथा पीडा उत्पन्न नहोस् भनी राजाले हरतरहका दिलबहाउका सामग्रीहरू जुटाइदिए । गृहस्थ छोडेर सन्यासी भइजाला भन्ने डरले ठाउँ ठाउँमा पालो पहराहरू राखिदिए ।

एक दिन कुमार शहरको मनोहर दृश्य हेर्न बाहिर गए । दाहसंस्कारको निम्ति लैजान लागेका केही शवहरूमा उनको दृष्टि गयो । उनले सारथीसित सोधे– “यसरी मानिसलाई बाँधेर किन कहाँ लगिरहकेका हुन् ?” सारथीले जुन उत्तर दियो त्यो सुनेर लाडप्यारमा पालिएको जीवनको क्लेशादिदेखि अनभिज्ञ कुमारको कोमल हृदयमा मर्मान्तिक वेदना पर्‍यो । अब उनले जीवनलाई अझ नजिकैबाटै हेर्न आरम्भ गरे । त्यसमा उनले दरिद्रता, निराशा र दुःखको अतिरिक्त केही पनि पाएनन् । मानिसहरूमा स्वार्थपनतालाई देखेर उनलाई अझ झन् विरक्ति बढयो । उनको जीवनको गम्भीरतर हुँदै गयो । रात-दिन संसारको दुःख दूर गर्ने चिन्तामा निमग्न रहन थाले ।

फेरि एक दिन सिद्धार्थले काषाय-वस्त्र धारण गरी अति शान्त भावले हिंडिरहेका एकजना गृहत्यागीलाई देखे । पहिलेजस्तै सारथी छन्नसित ‘यो के हो ?’ भन्ने प्रश्न गरे । सारथीले भने–

“कुमार ! यिनी” एउटा गृहत्यागी हुन् । यिनको घरबार जहान बच्चा कोही छैनन् । नाता कुटुम्बसित पनि यिनको कुनै सम्बन्ध छैन । सकल प्राणीहरू उपर



Downloaded from http://dhamma.digital/

समानरूपले मैत्रीभाव राखेर '**संसार दुःखको समुद्र हो**' भन्ने जानी मोक्ष प्राप्तिका लागि मायाजाल जम्मै छाडेर प्रव्रजित भएर गृहत्यागी भएका हुन् ।"

छन्नको यो उत्तर सुन्नुमात्र के थियो तिर्खाएको सिद्धार्थलाई चिसो पानी प्राप्त भएको अनुभव भयो । त्यसैबेला उनले "जगत् प्राणी सबै उद्धार गर्नको निम्ति अवश्य म पनि यो राज्य सुखभोग छोडी त्यस्तै गृहत्यागी हुन जानेछु" भनी मनै मनले दृढसंकल्प गरे ।

## उद्यान–क्रीडा

यति मनमा निश्चय लिइसकेपछि आज मलाई मङ्गल रूपको दर्शन प्राप्त भयो भन्ने ठानी हर्ष मानेर सारथीलाई भने –

"मित्र छन्न ! रथको बेग छिटो गर, आज उद्यानमा चाँडै पुगेर आनन्दपूर्वक क्रिडा गर्नु पर्दछ ।"

सारथीले पनि रथलाई वायु बेगले हाँकी उद्यानमा पुऱ्याइदिए । त्यहाँ कुमार दिनभरि आनन्दपूर्वक सयल गरी साँझको बखतमा मङ्गल तलाउमा स्नान गरी त्यहीं नजीकैको एउटा सफा चिप्लो ढुङ्गाको आसनमा बसे । अनिपछि परिचारिकाहरू आई उनलाई नाना वस्त्रालङ्कारादिले सिँगारिरहे । यो दृश्य इन्द्रले माथिबाट देखी विश्वकर्मा देवपुत्रलाई डाकी अह्राए–

"आज सिद्धार्थ कुमारको सुन्दर वस्त्र धारण गर्ने अन्तिम दिन हो । तिमी त्यहाँ गएर उहाँलाई देवताहरूलाई सिँगार्ने भैं सिंगारी देऊ ।"

देवपुत्र विश्वकर्मा इन्द्रको आज्ञा मुताविक तुरुन्त पृथ्वीमण्डलमा ओर्लेर मनुष्य रूप धारण गरी हुलमुलमा पसेर कुमारलाई वस्त्र लगाउनमा सघाउन थाले । आफ्नो शरीरमा विश्वकर्माको हातको स्पर्श हुनासाथ कुमारले यो त



Downloaded from http://dhamma.digital/

मनुष्यस्पर्श होइन देवस्पर्श हो भनी जानी हाले । विश्वकर्मा देवपुत्र कुमारलाई सकेसम्म सिंगारी देवलोक फर्के ।

## राहुलकुमारको जन्म

त्यसैबेला राजभवनमा यशोधरालाई पुत्ररत्न प्राप्त भयो । राजा शुद्धोदनले यो शुभ समाचार तुरुन्त कुमारलाई सुनाउन पठाउनुपर्छ भनी एउटा दूतलाई डाकी आज्ञादिए– "हे भणे ! तिमी तुरुन्तै उद्यानमा गएर यो शुभ समाचार राजकुमारलाई सुनाएर आऊ !"

रथमा बसेर फर्केर आइरहेका कुमारले दूतद्वारा यो समाचार बाटैमा सुने । यस समाचारले सिद्धार्थलाई अलिकति पनि हर्ष भएन बरु मुखलाई अँध्यारो पारी यी शब्द भने– **"राहु उत्पन्न भएछ ।"**

यो वाक्य सुनी दूत त्यहींबाटै फर्क्यो । राजकुमारले 'राहु उत्पन्न भयो' भनी भनेको कुरा दूतद्वारा सुनेपछि राजाले घोषणा गरे– **"त्यसोभए मेरो नातिको नाम 'राहुल' भयो ।"**

## कृषागौतमीको शान्तिपद

यसप्रकारले सिद्धार्थ-पुत्रको नाम राहुल कुमार रह्यो । आज बोधिसत्त्व अर्थात् सिद्धार्थ कुमार अधिपछि भन्दा धेरै नै सन्तोष र खुशी हुँदै मुसुमुसु हाँस्दै नगरको परिक्रमा गर्दै राजभवनतिर फर्के । त्यसबखतमा राजभवनको सबभन्दा माथिल्लो झ्यालमा बसिरहेकी कृषागौतमी नामकी क्षत्रीय कुमारीले सिद्धार्थको श्रीसौभाग्य देखेर सुमधुर स्वरले यस्तो प्रीति वाक्य उच्चारण गरिन्–



Downloaded from http://dhamma.digital/

*"निब्बुता नून सा माता निब्बुता नून सो पिता ।*
*निब्बुता नून सा नारी यस्सायं ईदिसो पति ॥"*

(आमा-बुबा धन्य हो ! ती दुबै । अवश्य पनि उनीहरू शान्त (धन्य) हुनु पर्दछ । ती स्त्री झन् शान्त हुन् जसले यस्तो लोग्ने पाएकी छिन् ।)

यस्तो शान्तिपद सुनेर सिद्धार्थ कुमारले यस्तो विचार गरे– "यी कुमारीले मलाई शान्ति प्राप्त भयो भन्छिन् तर साँच्चैको शान्ति त रोगादि क्लेशबाट मुक्त भएपछि मात्र प्राप्त हुनेछ ।"

अनिपछि कुमारले यस केटीले मलाई साँच्चै शान्तिको उत्तम शब्द सुनाइन् भनी हर्ष मानी "अवश्य पनि मैले गृहत्याग गरेर शान्तिपदको खोजीमा जानेछु" भन्ने मनमा दृढ गरी आफूले लाइराखेको बहुमूल्य मोतीको माला ती कुमारीलाई इनामको रूपमा दिन पठाए । मोतीको माला पाएर कुमार आफू उपर आसक्त भए भन्ने ठानी ती कृषागौतमीले पनि हर्षानुभव गरिरहिन् ।

राजकुमार भवनको आफ्नो शयनकक्षमा पुगेपछि श्रीशयनासनमा लेटिरहे । सधैंको जस्तै नर्तकी युवतीहरू पनि नाना तवरले हावभाव देखाउँदै त्यहाँ आएर गीत गाउँदै नाच्न थाले । कुमारको मनमा भने अर्कै चिन्ता थियो । त्यो गीत र नाचले उनको मन आकर्षित भएन । उनी वैराग्यरूपी विचार सागरमा मग्न हुँदै त्यहीं निदाए । 'जसको निम्ति हामी नाच्न आएका हौ उनी नै निदाएपछि अब हामी किन नाचिरहनु' भनी ती नर्तकीहरू पनि सबै त्यहीं एक एक गरी सुते ।

## नर्तकीहरूको विरूपता

केही समयपछि कुमार निद्राबाट बिउँझे । यसो हेर्छन् त सबै नर्तकीहरू त्यहीँ यताउती उत्तानो परेर निदाइरहेका देखे । त्यहाँ नर्तकी स्त्रीहरूको विभत्स रूप देखिइ रहेको थियो । ती स्त्रीहरूमध्ये कोही उत्तानो परिरहेकी, कोही कोल्टो परिरहेकी, कोही निद्रामा घुरिरहेकी र मानौं विरूपताकै एउटा प्रदर्शन थियो । त्यो शयनगृह



Downloaded from http://dhamma.digital/

त संग्राम भूमिजस्तै देखिन्थ्यो । तिनीहरू जम्मै लडाईंमा मारिएर सुनसानमा परिरहेका हुन् कि भन्ने भान हुन्थ्यो । एउटा गजबैको घीनलाग्दो दृश्य देखिइरहेको थियो ।

## सिद्धार्थको गृहत्याग

यो दृश्य देखेर राजकुमारको मनमा यस्तो विचार उत्पन्न भयो– "अहो ! म त यस्तो भयङ्कर श्मसानभूमिका बसिरहेको रहेछु जहाँ मुर्दाहरू यताउता मिल्काई राखिएका छन् । यस्तो दुर्लभ मनुष्यचोला प्राप्त गरेर महामोहमा भुलेर बस्नु त साह्रै अयोग्य हो, मूर्खता हो । गृहत्याग गरेर जन्म-मरणको दुःखदेखि छुटकारा पाई निर्वाणपद अवबोध गरेर जगत् उद्धार गर्नेछु ।" अनिपछि आजकै रातमा गृहत्याग गरेर जाने निश्चय गरी पलङ्गबाट ओर्ली "त्यहाँ को छ हँ ?" भनी बोलाए । ढोकैमा अडेस लगाई उभिरहेको छन्न 'आर्य ! म छु !' भन्दै उठेर अगाडि उभिन आयो । राजकुमारले उसलाई भने–

"मित्र छन्न ! आज मैले यो राजपाट सबै छोडी जगत् उद्धार गर्ने उद्देश्यले महाभिनिष्क्रिण गर्ने निश्चय गरें । घोडा एउटा तुरुन्तै ठीक पार !"

"हवस् !" भन्दै छन्न त्यहाँबाट अश्वशालातिर गयो । अश्वशालामा सुगन्धयुक्त तेलको बत्ती बलिरहेको थियो । छन्नले त्यहाँबाट एउटा बलिया राम्रो घोडा खोज्न जाँदा कन्थक नामक घोडालाई नै योग्य ठानेर काठी कस्न थाल्यो । आज यस्तो रातमा किन काठी कस्न आएका होलान् भन्ने कुरा घोडाले बुझ्यो । अरू दिनमा जस्तै साधारण छाँटले आज काठी कसेको पनि होइन । पक्का पनि राजकुमारको आज महाभिनिष्क्रणको दिन हो भन्ने विचार घोडाले गऱ्यो ।

सारथीलाई घोडा लिनपठाई आफू छोराको मायाले बाहिर जानुभन्दा अगाडि



Downloaded from http://dhamma.digital/

छोराको मुख एकपटक हेरेरै जाउँ भन्ने इच्छाले देवी यशोधराको खोपीमा गई ढोका उघारे । त्यसबेला यशोधराको शयनागारमा जूनका शीतल किरण लागेको भैं सुगन्धयुक्त तेलबत्ती बलिरहेको थियो । राहुलमाता यशोधरा जुही आदिले सिँगारिराखेको पलङ्गमा सुतिरहेकी थिइन् । पुत्र राहुल आमाको पाखुरालाई शिरान गरी निदाइरहेका थिए । राजभवनको शयनागारमा मध्यरातको शान्त वातावरणमा यो दृश्य मोहलाग्दो थियो । कोठाभित्र नपसी बाहिरै उभिएर सिद्धार्थ कुमारले विचार गरे । आमा छोरा दुबै अहा ! कति आनन्दपूर्वक निदाइरहेका छन् ! पत्नीको हात शिरान गरेर निदाइरहेको छोरोलाई एकपटक माया गरुं भनुन्जेल आमाचाहिं बिउँभिहालिन् भने मेरो महान्गमनमा विघ्न आइपर्नेछ ! बरु बुद्धत्व प्राप्त गरेर आइसकेपछि मात्र छोराको मुख हेरुँला । यस्तो निश्चय गरी सिद्धार्थ त्यहाँबाट सरासर हिंडी राजभवनबाट ओर्ले ।

अनि तबेलामा पुगेर घोडालाई सम्बोधन गर्दै राजकुमारले भने– "कन्थक ! आज तिमीले मलाई तार, बुद्धत्व प्राप्त गरिसकेपछि म देवलोकसहित संसारलाई तार्नेछु ।" यति भनी त्यस कन्थक घोडा चढी सारथी छन्नलाई कन्थकको पुच्छर समात्न लगाई ठाउँ ठाउँ पहरादिइरहेका पहरादारहरू सबैले चाल नपाउने गरी राजप्रासादको मूलढोकाबाट बाहिर निस्के । सके फर्काई पठाउँ भन्ने हेतुले आकाशस्थित मारदेव आई यसप्रकारले भन्यो–

"भो राजकुमार ! यस्तो धनमानले परिपूर्ण राजश्रीलाई त्यागेर नजाऊ र आजको सातौं दिनमा तिमीलाई चक्रवर्ती राजाको पदवी प्राप्त हुनेछ । दुई हजार सानासाना द्वीप र चारवटा महाद्वीप तिम्रा अधिनमा हुनेछन् । तिमी सम्राटका पनि सम्राट चक्रवर्ती हुनेछौ । यस्तो श्रीसुख छाडेर जङ्गलमा नजाऊ फर्क ।"

यस्तो आकाशवाणी भएको सुनेर सिद्धार्थकुमारले फरक्क फर्की माथि हेरेर भने–

"तिमी को हौ ?"



Downloaded from http://dhamma.digital/

"म वशवर्ती देवराज हुँ !"

"हे मार ! चक्रवर्ती राज्य-सुखभोग प्राप्त हुनेछ भन्ने कुरा मलाई पनि थाहा छ । तर मलाई यस्तो राज्यसुख चाहिँदैन मलाई जगत् प्राणीहरूको उद्धार गर्न पाए पुग्छ । त्यही उद्देश्य लिएर आज म हिँडेको छु । दश-लोकधातु कम्प हुने गरी म सर्वज्ञबुद्ध हुनेछु ।

राजकुमार बोधिसत्त्वबाट यस्तो उत्तर पाएपछि मारदेवले भने–

"हुन्छ त लौ ! तर आजदेखि तिम्रो हृदयमा कामवितर्क, हिंसावितर्क, व्यापाद वितर्क उत्पन्न भयो भने मैले तिमीलाई गर्न जानेको छु !" यति भनी मार देव सिद्धार्थको पछिपछि लाग्दै दोष खोज्दै हिँड्न थाल्यो ।

राजकुमारले थुकिसकेको थूकलाई वास्तै नगरी त्यागेर हिँडेझैं हातमा आइसकेको चक्रवर्ती-राज्य त्यागी आषाढपूर्णिमाको शुभदिन उत्तराषाढ नक्षत्रको शुभमुहूर्तमा महान् राज्यसम्पत्ति त्यागेर महाभिनिष्क्रण गरे । त्यस शुभबेलामा आकाशबाट देवगणहरूले पुष्पवृष्टि गरे । त्यसबखतमा उनको उमेर उनन्तीस वर्षमात्रै भएको थियो ।

Dhamma.Digital



Downloaded from http://dhamma.digital/

## ✍✍ अभ्यास–३ ✍✍

१) चार निमित्त भन्नाले के बुझिन्छ ? स्पष्ट पार्नुहोस् ।

२) सिद्धार्थ कुमारले उद्यान-क्रीडा कसरी गरे ?

३) राहुल कुमारको नामाकरण कसरी भएको थियो ? स्पष्ट गर्नुहोस् ।

४) 'अवश्य पनि मैले गृहत्याग गरेर शान्तिपद खोज्नुपर्छ' भन्ने विचार राजकुमारको मनमा कहिले उत्पन्न भयो ?

५) के नर्तकीहरूले राजकुमारको मनलाई जित्न सफल भए ?

६) नर्तकीहरूको रूप देखेर राजकुमारले कस्तो घृणाको अनुभव गरे ?

७) सिद्धार्थ कुमारलाई गृहत्याग गर्न अगाडि के-कस्तो विघ्न-बाधा तेर्स्याइएका थिए र त्यसलाई उनले कसरी पन्छाउनु भयो ?

Dhamma.Digital



Downloaded from http://dhamma.digital/

# (द्वितीय खण्ड)

(सिद्धार्थकुमारको भिक्षुत्वग्रहण र बुद्ध भएदेखि सातौं सप्ताहसम्म)

## परिच्छेद-४

### सिद्धार्थकुमारको भिक्षुत्वग्रहण

जगत उद्धारको निम्ति राज्य सुखभोग सबै छाडी हिँडी सिद्धार्थ कुमार कपिलपुरको सिमानामा पुगे। कपिलवस्तु राज्यलाई छोड्नुभन्दा अगाडि आफ्नो जन्मभूमि एकपटक हेर्ने उनको इच्छा भयो। उनको इच्छालाई जानी देवताहरूले देवानुभावले कन्थकलाई कपिलवस्तुतिर फर्काइदिए। आफ्नो जन्मभूमिलाई प्रणाम गरिसकेपछि उनले कन्थकलाई अगाडि बढने इशारा दिए। कन्थक त्यहाँदेखि वायुवेगले अगाडि बढ्यो।

यस किसिमले राताराता गमन गरी तीन राज्य पार गरी तीस योजन मार्ग तय गरिसकेपछि उनी एउटा मनोहर नदीको किनारमा आइपुगे। छन्न सारथीद्वारा यस नदीको नाम अनोमा भन्ने थाहा पाएपछि उनले "**त्यसोभए म प्रव्रजित हुने स्थान यही हो**" भनी कन्थकलाई नदीपार हुने आज्ञा दिए। छन्नलाई आफ्नो पुच्छर समातेको समात्यै कन्थक नदी पार भयो। त्यसपछि कन्थकबाट चाँदीको चूर्णजस्तो देदीप्यमान बालुवा भएको जमीनमा ओर्ली राजकुमारले छन्नलाई भने–

"प्रिय छन्न ! मेरो यो राजवस्त्र र कन्थकलाई लिएर तिमी घर फर्क।"

यस्तो कुरा सुनी छन्नले भन्यो– "देव ! म पनि प्रव्रजित हुन्छु।"

तर, सिद्धार्थले उनलाई प्रव्रजित हुने अनुमति दिएनन्। तीन पटकसम्म उनले आग्रह गर्दा पनि कुमारले भने–



Downloaded from http://dhamma.digital/

"प्रिय छन्न ! तिमी पनि अहिल्यै प्रव्रजित भयौ भने बाबा शुद्धोदन महाराजलाई म प्रव्रजित भएको समाचार कसले पुऱ्याउन जाला । त्यसकारण यो मेरो आभरण र कन्थकलाई लिएर म जगत् उद्धारको निम्ति भिक्षु भएर गएको खबर पुऱ्याउन जाऊ । म बुद्ध भएर आइसकेपछि तिमीलाई प्रव्रजित गरेर उद्धार गर्नेछु ।"

यसप्रकारले आफ्नो राजवस्त्र र कन्थक घोडा दुबै छन्नलाई सुम्पिसकेपछि "**भिक्षुको निम्ति यी लामालामा कपाल सुहाउँदैन**" भनी खड्ग झिकी बायाँ हातले कपाल समाती दाहिने हातले काटी "**यदि मैले बुद्धत्वप्राप्त गर्न सक्ने रहेछु भने यो काटेको केश जम्मै आकाशैमा अडिरहनेछ**" भनी आकाशतर्फ हुत्याइदिए । त्यो केश जम्मै आकाशमाथि हुतिँदै गएर एक योजनमाथि गई अडिरह्यो । त्यहीबेला शक्रदेव आएर त्यो केश आदरपूर्वक एउटा सुवर्णको बट्टामा हाली देवलोकमा लगेर '**चूडामणि चैत्य**' बनाई भक्तिपूर्वक पूजा सत्कार गरी राखिछाडे ।

यसरी खड्गले काट्दा कुमारको शिरमा दुई अंगुल जति बाँकिरहेका कपाल दाहिनेतर्फ घुंगुरिदै गई शिरैमा टाँसिरह्यो । त्यसबेलादेखि कुमारको केश मुण्डन गर्ने आवश्यक रहेन ।

यो रेशमी वस्त्र भिक्षुरूपको निम्ति सुहाउँदैन भनी सिद्धार्थले गरेको संकल्प बुझी काश्यप बुद्धको समयका उनका विश्वासी मित्र घटिकार ब्रह्माले थाहा पाएर "एक बुद्धान्तर अगाडि यो सिद्धार्थकुमार मेरा मित्र थिए । आज यिनी राज्य श्रीसम्पत्ति सबै छाडी जगत उद्धारको निम्ति भिक्षु हुने विचार गरिरहेछन्" भनी श्रमण परिष्कार लिएर आई उनलाई चढाए । उनले पनि घटिकार ब्रह्माले दिन ल्याएको चीवरवस्त्र लगाई पात्र लिई भिक्षुभेष धारण गरी छन्नलाई भने–

"प्रिय मित्र ! तिमी गएर मेरा पूज्य आमाबुबालाई म यसरी भिक्षु भएर गएको कुरा सबै वृत्तान्त भन ।"



Downloaded from http://dhamma.digital/

## छन्न सारथीको विरह

सारथी छन्न पनि कुमारको वचन उल्लंघन गर्न नसकी अति दुःखित हुँदै गहभरि आँसु राखी कुमारलाई तीनपटक परिक्रमा गरी श्रीचरणमा वन्दना गरी एक हातले कन्थकको लगाम समाती अर्को हातले आभरणको पोका समाती मन नलागी नलागी त्यहाँबाट फर्के । कन्थक घोडा पनि सिद्धार्थ कुमारको कोमल वचन सम्झी सम्झी 'अब फेरि कुमारको दर्शन कहिले पाउँला' भनी विरह गर्दै दुःखित हुँदै फर्कंदै हेर्दै गइरहेको थियो । टाढा हुँदै गएपछि जब कुमार देखिन छोड्यो हृदयले शोक थाम्न नसकी मुटु फुटेर कन्थक त्यहीं लेट्यो र उनले प्राण पनि छोड्यो । त्यसपछि देवलोकमा कन्थक देवपुत्र भन्ने नामले जन्म हुन पुग्यो ।

अब सारथी छन्नलाई दुःख डबलियो । पहिले खालि कुमार एकजनाको मात्रै शोक विरह र दुःख थियो । कन्थकसमेत यसरी बाटैमा मरिदिँदा उसले पनि हृदय थाम्न सकेन । तर नसकेर के गर्ने ! उपाय नै के थियो र ? आखिरमा रुँदै एक्लै जङ्गलको बीच बाटोमा हिक्का छाड्दै उनलाई कपिलपुरतिर सुरु सुरु हिँड्न पऱ्यो ।

★



Downloaded from http://dhamma.digital/

## अभ्यास–४

१) सिद्धार्थ कुमारको प्रव्रज्या कहाँ भयो ? यो ठाउँ कपिलवस्तुबाट कति टाढा रहेको छ ?

२) सिद्धार्थ कुमारले छन्न सारथीलाई किन प्रव्रजित हुनवाट रोके ?

३) सिद्धार्थ कुमारको प्रव्रज्या कार्य कसरी सम्पन्न भयो ?

४) छन्न सारथीले किन र कसरी विरह प्रकट गरे ?

Dhamma.Digital



Downloaded from http://dhamma.digital/

# परिच्छेद–५

## सारथी छन्नको कपिलपुर आगमन

भोलिपल्ट बिहान राजदरबारमा खैलाबैला चल्यो, राजकुमार कता गए, कहाँ गए ! सबै ब्याकुल हुँदै यत्रतत्र खोजी गर्न हिँडे । क्रमशः यो खबर राजाको कानमा पनि पुग्यो । राजाको आङ जिरिङ भएर आयो । रिसल्ला तथा दूतहरूलाई कुमारलाई सकेसम्म चाँडै खोजेर ल्याउने आज्ञादिए ।

कस्तो परिवर्तन ! हिजोसम्म रसरङ्गमा भुलेर हर्षध्वनिमा डुबेको दरबार आज एकदम सुनसानमा र विस्मात्मा डुबेको थियो । प्रजापती गौतमी, यशोधरा देवीसहित दरबारमा सबै सदस्यहरू विरह-सागरमा निमग्न भए । नगर बासीहरू कसैको पनि अनुहार उज्यालो रहेन । संसार गजब छ ! प्रेमको बस्तु शोकले अन्त भैरहेछ ! संयोगका सबै चीजबस्तुहरू वियोगले अन्त भैरहेछन् ।

त्यस्तो कोलाहलको अवस्थामा सारथी छन्न टुप्लुक्क आइपुग्यो । राजभवनमा आबाल-वृद्ध स्त्री पुरुष सबैले त्यसलाई घेरा लगाउन आए । सबैको मुखमा एउटै प्रश्न थियो– "कुमार खोइ ? कुमार खोइ ?" बिचरा सारथीले केही उत्तर दिन सकेन । मुखबाट एक शब्द पनि निस्केन खालि टोल्हाएर गहभरि आँसु मात्रै लिएर बसिरह्यो । यसलाई पनि साह्रै विरह र सन्ताप लागेछ भन्ने बुझी राजा शुद्धोदनले धैर्य बढाउँदै भने–

"छन्न कुनै सुर्ता नलेऊ । कुमारको के खबर छ भन !"

धेरैबेरसम्म आँखासम्म आँशु बहाइसकेपछि राजाबाट ढाडस पाएर छन्न बोल्यो– "महाराज ! कुमार घटिकार ब्रह्माले दिएको काषायवस्त्र पहिरी भिक्षु भेष लिई जङ्गलतिर जानुभो । उहाँले यो राजवस्त्र र कन्थक घोडा लिई महाराज समक्ष यो समाचार पुऱ्याउन जाऊ भनी मलाई मात्रै फर्काइपठाउनुभो । कन्थकले उहाँको बिछोड सहन नसकी बीच बाटैमा प्राण त्याग गऱ्यो ।"

★



Downloaded from http://dhamma.digital/

## ✍✍ अभ्यास–५ ✍✍

१) सिद्धार्थ कुमारको गृहत्यागपछि कपिलवस्तुमा के भयो ?

२) छन्न सारथीको कपिलवस्तु आगमनपछि महाराज शुद्धोदनले सिद्धार्थ कुमारको बारे के-कस्तो जिज्ञासा प्रकट गरे ?



Downloaded from http://dhamma.digital/

# परिच्छेद–६

## राजगृहमा भिक्षाटन

सिद्धार्थकुमार भिक्षुभेष धारण गरी त्यहीँ नजीकैको मल्ल राजाहरूको अनुप्रिय नामक आम्रवनमा एक हप्तासम्म प्रव्रज्यासुख गरेर बसे। त्यसपछि तीस योजनको मार्ग एकै दिनमा पार गरी राजगृह नगरमा पुगे। त्यहाँ पुगेपछि घर-घरैपिच्छे भिक्षा माग्ने काम गर्न थाले। उनको सुवर्णमय तेजस्वी वर्ण देखेर त्यस नगरको कुनै बासिन्दाले पनि उनलाई फलानो भनी चिन्न सकेनन्। नगरमा यस्तो एउटा कान्तिवान् भिक्षुको पदार्पण भएको छ भन्ने समाचार क्रमशः मगधेश्वर बिम्बिसारको कानसम्म पुग्यो। आफ्नो प्रासादको सबभन्दा माथिल्लो तल्लामा गई हेर्दा त्यस्तो दिव्यपुरुषलाई देखी आफ्ना राजपुरुषहरूलाई डाकी राजाले यस्तो आज्ञा दिए–

"हे भणे ! यी पुरुष को हुन् राम्ररी परीक्षा गरी हेर। यदि यिनी अमनुष्य हुन् भने नगरबाट बाहिर हुनासाथ अन्तर्धान भएर जानेछन्। देवता हुन् भने आकाशतिर जानेछन्। नागदेव हुन् भने पृथ्वीभित्र पस्नेछन्। यदि मनुष्य नै हुन् भने एक स्थानमा बसेर प्राप्त भएको भोजन गर्नेछन्।"

यस्तो आज्ञा पाएर राजदूतहरू सिद्धार्थको पछि-पछि लागे। सिद्धार्थ पनि "यति भिक्षाले त मेरो भोजन पर्याप्त हुन्छ" भनी भिक्षा माग्ने काम समाप्त गरी अनि भित्र पसेकै नगरद्वारबाट बाहिर निस्की पाण्डव नामक पर्वतको फेदीमा एउटा एकान्त शीतल स्थानमा आराम गरी पूर्वतिर फर्की भोजन गर्न थाले। राजदरबारमा उत्तमोत्तम भोजन गरिरहेका राजकुमारलाई आज यस्तो सर्व प्रकारको अन्न मिसिएको बस्तु खानुपर्दा साह्रै किल्किल लागेर आयो। त्यस



Downloaded from http://dhamma.digital/

अवस्थामा उनले यस किसिमको आत्मोपदेश (आफूले आफैलाई सम्भ्काउनु) दिन थाले–

"सिद्धार्थ ! तिमी श्रीसुखमा डुबिरहेको बखतमा एक दिन नगर सयलमा भिक्षु रूपलाई देख्दा म पनि भिक्षु भएर भिक्षा मागी भोजन गर्नेछु भनी प्रार्थना गरेका थियौ । आज यस भोजनलाई घृणा गरिरहेछौ ! किन यसरी घीन मानेको ? किन हेला गरेको ? जुनसुकै किसिमको भोजन पनि पेटमा पुगेपछि मलमूत्र भएर जान्छ भन्ने कुरा थाहा छैन ? तस्मात् धर्मपूर्वक लाभ भएको यो भिक्षा भोजनलाई घीन नमानी भोक मेट्नको निम्ति ग्रहण गर ।"

यसप्रकारले आत्मोपदेश गरी अप्रिय भावलाई मेटी भोजन गरे ।

## राजा बिम्बिसारसितको भेट

त्यस अनौठो भिक्षुले यसप्रकार भोजन गरेको देखी राजपुरुषहरू दगुर्दै मगधाधिपति महाराजा बिम्बिसारलाई खबर दिन गए । यो खबर सुन्नासाथ राजा बिम्बिसार हत्तरपत्तर रथमा बसी त्यस भिक्षु भएको ठाउँमा आइपुगे । त्यहाँ आइपुग्नासाथ रथबाट ओर्ली उनको सन्मुख गई सादर नमस्कार गरी एक छेउतिर उभिए । भिक्षुको आचरण र नियममा सुप्रसन्न भएका राजा बिम्बिसारले यस प्रकारले प्रार्थना गरे–

"भन्ते ! मेरो राजपाट जम्मै म तपाईलाई चढाउँछु, ग्रहण गर्नुहोस् र राजभवनमा बसी राज्यसुख भोग गर्नुहोस् ।"

भिक्षु भैसकेको सिद्धार्थकुमारले पनि यसप्रकारले उत्तर दिए–

"राजन् ! मलाई यस्तो सांसारिक सुखभोगको आवश्यकता छैन । म पनि आफ्नो शाक्यराज्य छाडी प्रव्रजित भएको हुँ । राज्य भनेको कुरो आज छ भोलि



Downloaded from http://dhamma.digital/

छैन । फेरि परन्तुसम्मै रहे पनि मरेपछि त छाडेरै जानुपर्छ । हरेक प्राणीले एक दिन अवश्यै मर्नुपर्छ । म आज यस भेषमा हिँडेको पनि लोकोत्तर निर्वाण धर्मगवेषण गर्नुको निम्ति हो ।”

तैपनि राजा बिम्बिसारले कुमार भिक्षुसित अनेकप्रकारले याचना गरे तर दृढप्रतिज्ञ सिद्धार्थ अलिकति पनि विचलित भएनन् । यो देखी राजाले भने–

“त्यसै हो भने तपाई बुद्ध हुनु भैसकेपछि मलाई उपदेश दिन एकपटक अवश्यै यहाँ पाल्नुहोला ।”

‘हवस्’ भनी बिम्बिसारलाई आउने वचन दिई सिद्धार्थ त्यहाँबाट हिँडे ।

## आलार र उद्दकहरूको आश्रममा

त्यसपछि उनी त्यसबेला प्रसिद्धी प्राप्त गरेको आलारकालाम र उद्दक-रामपुत्र नाम गरेका पण्डितहरूका आश्रममा गए । त्यहाँ उनीहरूका आश्रममा बसेर उनले ‘**आकिञ्चन्यायतन र नैवसंज्ञानासंज्ञायतन**’ भन्ने अरूपी समापत्ति ध्यान प्राप्त गरे । यतिले पनि वोधिज्ञान प्राप्त हुन सक्दैन भन्ने जानी त्यस आश्रम छाडी एक्लै त्यहाँबाट उरूवेलतर्फ लागे । उरूवेलजस्तो चित्त शान्ति प्राप्त हुने स्थान देखेर तपश्चर्याको निम्ति यो बन उत्तम छ भन्ने ठानी उहीँ समय बिताउने निश्चय गरे ।

★



Downloaded from http://dhamma.digital/

## ✍✍ अभ्यास–६ ✍✍

१) बोधिसत्त्वको पहिलो भिक्षाटनबारे प्रकाश पार्नुहोस् ।

२) भिक्षाटनमा बोधिसत्त्वलाई कस्तो प्रकारको भोजन प्राप्त भएको थियो ?

३) बोधिसत्त्व र राजा बिम्बिसारको भेट कहिले र कसरी भयो ?

४) बोधिसत्त्व उरूवेलतर्फ किन प्रस्थान गरे ?

Dhamma.Digital



Downloaded from http://dhamma.digital/

# परिच्छेद–७

## पञ्चवर्गीयहरू

कुमार जन्महुँदाखेरि नामकरण गर्ने आठजना ज्योतिषी पण्डितहरूमध्ये कौण्डन्य नाम गरेको ब्राह्मण एकजना मात्रै अहिले बाँचेको छ। अरू सातजना परलोक भैसकेका रहेछन्। सिद्धार्थकुमार प्रव्रजित भएर उरूवेल बनमा बसिरहेका छन् भन्ने थाहापाई त्यस कौण्डन्य पण्डितले आफ्ना मरिसकेका साथीहरूका छोराहरूकहाँ गई भन्यो– "अहिलेसम्ममा तिम्रा बाबाहरू बाँचिरहेका भए सिद्धार्थको पछिपछि अवश्य पनि प्रव्रजित भएर गैसक्ने थिए। अब तिनीहरू यस संसारमा छैनन्, त्यसकारण आज हामी प्रव्रजित हुन जाऔं, हिँड।"

तर, ती सकल पण्डितपुत्रहरूको राय एउटै भएन। कौण्डन्य र अरू चार जना पण्डितपुत्रहरू एकमत भई प्रव्रजित भए। पाँचैजना एक मत भई एकै पटक भिक्षु भएर गएका हुनाले उनीहरूलाई 'पञ्चवर्गीय भिक्षु' भन्दछन्। क्रमैसित ग्राम, नगरमा भिक्षा लिँदै सिद्धार्थ भएको ठाउँमा गएर उनको सेवा ६ वर्षसम्म गरेर बसे।

## दुष्करचर्या

पञ्चवर्गीयहरूद्वारा सेवा गरिएका सिद्धार्थले छ वर्षसम्म अनेकप्रकारले दुष्करचर्या गरे। त्यस्तरी कठोर चर्या गर्दा पनि इच्छापूर्ण हुने गरी बोधिज्ञान प्राप्त नभएपछि उनले त्यस किसिमको हठयोगादि शरीरलाई पीडामात्र हुने, ज्ञानरहित, प्रज्ञारहित मार्गलाई त्याग गरी साह्रै दुब्लो पातलो हाड र छालामात्र बाँकी भैसकेको



Downloaded from http://dhamma.digital/

आफ्नो शरीरलाई पालन नगरी हुनेछैन भनी क्रमैसित आहार ग्रहण गरी शरीर पोषण गर्न सुरु गरे ।

यो देखी सेवामा लागेका पञ्चवर्गीयहरूका मनमा सिद्धार्थप्रति विश्वास कम हुँदै गयो । यसप्रकारले कठोर व्रत गरी घोर तपस्यामा लागी खानपिनसमेत छाडी आहारशुद्धि गर्दा त बुद्धत्व प्राप्त गर्न सकेनन् भने अब फेरि यस तरिकाले मीठोमीठो खाई शरीर पोषण गर्न थालेपछि कसरी बुद्धत्व प्राप्त हुनसक्छ भनी आफ्ना आफ्ना पात्र चीवर लिई सिद्धार्थलाई त्यहीँ छाडी अठार योजन पर ऋषिपतन मृगदावनमा गएर बसे ।

## पञ्च महास्वप्न

पञ्चवर्गीयहरूले छाडेर गएपछि सिद्धार्थ भिक्षाको भोजनले क्रमैसित आफ्नो स्वास्थ्य सुधार्दै ल्याएर चाहिने ध्यान तपस्या गरी बसे । यस किसिमले समय बित्दै गयो र वैशाखशुक्ल पनि आइपुग्यो । एक दिन वैशाखशुक्ल चर्तर्दशीको रातको तृतीय प्रहरमा सिद्धार्थले यस्तो किसिमको सपना देखे–

(१) "विशाल हिमालय पर्वतलाई शिरान गरी पूर्व र पश्चिमको सागरमा दुबै हात राखी दक्षिण महासागरमा खुट्टा तेर्साई पृथ्वीमा आरामसित आफू सुतिरहेको थियो । (२) अनि नाइटोबाट कुश उम्रेर आई आँखाले नभेटिने गरी माथि आकाशतिर गैरहेको थियो । (३) दुबै पाइतलाबाट कालो र सेतो दुई किसिमका कमिला आदि उत्पन्न भई माथि घुँडासम्म ढाकिने गरी आइरहेको थियो । (४) विभिन्न रङका चारवटा चराहरू पाइतला नजिकै सम्म उडेर आई एकैछिनपछि एउटै रङ्गका भएर गएको थियो । (५) अशुची भएको पर्वतमाथि रहँदा पनि अलिकति पनि आफ्नो पाइतालामा लागेको थिएन ।



Downloaded from http://dhamma.digital/

यस्तो किसिमको सपना देखी भोलिपल्ट बिहान सबेरै उठी शारीरिक नित्य शुद्धिकार्य आदि गर्नुपर्ने गरी सपनाको अर्थ परिक्षण गर्दै **'आज म अवश्य पनि बुद्ध हुनेछु'** भन्ने निश्चय गरी चीवर पात्रादि लिई गाउँतिर भिक्षाको लागि सिद्धार्थ हिँडे– तर गाउँमा गई भिक्षा माग्ने समय अझ अलि नभैसकेको हुनाले उनी त्यहीँ नजिकैको एउटा ठूलो वृक्षमुनि गई पूर्वतिरमुख फर्काइ बसे ।

## सुजाताको खीरदान

त्यस समयमा उरूवेल प्रदेशमा सेनानी भन्ने एउटा गाउँ थियो । त्यस गाउँमा सुजाता नाम गरेकी एउटी युवती थिइन् । वरवृक्षमा देवताको बास हुन्छ भन्ने विश्वासमा ती युवतीले आफू कुमारी अवस्थामा 'यदि समान कुल-गृहमा गैसकेपछि सर्वप्रथम मलाई एउटा पुत्ररत्न प्राप्त भयो भने वर्षेनी यस वरवृक्षका देवतालाई गोक्षीरले पूजा सत्कार गर्नेछु" भनी भाकल गरेकी रहिछिन् । पछि तिनको मनोकामना पूर्ण पनि भएको रहेछ । तिनको गोक्षीर चढाउने दिन पनि आजै (वैशाख पूर्णिमा) रहेछ । त्यसकारण तिनले हरेक वर्ष वैशाख पूर्णिमाका दिन वर वृक्षमा देवतालाई गोक्षीरले पूजा सत्कार गर्दै आएकी थिइन् । यस वर्ष पनि आफ्नी दासीलाई बिहान सबेरै उठाई त्यस वृक्षको फेदमा पूजा गर्नको निम्ति लिपपोत गर्न पठाइन् । दासी आउँछे त त्यस वरवृक्षको मुनी बालसूर्यकिरण परी साह्रै राम्रो कान्तिमय चन्द्रमुख भएका काषायवस्त्र धारण गरेका र बत्तीसै लक्षणले युक्त भएका देवतुल्य पुरुष एउटा बसिरहेका छन् । यो देखी "अवश्य पनि आज वृक्षदेवता प्रकट भइरहेका छन् ।" भन्ने ठानी हत्तरपत्तर फर्केर गई सुजातालाई भनी–

"देवी ! आज तपाईको श्रद्धा र सत्कारदेखि प्रसन्न भएर वृक्षदेवता स्वयं



Downloaded from http://dhamma.digital/

तपाईंले चढाउने खीर भोजन गर्न प्रकट भई रूखमुनि बसिरहेका छन् ।"

यो कुरा सुनेर सुजाता साह्रै प्रसन्न भइन् र भनिन्– "तिमीले भनेको कुरा साँच्चै हो रहेछ भने आजदेखि तिमीलाई दासीको बन्धनदेखि मुक्त गरी आफ्नै छोरीतुल्य गरिराख्नेछु ।"

यति भनी हत्तरपत्तर सुवर्णपात्रमा खीर राखी सुवर्णकै ढकनीले छोपी त्यो पात्र आफ्नै शिरमा राखी दासीसित त्यस स्थानमा गइन् । टाढैबाट सिद्धार्थको कान्तिमय रूपदेखि साह्रै प्रसन्न भई टाढैबाट नमस्कार गरिन् । फेरि अगाडि पुगिसकेपछि पनि आदर तथा भक्तिपूर्वक नजिकै गई चरणमा प्रणाम गर्दै "प्रभु ! जसरी मेरो मनोकामना पूर्ण भयो त्यस्तै गरी प्रभुको पनि पूर्ण होस् ।" भन्दै खीर-पात्र सिद्धार्थको हातमा राखिदिइन् । सिद्धार्थले आफूलाई टोलाएर हेरिरहेको देखेर फेरि प्रार्थना गरिन्–

"देव ! यो सुनको पात्रसमेत प्रभुमा चढाएको हुँ, ग्रहण गर्नुहोस् ।"

सिद्धार्थले पनि त्यो सुवर्णको खीर-पात्र शान्तिपूर्वक ग्रहण गरे ।

★



Downloaded from http://dhamma.digital/

## अभ्यास–७

१) 'पञ्चवर्गीय भिक्षुहरू' भनेर कसरी नामाकरण हुन गयो ?

२) बोधिसत्त्वको दुष्करचर्याबारे आफूलाई थाहा भएको कुरा प्रकाश पारी त्यसको परिणाम के भयो उल्लेख गर्नुहोस् ।

३) पञ्चमहास्वप्न भन्नाले के बुझिन्छ ?

४) पञ्चवर्गीयहरू ऋषिपतन मृगदावनमा जानुको कारण के थियो ?

५) सुजाताले किन क्षीर-दान गरे ?



Downloaded from http://dhamma.digital/

# परिच्छेद–८

## सुवर्णपात्र नदीको विपरीत गतिमा बहेको

सिद्धार्थ क्षीरपात्र लिई त्यस आसनबाट उठी वरवृक्ष परिक्रमा गरी नेरंजन नामक नदीतिर प्रस्थान गरे। त्यो ठाउँ अनेक शत सहस्र बोधिसत्त्वहरूले बुद्धत्व प्राप्त गर्ने दिनमा स्नान गर्ने स्थान थियो। आफ्नो चीवरवस्त्र फुकाली वस्त्र र क्षीर पात्र दुबै नदी किनारमा राखी स्नान गरे। त्यसपछि स्नानकार्य सिध्याई चीवर धारण गरी पूर्वतिर मुख फर्काई त्यहीँ नदीको किनारमा बसी अघिको खीर भोजन गरे। त्यो खीर जम्मा उनन्चास गाँस थियो। त्यसपछि नदीमा गई **'यदि आज मैले बुद्धत्व प्राप्त गर्ने रहेछु भने यो पात्र अवश्य पनि माथितिर** (विपरीत दिशामा) **बगेर जानेछ'** भनी त्यो सुवर्णपात्र नदीमा फालिदिए। त्यो पात्र त्यस नदीमा उल्टो दिशातिर बगेर गई भुमरीमा परी पहिलेका तीनजना बुद्धहरूका पात्र भएका ठाउँ नागभवनमा खस्न पुग्यो।

## सोत्थिय ब्राह्मणको तृण दान

यस्तो पूर्वलक्षण देखी सिद्धार्थ अति सन्तोष मान्दै नजिकैको अतिरम्य भद्रशाल नामक वनमा दिनभरी ध्यानमा निमग्न भएर बसे। घाम अस्ताउने बेला भएपछि त्यस ठाउँबाट उही बोधिवृक्षतिर सरासर गए। बीच बाटोमा सोत्थिय नाम गरेका घाँसिया ब्राह्मण एउटाले भेटी अति प्रसन्न हुँदै उनलाई आठ मुठा घाँस दान दिए। उनले पनि त्यस घाँसीले दिएको दान स्वीकार गरे। त्यसबेला आकाशमा जम्मा भएर हेर्न आइरहेका देवतागणले पुष्पवृष्टिं गरेर ल्याए।



Downloaded from http://dhamma.digital/

## चतुरङ्ग अधिष्ठान

सोत्थियको तृणदान ग्रहण गरी सिद्धार्थ बुद्धगया पुगे । त्यहाँ बोधिवृक्ष नामक रूखमुन्तिर गई अघिको घाँस बिछ्याएर त्यसमा बस्दै पूर्वतिर फर्की रूखमा अडेस लाएर यस्तो प्रतिज्ञा गरे–

**"मेरो यस शरीरमा हाड मासु छाला जम्मै सुकेर गई खालि कंकालमात्र बाँकी रहे पनि बुद्धत्व प्राप्त नगरी म यस आसनबाट उठ्ने छैन ।"**

## मारविजय

यस किसिमले दृढ अधिष्ठान गरी वज्रासन कसी बोधिवृक्षमुनि सिद्धार्थ बसिसकेपछि नमुचिमार "बोधिसत्त्व बन्धनबाट निस्कन आँट्यो" भनी आफ्ना **सहस्र** मारसैन्य लिएर आई बोधिसत्त्वलाई भने– **"यो आसन तेरो होइन, उठ, यस आसनमा बस्नको निम्ति तैंले के कस्तो पुण्य गरेको थिइस् ? त्यसको साक्षी को छ ?** भनी सोधे । यस्तो प्रश्न सुनी सिद्धार्थले **"यस संसारमा असंख्य कल्पदेखि गरेर आएको दानादि दशपारमिता बाहेक मेरो अरू कोही छैन । यहाँ मेरा न आमापट्टिका कोही छन्, न बाबापट्टिका । मैले यी जम्मै पारमिता पूर्ण गरेको पनि यस पृथ्वीमण्डलमा बाहेक अन्त कहीं होइन"** भन्ने बिचार गरी मारलाई भने– **"हेर मार ! मैले दशपारमिता पूर्ण गरेर आएको छु । तिमीलाई साक्षी चाहिन्छ भने यही पृथ्वीमाता छिन् ।"** यति भनी सिद्धार्थले भूमिस्पर्श गरी देखाइदिए । उनले भूमिस्पर्श गर्नुमात्र के थियो, ठूलो आँधि-बेहरी आयो र अनन्तकालदेखि संचित पारमी पुण्यको प्रभावले गर्दा सकल मारगण फर्केरसम्म नहेरी भागाभाग भएर गए । यसप्रकारले मारगणसित संग्राम गरी सूर्य डुब्नुभन्दा अगाडि नै सकल नमुचिमार गणलाई उनले पराजित गरे ।



Downloaded from http://dhamma.digital/

## बुद्धत्व प्राप्ति

मारगणलाई पराजित गरेको देखी महाब्रह्मादि देवगणहरू आई उनलाई पुष्पवृष्टिसहित पूजा गरी विजय घोषणा गरे । यसप्रकार देवगणहरूद्वारा पूजा गरिएका सिद्धार्थले त्यस रात्रीको **प्रथम प्रहरमा पूर्वानुस्मृतिज्ञान** अर्थात् पूर्वजन्मको कुरा सविस्तर थाहा भइआउने ज्ञान प्राप्त गरे र रात्रीको **द्वितीय प्रहरमा च्युत उत्पत्ति** अर्थात् उत्पत्ति र मरणको ज्ञान प्राप्त गरे । **तृतीय प्रहरमा आस्रवक्षय-ज्ञान** अर्थात् यस हेतुले यो हुन्छ, यस हेतुले यो हुँदैन, यसकारणले जन्म हुन्छ, यस कारणले जन्म हुँदैन भन्ने थाहा हुने ज्ञान, जसलाई प्रतीत्यसमुत्पाद-ज्ञान पनि भन्दछन्-प्राप्त गरे । फेरि आफ्नो पुनर्वार जन्म पनि हुनेछैन भन्ने कुरा थाहा पाए । आस्रव अनुशय सबै नाश गरे । प्रत्यक्ष निर्वाणधातु पनि अवबोध गरे ।

## बुद्धको प्रीतिवाक्य

त्यसपछि सिद्धार्थले उक्त प्रतीत्यसमुत्पाद-ज्ञान शुरूदेखि आखिरसम्म र आखिरदेखि शुरूसम्म बारबार दोहोऱ्याई तेहोऱ्याई बिचार गरिरहेको बखतमा दशलोकधातु कम्प भयो । यसप्रकार दशभुवन कम्प गराई सिद्धार्थले "बुद्धत्व प्राप्त गरी अरुणोदयको शुभ बेलामा सर्वज्ञज्ञान प्रतिबोध गरी बुद्धत्व ज्ञानको खोजीमा अनन्तकालदेखि संसार परिभ्रण गरी हिँडेको आज प्राप्त भयो । तृष्णालाई क्षय गरिसकें । मेरो आस्रव जम्मै विनाश भैसक्यो । अब म जन्म-मरणदेखि मुक्त भएँ । मलाई अब संसारको कुनै बन्धनले छुन सक्दैन" भनी प्रीतिवाक्य प्रकाश गरे । यसपटक पनि बुद्ध भएका सिद्धार्थलाई महाब्रह्मादि देवगणहरूले अनेक प्रकारले पूजा गरे ।



Downloaded from http://dhamma.digital/

यसप्रकार शाक्यकुमार सिद्धार्थले वैशाख-शुक्ल पूर्णिमाको दिन बोधिवृक्षमुनि बुद्धत्व प्राप्त गरेका थिए । यस समयमा उनको उमेर पैंतीस नाघी छत्तीस पुगिरहेको थियो । उनी महामायादेवीको कोखमा प्रवेश हुन आउँदा, लुम्बिनी बगैंचामा जन्म हुन आइपुग्दा र अहिले बुद्धत्व प्राप्त गर्दा एउटै किसिमको बत्तीस लक्षण लोकमा दृश्यमान भएको थियो । भूमि पनि कम्प भएको थियो ।

★

Dhamma.Digital



Downloaded from http://dhamma.digital/

## अभ्यास–८

१) 'चतुरङ्ग अधिष्ठान' भन्नाले के बुझिन्छ ?

२) बोधिसत्त्वलाई मारले कसरी सताए ?

३) बोधिसत्त्वले 'बुद्धत्व' कहिले प्राप्त गरे ? 'बुद्धत्व-ज्ञान' भनेको के हो ?

४) बुद्धको 'प्रीति-वाक्य' भन्नाले के बुझिन्छ ?

Dhamma.Digital



Downloaded from http://dhamma.digital/

# परिच्छेद–९

## प्रथम सप्ताह बोधिपल्लंक

बोधिवृक्षमुनि बुद्धत्व प्राप्त गरी बुद्ध भैसकेपछि सिद्धार्थको मनमा यस किसिमको विचार आयो– "चार कल्प शतसहस्राधिक असंख्यकालदेखि यो बोधिपल्लंकको कारणले गर्दा म यस संसारमा घुमिरहेको छु । त्यस लामो समय भित्रमा अनेक अलंकृत आफ्नो शिरै समेत काटी दान गरें । आँखा भिकी दान गरें । मुटु चुँडाली दान दिएँ । शरीरको मासु काटी दान गरिसकें । जालिकुमार जस्ता छोराहरू, कृष्णाजिनी जस्ता छोरीहरू, मद्रीरानी जस्ता पत्नीहरू पनि दान गरिसकें । अब मेरो यो आसन विजयासन भयो । मेरो संकल्प आज पूर्ण भयो ।"

यस्तो मनमा लिई बुद्ध भएका सिद्धार्थ कुमारले त्यही आसनमा एक सप्ताहसम्म बसी कोटी कोटी समापत्ति ध्यान गरी विमुक्ति सुख अनुभव गरे । बुद्धत्व प्राप्त गरिसकेपछि उनको प्रथम सप्ताह यसप्रकारले व्यतीत भयो ।

## द्वितीय सप्ताह अनिमिस–चैत्य

बुद्धत्व प्राप्त गरिसकेपछि पनि सात सात दिनसम्म एउटै आसनमा त्यसरी उठ्दै नउठी बसिरहेको देखेर कुनै कनै देवताहरूलाई सन्देह पनि भयो । यतिका दिन भैसक्दा पनि वज्रासनबाट उठेर आउँदैनन् । अभसम्म बुद्धत्व प्राप्त गर्न सकेका छैनन् कि भन्ने उनीहरूका मनमा शंका उत्पन्न हुन थाल्यो ।

देवताहरूले गरेको सन्देह जानी एक हप्तापछि आफ्नो आसनवाट उठी भगवान् बुद्ध आकाशमा गई अनेकविधि प्रातिहार्य ऋद्धि प्रदर्शन गरी देवगणहरूको



Downloaded from http://dhamma.digital/

सन्देह दूर गरी फेरि पृथ्वीतलमा नै ओर्ले। त्यसपछि बोधिवृक्षको पूर्वोत्तर दिशातिर उभिई 'यस वृक्षमुनि बसेर मलाई सर्वज्ञज्ञान प्राप्त भयो। यस वृक्षले मेरो ठूलो उपकार गर्‍यो' भन्ने मनमा लिई संसारलाई सर्वप्रथम 'कृतज्ञता-धर्म' को कृयात्मकरूपले शिक्षा प्रदान गरी एक सप्ताहसम्म आँखा खोलेको खोल्यै गरी अनिमिस दृष्टिले बोधिवृक्षलाई हेरिरहें। यसप्रकारले 'नेत्र-पूजन' भएको स्थानलाई "**अनिमिस-चैत्य**" भनिन थाल्यो। बुद्धत्व प्राप्त गरिसकेपछिको बुद्धको यो दोस्रो सप्ताह हो।

## तृतीय सप्ताह चंक्रमण-चैत्य

यसपछि बुद्धले आफू उभिएको ठाउँबाट पूर्व र पश्चिम हेरी एक सप्ताहसम्म धर्मलाई नमस्कार गर्दै चंक्रमण गरिरहे। त्यस स्थानको नाम "**चंक्रमण-चैत्य**" कहलिन थाल्यो। बुद्धत्व प्राप्त गरिसकेपछिको उनको यो तेस्रो सप्ताह हो।

## चतुर्थ सप्ताह रत्नाधर-चैत्य

तदनन्तर उहाँ बोधिवृक्षको पश्चिमोत्तर दिशातिर जानुभई देवताहरूले बनाई राखेको रत्नमय कुटीमा गएर बस्नुभयो। त्यहाँ पनि उहाँले एक सप्ताहसम्म धर्मको विषयमा गम्भीर विचार गर्नुहुँदै विमुक्ति सुख अनुभव गर्नुभयो। त्यस स्थानको नाम "**रत्नाधर चैत्य**" रह्यो। बुद्धत्व प्राप्त गरिसकेपछिको उहाँको यो चतुर्थ सप्ताह हो।



Downloaded from http://dhamma.digital/

## पञ्चम सप्ताह अजपाल-वृक्ष

यसप्रकारले बोधिवृक्षको समीपमा चार सप्ताहसम्म बिताइसक्नु भएपछि पाँचौ सप्ताहमा पूर्वभागमा स्थित अजपाल नामक बरको रूखमुनि जानु भएर बस्नुभयो । सिद्धार्थले बुद्धत्व प्राप्त गरिछोडेको आफूले कुनै विघ्न-बाधा उपस्थित गर्न नसकेकोले साह्रै दुःखित भएर बसिरहेका आफ्ना बाबा वशवर्ती मारलाई देखेर **तृष्णा**, **अरती** र **रागी** भन्ने उनका तीनजना छोरीहरू आई भने– "भो बाबा ! यसरी दुःखित नहुनुहोस् । हामी स्त्रीजाति हौं, हाम्रो मोह र मायाको वशमा नआउने यस लोकमा को होला !" यति भनी ती तीनैजना भगवान् बुद्धको अगिल्तिर गई अनेक प्रकारले स्त्री-मायाले छोपी अनेक प्रलोभन देखाउन शुरु गरे । यसरी मारपुत्रीहरू आएको देखेर भगवान् बुद्धले **'यस्स जितं नावजीयति'** अर्थात् जसको विजयलाई यस संसारमा अब कसैले अविजय गर्न सक्दैन भनी श्लोक पाठ गर्नुभयो । यो सुनी मारपुत्रीहरू लज्जित भएर त्यहाँबाट कुलेलम ठोके ।

त्यसैबेला जे भने पनि 'हुँ हुँ' भन्ने अहंकारी ब्राह्मण एकजना आएर बुद्धसित यस किसिमको प्रश्न गर्‍यो– "हे गौतम ! कहाँदेखि ब्राह्मण हुन्छ ? कुन धर्माचरण गरेपछि ब्राह्मण हुन्छ ?"

भगवान् बुद्धले प्रश्नको अभिप्राय बुझेर यस किसिमको जवाफ दिनुभयो–

"पापरहित भैसकेका, 'हुँ हुँ' मात्रै भनी अहंकार नगर्ने, निक्लेश भैसकेका ध्यानी, अन्त थाहापाएको, ब्रह्मचर्य पालन गरिसकेको, धर्मानुकूलले ब्राह्मणवाद पालन गर्न जान्ने, जुनसुकै कुरामा पनि रागादिदेखि छुटकारा पाइसकेको, यस्ता पुरुषलाई म ब्राह्मण भन्दछु । यति कुरा पालन गर्नेलाई ब्राह्मण भन्दछन् । यही धर्मले ब्राह्मण होइन्छ ।"



Downloaded from http://dhamma.digital/

यो जवाफ सुनी ब्राह्मण टाउको हल्लाउँदै त्यहाँबाट फर्क्यो । बुद्ध त्यहाँ एक हप्तासम्म धर्मामृतपान गरेर बस्नुभयो । यो उहाँको बुद्धत्व प्राप्त गरिसकेपछिको पाँचौ सप्ताह हो ।

## षष्ठम सप्ताह मुचलिन्द-वृक्ष

पुनः त्यस आसनबाट उठी बुद्ध बोधिवृक्षको स्थानबाट पूर्वकुनातिर रहेको मुचलिन्द-वृक्षमुनि गएर बस्नुभयो । त्यहाँ बसेर विमुक्ति धर्मको सुखानुभव गरिरहनुभएको बखतमा घनघोर आँधिव्याधि आयो । यो देखी त्यस मुचलिन्द रूखमुनि रहेका नागराजा आई आफ्नो शरीरले बुद्धलाई सात फन्काले बेरी शिरमाथि श्वेतछत्रले ओढाएझैं आफ्नो फण विशालरूपले फैलाई उहाँको सुकोमल बुद्ध शरीरमा एक थोपासम्म पानीपर्न नदिई रक्षा गरिरहे । बुद्ध पनि गन्धकुटीमा बसेझैं एक सप्ताहसम्म नागपाशभित्र बसी विमुक्तिसुख अनुभव गरिरहनुभयो । एक सप्ताहपछि आँधि-बेहरी थामियो । आकाशमा बादल हटेर गयो । नागराज आफ्नो रूप बदली देवकुमारको भेष लिई भगवान् बुद्धलाई नमस्कार गर्दै अगाडि उभिए । भगवान्ले उनको अभिप्राय बुझी यसप्रकारको श्लोक उच्चारण गर्नुभयो–

*"सुखो विवेको तुट्ठस्स सुतधम्मस्स पस्सतो ।*
*अब्यापज्जं सुखं लोके पाण भूतेसु संयमो ॥*
*सुखा विरागता लोके कामानं समितिक्कमो ।*
*अस्मिमानस्स यो विनयो एतं वे परमं सुखति ॥"*

सन्तोषी भएर बस्नु नै सुख हो; धर्म चिन्हेर बस्नु नै सुख हो; प्राणीहरू उपर संयम राखी व्यापादरहित भएर बस्नु नै सुख हो । कामादि राग अतिक्रण गरी वैरागी भएर बस्नु पनि सुख नै हो । 'म' भन्ने अहंकाररहित भएर बस्नु सबभन्दा



Downloaded from http://dhamma.digital/

ठूलो सुख हो ।

बुद्धत्व प्राप्त गरिसकेपछिको यो बुद्धको छैठौं सप्ताह हो ।

## सप्तम सप्ताह राजायतन–वृक्ष

तदनन्तर उहाँ दक्षिणदिशातिर रहेको राजायतन नामक वृक्षमुनि जानु भयो । त्यस वृक्षमुनि सात दिनसम्म एकै आसनमा बसी अनकानेकधर्मको रसपान गरी निरामिष प्रीतिसुख अनुभव गरिरहनुभयो । यो सप्ताह उहाँको बुद्धत्व प्राप्त गरिसकेपछिको सातौं सप्ताह हो ।

## इन्द्रको सेवा

यसरी सात सप्ताहसम्म धर्म-रसपान गरिरहँदा बुद्धले त्यसबीचमा न मुखै धुनु भयो, न कुनै प्रकारको भोजन नै गर्नु भयो, न मलमूत्र त्याग्ने काम नै गर्नु भयो । यस प्रकारले सातहप्ता बितिसकेपछि बुद्धले मुख धुने विचार गर्नुभयो । यो कुरा थाहापाई शक्रदेव उहाँको सामू आई एउटा हर्रो चढाए । त्यो औषधी हर्रो भोजन गर्नुभएपछि उहाँको पेट पनि परिशुद्ध भयो । त्यसपछि शक्रदेवल अर्पण गरेको दतिवन लिनुभएर दाँत सफा गर्नुभएर मुख धोई त्यहीँ रूखमुनि आराम लिएर बस्नुभयो ।

## तपुस्स भल्लुकहरूको सत्तु दान

त्यसैबेला तपुस्स र भल्लुक नाम गरेका दुई दाजुभाइहरू ब्यापार गर्न पाँच शय गाडा लिई उक्कलबाट मध्यदेशतिर जान आइरहेका त्यहीँ पुगेका थिए ।



Downloaded from http://dhamma.digital/

पूर्वजन्ममा नातादार भैसकेका एउटा देवपुत्रले तिनीहरूलाई आकाशबाट यस्तो वाक्य भनेर ल्याए– "भो व्यापारी ! यहीं नजिकैको राजायतन वृक्षमुनि भगवान् बुद्ध विराजमान हुनुभएको छ । उहाँले बुद्धत्व प्राप्त गर्नुभएको धेरै दिन भएको छैन । तिमीहरू त्यस स्थानमा गई उहाँलाई सत्तु र मह दान गर ।"

तिनीहरू दुबैजना यस्तो आकाशवाणी सुनी भगवान् भएको स्थानमा गई सादर प्रणाम गर्दै भने– "भन्ते ! कृपया यो आहार ग्रहण गर्नुहोस् ।"

बुद्धत्व प्राप्त गरिसकेपछि पुरुषले कुनै किसिमको आहार आफ्नो हातमा थापी लिँदैनन् । त्यस समयमा उहाँसित सत्तु थापि लिन कुनै पात्र पनि थिएन । यो आहार केमा थापेर लिउँ भनी उहाँ अल्मलमा परिरहनुभएको जानेर चातुर्महाराजिक देवताहरूले मणिमाणिक्यादिको पात्र ल्याएर दिए, तर उहाँले त्यो पात्र स्वीकार गरी ग्रहण गरी लिनुभएन । फेरि देवताहरूले ढुंगाले बनेका चारवटा पात्र ल्याएर चढाए । उहाँले आफ्नो ऋद्धिबलले चारैवटा पात्रलाई एउटा गराउनु भई तपुस्स र भल्लुकहरूले दिएका सत्तु र मह त्यस पात्रमा थापी लिनुभयो । त्यस सत्तु र मह भोजन गरिसकेपछि उहाँले ती तपुस्स र भल्लुकलाई धर्मोपदेश गरी दान, शील र भावनाका कुराहरू आज्ञा गर्नुभयो । भगवान्को उपदेशामृतले ती दुबै जना साह्रै सन्तुष्ट भई बुद्ध र धर्मको शरणमा गई उपासक बने । सबभन्दा पहिले बुद्ध र धर्मको शरणमा गएका यी दुई व्यापारीहरू **द्वैवाचिक (दुई–वचनका) उपासक** भए ।

## केशधातु

त्यसपछि तिनीहरूले बुद्धलाई उहाँको कुनै शारीरिक चिन्ह एउटा भए पूजा गरी पुण्य प्राप्त गर्न सकिनेछ भनी निवेदन गरे । यो सुनी भगवान्ले आफ्नो



Downloaded from http://dhamma.digital/

शिरमा हात लानुभई आठ मुठी केश-धातु झिक्नु भएर उनीहरूलाई दिनुभयो । तिनीहरूले अत्यन्त आदरपूर्वक त्यो '**केशधातु**' एउटा पात्रमा थापी लिए । आफ्नो देशमा पुगेपछि ती ब्यापारीहरूले त्यस केशधातुलाई गर्भमा राखी एउटा चैत्य बनाई नित्य पूजा-सत्कार गरेर राखे ।

Dhamma.Digital



Downloaded from http://dhamma.digital/

## अभ्यास–९

१) प्रथम सप्ताह बोधिपल्लंकमा बोधिसत्त्वले के दान गर्नुभयो ?

२) द्वितीय-सप्ताह अनिमिस-चैत्यको सप्ताहसम्म बुद्धले के-के कार्यहरू गर्नुभयो ?

३) तृतीय-सप्ताह र चतुर्थ-सप्ताहमा के-के कुराहरू भएका थिए ?

४) पञ्चम-सप्ताहको बेला तथागतलाई के-कस्तो प्रकारका प्रलोभनहरू देखाइएका थिए ?

५) तथागतले कस्तो व्यक्तिलाई 'ब्राह्मण' भन्नुभयो ?

६) षष्टम-सप्ताहमा बुद्धले कुन श्लोक उच्चारण गरेको थियो ? र त्यसको अर्थ समेत खुलष्ट पार्नुहोस् ?

७) सप्तम-सप्ताहमा के भएको थियो ? त्यसबेला इन्द्रले के सेवा गरेको थियो ?

८) तपुस्सु र भल्लुक भन्ने दुइ दाजुभाइले किन र कसरी सत्तु-दान दिए ?



Downloaded from http://dhamma.digital/

# (तृतीय खण्ड)

(धर्मोपदेशमा अनुत्साहिततादेखि चवालिसौं वर्षावाससम्म)

## परिच्छेद–१०

### धर्मोपदेशमा अनुत्साहितता

भगवान् बुद्ध राजायतन वृक्ष-मूलबाट उठ्नुभएर पुनः अजपाल नामक वर वृक्षमुनि बस्न जानुभयो । त्यहाँ बसी धर्मको गम्भीरताको विषयमा विचार गरिरहनुहुँदा बुद्धको मनमा यस्तो कुरा उत्पन्न भयो–

"यो गम्भीरातिगम्भीर बोध हुन गाह्रो, गम पाउन कठिन, शान्त र प्रणीत, निपुण, अतर्कावचर र पण्डितहरूले जान्नुपर्ने । यस्तो धर्म आज मैले राम्ररी जानिलिइसकें । यो जगत् पञ्चकाम-रसमा आसक्त भएर रहेको छ । यस्ता प्राणीहरूलाई 'यस हेतुले यस्तो हुने र यस हेतुले यस्तो भएको हो' भनी जानिलिनुपर्ने गम्भीरातिगम्भीर प्रतीत्यसमुत्पाद धर्म अवबोध गराउन गाह्रो हुनेछ। सबै संस्कार निरोध भई निर्वाण प्राप्त हुन्छ भन्ने कुरा थाहापाउन पनि यिनीहरूको निम्ति गाह्रो छ ।"

इत्यादि कारणले गर्दा बुद्धको चित्त धर्म प्रचार गर्नमा अनुत्साहित भयो । यसैकारणले उहाँले यो निम्न श्लोक उच्चारण गर्नुभयो–

*"किच्छ्रेन मे अधिगतं हलं दानि पकासितुं ।*
*रागदोष परेतेहि नायं धम्मो सुसम्बुधी ॥*
*पटिसोतगामि निपुणै गम्भीर दुद्दसं अणु ।*
*रागरत्ता न दक्खन्ति तमोक्खन्धेन आवटा ॥"*



Downloaded from http://dhamma.digital/

"अति कष्ट सहेर मैले आज यो धर्म अवबोध गरें। यस लोकमा प्राणीहरूले यसलाई बुझ्ने छैनन् किनभने तिनीहरू राग, द्वेष र मोहमा डुबिरहेका छन्। ज्ञान, गुण र सदाचारविना यसको अवबोध हुन सक्दैन। यो अगम्य जन्मव्याधि विनाशक तथा निर्वाण प्राप्त धर्म हो। मोहरूपी धुँवाभित्र रङ्गमङ्गि रहेको व्यक्तिले यसलाई देख्नु त असम्भवै हो।"

## सहम्पति ब्रह्माको प्रार्थना

यसपछि भगवान् बुद्ध धर्म प्रचार गर्नमा अनुत्साहित भएको देखेर सहम्पति ब्रह्मा देवगणहरूसहित देवलोकबाट पृथ्वीलतमा आई भगवान्को समक्ष आफ्नो ओढनी ओढी, दाहिने घुँडाले टेकी, दुबै हात जोडी यस्तो किसिमले प्रार्थना गरे– "भगवान्! सत्त्वप्राणीउपर दया राख्नुभई धर्मोपदेश गर्नुहोस्! धर्मोपदेश गर्नुहोस्, भगवान्! यस लोकमा धर्मलाई बुझ्नसक्ने, अल्पक्लेशयुक्त तथा तीक्ष्ण प्राज्ञहरू नभएका होइनन्। यदि भगवान्ले धर्मोपदेश गर्नुभएन भने सद्धर्म श्रवण गर्न नपाई तिनीहरूको जीवन व्यर्थ जानेछ।"

यस किसिमले प्रार्थना गरिसकेपछि सहम्पत्ति ब्रह्माले भगवान् बुद्धलाई फेरि यस किसिमले बिन्ति गरे– "हे वीर, उठ्नुहोस्! मगध देशमा रहेको अशुद्ध धर्मलाई हटाई निर्मल निर्वाण-धर्मको ढोका खोलिदिनुहोस्।"

ब्रह्माको वचन सुनी तथागत भगवान्ले सत्त्वप्राणीहरू उपर महाकरुणा



Downloaded from http://dhamma.digital/

राखी "आजदेखि अमृतको मूल ढोका खोलिदिएँ" भनी उच्चारण गर्नुभयो। महाब्रह्मा पनि भगवान्‌ले अब धर्मोपदेश हुने भयो भनी हर्षचित्त गरी श्री चरणमा प्रदक्षिणा गरी अन्तर्धान भएर गए।

## ऋषिपतन गमन

संसारलाई धर्मोपदेश दिई उद्धार गर्ने भएँ भनी ब्रह्मालाई वचन दिइसकेपछि **'अब म कसलाई प्रथमोपदेश गरूं'** भनी विचार गरी हेर्दा भगवान् बुद्धले आलार कालाम र उदकरामपुत्र पण्डितहरू दुइजनालाई सम्झनुभयो। तिनीहरू अझ बाँचेका छन् कि मरिसके भनी ध्यानदृष्टिले हेर्नुभयो। ती दुबैजना अब यस लोकमा छैनन् भन्ने जान्नुभएर पञ्चवर्गीय भिक्षुहरूलाई प्रथमोपदेश दिने विचार गर्नु भयो। तिनीहरू धर्म बुझ्ने शक्ति भएका पनि हुन्। मलाई ठूलो उपकार पनि गरेका थिए। सबभन्दा पहिले यिनीहरूलाई नै धर्मोपदेश गर्नेछु भन्ने निश्चय गर्नुभयो। यिनीहरू अहिले कहाँ छन् त भनी ध्यानले हेर्नुहुँदा ऋषिपतन मृगदावनमा छन् भन्ने थाहा पाई त्यहीँ जाने विचार गर्नुभयो। बोधिवृक्षको समीप केही दिन आराम गर्नुभएर ऋषिपतन मृगदावनतिर प्रस्थान गर्नुभयो।

## उपकाजीवकसितको भेट

त्यसबेला उपक नाम गरेका आजीवक एकजना त्यतैतिर आइरहेका रहेछन्। भगवान्‌ले उनलाई गया पुग्नुभन्दा अगाडि बीच बाटैमा भेट्नुभयो। उनले भगवान्‌सित यसप्रकारले प्रश्न गरे– "भो ब्राह्मण ! तिम्रो इन्द्रिय साह्रै शान्त देखिन्छ ! तिम्रो अनुहार पनि अति प्रसन्न छ। तिमी के कारणले प्रव्रजित भएका



Downloaded from http://dhamma.digital/

हौ ? तिम्रो शास्ता को हुन् ? तिमीलाई कुन धर्म निको लाग्यो ?"

उनको यस्तो प्रश्न सुनी भगवान् बुद्धको यसरी उत्तर दिनुभयो– "समस्त क्लेशलाई पन्छाई, तृष्णालाई क्षय गरी स्वयं निर्वाण-धर्म अवबोध गर्ने म हुँ, अब मैले कसलाई मेरो आचार्य फलानो भनी देखाऊँ ! मेरा आचार्य कोही छैनन् । देवसहित मनुष्यलोकमा म बराबरका व्यक्ति पनि कोही छैनन् । म अर्हत हुँ । म सम्यक्सम्बुद्ध हुँ ।" शान्त निर्वाण-पद प्राप्त गर्ने पनि मै हुँ । त्यही निर्वाण-धर्म प्रकाशनार्थ तथा प्रचारार्थ म काशी जान आँटेको हुँ । यस अन्धकार लोकमा धर्मचक्र चलाउन आँटेको छु ।"

आजीवकले भने– "तिम्रो कुरा सुन्दा त तिमी अनन्त जिन जस्तो बुझिन्छ ।"

बुद्धले भन्नुभयो– "हो, तिमीले ठीक भन्यौ । मै जस्तालाई जिन भन्दछन्; किनभने मेरो आस्रव जम्मै क्षय भैसकको छ । मैले मारगणादि पाप-धर्मलाई जितिसकेको छु । तसर्थ म 'जिन' हुँ ।" भगवान् बुद्धको यस्तो वचन सुनी 'हुनसक्छ तिम्रो कुरा' भन्दै टाउको हल्लाउँदै ती आजीवकले बाटो तताए ।

## पञ्चवर्गीयहरूसित भेट

भगवान् पनि भ्रण गर्दै आषाढपूर्णिमाको दिन ऋषिपतन मृगदावनमा आइपुग्नुभयो । पञ्चवर्गीय भिक्षुहरूले उहाँलाई टाढैबाट देखे । "तपश्चर्याबाट भ्रष्ट भएको गौतम आइरहेको ऊ देख्यौ, हामीले उनको लागि खुट्टा धुनको लागि पानी पनि नराखौं, आसनबाट पनि उठी स्वागत पनि नगरौं । आसन एउटा बिछ्याइदेऔं, चाहन्छ भने बस्नेछ" भनी तिनीहरू पनि आपसमा कुरा गरिरहेका थिए । तर, भगवान् बुद्ध अगाडि मात्रै के आइपुग्नुभएको थियो, उहाँको मैत्रीचित्तको



Downloaded from http://dhamma.digital/

प्रभावले तिनीहरू एकजना पनि आफ्नो वचनमा स्थिर भएर बस्न सकेनन् र हत्तरपत्तर उठी कसैले भगवान्को हातको पात्र लिनथाले, कसैले पानी ल्याएर उहाँको श्रीचरणमा पखाल्न थाले, कसैले रूमालले पुछ्न थाले, कसैले आसन बिछ्याउन थाले । यसप्रकारले भगवान्लाई स्वागत-सत्कार गरी एकतिर गई ती पाँचैजना उभिइरहे ।

## पञ्चवर्गीयहरूसित वार्तालाप

सिद्धार्थकुमार बुद्धत्व प्राप्त गरी आउनुभएको हो भन्ने कुरा थाहा नपाएका ती पञ्चवर्गीय भिक्षुहरूले उहाँसित पहिलेजस्तै नै नामकाटी कुरा गर्न शुरू गरे । बुद्धले तिनीहरू उपर ठूलो कृपा राख्नुहुँदै आज्ञा गर्नुभयो– "भिक्षुवर्ग ! तथागत भैसकेकालाई नामोच्चारण गरी अथवा आफूभन्दा कान्छोलाईजस्तै 'आवुसो' भनी सम्बोधन गरी कुरा गर्नु ठीक छैन । अब म अर्हत् सम्यक् सम्बुद्ध भैसकेको छु ।"

फेरि बुद्धले भन्नुभयो– "भिक्षुगण-ध्यान दिएर सुन, म तिमीहरूलाई उपदेश गर्नेछु । त्यस उपदेश अनुसारआचरण गर्ने कुलपुत्रलाई प्रव्रजितको उद्देश्य भएको अनुत्तर ब्रह्मचर्य पूर्ण भई यही जन्ममा उपशान्त-निर्वाणपद प्राप्त हुनेछ ।"

पञ्चवर्गीयहरूले जवाफ दिए– "गौतम ! त्यत्रो कष्टकारक दुष्करतपश्चर्या गर्दा पनि तपाईले उत्तरीय मनुष्य धर्मावबोध गर्न सक्नुभएन भने अब हृष्टपुष्ट हुने गरी खाई सुखपूर्वक बसेर कहिले बोधिज्ञान प्राप्त गर्न सक्नुहुनेछ ।"

"भिक्षुगण ! तथागत चर्याभ्रष्ट भएको छैन, न सुख भोग गरेर हिँडेको छ, तथागत अर्हत् (म) सम्यक्सम्बुद्ध भैसकेको छ । उस्ले निर्वाण-पद प्राप्त गरिसकेको छ । भिक्षुगण ! ध्यान पूर्वक उपदेश सुन, जुन उपदेशानुसार चल्नाले निर्वाण-पद प्राप्त हुनेछ, दुःखबाट छुटकारा पाउनेछौ ।"



Downloaded from http://dhamma.digital/

पञ्चवर्गीयहरूले तीन पटकसम्म पनि पहिलेकै जस्तै कुरा गरेको सुनेर भगवान् बुद्धले यसप्रकारले प्रश्न गर्नुभयो–

"भिक्षुगण ! के मैले पहिले पनि तिमीहरूसित यस्तै कुरा गरेको थिएँ ?"

"थिएन ।"

"त्यसोभए सुन, (म) तथागत अर्हत् सम्यक्सम्बुद्ध हुँ, उस्ले (मैले) अमृतपद प्राप्त गरिसकेको छ । त्यसकारण, तथागतको सदुपदेश राम्ररी मन दिएर सुन, जुन उपदेशानुसार अभ्यास गरी लगेमा जन्म-मरणबाट मुक्त भई परम शान्तयुक्त निर्वाणपद प्राप्त हुनेछ ।"

यसपछि ती पञ्चवर्गीयहरूले भगवान्को कुरामा राम्ररी विचार गरिहेर्दा आज्ञाभएको कुरा साँचो हो भन्ने जानी उहाँप्रति श्रद्धा र विश्वास राखी उहाँको उपदेश सुन्ने इच्छा प्रकट गरे ।

भगवान्ले ती पञ्चवर्गीय भिक्षुहरूलाई आमन्त्रण गर्नुहुँदै यस किसिमले उपदेश दिन थाल्नुभयो–

## छोड्नुपर्ने र लिनुपर्ने मार्ग

"भिक्षुगण ! प्रव्रजित भैरहेकाहरूले दुई अन्त (छेउ) लाई त्याग्नुपर्दछ । ती दुई अन्त के के हुन् भने पञ्च काममा आसक्त भइरहनु जसलाई हीन, ग्राम्य, पृथग्जन, अनार्य, अनर्थयुक्त भनिन्छ र शरीरलाई अति कष्ट दिई हठचर्या गर्नु जसलाई दुःख, अनार्यधर्म, अनर्थयुक्त भनिन्छ । यी दुबैको अतिमा नगई मध्यम-मार्ग अर्थात् बीचको बाटोबाट हिँड्नुपर्दछ । त्यसैबाट सोझै निर्वाण पदमा पुगिन्छ । तथागतले (मैले) त्यस मध्यम-मार्ग अवबोध गरिसकेको छ ।"

"भिक्षुगण ! त्यही मध्यम-मार्गलाई आर्य अष्टाङ्गिक मार्ग भनिन्छ । जस्तै–



Downloaded from http://dhamma.digital/

यथार्थतः बुझिलिनु, यथार्थतः संकल्प गर्नु, यथार्थतः कुरा गर्नु, यथार्थतः काम गर्नु, यथार्थतः जीविका गर्नु, यथार्थतः उद्योग गर्नु, यथार्थतः स्मृति राख्नु र यथार्थतः ध्यान गर्नु (सम्यक् दृष्टि, सम्यक् संकल्प, सम्यक् वाचा, सम्यक् कर्म, सम्यक् आजीव, सम्यक् व्यायाम, सम्यक् स्मृति र सम्यक् समाधि ।) । भो भिक्षुगण ! तथागतले अवबोध गरेको मध्यम-मार्ग अर्थात् बीचको बाटो यही हो । यसैबाट सोझै निर्वाणपद प्राप्त हुन्छ ।

## चार सत्य

भिक्षुगण ! जन्म हुनु, बूढो हुनु, मरण प्राप्त हुनु, शोक-सन्ताप गर्नु, चीज बस्तुको वियोग भई मन नपरेकाहरूको संयोग हुनु तथा इच्छित बस्तु अप्राप्त हुनु इत्यादि सबै दुःख हुन् । छोटकरीमा भन्ने हो भने पञ्चस्कन्ध नै दुःखको पोको हो । फेरिफेरि जन्म हुनाको कारण कामतृष्णा, भवतृष्णा, विभवतृष्णाा निर्मूल गर्नु नै दुःखबाट छुटकारा पाउने मार्ग हो । यही आर्याष्टांगिक मार्ग नै दुःखबाट छुटकारा पाउने मार्ग हो ।

"भिक्षुगण ! यो दुःखार्यसत्य हुन् भन्ने कुरा मलाई पहिले थाहा थिएन । अब मलाई यसमा चक्षु-ज्ञान-प्रज्ञा-विद्या तथा आलोक प्राप्त भएको छ। यो दुःखार्यसत्यको ज्ञान प्राप्त गर्नुपर्ने हो भन्ने कुरा मैले पहिले सुनेको थिएन, अब यस विषयमा मलाई चक्षु-ज्ञान-प्रज्ञा-विद्या प्राप्त भएको छ । यो दुःखार्यसत्यको ज्ञान प्राप्त गर्नुपर्ने हो भन्ने बुझी राम्ररी अवबोध पनि गरिसकेको छु । अब यसमा मलाई चक्षु-ज्ञान-प्रज्ञा-विद्या प्राप्त भैसकेको छ ।"

"भिक्षुगण ! यो दुःखसमुदयार्यसत्य हो भन्ने पहिले मलाई थाहा थिएन, अब मलाई यसमा चक्षु-ज्ञान-विद्या प्राप्त भएको छ। यो दुःखसमुदयार्यसत्यलाई त्याग्नुपर्दछ



Downloaded from http://dhamma.digital/

भन्ने कुरा अगाडि मैले सुनेको थिइन, अब यसमा मलाई चक्षु-ज्ञान-प्रज्ञा-विद्या प्राप्त भएको छ । यस दुःखसमुदयार्यसत्यलाई त्यागी पठाउनुपर्दछ भन्ने बुझी राम्ररी त्यागी पनि सकेको छु । अब मलाई यसमा चक्षु-ज्ञान-प्रज्ञा-विद्या प्राप्त भैसकेको छ ।"

"भिक्षुगण ! यो दुःखनिरोधार्यसत्य हो भन्ने कुरा मैले पहिले सुनेको थिइन, अब मलाई यस विषयमा चक्षु-ज्ञान-प्रज्ञा-विद्या प्राप्त भएको छ । यस दुःख-निरोधार्यसत्य साक्षात्कार गरी ग्रहण गर्नुपर्दछ भन्ने कुरा पहिले मैले सुनेको थिइन । अब मलाई यसमा चक्षु-ज्ञान-प्रज्ञा-विद्या प्राप्त भएको छ । यो दुःख-निरोधार्यसत्य साक्षात्कार गरी राम्ररी ग्रहण पनि गरिसकेको छु । अब यसमा मलाई चक्षु-ज्ञान-प्रज्ञा-विद्या प्राप्त भैसकेको छ ।

"भिक्षुगण यो दुःखनिरोधगामिनी प्रतिपदा हो भन्ने कुरा मैले पहिले सुनेको थिइन, अब मलाई यस विषयमा चक्षु-ज्ञान-प्रज्ञा-विद्या प्राप्त भएको छ । यो दुःखनिरोधगामिनी प्रतिपदा अभ्यास गर्नुपर्ने कुरा हो भन्ने मैले पहिले सुनेको थिइन, अब मलाई यसमा चक्षु-ज्ञान-प्रज्ञा-विद्या प्राप्त भएको छ । यस दुःख-निरोधगामिनी प्रतिपदा अभ्यास गर्नुपर्ने विषय हो भन्ने जानी राम्ररी अभ्यास पनि गरिसकेको छु । अब यस विषयमा मलाई चक्षु-ज्ञान-प्रज्ञा-विद्या तथा आलोक प्राप्त भएको छ ।

"भिक्षुगण ! जुन बेलासम्म यी चारवटा आर्यसत्यज्ञान प्रत्येक सत्य तीन तीन प्रकारको हिसाबले जम्मा बाह्र प्रकार– परिशुद्ध हुने गरी यथार्थरूपले मलाई अवबोध भएको थिएन, त्यसबेलासम्म मैले देवसहित मनुष्यलोकमा कसैलाई पनि **'म अनुत्तर सम्यक्सम्बुद्ध हुँ'** भनी भनिन । जुन दिनदेखि यो चतुरार्यसत्य-ज्ञान बाह्रैप्रकारले परिशुद्ध भई यथार्थरूपले मलाई अवबोध भयो, त्यसै दिनदेखि मात्रै मैले देवसहित मनुष्यलोकमा 'म अनुत्तर सम्यक्सम्बुद्ध हूँ' यो मेरो अन्तिम जन्म हो, म अब संसार-चक्रबाट मुक्त भैसकें भनी निश्चयरूपले प्रकाश गरें ।"



Downloaded from http://dhamma.digital/

भगवान् बुद्धको यस्तो उपदेश सुनिसकेपछि आयुष्मान् कौण्डन्यलाई '**समुदयधर्म जम्मै निरोधधर्म हुन्**' भन्ने निर्मल धर्म-चक्षु प्राप्त भयो ।

## देवघोषणा

यसप्रकारले भगवान् बुद्धले धर्मचक्र प्रवर्तन गर्न सिध्याउनु भएको देखी भूमिस्थ देवताहरूले "यस वाराणसी ऋषिपतन मृगदावनमा भगवान् बुद्धले, देवसहित मनुष्यहरूले अहिलेसम्म चलाउन नसकेको अनुत्तर धर्मचक्र चलाउनुभयो" भनी साधुकार दिँदै घोषणा गर्न थाले । यस्तो घोषणा सुनेका ब्रह्मकायिक देवताहरूले पनि ठूलो घोषणा गर्न शुरू गरे । यसप्रकारले त्यस घोषणा-शब्द त्यही क्षण, त्यही मुहूर्तमा ब्रह्मलोकसम्म पनि पुग्यो । दश लोक-धातु कम्प भयो । देवताहरूमा दिव्यानुभावले पनि भेट्टाउन नसकेको अप्रमाणिक उदार ज्योति संसारमा फैलिन थाल्यो ।

## कौण्डन्य भिक्षुको उपसम्पदा

त्यसपछि भगवान्ले यस्तो प्रीतिवाक्य प्रकाश गर्नुभयो– "कौणडन्य ! अब तिमीले सम्झिलियौ, तिमीले बुझिलियौ !"

त्यसबेलादेखि आयुष्मान् कौण्डन्यको नाम '**ज्ञान कौण्डन्य**' भनी प्रसिद्ध भयो ।

यसपछि धर्म बुझेको कौण्डन्य भिक्षुले भगवान्सित प्रार्थना गरे– "भन्ते ! मलाई प्रव्रज्या र उपसम्पदा दिनुहोस् ।"

भगवान्ले हात उठाएर आज्ञा गर्नुभयो– "यहाँ आऊ, भिक्षु ! स्वाख्यात धर्म



Downloaded from http://dhamma.digital/

विनयमा राम्ररी ब्रह्मचर्या पालन गरी दुःखको अन्त गर !" यही वाक्य आयुष्मान् कौण्डन्यको निम्ति उपसम्पदा भयो ।

यसप्रकार भगवान् बुद्धले आषाढ-पूर्णिमा उत्तराषाढ नक्षत्रको दिन धर्मचक्रसूत्र देशना गर्दै आयुष्मान् कौण्डन्यलाई धर्मावबोध गराउनुभयो ।

## चारजना भिक्षुहरूको उपसम्पदा

त्यसको भोलिपल्ट आयुष्मान् वप्पलाई उपदेश गर्दै उही वर्षावास बिताउने अधिष्ठान गर्नुभयो । आयुष्मान् वप्पलाई पनि धर्मावबोध भयो । आयुष्मान् कौण्डन्यलेजस्तै आयुष्मान् वप्पले पनि उपसम्पदा प्राप्त गरे । त्यसको भोलिपल्ट आयुष्मान् भद्दियलाई, पर्सिपल्ट आयुष्मान् महानामलाई र निपर्सिपल्ट आयुष्मान् अस्सजिलाई धर्मावबोध भयो । धर्मावबोध भएपछि ती तीनैजनाले पनि भगवान्‌बाट उपसम्पदा प्राप्त गरे । श्रावण-कृष्णको चतुर्थीको दिनसम्म भगवान्‌ले ती चारैजनालाई स्रोतापत्ति मार्ग-फलमा प्रतिष्ठित गर्नुभयो ।

## अनात्मलक्षणसूत्र

तदनन्तर भगवान् बुद्धले श्रावण-कृष्ण पञ्चमीको दिनमा ती कौण्डन्यसमेत पाँचैजना भिक्षुहरूलाई डाकी निम्न उपदेश दिन शुरु गर्नुभयो– "भिक्षुगण ! रूप अनात्म हो । यदि रूप आत्म भएको भए त्यसमा रोगादि बिघ्नबाधा उत्पन्न हुनु नपर्ने हो । 'मेरो रूप यस्तो होस्, त्यस्तो नहोस्' भनी चिताएअनुसार नै हुनुपर्ने हो । भिक्षुगण ! रूप अनात्म भएको हुनाले नै रूपमा रोगादि बिघ्नबाधा उत्पन्न हुने हो । आफ्नो रूप आफूले चिताएझैं केही पनि नभएको कारण पनि त्यही हो ।"



Downloaded from http://dhamma.digital/

"भिक्षुगण ! वेदना, संज्ञा, संस्कार, विज्ञान पनि अनात्म नै हुन् । यदि वेदना, संज्ञा, संस्कार, विज्ञान पनि आत्म भएको भए तिनीहरूमा पनि रोगादि बिघ्नबाधा उत्पन्न नहुनुपर्ने हो । 'मेरो वेदना, संज्ञा, संस्कार तथा विज्ञान त्यस्तो नहोस्, यस्तो होस् भनी आफूले चिताएझैं हुनुपर्ने हो । वेदना, संज्ञा, संस्कार तथा विज्ञान पनि अनात्म भएको हुनाले तिनीहरूमा पनि बिघ्नबाधा उत्पन्न हुन्छन् । त्यसैकारण वेदना, संज्ञा, संस्कार तथा विज्ञान, आफूले भनेझैं नभएको हो ।"

"त्यसकारण भन, हे भिक्षुगण ! रूप नित्य हो कि अनित्य ?"

"अनित्य, भन्ते !"

"अनित्य वस्तु सुख कि दुःख ?"

"दुःख, भन्ते !"

"यसरी अनित्य हुने, दुःख हुने, विपरिणाम हुने वस्तुलाई 'यो मेरो हो, यो म हुँ, यो मेरो आत्मा हो' भनी चिताबस्नु के उचित हो त ?"

"होइन, भन्ते !"

"त्यसो भए, भिक्षुगण ! वेदना, संज्ञा, संस्कार तथा विज्ञान नित्य कि अनित्य ?"

"अनित्य, भन्ते !"

"अनित्य वस्तुहरू सुख हो कि दुःख ?"

"दुःख, भन्ते !"

"यसरी अनित्य हुने, दुःख हुने, विपरिणाम हुने वस्तुलाई 'यो मेरो हो, यो म हुँ, यो मेरो आत्मा हो, भनी चिताबस्नु के उचित छ त ?"

"छैन, भन्ते !"

"तस्मात् भिक्षुगण ! जुन यी अतीत अनागत वर्तमानको भित्र रहेको, बाहिर रहेको, ठूलो-सानो, असल-कमसल, टाढाको-नजीकको जम्मै रूप हुन् ती सबै रूप 'न म हूँ, न मेरो हो, न मेरो आत्म हो' भन्ने यथार्थ रूपले सम्यक्-प्रज्ञाद्वारा



Downloaded from http://dhamma.digital/

देखिलिनु (ज्ञान प्राप्त गर्नु) पर्दछ।"

"त्यस्तै, भिक्षुगण ! जुन यी अतीतानागतवर्तमानको भित्र रहेको, बाहिर रहेको, ठूलो-सानो, असल-कमसल, टाढाको-नजीकको वेदना, संज्ञा, संस्कार तथा विज्ञान हुन् ती सबै वेदना, संज्ञा, संस्कार तथा विज्ञान, 'न म हुँ, न मेरो हो, न मेरो आत्म हो' भन्ने यथार्थ रूपले सम्यक्प्रज्ञाद्वारा देखिलिनु (ज्ञान प्राप्त गर्नु) पर्दछ।"

"भिक्षुगण ! यस्तो देख्ने (ज्ञान प्राप्त गरेका) श्रुतवान् आर्यश्रावक रूप-वेदना-संज्ञा-संस्कार तथा विज्ञानमा विरक्त हुन्छन्, विरक्त भएको (वस्तु) लाई त्यागिदिन्छन्, त्यागिदिएपछि विमुक्त हुन्छन्, विमुक्त, भएपछि 'विमुक्त भएँ' भन्ने ज्ञान प्राप्त हुन्छ। त्यस्तै 'फेरि जन्म हुने हेतु क्षीण भयो, ब्रह्मचर्य पूर्ण भयो, गर्नु पर्ने काम गरिसकें, अबदेखि पुनः यस्तो आत्मभाव छैन' भन्ने पछि त्यसले (व्यक्तिले) राम्ररी बुझिलिन्छ।"

## पञ्चवर्गीय भिक्षुहरू अर्हत् भए

यस्तो सदुपदेश सुनी पञ्चवर्गीय भिक्षुहरूले भगवान् बुद्धको भाषणलाई अभिनन्दन गरे। उपदेश सुनिसकेपछि ती पाँचैजना भिक्षुहरू अर्हत् भए। तिनीहरूका चित्त उपादानादि सकल आस्रवबाट विमुक्त भए, भव-दुःखबाट पार भए। जन्म-मरणको बन्धनबाट मुक्त भए।

यसप्रकारले पञ्चवर्गीय भिक्षुहरू सबै श्रावण-कृष्ण पञ्चमीका दिन संसार-बन्धनबाट विमुक्त भई अर्हत् भए। त्यसबेला यस संसारमा जम्मा छ जना अर्हत्हरू भए।

★



Downloaded from http://dhamma.digital/

## अभ्यास–१०

१) भगवान् बुद्ध किन धर्मोपदेशमा अनुत्साहित देखिएका हुन् ?

२) सहम्पत्ति ब्रह्माले किन र के भनेर प्रार्थना गरेका थिए ?

३) भगवान् किन ऋषिपतन मृगदावनमा प्रस्थान गर्नुभयो ?

४) उपक जीवक भन्ने को हुन् ? र उसले भगवान् बुद्धलाई भेट्दा राखेको जिज्ञासाको उत्तर के पाए ?

५) भगवान्ले पञ्चवर्गीयहरूलाई फेरि कहिले भेट्नुभयो ? र त्यतिबेला कस्तो वार्तालाप भयो ?

६) 'त्याग्नु पर्ने' र 'ग्रहण गर्नुपर्ने' मार्ग भन्नाले के बुझिन्छ ?

७) चतुरार्य्य सत्य बारे वर्णन गर्नुहोस् ।

८) आयुष्मान् कौण्डन्यलाई कहिले 'समुदय धर्म भनेको निरोध धर्म हो' भन्ने शुद्ध धर्म-चक्षु प्राप्त भयो ?

९) अनात्म लक्षण भन्नाले के बुझिन्छ ? आफ्नै शब्दमा वर्णन गर्नुहोस् ।



Downloaded from http://dhamma.digital/

# परिच्छेद–११

## यशपुत्रको गृहत्याग

त्यसबखतमा बाराणसी (बनारस) देशमा एकजना अत्यन्त धनी महाजन थिए। तिनको यश नाम गरेका एकजना छोरा थिए। एकदिन राती त्यो यशकुमार पञ्चकाम-विषयबाट विरक्त भई गृहस्थीमा बस्न मन नलागेर घर छाडेर भगवान् बसेको स्थान ऋषिपतन मृगदावनमा (सारनाथ) गए। त्यसबेला भगवान् चंक्रण गरिरहनुभएको थियो। टाढैबाट यशकुमारलाई आइरहेको देखेर चंक्रणस्थानबाट ओर्ली भगवान् एउटा आसनमा बस्नुभयो। यशकुमारले भगवान्को समक्ष पुगी यस्तो शब्द उच्चारण गरे– **"अहो उपद्रव ! अहो भय !"**

यश कुमारको यस्तो शब्द सुनी भगवान्ले 'यश ! यहाँ आऊ, यहाँ भय छैन। यहाँ बस, म तिमीलाई धर्मोपदेश गर्नेछु' भनी आज्ञा गर्नुभयो। उनी पनि 'उपद्रव छैन, भय छैन' भनेको शब्द सुनी अति सन्तोषी मानी, सुवर्ण-जुत्ता त्यहीं छाडी भगवान्को सामू गई वन्दना गरेर एकातिर आसन ग्रहण गरी बसे। त्यहाँ भगवान्ले उनलाई दानकथा, शीलकथा, पञ्चकामको दोष-निःसार संक्लेशका कुराहरू तथा नैष्क्रम्यका गुणहरू बताउनुभयो। तदनन्तर भगवान्हरूको जुन श्रेष्ठोत्तम आर्यधर्म हो त्यो चतुरार्यसत्यधर्मको पनि उपदेश गर्नुभयो।

उपदेश सुनिसकेपछि यशकुमारलाई 'समुदयधर्म सबै निरोध धर्म हो' भन्ने निर्मल धर्मचक्षु प्राप्त भयो।



Downloaded from http://dhamma.digital/

## त्रैवाचिक प्रथमोपासक

वाराणसी देशमा यशकुमार छैनन् भन्ने जानी उनका मातापिताले अश्वारोही दूतहरू चारैतिर दौडाई खोज्न पठाए । स्वयं महाजनचाहिं पुत्रको खोजिमा ऋषिपतनतिर हिंडे । त्यहाँ यशकुमारले छाडेका सुनका जुत्ता देखी "मेरो छोरा अवश्य पनि यहीं हुनु पर्दछ" भनी भिक्षु-आश्रमभित्र गए । भगवान् शाक्यमुनिले उनलाई टाढैबाटदेखि अगाडि बसिरहेका यशकुमारलाई आफ्नो ऋद्धिबलले छोप्नुभयो । पुत्र-वियोगमा संतप्त महाजनले भगवान्को अगाडि गई सोधे– "भन्ते ! तपाईले मेरो छोरा यशकुमारलाई देख्नुभएको छ के ?"

भगवान्ले उत्तर दिनुभयो– "यदि तिमी यहाँ एकछिन बस्यो भने बसिरहेको यशकुमारलाई यहीं देख्नेछौ ।"

भगवान्को यस्तो वचन सुनी त्यो महाजन अति सन्तोष मानी सादर प्रणाम गरी त्यहीं एक कुनातिर गई बसिरहे । भगवान्को दानकथादि आर्यसत्यको सदुपदेश सुनिरहेका यशकुमारको बाबालाई त्यहीं बस्दाबस्दै निर्मल धर्मचक्षु लाभ भयो । अनि पछि उनले भगवान्लाई यस प्रकारले भने– "धन्य भन्ते ! धन्य सुगत ! जसरी कोल्टो परेकोलाई सुल्टो पारिदिंदा, छोपिरहेकोलाई उघारिदिंदा, बाटो बिराएकोलाई बाटो देखाइदिंदा, अँध्यारो ठाउँमा तेलको बत्ती बालिदिंदा आँखा भएकोले रूपादि वस्तु राम्ररी देख्न थाल्दछ त्यसरी नै तपाईले मलाई अनेक प्रकारले धर्म प्रकाशित गरिदिनुभयो । अब म भगवान्को शरणमा, धर्मको शरणमा, संघको शरणमा आउँछु । आजदेखि मलाई जन्मभर शरणमा आएको उपासक भनी शरण लिनुहोस् ।"

बुद्ध-शासनमा प्रथमोप्रथम त्रिरत्न अर्थात् बुद्ध, धर्म र संघको शरणमा आएका 'त्रैवाचिक उपासक' यी महाजन नै हुन् ।



Downloaded from http://dhamma.digital/

## यशकुमारको प्रव्रज्या

भगवान्‌ले महाजनलाई उपदेश गरिरहुन्जेल आफूले प्राप्त गरिराखिसकेको धर्म-ज्ञानमा यशपुत्रले पुनः पुनः प्रत्यवेक्षणा गर्दै आफ्नो चित्तलाई उपादानादि सबै आस्रवले विमुक्त गरी अर्हत्-फल प्राप्त गरे । यशकुमार अनास्रव भएको बुझी भगवान्‌को आफ्नो ऋद्धिबल हटाउनुभयो । अनि महाजनले आफ्नो छोरा त्यहीँ बसिरहेको देखे । छोरालाई देखेपछि महाजनले भने– "यश ! तिम्री आमा तिम्री विरहमा साह्रै डुबेकी छे । आमाको प्राण रक्षा गर ।"

बाबाको वचन सुनेका यशकुमारको आशय बुझी भगवान्‌ले महाजनलाई यसप्रकारले प्रश्न गर्नुभयो– "उपासक ! आस्रव क्षय भैसकेको व्यक्ति घर गएर फेरि पहिलेकै जस्तै गृहस्थ भएर बस्नु उचित होला ?"

महाजनले उत्तर दिए– "भन्ते ! निश्चय पनि उचित होइन !"

त्यसपछि त्यो महाजन यशकुमारसहित भगवान् प्रमुख भिक्षुसंघलाई निमन्त्रणा गरी भगवान्‌लाई सादर प्रणाम गरी प्रदक्षिणा गरी आफ्नो घरतिर फर्के। यशकुमारले भगवान्‌सित प्रव्रज्या र उपसम्पदा मागे । भगवान्‌ले "आऊ भिक्षु ! स्वाख्यात धर्मविनयमा राम्रोसित ब्रह्मचर्य पालन गरी दुःखको अन्त गर !" भनी आज्ञा गर्नुभयो । यही वाक्य ती यशकुमारको निम्ति उपसम्पदा भयो ।

## प्रथमोपासिकाहरू

निमन्त्रण भएका भगवान् प्रमुख भिक्षुसंघहरू पात्र चीवर धारण गरी वाराणसीमा यशकुमारको बाबाको घर जानुभयो । आसन ग्रहण गरिसकेपछि आयुष्मान् यशकुमारका आमा सुजाता र गृहिणी भगवान्‌को सामु आई नमस्कार



Downloaded from http://dhamma.digital/

गरी एक कुनामा उभिरहे। भगवान्ले तिनीहरूलाई धर्मोपदेश दिनुभयो। तिनीहरूलाई पनि निर्मल धर्मचक्षु प्राप्त भयो। ती दुबै स्त्रीहरू बुद्ध, धर्म र संघको शरणमा आए। बुद्धशासनमा प्रथमोप्रथम बुद्ध, धर्म र संघको शरणमा आएका उपासिकाहरू यी दुबै स्त्री नै हुन्।

त्यसपछि तिनीहरूले भगवान् बुद्धप्रमुख समस्त भिक्षुहरूलाई अत्यन्तादरपूर्वक भोजन गराए। भोजनोपरान्त तिनीहरू भगवान्को अगिल्तिर आई उपदेश सुन्न बसे। धर्मोपदेश गरिसकेपछि भगवान् भिक्षुसंघसहित मृगदावनतिर फर्केर जानुभयो।

## चारजना साथीहरूको प्रव्रज्या

आयुष्मान् यशपुत्रका विमल, सुबाहु, पूर्णजि तथा गवम्पत्ति भन्ने चारजना गृहस्थ साथीहरू थिए। यशकुमार प्रव्रजित भए भन्ने सुकेका तिनीहरू चारैजनाले उनलाई भेट्न आए। यशकुमारले तिनीहरूलाई भगवान्कहाँ लगे। भगवान्ले तिनीहरूलाई उपदेश दिई धर्म अवबोध गराउनुभयो। उपदेश सुनिसकेपछि ती चारैजनालाई निर्मल धर्मचक्षु प्राप्त भयो। धर्मचक्षु प्राप्त भैसकेपछि ती चारैजना भगवान्का सामू गई प्रव्रज्या र उपसम्पदा मागे। भगवान्ले "यता आऊ, भिक्षुगण ! स्वाख्यात धर्म-विनयमा राम्ररी ब्रह्मचर्य पालन गरी दुःखको अन्त गर !" भनी आज्ञा गर्नुभयो। यही वाक्य तिनीहरूको निम्ति उपसम्पदा भयो। पुनः भगवान्को उपदेश सुनेका ती चारैजना अर्हत्-फलमा प्रतिस्थित भए।

## पचासजना साथीहरूको प्रव्रज्या

आयुष्मान् यशपुत्रका अरू पनि पचासजना गृहस्थ साथीहरू थिए। यशपुत्र



Downloaded from http://dhamma.digital/

प्रव्रजित भए भन्ने सुनेका ती साथीहरूले मनमा यस्तो बिचार गरे– "त्यो धर्म अवश्य पनि साधारण होइन होला । जुन धर्ममा त्यत्रा ठूला महाजनका छोरासमेत प्रव्रजित भए । हामी मात्रै किन यो गृह-जंजालमा बसिरहनू ! हामी पनि प्रव्रजित भएर जानुपऱ्यो !"

यसरी कल्पनामा डुबेका पचासैजना साथीहरू यशपुत्रकहाँ गए । यशपुत्रले तिनीहरूलाई भगवान्‌कहाँ लगिदिए । भगवान्‌को उपदेश सुनेका ती पचासै जनाले निर्मल धर्मचक्षु लाभ गरे । भगवान्‌सित प्रव्रज्या र उपसम्पदा पनि मागे । भगवान्‌ले "यता आऊ, भिक्षुगण ! स्वाख्यात धर्मविनयमा राम्ररी ब्रह्मचर्य पालन गरी दुःखको अन्त गर" भनी आज्ञा गर्नुभयो । पुनः उपदेश सुनी तिनीहरूले अर्हत्-फल पनि प्राप्त गरे । त्यसबेला संसारमा यस प्रकारले जम्मा साठी जना अर्हतहरू भएका थिए ।

## धर्मप्रचार गर्न पठाउनुभयो

वर्षाकाल बितिसकेपछि एक दिन भगवान्‌ले भिक्षुहरूलाई बोलाई आज्ञा गर्नुभयो– "भिक्षुवर्ग ! यो अनुत्तरविमुक्ति धर्मको ज्ञान प्राप्त गरी म सर्बबन्धनबाट मुक्त भैसकें । यही अनुत्तर-विमुक्ति धर्मको ज्ञान प्राप्त गरी तिमीहरू पनि सर्वबन्धनबाट मुक्त भैसक्यो । तस्मात् तिमीहरू सबै सकल देवसहित मनुष्यलोकलाई हित सुख दिनका निम्ति एउटै बाटोमा दुइजना नगई, देशदेश, गाउँ गाउँमा गई सकल सत्त्वप्राणीहरूलाई धर्मोपदेश गरी यो निपुण, परिशुद्ध, आदि-मध्य-अन्त कल्याणकारी धर्मप्रचार गर्न जाऊ ।"

साठीजना भिक्षुहरूलाई यसप्रकारले विभिन्न स्थानमा धर्मप्रचार गर्न पठाई आफू स्वयं धर्मप्रचार गर्न उरूवेलतर्फ प्रस्थान गर्नुभयो ।



Downloaded from http://dhamma.digital/

## तीस भद्रवर्गीयहरूको प्रव्रज्या

उरूवेलतर्फ जाँदा बीच बाटोमा एउटा कपासको विशाल बन पर्दथ्यो । भगवान् त्यहीँ बगैंचामा एक वृक्षमुनि विश्राम गर्न बस्नुभयो । त्यसबेला त्यस बगैंचामा तीसजना भद्रिय राजकुमारहरू आफ्ना-आफ्ना स्त्रीहरू साथमा लिई त्यहाँ बन-विहार गर्न आइरहेका थिए । तिनीहरूमध्ये एकजना राजकुमारको आफ्नी स्त्री नभएको हुनाले एउटी गणिकालाई लिई आइरहेको थियो । आखिर गणिका न ठहरियो ! मौका यही हो भनी आफूसित भएका गहना, वस्त्रादि जम्मै पोको पारी कुलेलम ठोकी । राजकुमारहरू त्यस गणिकालाई खोज्दै त्यस विशाल जङ्गलमा घुम्दै आइरहेका बखतमा रूखमुनि बसिरहनुभएको शाक्यमुनीन्द्रलाई देखेर "कोही महिला यतातिर आएकी देख्नु भो ?" भनी सोधे । भगवान्ले को महिला भनी सोध्नुभयो । राजकुमारहरूले उपर्युक्त कुरा बताए । त्यसपछि तिनीहरूसित भगवान्ले यसरी प्रश्न गर्नुभयो–

"कुमारगण ! महिलालाई खोज्नु जाति होला कि आफैलाई खोज्नु जाति होला ?"

"आफैलाई खोज्नु जाति होला भन्ते !"

'त्यसोभए एकदिन यहाँ बस' भनी तिनीहरूलाई आफ्नो अगाडि बसाली धर्मोपेश गर्न थाल्नुभयो । धर्मोपदेश सुनिसकेका ती सबै राजकुमारलाई निर्मल धर्मचक्षु प्राप्त (यिनीहरू अर्हत् भएका कुरा, धम्म. प. अ. क. बालवग्ग पृ. २८९ मा उल्लेख भएको छ ।) भयो । तिनीहरूले भगवान्सित प्रव्रज्या र उपसम्पदा पनि मागे । भगवान्ले "यता आओ, भिक्षुगण ! स्वाख्यात धर्मविनयमा राम्ररी ब्रह्मचर्य पालन गरी दु:खको अन्त गर !" भनी आज्ञा गर्नुभयो । तिनीहरूको निम्ति यही वाक्य उपसम्पदा भयो । त्यसपछि ती तीसैजना राजकुमारहरूलाई पनि धर्मप्रचार गर्न पठाई आफू उरूवेल ग्रामतिर जानुभयो ।

★ ★ ★



Downloaded from http://dhamma.digital/

## अभ्यास–११

१) यशपुत्रले किन गृहत्याग गरेका हुन् ?

२) यशपुत्रका पिता स्वयम्ले आफ्नो छोरालाई कहाँ खोज्न गए ? भगवान्सँग के-कस्तो प्रश्नहरू सोध्दा के-कस्तो जवाफ पाए ?

३) यशपुत्रका पिताले आफ्नो छोरालाई कहिले देख्यो ? त्यसबेला यशपुत्रले कस्तो ज्ञान प्राप्त गरिसकेको थियो ?

४) बुद्धशासनमा सर्वप्रथम बुद्ध, धर्म तथा संघको शरणमा जाने उपासिकाहरू को-को हुन् ? उनीहरू कसरी त्रिशरणमा गए ?

५) यश कुलपुत्र 'प्रव्रजित' भयो भन्ने खबर थाहा पाएपछि उनका साथीहरू पनि कसरी अर्हत मार्ग-फलमा प्रतिस्थित भए ?

६) "कुमारहरू ! स्त्री खोज्नु उत्तम हुन्छ कि आफैलाई खोज्नु उत्तम हुन्छ ? यसमा के विचार छ ?" भनी भगवान्ले भद्रीय राजकुमारहरूसँग किन र कुन सन्दर्भमा कसोध्नु भएको थियो ?



Downloaded from http://dhamma.digital/

[ ८७]

# पालिभाषावतरण


लेखक

भिक्षु बुद्धदत्त, श्रीलंका

अनुवादक

भिक्षु शीलभद्र


87

Downloaded from http://dhamma.digital/

# पालिभाषावतरण

## पहिलो भाग

## अक्षरविभाजन

## (ALPHABET)

१. पालिभाषामा भएका अक्षरहरू –

*अ आ इ ई उ ऊ ए ओ*

*क ख ग घ ङ*

*च छ ज झ ञ*

*ट ठ ड ढ ण*

*त थ द ध न*

*प फ ब भ म*

*य र ल व*

*स ह ळ अं*

२. माथि उल्लेख गरिएका वर्णमालाको पहिलो आठ अक्षरलाई कुनैको सहयोगविना आफै उच्चारण गर्न सकिने भएकोले **स्वर** अर्थात् **प्राणाक्षर** भन्दछन् । बाँकी **'क'**, **'ख'** देखि **'अं'** सम्मका अक्षरलाई व्यञ्जन भन्दछन् ।

तेंतीसवटा अक्षर स्वरको मद्दत नलिई उच्चारण गर्न नसकिने भएकोले व्यञ्जन भनिएको हो ।

(यी व्यञ्जनका मूल रूप– **'क्'**, **'ख्'** आदि हुन् । यसरी लेख्दा पढ्न गाऱ्हो हुने हुँदा स्वर **'अ'**, **'आ'** इत्यादि जोडेर 'क' 'ख' आदि लेख्ने चलन भएको हो ।)



Downloaded from http://dhamma.digital/

३. **'ए', 'ओ'– यी दुइ अक्षर दीर्घ अर्थात् लामो गरी** पढ्नुपर्छ तर जोडिएको अक्षरको अगाडि ती अक्षर दुइटा धेरैजसो ह्रस्वजस्तै उच्चारण गरिन्छ, जस्तो कि **सेट्ठी**, एट्ठ, **ओक्कमति, ओट्ठो, योत्तं** ।

त्यसोभएपनि पालि **'ए'– 'ओ'** दुइटालाई धेरैजसो दीर्घ अर्थात् लामो गरी उच्चारण गर्नुपर्छ । त्यसोभएतापनि दीर्घ चिन्ह केही राखिँदैन । **मोग्गल्लान पालि व्याकरणमा मात्र यसलाई "ए– एः, ओ–ओः"** भनेर चार अक्षरमा विभाजन गरिएको देखिन्छ । त्यसैले यसअनुसार वर्णमाला ४३ वटा अक्षरका हुन्छन् भनिएको छ ।

# लिङ्ग-भेद
# (GENDER)

४. "पुरिसो गच्छति" (पुरुष जान्छ ।) यो एउटा वाक्य हो । यहाँ "पुरिसो" संज्ञा वा नाम भयो । "गच्छति" क्रियापद भयो ।

"पुरिसो" भन्ने शब्दको मूल अथवा प्रकृति रूप "पुरिस" हो । (अन्त्यमा जोडिएको **"ो"** अथवा **"ओ"** भन्ने विभक्तिबाट बनेको हो ।)

**पालिभाषामा सबै नाम– शब्दहरूलाई तीन किसिमका लिङ्गमा विभाजन** गरिन्छ ।

क) पुल्लिङ्ग

ख) इत्थीलिङ्ग (स्त्रीलिङ्ग)

ग) नपुंसकलिङ्ग



Downloaded from http://dhamma.digital/

क) पुरुष अथवा भाले जाति जनाउने शब्द पुल्लिङ्ग हुन्छ। ("**पुरिसो**") (= पुरुष), "**वानरो**" (= बाँदर), "**रुक्खो**" (= रुख)।

ख) स्त्री अथवा **पोथी** जाति जनाउने शब्द इत्थीलिङ्ग हुन्छ। ("**वनिता**") (= स्त्री), "**मिगी**" (= मृगी), "**लता**" (= लहरा) आदि।

ग) स्त्री अथवा पुरुष भनी नछुट्टिने शब्द नपुंसकलिङ्ग हुन्छ। ("**फलं**") (= फल), "**रूपं**" (= रूप), "**धनं**" (= धन) इत्यादि।

५. माथिका कुराहरू खालि सामान्य लक्षणमात्रै हुन्। घरलाई व्यक्त गर्ने "**गेह**" शब्द कहिले पुल्लिङ्ग हुन्छ भने कहिले नपुंसकलिङ्ग पनि हुन्छ। यसै गरी पुल्लिङ्ग-इत्थीलिङ्ग हुने फेरि तीनैवटा लिङ्गमा पनि प्रयोग हुने शब्दहरू पनि छन्। जस्तै– ढुंगालाई व्यक्त गर्ने "पासाण" शब्द पुल्लिङ्ग हो भने त्यसैलाई व्यक्त गर्ने "**सिला**" शब्द इत्थीलिङ्ग हो। त्यसैले यहाँ देखाइएका माथिका प्रमाणहरू सामान्य लक्षणमात्रै हुन्। यी नियमहरू सबै ठाउँमा त्यसरी नै लागू हुन्छन् भनेर सम्झनु हुँदैन।

# विभक्ति र वचन

## (CASENDING AND NUMBER)

६. "**पुरिस**"– शब्द पुल्लिङ्ग हो। "पुरुष गाउँमा जान्छ।", "पुरुषलाई साँढेले हान्यो।" आदि भन्नुपर्दा त्यस्ता शब्द सबै ठाउँमा एकै रूपमा लेख्नुहुन्न। जहाँ जस्तो अर्थ प्रकाश गर्नुपर्छ त्यसरी नै परिवर्तन गर्दै लेख्नुपर्ने हुन्छ। यो रूप परिवर्तन गर्ने अथवा छुटयाउनेलाई "**विभक्ति**" भन्दछ। पालिभाषामा "विभक्ति" सातवटा छन्–



Downloaded from http://dhamma.digital/

| पालिभाषा | नेपालीभाषा |
|---|---|
| १. पठमा विभत्ति | प्रथमा विभक्ति |
| २. दुतिया विभत्ति | द्वितीया विभक्ति |
| ३. ततिया विभत्ति | तृतीया विभक्ति |
| ४. चतुत्थी विभत्ति | चतुर्थी विभक्ति |
| ५. पञ्चमी विभत्ति | पञ्चमी विभक्ति |
| ६. छट्ठी विभत्ति | षष्ठी विभक्ति |
| ७. सत्तमी विभत्ति | सप्तमी विभक्ति |

तृतीया विभक्तिको भेद देखिने करण र प्रथमा विभक्तिको भेद देखिने सम्बोधन यी दुइटा प्रायः जसो व्यवहारमा देखिने हुनाले अलग्गै विभक्ति दुइ प्रकारका भनी व्यवहारमा देखाएको छ। ती दुइ प्रकारको नाम–

८. करण विभत्ति – करण विभक्ति

९. आलपन विभत्ति – सम्बोधन विभक्ति

यस अनुसार विभक्ति जम्मा नौ प्रकारका (९) छन् भनेपनि हुन्छ।

(**"पठमा"** को अर्थ = "पहिलो", **"दुतिया"** को अर्थ = **"दोस्रो"** इत्यादि रूपमा सप्तमी विभक्तिसम्म क्रमैसित यसरी नै बुझ्नुपर्छ।)

७. एकजना अथवा एक वस्तुलाई भनी जान्नुपर्दा "एकवचन" र दुइजना वा एक वस्तुभन्दा बढी भनी जनाउनुपर्दा "बहुवचन" प्रयोग गर्नुपर्छ। त्यस कारण हरेक विभक्तिमा "एकवचन र बहुवचन" गरी फरक भएको बुझ्नुपर्छ।



Downloaded from http://dhamma.digital/

# संज्ञाको शब्द रूप
# (DECLENSION)

८. शब्दमा एकवचन-बहुवचन र प्रथमादि विभक्ति रूप वा नियम मिलाएर देखाउनुलाई "**संज्ञा विभक्ति रूप**" भनिन्छ। पुल्लिङ्गक शब्दहरू सबै एकैकिसिमले "**संज्ञा विभक्ति रूप**" चलाउन सकिंदैन । अकारान्त, इकारान्त आदि शब्दहरू भिन्नाभिन्नै प्रकारले रूप चल्ने हुन्छ। जस्तै तल उल्लेख गरिने "गुरु" र "भातु" दुवै "उकारान्त" रूपमा एउटै भएतापनि यिनीहरूको रूप चलाउँदा दुबैको समान रूप हुँदैन। ती कुरा तिनीहरूको "**रूपले**" नै देखाइएको हुन्छ।

"**पुरिस**" शब्दको अन्तमा रहेको "**स**" को पछाडि "**अ**" स्वर रहेकोछ। त्यसकारण त्यसलाई "**अकारान्त**" – शब्द भनिन्छ। इकारान्तादिहरू पनि यसरी नै हो भनी बुझ्नुपर्छ। (पालि शब्दमा अन्तिम अक्षर हलन्त हुने चलन छैन।) पुरिस-शब्द पुल्लिङ्ग अकारान्त-शब्द हो। विभक्ति र वचनद्वारा युक्त भएका "**पुरिस**" शब्दको "**रूप**" निम्नानुसार हुन्।

"**पुरिस**" शब्दको रूप

| | **विभत्ति** | **एकवचन** | **बहुवचन** |
|---|---|---|---|
| १. | पठमा : | पुरिसो | पुरिसा |
| २. | दुतिया : | पुरिसं | पुरिसे |
| ३. | ततिया : | पुरिसेन | पुरिसेभि, पुरिसेहि |
| ४. | चतुट्ठी : | पुरिसाय, पुरिसस्स | पुरिसानं |
| ५. | पञ्चमी : | पुरिसा, पुरिसम्हा, पुरिसस्मा | पुरिसेभि, पुरिसेहि |



Downloaded from http://dhamma.digital/

| विभत्ति | | एकवचन | बहुवचन |
|---|---|---|---|
| ६. | छट्ठी : | पुरिसस्स | पुरिसानं |
| ७. | सत्तमी : | पुरिसे, पुरिसम्हि, पुरिसस्मिं | पुरिसेसु |
| ८. | करण : | पुरिसेन | पुरिसेभि, पुरिसेहि |
| ९. | आलपन : | (हे) पुरिस, (हे) पुरिसा | (हे) पुरिसा |

यी सबै विभक्ति चिन्हका स्वरूप यसरी हुन्-

## विकृत विभक्ति स्वरूप

| एकवचन | बहुवचन |
|---|---|
| १. ओ | आ |
| २. अं | ए |
| ३. एन | एभि, एहि |
| ४. आय, स्स | आनं |
| ५. आ, म्हा, स्मा | एभि, एहि |
| ६. स्स | आनं |
| ७. ए, म्हि, स्मिं | एसु |
| ८. एन | एभि, एहि |
| ९. अ, आ | आ |

(यी पालिविभक्ति प्रत्ययका मूल भनी विचार गर्नुहुन्न ।) मूल विभक्तिलाई सूत्रानुकूल हुनेगरी परिवर्तन गर्नुपर्ने ठाउँमा परिवर्तन गरी विभक्ति तरिकाद्वारा



Downloaded from http://dhamma.digital/

रूप परिवर्तन गरी बनाइएका यी विभक्ति चिन्ह हुन् । यसको मूल उद्देश्य पाठकहरूले सजिलैसित बुझ्न सकुन् । "**पुरिस**" शब्दमा विभक्ति जोर्दा यसको अन्तमा भएको अकार प्रायःगरी लोप हुन्छ ।

## नेपालीभाषामा "**पुरिस**" शब्दको रूप

| **विभक्ति** | **एकवचन** | **बहुवचन** |
|---|---|---|
| १. प्रथमा : | पुरुष, पुरुषले | पुरुषहरू, पुरुषहरूले |
| २. द्वितीया : | पुरुषलाई | पुरुषहरूलाई |
| ३. तृतीया : | पुरुषले/द्वारा/सँग | पुरुषहरूले/द्वारा/सँग |
| ४. चतुर्थी : | पुरुषलाई, निम्ति | पुरुषहरूलाई, निम्ति |
| ५. पञ्चमी : | पुरुषबाट | पुरुषहरूबाट |
| ६. षष्ठी : | पुरुषको | पुरुषहरूको |
| ७. सप्तमी : | पुरुषसँग/मा | पुरुषहरूसँग/मा |
| ८. करण : | पुरुषद्वारा | पुरुषहरूद्वारा |
| ९. सम्बोधन : | हे पुरुष | हे पुरुषहरू |

यो पुरिस शब्दसँग मिल्ने एउटै शब्द-रूप भएका केही शब्दहरू निम्नानुसार छन्–

| | |
|---|---|
| बुद्ध = सर्वज्ञ, बुद्ध | चोर = चोर |
| धम्म = धर्म | मित्त = साथी |
| संघ = संघ | दास = नोकर |
| पुत्त = छोरा (पुत्र) | कस्सक = किसान |



Downloaded from http://dhamma.digital/

| | |
|---|---|
| कुमार = कुमार (बालक) | कम्मकार = कामदार |
| भूपाल = राजा | गोपाल = गोठालो |
| मनुस्स = मनुष्य, मानिस | रजक = धोबी |
| देव = देवता | हत्थ = हात |
| वाणिज = व्यापार | पाद = खुट्टा |
| लेखक = लेखक | काय = शरीर |

# अभ्यास १

**नेपालीभाषामा अनुवाद गर्नुहोस्–**

१. मनुस्सानं
२. देवे
३. हत्थं
४.पादम्हि
५. कायेन
६. बुद्धेसु
७. धम्मो
८. संघम्हा
९. कुमारस्स
१०. भूपालेहि
११. वाणिजाय
१२. मित्तस्मिं
१३. लेखकानं
१४. दासम्हि
१५. गोपालेन
१६. पुत्तेहि
१७. पादं
१८. दासे
१९. कस्सका
२०. रजकेसु



Downloaded from http://dhamma.digital/

**पालिभाषामा अनुवाद गर्नुहोस्–**

१. देवताको
२. मानिसहरूसँग
३. हातमा
४. खुट्टाले
५. राजाहरूका
६. बालकलाई
७. बुद्धहरू
८. धर्ममा
९. संघको
१०. छोराद्वारा
११. नोकरहरूलाई
१२. चोर
१३. साथीहरूलाई
१४. खुट्टा
१५. लेखकहरूले
१६. किसानहरूसँग
१७. गोठालोहरूलाई
१८. व्यापारी
१९. कामदारद्वारा
२०. मानिसले

**पुरिस शब्दसँग मिल्ने अरू शब्दहरू–**

अस्स = घोडा
गोण = साँढे, गोरु
वानर = बाँदर
सकुण = पंछी
सुनख = कुकुर
काक = काग
सीह = सिंह
मिग = मृग
अज = बाखा
चन्द = चन्द्र
सुरिय = सूर्य
पासाण = ढुंगा, पत्थर
लोक = संसार
वराह = सुंगुर
गाम = गाउँ
रुक्ख = रूख
आलोक = प्रकाश
मञ्च = खाट
आकास = आकाश
मग्ग = बाटो
दीप = द्वीप (टापु, दीयो)



Downloaded from http://dhamma.digital/

# अभ्यास २

**नेपालीभाषामा अनुवाद गर्नुहोस्–**

१. पुरिसस्स गोणा ।
२. मनुस्सानं हत्था ।
३. बुद्धस्स धम्मो ।
४. आकासम्हि सकुणा ।
५. गामे मनुस्सा ।
६. अस्सानं पादा ।
७. लोकम्हि रुक्खा ।
८. भूपालानं दीपा ।
९. पासाणे सीहो ।
१०. मञ्चस्मिं कुमारो ।
११. आकासे सुरियो ।
१२. दीपस्स आलोको ।
१३. रुक्खेसु वानरा ।
१४. भूपालस्स अस्सो ।

**पालिभाषामा अनुवाद गर्नुहोस्–**

१. बाखाको खुट्टा ।
२. बाँदरहरूको हातबाट ।
३. सिंहको शरीर ।
४. गाउँमा बालकहरू ।
५. आकाशमा चन्द्र ।
६. ढुंगामा कुकुरको ।
७. खाटमा मानिस ।
८. चन्द्रको तेजद्वारा ।
८. रूखमा पंछीहरू ।
९. मानिसहरूको गाउँ ।
११. संसारको द्वीप ।
१२. साँढेको खुट्टा ।
१३. बुद्धको धर्ममा ।
१४. राजाको गाउँमा ।
१५. बाटोमा घोडाहरू ।



Downloaded from http://dhamma.digital/

(गुरुहरूले विद्यार्थीहरूलाई माथि उल्लिखित शब्दहरूमात्र होइन, यसमा उल्लेख नभएका "पुरिस" शब्दसँग मिलेका अरु पनि शब्द-रूप बनाउन लगाउने, अर्थ भन्न लगाउने गरी अभ्यास गर्नुपर्छ । यसलाई गुरुहरूको कर्तव्य भनेपनि हुन्छ ।)

# क्रिया र क्रियाको रूप भेद
# (VERBS AND THEIR CONJUGATION)

"गच्छति" (= जान्छ) यो क्रियापद हो । क्रिया नभइकन कुनै एउटा वाक्य पनि बनाउन सकिंदैन । त्यसैले क्रियाको बारेमा बुझ्न योग्य मुख्य कुरा उल्लेख गरिन्छ ।

९. अहिले भइरहेको, अघि भइसकेको र पछि हुने कुरालाई जनाउने गरी क्रियापदलाई तीन भागमा बाँडिएको छ–

| | |
|---|---|
| १. वत्तमान (= अहिले भइरहेको) | समय |
| २. अतीत (= गइसकेको) | समय |
| ३. अनागत (= आइनपुगेको) | समय |

१०. **"पुरुष जान्छ ।"** भन्न सकिन्छ तर **"म जान्छ । तिमी जान्छ ।"** भन्न सकिन्न । त्यसैले तिमी, म, ऊ मध्ये काम गर्ने को हो भनेर बुझ्न क्रियापदमा विभक्ति बदली मिलाउनु पर्छ । यसरी बदल्नुलाई पुरिस (= पुरुष) भनिन्छ ।



Downloaded from http://dhamma.digital/

पुरिस तीन किसिमका छन् । ती हुन् –

| | | |
|---|---|---|
| १. पठमपुरिस | (= अन्यकारक) | 3rd Person |
| २. मज्झिमपुरिस | (= तशब्दकारक) | 2nd Person |
| ३. उत्तमपुरिस | (= मशब्दकारक) | 1st Person |

"त्वं" (= तिमी), "तुम्हे" (= तिमीहरू) यी दुइलाई "मज्झिमपुरिस" भनिन्छ । यी दुइसँग सम्बन्ध राखी प्रयोग हुने क्रियालाई पनि "मज्झिमपुरिस" भनिन्छ । "अहं" (= म); "मयं, अम्हे" (हामी) "उत्तमपुरिस" भनिन्छ । यससँग सम्बन्धित क्रिया पनि "उत्तमपुरिस" नै हुन्छ । "सो" (= ऊ), "अञ्ञो" (= अरु), "मनुस्सो" (= मानिस), "गोणो" (= साँढे) आदि मज्झिम-उत्तमपुरिस दुबैमा नपर्ने कर्तापद सबै "पठमपुरिस" हुन्छन् । क्रियाहरू कर्ताअनुसार रहनेहुन्छन् ।

११. एकजना वा एउटा बोध हुनेलाई एकवचन । दुइजना वा धेरै भन्ने बोध हुनेलाई बहुवचन भनिन्छ । एकवचन र बहुवचन गरी वचन दुइ प्रकारका छन् ।

**टिप्पणी–**

क्रियापदलाई विभक्ति रूपमा लैजाँदा काल अथवा समय, पुरुष र वचनसँग सम्बन्ध राख्नुपर्छ । (कर्तृवाच्य–कर्मवाच्य आदि भेदका व्याख्या पछि गरिनेछ ।) संज्ञालाई विभक्ति रूपमा लैजाँदा पहिलेको मूल रूपलाई "शब्द" भनिन्छ तर क्रियालाई विभक्ति रूपमा लैजाँदा क्रियापदको पहिलेको मूल आकारलाई "धातु" भनिन्छ ।



Downloaded from http://dhamma.digital/

# वर्तमान काल
# (PRESENT TENSE)

## पच–धातु = पकाउने क्रिया

यसको वर्तमान (कालको कर्तृवाच्य) विभक्ति रूप निम्नानुसार हुन्छ–

| | |
|---|---|
| | **एकवचन** |
| III) पठमपुरिस | पचति = (उसले भात) पकाउँछ। |
| II) मज्झिमपुरिस : | पचसि = (तिमी भात) पकाउँछौ। |
| I) उत्तमपुरिस | पचामि = (म भात) पकाउँछु। |
| | **बहुवचन** |
| III) पठमपुरिस | पचन्ति = (उनीहरू भात) पकाउँछन्। |
| II) मज्झिमपुरिस : | पचथ = (तिमीहरू भात) पकाउँछौ। |
| I) उत्तमपुरिस | पचाम = (हामीहरू भात) पकाउँछौ। |

यहाँ प्रथमपुरुष एकवचन "**ति**" बहुवचन "**अन्ति**" भनेर एक समूह र मध्यमपुरुष एकवचन – बहुवचन दुबैमा क्रमशः "**सि - थ**" भनेर एक समूह उत्तमपुरुषमा "**मि - म**" एक समूह पनि जोडिएको छ।

उत्तमपुरुषमा मात्र "**पच**" धातुको अन्तिम "**अ**"-कारको "**आ**"-कार हुन्छ।



Downloaded from http://dhamma.digital/

"**पच**" धातु जस्तै विभक्ति रूपमा लैजान हुने क्रिया रूपहरू निम्न किसिमका छन्–

| | | | |
|---|---|---|---|
| गच्छति | = जान्छ | भासति | = भन्छ |
| तिट्ठति | = उभिन्छ | चरति | = घुम्छ |
| निसीदति | = बस्छ | धोवति | = पखाल्छ, धुन्छ |
| सयति | = सुत्छ | पस्सति | = हेर्छ |
| कीलति | = खेल्छ | हरति | = लग्छ |
| खादति | = खान्छ | धावति | = दगुर्छ |
| भुञ्जति | = (भोजन) खान्छ | लिखति | = लेख्छ |
| वसति | = रहन्छ (बस्छ) | याचति | = माग्छ |
| आहरति | = ल्याउँछ | खणति | = खन्छ |
| आरुहति | = चढ्छ | कसति | = जोत्छ |
| भवति = हुन्छ | | | |

## अभ्यास ३

**नेपालीभाषामा अनुवाद गर्नुस्–**

१. बुद्धो तिट्ठति ।
२. मिगा धावन्ति ।
३. सीहा सयन्ति ।
४. पुरिसो गच्छति ।
५. रजका धोवन्ति ।
६. कस्सका कसन्ति ।
७. लेखको लिखति ।
८. दासो चरति ।
९. मञ्चेसु सयन्ति ।
१०. दीपे जालेति ।
११. रुक्खे आरुहन्ति ।
१२. वराहो खणति ।
१३. सुनखा भुञ्जन्ति ।
१४. अस्सो धावति ।
१५. अजा सयन्ति
१६. कम्मकारा आहरन्ति ।
१७. वाणिजा निसीदन्ति ।
१८. गोपालो भुञ्जति ।
१९. गोणा खादन्ति ।
२०. वानरो रुक्खं आरुहति ।



Downloaded from http://dhamma.digital/

**पालिभाषामा अनुवाद गर्नुहोस्–**

१. कुकुरले खान्छ ।
२. बान्दरहरू चढ्छन् ।
३. सुंगुरहरू दगुर्छन् ।
४. व्यापारी घुम्छ ।
५. धोबीले धुन्छ ।
६. मृग रहन्छ ।
७. साँढेहरू जोत्छन् ।
८. किसानहरूले खन्छन् ।
९. मानिसको घोडा ।
१०. कर्मचारीको गाउँ ।
११. नोकरले लग्छ ।
१२. कर्मचारीहरूले पकाउँछन् ।
१३. बोकाहरू उभिन्छन् ।
१४. गोठालाका साँढेहरू ।
१५. लेखकले बत्ती लग्छ ।
१६. मानिसहरू खाटमा सुत्छन् ।
१७. सिंहहरूले मृगहरू खान्छन् ।
१८. नोकरहरू रुखमा चढ्छन् ।
१९. चोर गाउँमा घुम्छ ।
२०. गोठालाले साँढे ल्याउँछ ।

**टिप्पणी –**

यो अभ्यास प्रयोग गरिराखेका सबै क्रियापद प्रथमपुरुषका हुन् । "**मध्यपपुरुष**" क्रियापदमध्ये एकवचन क्रियापद सबै "त्वं" (तिमी) कर्तासँग र बहुवचन सबै "**तुम्हे**" (तिमीहरू) सँग प्रयोग गर्नुहुन्छ; तर "त्वं, तुम्हे" कर्ता पदबाहेक अर्के पद कर्ता भएमा त्यसरी प्रयोग गर्नुहुन्न । "उत्तमपुरुष" क्रियापदमध्ये पनि एकवचन "**अहं**" (म) कर्तासँग र बहुवचन "**अम्हे, मयं**" (हामी) सँग प्रयोग गर्नुहुन्छ । त्यसबाहेक अर्को पदसँग प्रयोग गर्नुहुन्न । यसरी दोस्रो र तेस्रो पुरुष दुबैमा (त्वं, तुम्हे, अहं, अम्हे, मयं) मात्र सुहाउँदो अनुसार वचन हेरी हेरी प्रयोग हुन्छ । भाषामा प्रयोग हुने **तुम्हयोग** र **अम्हयोग**बाहेक बाँकी भएका नामपद सबै (प्रथमा विभक्तिदेखि) प्रथमपुरुषमा प्रयोग हुन्छ भनी थाहापाउनु पर्छ ।



Downloaded from http://dhamma.digital/

# अभ्यास ४

**नेपालीभाषामा अनुवाद गर्नुहोस्–**

१. मनुस्सा सुरियं पस्सन्ति ।
२. गोणा पासाणे तिट्ठन्ति ।
३. वाणिजो गामे चरति ।
४. सकुणो रुक्खे निसीदति ।
५. बुद्धो धम्मं भासति ।
६. अहं दीपं आहरामि ।
७. मयं गोणे हराम ।
८. संघो गामं गच्छति ।
९. त्वं सीहं पस्ससि ।
१०. भूपाला अस्से आरुहन्ति ।
११. देवा आकासेन गच्छन्ति ।
१२. अस्सा दीपेसु धावन्ति ।
१३. त्वं पादेहि चरसि ।
१४. तुम्हे हत्थेहि हरथ ।
१५. मयं लोके वसाम ।

**पालिभाषामा अनुवाद गर्नुहोस् –**

१) घोडा ढुंगामा उभिन्छ ।
२) बाख्राहरू गाउँमा डुल्छन् ।
३) तिमीहरू चन्द्रमा हेर्छौ ।
४) चन्द्रमा आकाशमा उदाउँछ ।
५) मानिसहरू खाटमा सुत्छन् ।
६) साँढेहरू सिंहदेखि दगुर्छन् ।
७) म संसारमा रहन्छु ।
८) तिमी बत्ती ल्याउँछौ ।
९) हामीहरू द्वीपमा रहन्छौ ।
१०) राजा सिंहलाई हेर्छ ।
११) देवता आकाशमा जान्छ ।
१२) बान्दर सुंगुरसँग[1] खेल्छ ।
१३) हामीहरू मानिसहरूको शरीर हेर्छौ ।
१४) तिमी रुखमा पंछी हेर्छौ ।

---

१. "सँग" पालिभाषामा तृतीया विभक्तिबाट प्रकट हुने शब्द हो ।



Downloaded from http://dhamma.digital/

# धातुभेद

१२. नामपद विभक्तिको रूप, लिङ्ग र कारान्त हेरी बदलिन्छ। त्यसरी नै क्रियारूप र विभक्ति पनि त्यस त्यस धातुभेद विभाजनअनुसार फरक हुन्छ। यहाँ धातु विभाजनबारे व्याख्या नगरी माथि उल्लेख गरेको धातु विभाजनबाहेक प्रायः गरी व्यवहारमा आउने अर्को दुइटा विभाजनलाई मात्र उल्लेख गरिनेछ।

चुरादिगणिक धातु विभाजनमा समाविष्ट धातुरूपको विभक्ति रूपलाई दुइ भागमा विभाजन गर्न सकिन्छ। जस्तै– "**पालन वा रक्षागर्ने**" अर्थ व्यक्त हुने "**पाल**" धातुको– "**पाले, पालय**" भन्ने यी दुइ रूप हुन्छन्।

पाले

| | **एकवचन** | **बहुवचन** |
|---|---|---|
| पठम | : पालेति = (रक्षा गर्छ) | पालेन्ति = (रक्षागर्छन्) |
| मज्झिम | : पालेसि = (रक्षागर्छौ) | पालेथ = (रक्षागर्छौ) |
| उत्तम | : पालेमि = (रक्षा गर्छु) | पालेम = (रक्षागर्छौं) |

पालयति

| | **एकवचन** | **बहुवचन** |
|---|---|---|
| पठम | : पालयति | पालयन्ति |
| मज्झिम | : पालयसि | पालयथ |
| उत्तम | : पालयामि | पालयाम |



Downloaded from http://dhamma.digital/

यस्तै किसिमको विभक्ति रूपमा लान सकिने केही क्रियापदहरू निम्नानुसार छन् –

| | | | |
|---|---|---|---|
| जालेति | = बाल्छ | चिन्तेति | = चिन्तनागर्छ |
| मारेति | = मार्छ | पूजेति | = पूजागर्छ |
| चोरेति | = चोर्छ | पीलेति | = सताउँछ |
| देसेति | = देशनागर्छ | उदेति | = उदाउँछ |
| ठपेति | = राख्छ | उड्डेति | = उड्छ |
| ओलोकेति | = हेर्छ | छादेति | = छोप्छ |

१३. यसैको अर्को रूप माथि उल्लेख भए बमोजिम विभाजन नभइकन निम्नानुसार हुनजान्छ –

वि-पूर्व "की" धातु

| | एकवचन | | बहुवचन | |
|---|---|---|---|---|
| प : | विक्किणाति | = (बेच्छ) | विक्किणन्ति | = (बेच्छन्) |
| म : | विक्किणासि | = (बेच्छौ) | विक्किणाथ | = (बेच्छौ) |
| उ : | विक्किणामि | = (बेच्छु) | विक्किणाम | = (बेच्छौं) |

यसरी नै अरू केही विभक्ति रूपहरू –

| | | | |
|---|---|---|---|
| किणाति | = किन्छ | मिणाति | = जोखिन्छ (भर्छ) |
| जानाति | = थाहाछ | जिनाति | = जित्छ |
| गण्हाति | = समात्छ | उग्गण्हाति | = सिक्छ |
| सुणाति | = सुन्छ | ओचिनाति | = तिप्छ |



Downloaded from http://dhamma.digital/

# अभ्यास ५

**नेपालीभाषामा अनुवाद गर्नुहोस्–**

१) पुत्तो धम्मं उग्गण्हाति । २) मित्ता सीहे ओलोकेन्ति । ३) चोरा अस्से गण्हन्ति । ४) मनुस्सा सकुणे किणन्ति । ५) गोपालो गोणे विक्किणाति । ६) बुद्धो धम्मं देसेति । ७) सीहो मिगे मारेति । ८) वाणिजस्स पुत्ता अजे विक्किणन्ति । ९) मयं वाणिजम्हा मञ्चे किणाम । १०) लेखको मित्तेन मग्गं गच्छति । ११) दासा मित्तानं सुनखे हरन्ति । १२) काका आकासे उड्डेन्ति । १३) अहं बुद्धं पूजेमि । १४) त्वं दीपं जालेहि । १५) मयं धम्मं जानाम । १६) दासो मग्गे सुनखं ओलोकेति । १७) तुम्हे बुद्धस्स धम्मं सुणाथ । १८) चोरा मनुस्सानं अस्से चोरेन्ति । १९) पुरिसो हत्थेन दीपं गण्हाति । २०) चन्दो पब्बता उदेति ।

**पालिभाषामा अनुवाद गर्नुहोस्–**

१) चोरले साँढे चोर्छ । २) लेखकको छोराले घोडा किन्छ । ३) किसानका छोराहरूले धर्म सिक्छन् । ४) ब्यापारीहरूले बत्ती बेच्छन् । ५) किसानले साँढेहरू किन्छ । ६) साथीको छोरा गाउँमा पढ्छ । ७) राजाले द्वीप रक्षा गर्छ । ८) हामीले ब्यापारीको छोरा देख्छौं । ९) बाँदरहरूले पंछीहरूलाई पीडादिन्छन् । १०) मानिसको हात हेर । ११) चोरहरू लोभले बाखाहरू चोर्छन् । १२) नोकरहरूले बालकहरूलाई खाना ल्याउँछन् । १३) हामीले बुद्धको धर्म सुन्छौं । १४) तिमीहरूले संघलाई पूजागर्छौ । १५) बालकले साथीको कुकुर ल्याउँछ । १६) चोरहरूले बाटोमा मानिसहरूलाई मार्छन् । १७) बालक गाउँमा खेल्छ । १८) कर्मचारीहरूले बत्ती बाल्छन् । १९) घोडाहरू गाउँबाट जान्छन् । २०) सिंहहरूले मृगहरूलाई मार्छन् ।



Downloaded from http://dhamma.digital/

# अभ्यास ६

**खाली ठाउँमा क्रियापद राखी मिलाउनुहोस्–**

| | | |
|---|---|---|
| १. काका ..........। | ५. लेखका ........... । | ९. मित्ता ............. । |
| २. वराहा ........ । | ६. सुनखो ............ । | १०. वाणिजो ........ । |
| ३. गोणा .......... । | ७. अस्सा ............ । | ११. रजको ........... । |
| ४. दासो ......... । | ८. पण्डिता .......... । | १२. पुत्तो .............. । |

**क्रियापदलाई नामपद राखी मिलाउनुहोस्–**

| | | |
|---|---|---|
| १. ....... तिट्ठन्ति । | ४. ....... खणन्ति । | ७. ....... आरुहति । |
| २. ..... निसीदन्ति | ५. ...... भुञ्जन्ति । | ८. ......... पचति । |
| ३. ........ सयति । | ६. ........ धावति । | ९. ......... चरति । |

**खाली ठाउँमा कर्मपद राखी मिलाउनुहोस्–**

| | |
|---|---|
| १. पुरिसो................गच्छति । | ५. सीहा.............मारेन्ति । |
| २. दासा................आहरन्ति । | ६. पुत्तो...........उग्गण्हाति । |
| ३. चोरो.....................हरति । | ७. वराहो.............खणति । |
| ४. वाणिजो..........विक्किणाति । | ८. कुमारो........ओलोकेति । |



Downloaded from http://dhamma.digital/

# पुल्लिङ्ग इकारान्त शब्द

१४. पुलिङ्ग इकारान्त **अग्गि** शब्दको विभक्ति रूप

| | **एकवचन** | **बहुवचन** |
|---|---|---|
| प. | अग्गि (= आगो) | अग्गी, अग्गयो |
| दु. | अग्गिं | अग्गी, अग्गयो |
| तृ. | अग्गिना | अग्गीभि, अग्गीहि |
| तृ. | अग्गिनो, अग्गिस्स | अग्गीनं |
| पं | अग्गिना, अग्गिम्हा, अग्गिस्मा | अग्गीभि, अग्गीहि |
| छ. | अग्गिनो, अग्गिस्स | अग्गीनं |
| स. | अग्गिम्हि, अग्गिस्मिं | अग्गिसु, अग्गीसु |
| क. | अग्गिना | अग्गीभि, अग्गीहि |
| आ. : | (हे) अग्गि | (हे) अग्गी, अग्गयो |

यसरी नै विभक्ति रूपमा लान सकिने अरू शब्दहरू–

| | | |
|---|---|---|
| इसि = ऋषि | वीहि = धान | दीपि = चितुवा |
| अहि = सर्प | ञाति = ज्ञाति | गहपति = गृहपति |
| मुनि = भिक्षु | पति = स्वामी | उदधि = सागर |
| गिरि = पहाड | अरि = शत्रु | जलनिधि = समुद्र |
| भूपति = राजा | असि = तरबार | सारथि = सारथी |
| मणि = मणि | कुच्छि= पेट | रासि = फौज, रास, धेरै |
| मुट्ठि = मुट्ठी | निधि = धन | अधिपति = अधिपति |
| कपि = बान्दर | पाणि = हात | अतिथि = पाहुना (आगन्तुक) |
| कवि = पण्डित | ब्याधि = रोग | |
| रवि = सूर्य | यत्थि = लहुरो, लट्ठि | |



Downloaded from http://dhamma.digital/

# अतीत क्रिया
## (PAST TENSE)

१५. पच धातुलाई अतीत कालिक (कर्तृकारक क्रियामा) रूप यसरी बनाउन सकिन्छ–

| पुरिस | एकवचन | बहुवचन |
|---|---|---|
| पठम | अपचि, पचि, अपची, पची (= उसले भात) पकायो । | अपचिंसु, पचिंसु, अपचुं, पंचु (= तिनीहरूले भात) पकायो । |
| मज्झिम | अपचो, पचो (= तिमीले भात) पकायौ । | अपचिरथ, पचित्थ (= तिमीहरूले भात) पकायौ । |
| उत्तम | अपचिं, पचिं (= मैले भात पकाएँ) | अपचिम्ह, पचिम्ह, अपचिम्हा, पचिम्हा (= हामीहरूले भात) पकायौं । |

| | | | | | |
|---|---|---|---|---|---|
| गच्छि | = | गयो | छिन्दि | = | काट्यो |
| याचि | = | माग्यो | भञ्जि | = | भाँच्यो |
| पहरि | = | पित्यो, हान्यो | आरुहि | = | चढ्यो |
| गण्हि | = | लियो | गमि | = | गयो |
| ददि | = | दियो | चरि | = | घुम्यो |
| हरि | = | लग्यो | निसीदि | = | बस्यो |
| खादि | = | खायो | सयि | = | सुत्यो |
| धावि | = | दगुऱ्यो | किणि | = | किन्यो |
| करि | = | गऱ्यो | डसि | = | टोक्यो |
| विक्किणि | = | बेच्यो | अभवि | = | भयो |



Downloaded from http://dhamma.digital/

यस्ता अरू सबै नै पच-धातुको रूप जस्तै बनाउने भनी बुझ्नुपर्छ। वर्तमान कालको उदाहरणमा देखाएको "**तिट्ठति**" रूपलाई अलग्ग राखी बाँकी दुबै रूपलाई भूतकालमा भएका पच-धातुको जस्तै नै रूपमा लान सकिन्छ। "**आहरति**" आदि स्वर अगाडि भएका क्रियापदमा अतीत कालिक क्रियामा अगम स्वरूपमा आउने "**अ**" जोड्नु आवश्यक छैन। जस्तै– "**पचि**" धातुको क्रियापदमा "**अ + पचि = अपचि**" भन्ने हुन्छ।

Dhamma.Digital



Downloaded from http://dhamma.digital/

# अभ्यास ७

**नेपालीभाषामा अनुवाद गर्नुहोस्–**

१) मुनि धम्मं अभासि । २) गहपतयो वीहिं मिणिंसु । ३) अहि अधिपतिनो हथं डसि । ४) कवि पाणिना मणिं गण्हि । ५) दीपयो गिरिम्हि चरिंसु । ६) अरि असिना गोणं पहरि । ७) कवयो दीपम्हि निधिं खणिंसु । ८) तुम्हे अतिथीनं कपयो ददित्थ । ९) मुनयो अधिपतीनं गामं गच्छिंसु । १०) कपि अहिनो कुच्छिं पहरि । ११) गहपतिस्स कुमारो उदधिं अगच्छि । १२) अधिपति कवीनं मणयो अददि । १३) कपयो हत्थेहि रुक्खे आरुहिंसु । १४) भूपतिनो अस्सो मग्गे धावि । १५) चोरा अधिपतिनो निधिं हरिंसु ।

**पालिभाषामा अनुवाद गर्नुहोस्–**

१) चितुवाहरूले मृगहरू खाए । २) मुनीहरू पहाडबाट गाउँमा गए । ३) सर्पहरूले मानिसहरूलाई टोके । ४) गृहपतिको धान शत्रुहरूले लगे । ५) पण्डितहरूका माणिक व्यापारिहरूले लिए । ६) साथीले अतिथिलाई घोडा दियो । ७) ऋषिहरू अधिपतिहरूका गाउँमा घुमे । ८) मुनिहरूले गाउँमा मानिसहरूलाई धर्मदेशना गरे । ९) गृहपतिले शत्रुहरूका हात काट्यो । १०) स्वामीले पाहुनाहरूलाई धान दियो । ११) राजाले चोरहरूका तरबारहरू लियो । १२) काग रूखबाट आकाशमा चढ्यो । १३) रूखमाथि बान्दरहरूले चितुवालाई पिटे । १४) किसानको छोराले धान[२] रास नाप्यो (भऱ्यो) । १५) राजाको हातमा तरबार छ । (अत्थि वा भवति)

२. "वीहि" शब्द षष्ठी बहुवचनमा प्रयोग गरी "रासि" द्वितीया एकवचनमा प्रयोग गर्ने ।



Downloaded from http://dhamma.digital/

१६. भूतकालिक चुरादिगणिक धातुहरूका रूप यसरी हुन्छन्–

| | एकवचन | बहुवचन |
|---|---|---|
| पठम | : पालेसि, पालयि = (पालन = रक्षागऱ्यो) | पालेसुं, पालयिंसु |
| मज्झिम | : पालयो | पालयित्थ |
| उत्तम | : पालयिं, पालेसिं | पालयिम्ह, पालयिम्हा |

यी जस्तै अर्का क्रियापदहरू पनि–

| | | | | | |
|---|---|---|---|---|---|
| मारेसि | = | माऱ्यो | पीलेसि | = | पीडादियो |
| जालेसि | = | बाल्यो | कथेसि | = | भन्यो |
| देसेसि | = | देशनागऱ्यो | पातेसि | = | खसाल्यो |
| चोरेसि | = | चोऱ्यो | ठपेसि | = | राख्यो |
| आनेसि | = | ल्यायो | नेसि | = | लग्यो |
| चिन्तेसि | = | विचारगऱ्यो | पूजेसि | = | पूजागऱ्यो |

**प्रथमपुरुषमा**

| | | एकवचन | बहुवचन |
|---|---|---|---|
| कर | = | धातुबाट अकासि (= गऱ्यो) | अकंसु |
| दा | = | धातुबाट अदासि (= दियो) | अदंसु |
| ठा | = | धातुबाट अट्ठासि (= बस्यो) | अट्ठंसु |
| गमु | = | धातुबाट अगमासि (= गयो) | अगमंसु |

यसरी नै अरू पद बन्ने कुरा संझनुपर्छ।



Downloaded from http://dhamma.digital/

# अभ्यास ८

**नेपालीभाषामा अनुवाद गर्नुहोस्–**

१) मुनयो मञ्चेसु निसीदिंसु । २) अहं दीपम्हि अचरिं । ३) चोरा गहपतिनो निधिं चोरेसुं । ४) मयं भूपतिनो असिं ओलोकयिम्ह । ५) त्वं अतिथिनो आहारं ददो । ६) अधिपति वाणिजम्हा मणयो किणि । ७) पति कस्सकं वीहिं याचि । ८) इसयो कवीनं धम्मं देसेसुं । ९) कपयो गिरिम्हा रुक्खं धाविंसु । १०) वाणिजा उदधिं गच्छिंसु । ११) मयं मग्गेन गामं गच्छिम्ह । १२) दीपि कपिं मारेसि । १३) तुम्हे पतिनो दीपे गण्हित्थ । १४) अहं बुद्धस्स पादे पूजेसिं । १५) कवयो कपीनं आहारं ददिंसु । १६) अरयो असी आनेसुं । १७) अहि कपिनो पाणिं डसि । १८) मयं गिरिम्हा चन्दं पस्साम । १९) तुम्हे मुनीनं आहारं ददित्थ । २०) भूपति निधयो पालेसि ।

**पालिभाषामा अनुवाद गर्नुहोस्–**

१) नोकरले तरबारद्वारा शत्रुलाई हान्यो । २) हामीले गृहपतिलाई आहार दियौं । ३) उसले पहाडबाट बान्दर ल्यायो । ४) व्यापारीहरू बाटोबाट गाउँ गए । ५) पंछीहरू रूखबाट आकाशमा उडे । ६) चोरले राजाको माणिक चोऱ्यो । ७) मैले ऋषिहरूलाई आहार दिएँ । ८) पण्डितका छोराहरूले भिक्षुकहाँ धर्म सुने । ९) मैले बाटोमा चितुवा देखें । १०) सिंहले ढुंगामा मृगलाई माऱ्यो । ११) उनीहरूले द्वीपमा पहाड देखे । १२) बालक समुद्रमा गयो । १३) कुकुरहरू गाउँमा दगुरे । १४) व्यापारीले अधिपतिसँग घोडा किन्यो । १५) पाहुनाले मुट्ठीद्वारा माणिक ल्यायो । १६) बान्दरले सर्पको शरीर समात्यो (गण्हि) । १७) गृहपति खाटमा सुत्यो । १८) बालकले हातले बान्दरलाई पिट्यो । १९) मैले राजाको तरबार देखें । २०) पण्डितहरूले आहार सेवन गरे ।



Downloaded from http://dhamma.digital/

# अम्ह, तुम्ह शब्द
## (PERSONAL PRONOUN)

१७. सधैं ब्यबहारमा धेरै प्रयोग गर्नुपर्ने भएकोले अर्को पुल्लिङ्ग शब्द देखाउनु अघि यहाँ "**अम्ह, तुम्ह**" शब्द दुइटाको पनि विभक्ति रूप कसरी चलाउने भन्ने बारेमा उल्लेख गर्न लागेको हो। यी दुइटा शब्दलाई लिङ्गभेदबिना विभक्ति रूप चलाउन सकिन्छ। त्यसकारण यसलाई "**अलिङ्ग**" शब्द भन्दछ। "**म**" भन्ने शब्द पुल्लिङ्ग, स्त्रीलिङ्ग, नपुंसकलिङ्ग तीनवटैमा पनि समान हुन्छ। स्त्री, पुरुष, नपुंसक जो-कसैलाई पनि "**म**" शब्द प्रयोग गरेतापनि यसमा केही फरक हुँदैन।

## अलिङ्ग तुम्ह शब्द (= म)

| एकवचन | बहुवचन |
|---|---|
| प : अहं (= म, मैले) | मयं, अम्हे (= हामी, हामीले) |
| दु : मं, ममं (= मलाई) | अम्हाकं, अम्हे (= हामीलाई) |
| त : मया, मे (= मैले, सँग) | अम्हेभि, अम्हेहि,नो (= हामीले, सँग) |
| च : मम, मय्हं, ममं, मे (= मलाई, नितिं) | अम्हं, अम्हाकं, नो (= हामीलाई) |
| प : मया (= मबाट) | अम्हेभि, अम्हेहि (= हामीबाट) |
| छ : मम, मय्हं, ममं, मे (= मेरो) | अम्हं, अम्हाकं, नो (= हाम्रो) |
| स : मयि (= मसँग, मा) | अम्हेसु (= हामीसँग, मा) |
| क : मया (= मद्वारा) | अम्हेभि, अम्हेहि (= हामीद्वारा) |



Downloaded from http://dhamma.digital/

# अलिङ्ग तुम्ह शब्द (= तिमी)

| एकवचन | बहुवचन |
|---|---|
| प : त्वं, तुवं (= तिमी, तिमीले) | तुम्हे (= तिमीहरू, तिमीहरूले) |
| दु : तं, तवं, तुवं (= तिमीलाई) | तुम्हाकं, तुम्हे वो (= तिमीहरूलाई) |
| त : त्वया, तया, ते (= तिमीले, सँग) | तुम्हेभि, तुम्हेहि,वो (= तिमीहरूले, सँग) |
| च : तव, तुय्हं, ते (= तिमीलाई, नितिं) | तुम्हं, तुम्हाकं, वो (= तिमीहरूलाई) |
| प : तया (= तिमीबाट) | तुम्हेभि, तुम्हेहि (= तिमीहरूबाट) |
| छ : तव, तुय्हं, ते (= तिम्रो) | तुम्हं, तुम्हाकं, वो (= तिमीहरूको) |
| स : त्वयि, तयि (= तिमीसँग) | तुम्हेसु (= तिमीहरूसँग) |
| क : त्वया, तया (= तिमीद्वारा) | तुम्हेभि, तुम्हेहि (= तिमीहरूद्वारा) |

**टिप्पणी–**

१. अम्ह, तुम्ह दुइटै शब्दमा आलपन छैन ।

२. मे, ते, वो, नो भन्ने शब्द वाक्यको अगाडि प्रयोग गर्नुहुन्न ।

## अभ्यास ९

**नेपालीभाषामा अनुवाद गर्नुहोस्–**

१) अहं मय्हं पुत्तस्स अस्सं अददि । २) त्वं अम्हाकं गामं गच्छसि । ३) मयं तव हत्थे पस्साम । ४) मम पुत्ता गिरिं आरुहिंसु । ५) तुम्हाकं सुनखा मग्गे सयिंसु । ६) अम्हं मित्ता चोरं असिना पहरिंसु । ७) तुम्हं दासा अरीनं अस्से हरिंसु । ८) चोरो मम पुत्तस्स मणयो चोरेसि । ९) इसयो मय्हं गेहे न वसिंसु । १०) कवि तव पुत्तानं धम्मं देसेसि । ११) अम्हेसु कोधो नत्थि । १२) तुम्हे वाणिजस्स अजे किणित्थ । १३) मयं



Downloaded from http://dhamma.digital/

भूपतिनो मिगे विक्किणिम्ह । १४) गहपतिनो पुत्तो मं पहरि । १५) अधिपतिनो दासा मम गोणे पहरिंसु । १६) अहं तुम्हाकं विहीं न गण्हिं । १७) दीपि मिगम्हा न धावि । १८) तुम्हे अहयो न मारेथ । १९) मयं अतिथीनं आहारं पचाम । २०) कपयो मं आहारं याचिंसु ।

**पालिभाषामा अनुवाद गर्नुहोस्-**

१) मैले मेरो माणिक ब्यापारीलाई बेचें । २) हामीले हाम्रा साँढेहरू नोकरहरूलाई दियौं । ३) तिमीहरूले मसँग तरबार किन्यौ । ४) तिमीले बान्दरहरूलाई हातले न पिट्नु । ५) अधिपतिले पर्वतबाट सिंह ल्यायो । ६) भिक्षुले तिमीहरूलाई धर्मदेशना गऱ्यो । ७) हामीले सर्पलाई खाना दियौं । ८) गृहपतिका नोकरहरूले हाम्रो धान लगे । ९) तिमीहरू समुद्रमा गएनौं । १०) मेरो हातमा माणिक छैन । ११) पण्डितको छोराले कुकुरलाई लट्ठिले पिटचो । १२) हाम्रा छोराहरूले ऋषिकहाँ सिके । १३) तिम्रो बान्दर रूखबाट खस्यो । १४) मेरो कुकुर मसँग घर गयो । १५) मेरो छोराको खुट्टामा सर्पले टोक्यो । १६) चितुवाले साँढेलाई माऱ्यो । १७) हामीले राजाको तरबार हेरेनौं । १८) म मृगकहाँ गइन । १९) हाम्रा साथीहरूले सिंहहरूलाई हेरे । २०) तिमीले पण्डितसँग पंछि किन्यौ ?

**टिप्पणी-**

I) "न मार" भन्ने ठाउँमा "न" भन्नेलाई "मा" भनेर र कुनै कुनै ठाउँमा (न लाई) "न" पनि प्रयोग गरिन्छ ।

II) मृगकहाँ भन्नुपर्दा मिग - शब्द द्वितीया विभक्ति एकवचनमा राख्नु पर्छ ।



Downloaded from http://dhamma.digital/

# अभ्यास १०

**खाली ठाउँमा अम्ह, तुम्ह शब्द मिल्ने गरी भर्नुहोस्–**

१)..........................पचथ ।
२)..................विक्किणिम्ह ।
३)..........................अदासि ।
४)..........................सुणाथ ।
५).....................निसीदिम्ह ।
६)..........................सयसि ।
७)..........................भुञ्जिथ ।
८)..........................निसीदति ।
९)..........................सुणामि ।
१०)..........................भुञ्जामि ।
११)..........................सुणाम ।
१२)..........................जानासि ।

**खाली ठाउँमा ठीक क्रियापद भर्नुहोस्–**

१) अहं ............. । २) मयं ............. । ३) अम्हे ........... ।
४) तुम्हे ............ । ५) त्वं .............. । ६) तुवं ............ ।
७) तुम्हे ........... । ८) अहं ............. । ९) मयं ............ ।

**खाली ठाउँमा भूतकालिक क्रियापद भर्नुहोस्–**

१) गहपतयो वीहिं ...............।
२) सारथि गामं ..................।
३) दीपे वानरे .....................।
४) कुमारो मञ्चे .................।
५) वानरो गिरिं ..................।
६) अरि गहपतिं ..................।
७) वाणिजो मणयो ...............।
८) मुनयो ओदनं ................।
९) अरयो असयो................. ।
१०) ब्याधि मनुस्सं .............. ।
११) सारथि अस्सं ................ ।
१२) कवयो धम्मं ................. ।
१३) दीपि अहिं ................... ।
१४) अधिपति असिना ........... ।
१५) इसि गामे ।
१६) पति रुक्खम्हा .............. ।



Downloaded from http://dhamma.digital/

'पञ्ञा नरानं रतनं'

# परियत्ति : प्रथम प्रवेश शिक्षा

(भाग-२, नेपाली)

(बु. सं. २५४६ देखि स्वीकृत)

(नेपाल बौद्ध परियत्ति शिक्षा समितिको निर्देशन अनुसार
प. स. पा. को प्रवेश प्रथम वर्ष द्वितीय पत्रको पाठ्य-पुस्तक)

लेखक तथा अनुवादक
आचार्य भिक्षु अमृतानन्द महास्थविर

सम्पादन तथा संयोजन
कोण्डन्य
(संयोजक : नेपाल बौद्ध परियत्ति शिक्षा, पाठ्यक्रम विकास समिति)



Downloaded from http://dhamma.digital/

परियत्ति : द्वितीय प्रवेश शिक्षा : २

धम्मपद

– अनुवादक : आचार्य भिक्षु अमृतानन्द महास्थविर

संक्षिप्त कथा सहित धम्मपद

– लेखक : आचार्य भिक्षु अमृतानन्द महास्थविर

वेस्सन्तर जातक

– लेखक : आचार्य भिक्षु अमृतानन्द महास्थविर

– अनु. : धर्मरत्न शाक्य 'त्रिशुली'

– सम्पादन तथा संयोजन : कोण्डन्य



Downloaded from http://dhamma.digital/

# धम्मपद

अनुवादका

भिक्षु अमृतानन्द महास्थविर

121

Downloaded from http://dhamma.digital/

Downloaded from http://dhamma.digital/

"नमो तस्स भगवतो अरहतो सम्मासम्बुद्धस्स"

उनी भगवान अरहत् सम्यक्सम्बुद्धलाई नमस्कार ।

# धम्मपदं

## १–यमकवग्गो

(जोरा वर्ग)

श्रावस्ती (१) चक्खुपाल स्थविर

**मनोपुब्बङ्गमा धम्मा–मनोसेट्ठा मनोमया ।**
**मनसा चे पदुट्ठेन–भासति वा करोति वा ।**
**ततो नं दुक्खमन्वेति–चक्कं' व वहतो पदं ॥१॥**

१– मनको धर्म हो जुनसुकै काममा पनि अगुवा हुनु, औ मन मुख्य भएर जताततै पुगेको हुन्छ । त्यसकारण अशुद्ध मन भएर कसैले बोल्यो वा गऱ्यो भने बयलको पछि पछि गाडाको पाँग्रा झैं दुःख पछि लागेर आउँछ ॥१॥



Downloaded from http://dhamma.digital/

श्रावस्ती (२) मट्टकुण्डली

**मनोपुब्बङ्गमा धम्मा–मनोसेट्ठा मनोमया ।**
**मनसा चे पसन्नेन-भासति वा करोति वा ।**
**ततो नं सुखमन्वेति-छाया' व अनपायिनी ॥२॥**

२– मनको धर्म-जुनसुकै काममा पनि अगुवा हुनु, औ मन मुख्य भएर जतातत‍ै पुगेको हुन्छ । त्यस कारण शुद्ध मन लिएर कसैले बोल्यो वा गऱ्यो भने आफ्नो पीछा न छोड्ने छायाँ आए झैं सुख पछि लागेर आउँछ ॥२॥

श्रावस्ती, जेतवन (३) थुल्लतिस्स थेर

**अक्कोच्छि मं अवधि मं–अजिनि मं अहासि मे ।**
**ये च तं उपनय्हन्ति-वेरं तेसं न सम्मति ॥३॥**

३– 'मलाई गालि गऱ्यो' 'मलाई पिट्‍यो' 'मलाई हराई दियो' औ मेरो लगिदियो' इत्यादि भनेर जसले आफ्नो मनमा बराबर विचार गर्छ, त्यसको मनमा कहिले पनि वैरभाव शान्त हुने छैन ॥३॥

(४)

**अक्कोच्छि मं अवधि मं–अजिनि मं अहासि मे ।**
**ये तं न उपनय्हन्ति-वेरं तेसूपसम्मति ॥४॥**

४– 'मलाई गालि गऱ्यो' 'मलाई कुट्‍यो' 'मलाई हराई दियो' औ 'मेरो



Downloaded from http://dhamma.digital/

लग्यो' भनेर जसले आफ्नो मनमा बराबर विचार गर्दैन, त्यसको मनमा वैरभाव शान्त हुन्छ ॥४॥

श्रावस्ती, जेतवन (५) काली यक्षिणी

**नहि वेरेन वेरानि-सम्मन्तीध कुदाचनं ।**
**अवेरेन च सम्मन्ति-एस धम्मो सनन्तनो ॥५॥**

५- रीसले वैरभाव शान्त हुने छैन, प्रेमभावले मात्र वैरभाव शान्त हुन सक्छ; यही सनातन देखि चली आएको धर्म हो ॥५॥

श्रावस्ती, जेतवन (६) कोसम्बिक भिक्षु

**परे च न विजानन्ति-मय'मेत्थ यमामसे ।**
**ये च तत्थ विजानन्ति-ततो सम्मन्ति मेधगा ॥६॥**

६- मूर्खले मात्र हामीले एक दिन अवश्य मर्नुपर्छ भनी विचार गर्दैन, 'हामी मर्ने छौं' भनी विचार गर्ने बित्तिकै कलह शान्त हुन्छ ॥६॥

श्रावस्ती, जेतवन (७) चुल्लकाल महाकाल

**सुभानुपस्सिं विहरन्तं इन्द्रियेसु असंवुतं ।**
**भोजनम्हि च अमत्तञ्जुं-कुसीतं हीनवीरियं ।**
**तं वे पसहति मारो-वातो रुक्खं' व दुब्बलं ॥७॥**



Downloaded from http://dhamma.digital/

७– इन्द्रिय संयम नगरी राम्रो देख्ने, भोजनमा मात्रा न जान्ने, वीर्यहीन हुने यस्तालाई, बतासले रुख ढाले झैं मारले बिताउँछ ॥७॥

(८)

**असुभानुपस्सिं विहरन्तं-इन्द्रियेसु सुसंवुतं ।**
**भोजनम्हि च मत्तञ्ञुं-सद्धं आरद्धवीरियं ।**
**तंवे नप्पसहति मारो-वातो सेलं' व पब्बतं ॥८॥**

८– इन्द्रिय संयम गरी राम्रो न देख्ने, भोजनमा मात्रा ज्ञान राख्ने र श्रद्धा वीर्य राखेका यस्तालाई पर्वतमा ढुङ्गा बतासले हल्लाउन नसके झैं मारले डगाउन सक्तैन ॥८॥

श्रावस्ती, जेतवन (९) काली यक्षिणी

**अनिक्कसावो कासावं-यो वत्थं परिदहेस्सति ।**
**अपेतो दमसच्चेन-न सो कासावम' रहति ॥९॥**

९– इन्द्रिय दमन नगरी सत्यज्ञानबाट दूर भई आफ्नो मनलाई स्वच्छ नराख्नेलाई गेरुवा वस्त्र सुहाउँदैन ॥९॥



Downloaded from http://dhamma.digital/

(१०)

**यो च वन्तकसावस्स-सीलेसु सुसमाहितो ।**
**उपेतो दमसच्चेन-स'वे कासावम'रहति ॥१०॥**

१०– क्लेशलाई दूर गरी आफ्नो मन स्वच्छ राखी शीलवान् भई इन्द्रिय दमन गरेर सत्य ज्ञानमा बस्नेलाई गेरुवा वस्त्र सुहाउँछ ॥१०॥

राजगृह, वेणुवन (११) अग्रश्रावक

**असारे सारमतिनो-सारे चा' सारदस्सिनो ।**
**ते सारं ना'धिगच्छन्ति-मिच्छासङ्कप्प गोचरा ॥११॥**

११– असारलाई सार, सारलाई असार ठान्ने यस्तो मिथ्यादृष्टि हुने व्यक्तिलाई सार पदार्थको लाभ हुँदैन ॥११॥

(१२)

**सारञ्च सारतो ञत्वा-असारञ्च असारतो ।**
**ते सारं अधिगच्छन्ति-सम्मासङ्कप्प गोचरा ॥१२॥**

१२– सारलाई सार, असारलाई असार देखेर सम्यक्दृष्टि हुने यस्ता व्यक्तिलाई सार पदार्थको लाभ हुन्छ ॥१२॥



Downloaded from http://dhamma.digital/

श्रावस्ती, जेतवन (१३) नन्द स्थविर

**यथा'गारं दुच्छन्नं-वुट्ठी समतिविज्झति ।**
**एवं अभावितं चित्तं-रागो समतिविज्झति ॥१३॥**

१३– नराम्रोसित छाएको छानाबाट पानी चुहे झैं राम्रोसँग नबाँधेको चित्तमा राग चुहिन्छ ॥१३॥

(१४)

**यथा'गारं सुच्छन्नं-वुट्ठी समतिविज्झति ।**
**एवं सुभावितं चित्तं-रागो समतिविज्झति ॥१४॥**

१४– जस्तो राम्रोसँग छाएको छानाबाट पानी चुहिँदैन त्यस्तै शुद्ध चित्तमा राग चुहिँदैन ॥१४॥

राजगृह, वेणुवन (१५) चुन्द सुकरिक

**इध सोचति पेच्च सोचति**
**पापकारी उभयत्थ सोचति ।**
**सो सोचति सो विहञ्ञति**
**दिस्वा कम्मकिलिट्ठम'त्तनो ॥१५॥**

१५– पापी व्यक्तिलाई इहलोक परलोक दुबै लोकमा शोक हुन्छ, आफूले गरेको खराब कामलाई देखेर आफै आफ दुःखी र पीडित हुन्छ ॥१५॥



Downloaded from http://dhamma.digital/

श्रावस्ती, जेतवन (१६) धम्मिक उपासक

**इध मोदति पेच्च मोदति**
**कतपुञ्ञो उभयत्थ मोदति ।**
**सो मोदति सो पमोदति**
**दिस्वा कम्मविसुद्धिम'त्तनो ॥१६॥**

१६– पुण्यवान् व्यक्ति इहलोक परलोक दुबै लोकमा सुखी हुन्छ, आफूले गरेको राम्रो कामलाई देखेर आफै सुखी हुन्छ, प्रमुदित हुन्छ ॥१६॥

श्रावस्ती, जेतवन (१७) देवदत्त

**इध तप्पति पेच्च तप्पति**
**पापकारी उभयत्थ तप्पति ।**
**पापं मे कतन्ति तप्पति**
**भीय्यो तप्पति दुग्गतिं गतो ॥१७॥**

१७– पापी व्यक्तिलाई यहाँ पनि वहाँ पनि दुबै लोकमा ताप हुन्छ, मैले पाप गरें भन्ने विचारले मनमा संताप हुन्छ, दुर्गतिमा पुगेर उसलाई झन बढी ताप हुन्छ ॥१७॥



Downloaded from http://dhamma.digital/

श्रावस्ती, जेतवन (१८)
सुमना देवी

**इध नन्दति पेच्च नन्दति**
**कतपुञ्ञो उभयत्थ नन्दति ।**
**पुञ्ञं मे कतन्ति नन्दति**
**भीय्यो नन्दति सुग्गतिं गतो ॥१८॥**

१८– पुण्यवान् व्यक्तिलाई इहलोक परलोक दुबैमा आनन्दको अनुभव हुन्छ, मैले पुण्य गरें भनी आनन्दित हुन्छ, परलोकमा पुगेर यहाँ भन्दा पनि धेरै आनन्द प्राप्ति हुन्छ ॥१८॥

श्रावस्ती, जेतवन (१९) दुई जना साथी

**बहुम्पि चे सहितं भासमानो**
**न तक्करो होति नरो पमत्तो**
**गोपो व गावो गणयं परेसं**
**न भागवा सामञ्ञस्स होति ॥१९॥**

१९– जस्तो अर्काको गाई चराउने गोठालाले दूध प्राप्त गर्न सक्तैन, त्यस्तै



Downloaded from http://dhamma.digital/

धेरै धर्मको कुरा गर्न जानेर पनि तदनुसार आचरण नगर्नेलाई श्रमणत्त्व फल प्राप्त हुन सक्तैन ॥१९॥

(२०)

**अप्पम्पि चे सहितं भासमानो**
**धम्मस्स होति अनुधम्मचारी ।**
**रागञ्च दोसञ्च पहाय मोहं**
**सम्मप्पजानो सुविमुत्तचित्तो ।**
**अनुपादियानो इध वा हुरं वा**
**स भागवा सामञ्ञस्स होति ॥२०॥**

२०– अलिकति मात्र धर्मको कुरा गर्न सक्ने भएता पनि धर्मानुसार आचरण गर्ने, राग, द्वेष र मोहलाई हटाई, राम्रो धर्मावबोध भएर आफ्नो चित्तलाई क्लेशबाट हटाई, इहलोक र परलोकको चिन्ता नगर्नेलाई श्रमणत्त्व फल प्राप्त हुन सक्तछ ॥२०॥

Dhamma.Digital



Downloaded from http://dhamma.digital/

**जोरा वर्ग सिद्धियो ।**

**अभ्यास प्रश्नहरूः**

(१) **तलका खालि ठाउँमा भर्नुहोस् ।**

(क) मनोपुब्बङ्गमा धम्मा ........................ चक्कं" व वहतो पदं ।

(ख) सुभानुपस्सिं ............................... वातो रुक्खं' व दुब्बलं ।

(ग) इध मोदति पेच्च मोदति .............दिस्वा कम्मविसुद्धिम'त्तनो ।

(घ) यथा'गारं दुच्छन्नं ...........................रागो समतिविज्झति ।

(२) **तलका पालि गाथाहरूलाई नेपालीमा अर्थ लेख्नुहोस् ।**

(क) अक्कोच्छि मं अवधि मं-अजिनि मं अहासि मे ।
ये च तं उपनय्हन्ति-वेरं तेसं न सम्मति ।

(ख) यो च वन्तकसाव'स्स-सीलेसु सुसमाहितो ।
उपेतो दमसच्चेन-स वे कासावम'रहित ।

(ग) अप्पम्पि चे सहितं भासमानो
धम्मस्स होति अनुधम्मचारी ।
रागञ्च दोसञ्च पहाय मोहं
सम्मप्पजानो सुविमुत्तचित्तो ।
अनुपादियानो इध वा हुरं वा
स भागवा सामञ्ञस्स होति ।



Downloaded from http://dhamma.digital/

## २–अप्पमादवग्गो

### (अप्रमाद वर्ग)

कौशम्बी, घोषिताराम (२१) श्यामावती

**अप्पमादो अमतपदं–पमादो मच्चुनो पदं ।**
**अप्पमत्ता न मीयन्ति–ये पमत्ता यथा मता ॥१॥**

२१– अप्रमाद निर्वाणको बाटो हो, प्रमाद मृत्युको बाटो हो; प्रमादीहरू मर्ने झैं अप्रमादिहरू मर्दैनन् ॥१॥

(२२)

**एतं विसेसतो ञत्वा–अप्पमादम्हि पण्डिता ।**
**अप्पमादे पमोदन्ति–अरियानं गोचरे रता ॥२॥**

२२– आर्य धर्ममा नियुक्त भएका पण्डितहरूले अप्रमादमा भएको जुन विशेषता हो त्यसलाई देखेर अप्रमादी हुनुमा नै विशेष रुचि देखाउँछन् ॥२॥

(२३)

**ते झायिनो साततिका–निच्चं दल्ह–परक्कमा ।**
**फुसन्ति धीरा निब्बानं–योगक्खेमं अनुत्तरं ॥३॥**

२३– धैर्य राख्न सक्ने ध्यानीहरूले आफ्नो वीर्यलाई ध्यानको सहाराले बढाएर, जन्म मरण रहित निर्वाण पद र अनुत्तर योगक्षेम प्राप्ति गर्दछन् ॥३॥

राजगृह, वेणुवन (२४) कुम्भघोषक

**उट्ठानवतो सतिमतो**
**सुचिकम्मस्स निसम्मकारिनो ।**
**सञ्ञतस्स च धम्मजीविनो**
**अप्पमत्तस्स यसो'भिवड्ढति ॥४॥**



Downloaded from http://dhamma.digital/

२४– उद्योगी स्मृतिवान् भई शुभकाम राम्रोसँग गरी संयमी भएर धार्मिक जीवन बिताई अप्रमादी हुने व्यक्तिको यश बढ्दछ ॥४॥

राजगृह, वेणुवन (२५) चूलपन्थ थेर

**उट्ठानेनप्पमादेन–सञ्ञमेन दमेन च ।**
**दीपं कयिराथ मेधावी–यं ओघो ना' भिकीरति ॥५॥**

२५– बुद्धिमान्ले संयम र चित्त दमन गरी अप्रमादी भएर बाढी आए पनि हुत्याउन नसकिने टापू बनाउनु पर्दछ ॥५॥

जेतवन (२६) बालनक्खत्तधुट्ठ (फागु)

**पमादम'नुयुञ्जन्ति–बाला दुम्मेधिनो जना ।**
**अप्पमादञ्च मेधावी–धनं सेट्ठं 'व रक्खति ॥६॥**

२६– मूर्खहरू प्रमादी हुन्छन्, पण्डितहरू सेठले धन रक्षा गरे भैं अप्रमादलाई रक्षा गर्दछन् ॥६॥

(२७)

**मा पमादमनुञ्जेथ–मा कामरतिसन्थवं ।**
**अप्पमत्तो हि भायन्तो–पप्पोति विपुलं सुखं ॥७॥**

२७– प्रमादी न होऊ, काम विषयमा आसक्त नहोऊ, अप्रमादी भई ध्यान गऱ्यो भने विपुल सुख प्राप्त हुन्छ ॥७॥



Downloaded from http://dhamma.digital/

जेतवन (२८) महाकश्यप स्थविर

**पमादं अप्पमादेन-यदा नुदति पण्डितो ।**
**पञ्ञापासादमा'रुय्ह-असोको सोकिनि पजं ।**
**पब्बतट्ठो' व भुम्मट्ठे-धीरो बाले अवेक्खति ॥८॥**

२८– जुन् बखतमा पण्डितले प्रमादलाई अप्रमादले जितेर आफू शोक, तापबाट रहित हुन्छ, त्यस बखत उसले प्रज्ञारूपी उच्च प्रासादमा बसी शोकीसंतप्प प्राणीहरूलाई, पहाडको टुप्पाबाट पहाड मुनी बस्ने मानिसलाई देखे झैं देख्दछ ॥८॥

जेतवन (२९) दुई साथी भिक्षु

**अप्पमत्तो पमत्तेसु-सुत्तेसु बहुजागरो ।**
**अबलस्सं'व सीघस्सो-हित्वा याति सुमेधसो ॥९॥**

२९– प्रमादीहरूमा अप्रमादी, निद्रालुहरूमा अनिद्रालु र बलहीन घोडाहरूमा सबल घोडा अगाडि गए झैं बुद्धिहीन व्यक्तिहरूमध्ये बुद्धिवान् पूर्वगामी हुन्छ ॥९॥

वैशाली, कूटागार (३०) शक्र देवराज

**अप्पमादेन मघवा-देवानं सेट्ठतं गतो ।**
**अप्पमादं पसंसन्ति-पम दो गरहितो सदा ॥१०॥**

३०– अप्रमादी हुनाले इन्द्र, देवताहरूका राजा भए, अप्रमादको प्रशंसा हुन्छ, प्रमादको सधैंभरि निन्दा हुन्छ ॥१०॥



Downloaded from http://dhamma.digital/

जेतवन (३१) कुनै एक भिक्षु

**अप्पमादरतो भिक्खु-पमादे भयदस्सि वा ।**
**सञ्ञोजनं अणुं थूलं-डहं अग्गी'व गच्छति ॥११॥**

३१– प्रमादमा डर मानी अप्रमादमा मन लगाउने भिक्षुले फेरि फेरि जन्म लिनु पर्ने सानो ठूलो जुनसुकै संयोजनलाई पनि आगोले भस्म गरे झैं भस्म गर्दछ ॥११॥

जेतवन (३२) निगमवासी तिस्सथेर

**अप्पमादरतो भिक्खु-पमादे भयदस्सि वा ।**
**अभब्यो परिहाणाय-निब्बानस्से' व सन्तिके ॥१२॥**

३२– प्रमादमा डर मानी अप्रमादमा मन लगाउने भिक्षुको खराब गति हुँदैन ऊ निर्वाणको नजिकै आई पुग्दछ ॥१२॥

**◆◆ अप्रमाद वर्ग सिद्धियो ◆◆**



Downloaded from http://dhamma.digital/

**अभ्यास प्रश्नहरू:**

**(१) तलका खालि ठाउँमा भर्नुहोस् ।**

(क) अप्पमादो अमतपदं पमत्ता यथा मता ।
(ख) ते झायिनो ................................ योगक्खेमं अनुत्तरं ।
(ग) पमादम'नुयुञ्जन्ति मेट्ठं' व रक्खति ।
(घ) अप्पमादेन मघवा दो गरहितो सदा ।

**(२) तलका पालि गाथाहरूलाई नेपालीमा अर्थ लेख्नुहोस् ।**

(क) एतं विसेसतो ञत्वा–अप्पमादम्हि पण्डिता ।
अप्पमादे पमोदन्ति–अरियानं गोचरे रता ।

(ख) उट्ठानेनप्पमादेन–सञ्ञमेन दमेन च ।
दीपं कयिराथ मेधावी–यं ओधो ना'भिकीरति ।

(ग) पमादं अप्पमादेन–यदा नुदति पण्डितो
पञ्ञापासादमा'रुय्ह–असोको सोकिनिं पजं ।
पब्बतट्ठो'व भुम्मट्ठे–धीरो बाले अवेक्खति ।



Downloaded from http://dhamma.digital/

# माता-पिताको सेवा

## (आमा-बाबाको सेवा)

Dhamma.Digital

लेखक

भिक्षु सुदर्शन महास्थविर

अनुवादिक

सुश्री वीणा कंसाकार

138

Downloaded from http://dhamma.digital/

## आमा-बाबाको अर्थ ?

जब कुनै बच्चाले जन्म लिन्छ, तब उसले दुःखको अनुभव गर्दछ र उ रुन थाल्दछ । रोइरहेको बच्चाले सबभन्दा पहिले आफ्नो आमाको सहारा लिन्छ, अनि आमाको सहारा पाइसकेपछि उसको रुवाइ बन्द हुन्छ । जन्मेको लगत्तै उसलाई भोक लाग्छ । आमाले तुरुन्तै दुध खुवाउँछ र भोक मेट्दछ । यसैले बच्चाले सबभन्दा पहिले आफ्नो आमालाई चिन्दछ । त्यसपछि मात्र बुबालाई चिन्दछ ।

त्यसैले आमा-बाबाको अर्थ (परिचय) दिइरहनु पर्ने आवश्यक छैन । "**आमा**" शब्द र "**बाबा**" शब्दको प्रयोग एकजना अबोध बच्चाले पनि गर्दछ भने यी शब्दहरूलाई जीवनभर सम्म पनि प्रयोग गरी नै रहन्छ । हामीले अत्यन्त ठूलो दुखाइको अनुभव गर्दाखेरि अनायासै "आमा" भनी पुकाछौं ।

"आमा" को अर्थ नबुझ्ने सन्तान वास्तवमा सन्तान नै होइन भने आफ्नो सन्तानलाई लालनपालन नगर्ने आमा-बाबा पनि वास्तविक आमा-बाबा नै होइन । यसकारण सारांशमा भन्नु पर्दा यदि कसैले हामीसँग "आमा-बाबा" को अर्थ के हो भनी सोध्यो भने हामीले उसँग नै सोध्नुपर्छ कि आमा-बाबाको अर्थ के हो ?

## आमा-बाबा नै ब्रह्मा हुन्

आमा-बाबा नै सन्तानको लागी सर्वप्रथम आफ्नोत्व (आफ्नोपन) को निर्माता हुन् । त्यसपछि लालनपालन गरी आफ्नो खुट्टामा उभिन सिकाउने आमा-बाबाले उत्तिकै दुःख, कष्ट सहेकै हुन्छ । मानिसले आफ्नो बालबच्चा हुर्काउनका लागि सहने दुःख, कष्ट नै वास्तवमा सांसारिक दुःख, कष्ट भने पनि हुन्छ । आफ्ना बाल-



Downloaded from http://dhamma.digital/

बच्चाको "आमा-बाबा" ले गर्ने दुःख, कष्ट बारे जति वर्णन गरेपनि साध्य नहुने हुनाले नै उनीहरूको गुण अनन्त भनेको हो ।

**"आमा-बुबा नै ब्रह्मा हुन् ।"** यो भनाइ (कथन) लाई बौद्ध-साहित्यमा ठूलो महत्त्व दिएको छ ।

आमा-बाबालाई **ब्रह्मा** भन्नुको एउटा अर्को पनि कारण छ । **बौद्ध-दर्शनमा ब्रह्मा** त्यसलाई भनिन्छ, जो मैत्री, करुणा, मुदिता र उपेक्षाको प्रतिफल आफू स्वयं भइसकेको हुन्छ । आमा-बाबासँग पनि आफ्नो सन्तान प्रति यी चारवटा गुणहरू हुन्छन् । त्यसैकारणले आमा-बाबालाई ब्रह्मा भनेको हो ।

"मैत्री" कलह र विग्रहको विपोक्षय गुण हो, यो प्रेमको वातावरणमा सधैं फस्ताइरहन्छ । यसर्थ बुद्धले सधैं मैत्री भावनामा आदर्श वा नमूना दिनुभएको छ । जसरी "आमा" ले आफ्नो जिउज्यानको पर्वाह नगरी एक्लो छोराको रक्षा गर्दछ, त्यसरी नै प्राणीमात्र प्रति प्रेम भाव पोख्छ । आमा-बाबाको प्रेमलाई जान्नको लागि एउटा बघिनीले आफ्नो बच्चालाई प्रेमपूर्वक दूध खुवाइ रहेको उदाहरणबाट सजिलै बुझ्न सक्छौं । वास्तवमा बाघ कति हिंस्रक हुन्छ, तर उसले आफ्नो बच्चाले खुट्टाले हान्दै दूध खुवाइरहेकोमा आनन्द लिइराखेको हुन्छ । मानौं कुनै दयालु आमाले जस्तै । त्यस्तै कुकुरले कुनै खानेकुरा भेट्टाएमा आपसमा झगडा गर्न तम्सिन्छ, तर आमा चाहिं कुकुरले आफूले खाइसकेको खानेकुरा पनि ओकलेर बच्चाहरूलाई खुवाउँछिन् । चाहे कुनै आमा साक्षात राक्षसी भएपनि उनको मातृ-ममता मानिस कै ममता तुल्य हुन्छ ।



Downloaded from http://dhamma.digital/

## मातृ–ममता

यो कुरा बुझ्नलाई पालि भाषामा आधारित एउटा जातक कथाको प्रस्तुतीकरण सान्दर्भिक हुन्छ ।

वाराणसीमा ब्रह्मदत्त राजाले राज्य गरिराखेको समय थियो । उनकी पटरानीले अनाचार कर्म गरेछिन् । यो कुरा राजाले थाहा पाई एकदिन उनीसँग सोध्दा उनीले यसरी जवाफ दिइन्– “मैले यदि अनाचार कर्म गरेकी भए रुंचे यक्षिणी भइ जन्म लिनु परोस् ।” केही समय पछि पटरानी परलोक भइन् । साँच्चिकै दुराचार गरेर पनि भूठो वाचा गरेको पाप कर्मद्वारा उनी एउटा पर्वत प्रदेशमा यक्षिणी भइ जन्म लिइन् । पवर्तन प्रदेश भित्रको ५ योजन लम्बाइ र ३ योजन चौडाइ क्षेत्रभित्र यक्षिणी कै वासस्थान रहेछ । उनको अधिकारको क्षेत्रभित्र बसेका जो मानिस पनि उनको आहार बन्ने रहेछ ।

एकदिनको कुरा महा-धनवान् सम्पत्तिशाली एकजना ब्राह्मण धेरै मानिसहरूको साथमा त्यही स्थानमा आए । त्यो देखी यक्षिणी खुशी भइ र उनीहरूलाई समात्न भनी गई । सबैजना डराएर भागे । तर त्यो विचरा ब्राह्मणलाई भने समातेर बोकी आफ्नो गुफातर्फ लगी । आफ्नो गुफामा ल्याइसकेपछि ब्राह्मणसँग स्पर्श भएपछि यक्षिणीको मनमा राग उत्पन्न भयो । त्यसकारण उसलाई आफ्नो आहारा नबनाई स्वामीको रूपमा राख्यो । अनि आपसमा दुवैजना मिलेर बसिराखे । यक्षिणीले आहारको लागि मानिसहरू समात्ने बेला उनीहरूसँग भएको खानेकुरा जति सबै आफ्नो स्वामीलाई खुवाउँथी । बाँकी मासुजति सबै आफू खाने गर्थिन । फेरि, आफू बाहिर जाने बेला स्वामीलाई गुफा भित्रै थुनेर जाने गर्दथी ।



Downloaded from http://dhamma.digital/

दिन बित्दै गएपछि उनीहरूको एउटा बच्चा पनि भयो। दुवैजना बच्चालाई खूब माया गर्थे। जब बच्चा ठूलो भयो, यक्षिणीले उसलाई पनि गुफाभित्रै थुनेर राख्न थाल्यो। छोरालाई भने यो साह्रै मन परेन। त्यसैले उसले गुफा थुन्नलाई राखिएको ढुंगा हटाएर बाहिर निस्कन थाल्यो। एकदिन आमाल सोधिन् कि– "यो ढुंगो कसले हटाएको ?" बालकले जवाफ दियो– "आमा ! मैले हटाएको, भित्र अँध्यारो भएकोले बस्नै सकिन।" यक्षिणीलाई यो कुरा साह्रै मन परेन। तर आफ्नो छोरालाई दुःख दिउँ, त्यो पनि मनले मानेन।

एकदिन बालकले आफ्नो बुबासँग सोध्यो– "बाबा ! तपाई र आमाको बीचमा धेरै फरक छ, त्यो कसरी भएको ?"

बाबाले भने– "बाबु ! तिम्रो आमा पऱ्यो यक्षिणी, तर म परें मानिस। मलाई तिम्रो आमाले समाती थुनेर राख्यो। फेरि मैले भाग्ने कोशिश गरेमा अरुलाई जस्तै मलाई पनि आहारा बनाउन सक्छ।" छोरा चाहिंले सबै कुरा बुझ्यो। एकदिन ऊ बाबासँगै त्यहाँबाट भाग्यो। तर यक्षिणीले चालपाई उनीहरूलाई फर्काएर ल्यायो। अनि लोग्ने चाहिंले भन्यो– "म आफै भागेको होइन, तिम्रै छोराले जाऔं भन्यो र म गएँ।"

यक्षिणीलाई रिस उठ्यो। तर आफ्नो छोरालाई के नै गर्न सकिन्छ र ? किनकि उनी त आमा जो परिन्।

यसरी धेरै पटक भएपछि छोराले थाहापाएछ कि उनको पनि शक्तिको सिमाना हुने रहेछ। एकदिन आमालाई फकाइफुकाइ सिमाना सोधी पत्ता लगायो।



Downloaded from http://dhamma.digital/

आमा चाहिं बाहिर गएको मौका पारी एकदिन बाबा चाहिंलाई बोकेर यक्षिणी अधिकार भएको सीमा नाघी गए । जब आमा चाहिंले थाहा पायो, त्यतिञ्जेल उनीहरू अधिकार क्षेत्र भन्दा बाहिर पुगिसके । यक्षिणीले रुँदै भने– "बाबु, तिमी किन गएको ? मैले तिमीलाई के को कमी गरिराखेको छु र ? बाबु, तिमी पुन: फर्केर आऊ ।"

"आमा ! तपाई भनेको यक्षिणी हामी मानिस, त्यसैले मानिसलाई मानिसकै बस्ती मनपर्छ" छोराले भन्यो । "तर बाबु तिम्रो आमालाई तिमी जति प्रिय लाग्छ, त्यति मानिसहरूको प्रिय हुँदैनौ । बाबु तिमी फर्क, तिमीविना म बाँच्न सक्दिन" यक्षिणीले भनिन् ।

उनको कुरालाई छोराले वास्तै गरेन । यक्षिणीले भनिन्– "बाबु, त्यसो भए तिमी यहीं बस्ने गर, कमसेकम मैले तिम्रो मुखमात्र भएपनि हेरि बस्छु ।"

छोराले भने– "हामी मानिसहरूको समूहमा नै जान्छौं ।" यक्षिणीले भनिन्– "बाबु, मानिसहरूको समूहमा तिमीलाई दु:ख हुन्छ । तिमीले केहि पनि सीप जानेका छैनौ ।"

छोरालाई यो कुरा मान्य भएन । यक्षिणीले रोइकराइ छोरालाई एकछिन रोक्यो र उसलाई "पद चिन्ह" विद्या एउटा सिकाइदिइन् । जुन विद्याद्वारा बाह्र वर्ष अघि हराएको व्यक्तिको पद चिन्ह हेरी फेला पार्न सकिने ज्ञान हुन्छ ।

यक्षिणीले आफ्नो छोरालाई सुखी बनाउन "पद चिन्ह" विद्या र "चिन्तामणि" मन्त्र दिइन् । यत्तिले पनि उनले आफ्नो मन थाम्न सकिनन् । छोराले बिदा लिइ गयो ।



Downloaded from http://dhamma.digital/

रुँदारुँदै गएको छोरालाई उनले हेरिरहिन् । झन् झन् टाढा हुँदै गयो, उनको मन फुट्ला झैं भयो । एकछिन पछि देख्नै छोड्यो । जुन मातृ हृदयले सहन सकेन, उनी उठ्नै सकिनन्, त्यहीं लडिन् र अन्तमा मुटु फुटेर त्यहीं प्राणान्त भयो । यक्षिणी नै भएपनि आफ्नो सन्तानसँग बिछोड भएपछि मृत्यु नै भयो । यही नै मातृ-ममता हो ।

एकैछिनमा छोराले फर्केर हेरेको त आमा त्यहीं ढलेको देख्यो । फेरि फर्केर आइ आफ्नो आमाको अग्नि संस्कार गऱ्यो । पूजा गऱ्यो, त्यसपछि वाराणसी देशमा फर्कियो ।

यक्षिणी आमाले छोरालाई दिएको विद्याले कत्तिको लाभ भयो भन्ने कथा त अलग्गै छ । अन्तमा त्यही विद्याको कारणबाट ऊ राजा पनि भयो । यो कथासँग यहाँ हाम्रो प्रत्यक्ष सम्बन्ध छैन । त्यसैले यसलाई यहीं छोडिदिउँ ।

सबै जातकमा जस्तै यो जातकमा पनि प्रमुख आदर्श पात्र छोरा नै हो, जो बोधिसत्त्व हुनुहुन्थ्यो ।

**अभ्यास प्रश्नहरू :**

(१) आमा-बाबाको अर्थ स्पष्ट पार्नुहोस् ।
(२) आमा-बाबा नै ब्रह्मा हुन् । किन ?
(३) यक्षिणिको कथा प्रस्तुत गरी मातृ-ममताको महत्त्व दर्शाउनुहोस् ।



Downloaded from http://dhamma.digital/

# आमा-बाबा नै पूर्वाचार्य हुन्

बालबच्चाको सबभन्दा पहिलो गुरु नै आमा-बाबा हुन् । बच्चाहरूले आफ्ना आमा-बाबाबाट सबभन्दा पहिले बोल्ने बानी सिक्छ । बिस्तारै बिस्तारै व्यवहार भनौं सम्पूर्ण व्यवहारहरू उनीहरूकै नक्कल गरी सिक्दछन् । त्यसैले घर नै बच्चाहरूको सबभन्दा पहिलो विद्यालय हो भने आमा-बाबा नै पहिलो गुरु हुन् । यही कारणले पालि साहित्यमा पनि आमा-बाबालाई *"पुब्बाचरिय"* अर्थात् सबभन्दा पहिलो गुरु भनिएको हो ।

आमा-बाबाले बच्चाहरूलाई के कति कुराहरू सिकाए, त्यो भनेर साध्य छैन । नाङ्गो जन्मेको बच्चालाई लगाउने, खाने, बोल्ने, सुँघ्ने, सुन्ने, हेर्ने तरिका आदि आदि अनेकन तरिकाहरू सिकाउनलाई कयौं उनीहरूले कक्षा लिए त्यसको गिन्ति गरेर साध्यै हुँदैन ।

घरको त्यो शिक्षा, त्यो वातावरण एकदम महत्वपूर्ण छ । त्यो यति व्यापक छ कि यही व्यापकताबाट बन्चित हुन्छ भनेर नै अनेकन कथाहरू बने । घरको त्यो शिक्षाबाट बन्चित नहुनेलाई कति फाइदा भयो र बन्चित हुनेलाई कति हानि भयो भन्ने कुरा सबै आदर्शका कथा बने । वास्तवमा अनुभवको संसारमा हुर्केकाहरूले ठूलो उपकार हुने सम्झी प्रेमपूर्ण शिक्षा आमा-बाबाबाट छोरा-छोरीहरूलाई दिनु आवश्यक हुने नै रहेछ ।



Downloaded from http://dhamma.digital/

# भनेका कुरा नमान्ने छोराछोरीहरू

यो अनुभवको शिक्षा नलिएका के हुन सक्छ भन्ने कुरा जातकको दुइवटा कथाका उदाहरणहरू प्रस्तुत गरिएको छ ।

वाराणसीमा ब्रह्मदत्त राजाले राज्य गरिरहेको समयमा हिमवन्त प्रदेशमा बोधिसत्त्व सुगा (चरा) भइ जन्म लियो । जब उसको छोरो ठूलो भयो, उसको आँखा पनि कमजोर भयो । किनभने सुगा द्रुतगतिले उड्ने चरा भएकोले तिनीहरूको आँखा कमजोर हुने रहेछ ।

एकदिन छोरो सुगाले सँधै जाने गरेको पर्वत प्रदेशबाट एउटा अर्कै नयाँ द्वीप देखेछ, जुन द्वीप समुद्र पारी थियो । उ त्यहीं द्वीपतिर गएछ । त्यहाँ धेरै आँप रहेछ र उसले ती आँप आफूले पनि धेरै खायो र आमा-बाबालाई पनि ल्याई दियो । आँप मुखमा राख्नासाथै बाबाचाहिंले भने– "बाबु, तिमीले आँप समुद्रको वारिपट्टिको द्वीपबाट त ल्याएको हैनौ ?"

"यो आँप मैले त्यहींबाट ल्याएको हुँ ।" भनी छोराले जवाफ दियो । बाबाले भने– "बाबु, त्यो द्वीपमा जाने सुगाहरूको आयु लामो हुँदैन । त्यसैले त्यहाँ जानु हुन्न ।"

तर यो कुरा उसको मनमा पसेन । फेरि एकदिन उ त्यहीं गएछ । अझ धेरै आँपको रस पिएर घर फर्किरहेको बेला बीच बाटोमा उसलाई थकाइ लाग्यो, तर बस्ने कहाँ ? उड्दा उड्दै थकाइले गर्दा बाटैमा निदायो । जसले गर्दा उसले



Downloaded from http://dhamma.digital/

बाटो भुल्यो र पार लगाउन सकेन । परिणामस्वरूप उ त्यहीं समुद्रमा खस्यो । एउटा माछा आएर उसलाई खायो ।

यता समय बितिसकेको तर आफ्नो छोरो नफर्केकाले बोधिसत्त्वले सोचे कि– "छोरो उतै द्वीपमा गयो होला, त्यहीं उसको दुर्गति भयो होला ।" उता छोरोको मृत्यु भयो । यता बृद्ध, बृद्धापनि खान नपाइ मृत्यु भए ।

त्यस्तै अर्को कथा अनुसार वाराणसीमा राजा ब्रह्मदत्तले राज्य गरिरहेको समयमा बोधिसत्त्व गिद्ध योनीमा जन्म लियो । उसको नाम अपरण्ण हो । उसको मिगालोप भन्ने असाध्यै बलियो एउटा छोरो पनि रहेछ । उसले अन्य गिद्धहरूबाट कुरा थाहा पाएर भनेछ– "बाबु, तिमी भन्दा बढि भएर उडेर जाँदा कतै आफ्नो जीवन नै गुमाउनु पर्ला नि । बाबु, यो तिम्रो चाला मलाई मन परेन । आकाशमा उड्दै जाँदा पृथ्वीलाई स-साना टुक्रा झैं देखेमा तिमी त्यो भन्दा माथि उड्नु हुँदैन ।"

मिगालोपलाई जवानीको जोश चढेकीले बाबुको अनुभवको अर्ती मन परेन । उसलाई भने जति जति माथि उड्यो, त्यति नै रमाइलो हुने गर्दथ्यो । एकदिन त्यस्तै माथि माथि उडिरहेकै बेला उसलाई थकाइ लाग्यो, त्यत्तिकैमा ठूलो हुरी-बतास चल्यो । त्यसले उसलाई उडाएर कता हो कता शरीर ठोक्किन गई टुक्रा टुक्रा भएर प्राणान्त भयो ।



Downloaded from http://dhamma.digital/

# आमा-बाबाको वचनमा त्याग

यसको अतिरिक्त आमा-बाबाको वचन कसरी पालन गर्नुपर्छ भन्ने बारे पनि थुप्रै कथाहरू छन् । ती मध्ये एउटा जातक कथा यहाँ प्रस्तुत छ ।

वाराणसीमा महाराज दशरथले चार अगतिबाट बचेर धर्मानुसार राज्य गरिराखेका थिए । उसको सोन्ह हजार रानीहरू मध्ये पटरानीको तर्फबाट दुईवटा छोराहरू थिए । एकजनाको नाम राम-पण्डित र अर्कोको नाम लक्खण कुमार थियो । पछि फेरि एउटी छोरी पनि भयो, उसलाई सीतादेवी भनी नाम राखियो । केही समयपछि पटरानी परलोक भइन् । पटरानीको मृत्युको शोक सकेपछि नयाँ पटरानी बनाइयो । उनी बिस्तारै बिस्तारै राजाको प्रिय हुँदै गइन् । उनीबाट पनि एउटा छोरा जन्म्यो । उसलाई भरत कुमार भनी नामाकरण गरियो । भरतको आमाले  भरतलाई राजा बनाउनको लागि राजा दशरथ कहाँ गएर भनिन्– “देव, मलाई दिइराखेको वरदान म माग्छु । मेरो छोरालाई राज्य दिनुहोस् ।”

रानीले यो वरदान माग्ने बित्तिकै दशरथ झस्के । उनले आफ्नो पटरानीलाई गाली गरे, अर्को वरदान लिन धेरै फकाए । तर उनी मानिनन् । दशरथ खुरूक्क आफ्नो खोपीतिर लागे । राजाको मनमा अनेकौं कुरा खेल्यो । शायद पटरानीले राम-पण्डित र लक्खण कुमारलाई असत्य पत्र, असत्य मोहर वा छलछाम गरी मार्छ कि भनी चिन्ता भयो । यस चिन्ताले राजा दशरथले आफ्ना दुवै छोराहरूलाई बोलाई भने– “तिमीहरू दुवैजना वनमा गई बसिराख । तिमीहरूको जीवनमा यहाँ खतरा आउन सक्छ ।” राजा दशरथले पण्डितहरूलाई बोलाई आफ्नो आयु कति बाँकि छ भनेर हेर्न लगाए । पण्डितहरूले राजाको आयु बान्ह



Downloaded from http://dhamma.digital/

वर्ष बाँकि रहेको बताए । त्यसपछि राजा दशरथले आफ्नो छोराहरू राम-पण्डित र लक्खण कुमारलाई बान्ह वर्ष पछि वनवासबाट फर्की राज्य संचालन गर्न आउनु भनी आज्ञादिए ।" बुबाको कुरालाई सहर्ष स्वीकार गर्दै राम-पण्डित र लक्खण कुमार वनवास गए र बहिनी सीतादेवी पनि स्वेच्छाले दाजुहरूसँगै वनबास गइन् । जनता पनि साथै जान तयार भए तर राम-पण्डितले उनीहरूलाई उपदेश दिई फिर्ता पठाए ।

वनमा राम-पण्डितलाई लक्खण र सीतादेवीले पिता समान सेवा सत्कार गरी राखे । यता राजा दशरथ पुत्र शोकले नौ वर्षमै परलोक भए । राजाको काजक्रिया सकेपछि पटरानीले आफ्नो छोरा भरतलाई राज छत्र धारण गर्न आज्ञा दिइन् । तर यो कुरालाई मन्त्रीहरू (अमात्य) ले स्वीकार गरेनन् । भरतले विचार गरे कि दाजुलाई राज्यच्यूत गर्नु कुनै धर्म पनि होइन । यति विचार गरी भरतले पाँच राजकीय चिन्ह र चतुरङ्गी सेना साथमा लिई राम-पण्डित बसेको वनमा गए । त्यस समय वनमा राम-पण्डित शान्त र आनन्दपूर्वक बसिराखेको दृश्य मानौं कुनै स्वर्ण प्रतिभा झैं लाग्छ । उनलाई भरत सहित मन्त्रीहरूले गई खुट्टा समाइ रोइ रोइ भएको सबै कुरा बिन्ति गरे साथै राम-पण्डितले आफ्नो पिताको मृत्युको खबर पनि धैर्यपूर्वक सुने । तर यो खबर आफ्ना भाइ बहिनीले धैर्यपूर्वक सुन्न नसक्ने थाहा पाई फलफूल लिइ फर्केका भाइबहिनीलाई राम-पण्डितले भने– "आज तिमीहरू ढिलो फर्क्यौ, त्यसैले मैले तिमीहरूलाई दण्ड दिन्छु, तिमीहरू दुवै पानीको बीचमा उभिराख, फेरि रुन पाइँदैन नि ।" यति भनिसकेपछि राम-पण्डितले भने– "एवाह भरतो आह राजा दसरथो भतो ।" अर्थात् राजा दशरथ परलोक भए । यति कुरा सुन्ने बित्तिकै ती दुवैजना बेहोस भए । यसरी लक्खण कुमार र सीतादेवी दुवै तीन पटकसम्म मूर्छा परे ।



Downloaded from http://dhamma.digital/

यो देखी त्यहाँ गएका मन्त्रीहरू सहित सबैजना आश्चर्यमा परे कि राम-पण्डितले कसरी धैर्य गर्न सके ? उनीहरूको यही जिज्ञासालाई बुझी राम-पण्डितले संसारको अनित्य धर्मबारे लामो उपदेश दिए । उपदेश सुनिसकेपछि सबैले धैर्य गरी राम-पण्डितलाई वाराणसीमा राजकाज सम्हाल्न अनुरोध गरे । यो कुरा सुनी राम-पण्डितले भने– "भाइ भरत, तिमीले लक्खण र सीतादेवी साथ लगी अनुशासन-पूर्वक राज्य गरिराख । मलाई बुबाले बान्ह वर्ष वनवास बस्न हुकुम भएको थियो, त्यसैले बुबाको वचन उल्लंघन गर्नु हुँदैन, बाँकि तीन वर्षपछि म पुनः फर्कनेछु ।"

भरतले यो कुरा मानेन । अनि राम-पण्डितले तृण-पादुका दिंदै भने– "अहिलेलाई यो सिंहासनमा राखी राज्य गर्नू ।"

आखिर राम-पण्डितको दृढ प्रतिज्ञाको अगाडि सबै नतमस्तक भई वाराणसी फर्के । उनको इच्छा अनुसार पादुका राखी राज्य संचालन गरे । पादुका राखी न्याय निसाफ गर्दा कुनै अन्याय पऱ्यो भने दुइटै पादुका आपसमा जुधेर आवाज दिंदो रहेछ र न्यायमा पुनःविचार गर्दो रहेछ । यसरी पादुकाद्वारा तीन वर्ष राज्य गरिसकेपछि राम-पण्डित आफ्नो वनवास पूरा गरी वाराणसी फर्केर एउटा उद्यानमा बसी राजदरबारमा आफू आएको समाचार पठाइ दिए ।

वाराणसी उद्यानमा सबै आई राम-पण्डितलाई जात्रा सहित नगर परिक्रमा गराई राजदरवार भित्र राज्याभिषेक गरे । त्यसपछि राम-पण्डितले सुचन्दक प्रासादमा बसी सोन्ह वर्ष सम्म राज्य गरी मृत्युपछि स्वर्गवास भए ।

जातकको सारांशमा त्यसबेलाको दशरथ राजा शुद्धोदन हो, आमा महामाया, सीतोदवी राहुलमाता, भरतकुमार आनन्द, लक्खण सारिपुत्र परिषद् सबै बुद्ध परिषद् र राम-पण्डित स्वयं बुद्ध हुनुहुन्थ्यो ।



Downloaded from http://dhamma.digital/

## मातृत्व र धर्म

जातकको कथनमा आमा-बाबाको कारणद्वारा आफ्नो सन्तानको अहित भयो भनेर कहीं कतै सुनेको खण्डमा संसारबाट धर्म लोप भयो भनी सम्झे पनि हुन्छ। अथवा आमा-बाबाको आफ्नो सन्तानप्रतिको असीम प्रेम भावले संसारमा धर्मको रक्षा भइरहेको छ। यो कुरालाई जातकमा अति मार्मिक ढंगले निम्नानुसार प्रस्तुत गरिएको छ।

वाराणसी देशमा राजा ब्रह्मदत्तले राज्य गरिराखेको समयमा एउटा घरमा एकजना कुलपुत्रले बाबुको मृत्युपछि आफ्नो आमालाई अत्यन्त आदरपूर्वक सेवा सुश्रुषा गरिराखेको थियो। उसले आफ्नो आमालाई नै देउता सम्झेर राख्यो।

एकदिन आमाले भनिन्– "बाबु, तिमीलाई घर धन्दाले धेरै दुःख भयो। दतिवन ल्याउने, नुहाइदिने, लुगा धुने, सफा सुग्घर, खाना पकाउने आदि कामहरू एक्लैले कति गर्ने ? अब तिमीले समान जातको एउटा कन्यासँग बिहे गर। अनि तिम्रो पनि मेरो पनि सेवा गर्छिन्।" त्यसपछि फेरि छोराले जवाफ दियो– "आमा, मैले आफ्नो हित सुखको लागि नै तपाईको सेवा गरिराखेको हुँ।"

त्यसो भए कुल-वृद्धिको लागी भएपनि तिमीले विवाह गर्नुपर्छ भनी आमाले भनिन्। जवाफमा छोराले भन्यो– "आमा म त बाचुञ्जेल तपाईको सेवा गर्ने अनि त्यसपछि प्रव्रजित हुन्छु।"

यसरी आमाले बारम्बार भनेपछि एकदिन छोराले एकजना केटीसँग विवाह गर्नु नै पऱ्यो।

विवाहित जीवन केही दिन त राम्ररी नै बित्यो। पछि विस्तारै विस्तारै बूढी आमा उनीहरूलाई बोझ हुन थाल्यो र झगडा पनि हुन थाल्यो। कहिले आमाको



Downloaded from http://dhamma.digital/

गुनासो त कहिले स्वास्नीको गुनासो सुन्दा सुन्दा छोरो दिक्क भएछ र झगडा पनि झन् झन् बल्झदैं गयो । घरबाट सुख चैन सबै हरायो, अनावश्यक तर्क र छलछाम पनि हुन थाल्यो । आमा चाहिंको कुरा कमजोर र उनी दोषी देखिन थालिन् । एकदिन असह्य भएर छोरोले आमालाई भन्यो– "आमा, हजुरत सँधै झगडा मात्र गरिरहनुहुन्छ, त्यसैले हजुर अन्तै बस्न जानुहोस् ।" छोराको यो निर्णयले मातृ-हृदयमा ठूलो ठेस लाग्यो । विचरी बूढी आफ्नो दुःखको व्यथालाई समेट्दै रूँदैरूँदै घरबाट हिंडिन् र एउटा घरमा नोकरनीको काम गरी बसिन् । संयोगको कुरा भनौं, जब बूढी घरबाट निस्किन् यता बुहारी चाहिं गर्भवती भई । अनि बुहारी चाहिंले सबै साथीहरूलाई भन्दै हिंडिन् कि– "त्यो अलक्षिणी बूढी भएसम्म मेरो गर्भ रहेन, जब उनी गइन् तबमात्र मेरो गर्भ रह्यो ।"

केही दिनपछि उनले छोरा पाइन् । फेरि छोरा नै पाएपछि त गर्वकासाथ उनी भन्दै हिंडिन्– "जब अलक्षिणी बूढी घरबाट बाहिर गइन्, तब मैले हिरा जस्तो छोरा पाएँ ।"

बूढी आफू घरबाट निस्कनासाथ बुहारीले छोरा पाएको, अनि उनले आफू बारे अनेकौं कुरा काटेको सम्पूर्ण कुरा थाहा पाई बूढीको मनमा ठूलो चोट पुग्यो । मनमनै विचार गर्न थालिन् कि अब भने संसार नै अनर्थ भयो । साँच्चिकै संसारबाट धर्म लोप भयो (मऱ्यो) । यदि धर्म छ भन्देखिन् आमालाई घरबाट निकाली उनीहरूले छोरा नै जन्माउने कसरी ? फेरि उनीहरू कसरी सुखसँग बस्न सके ? त्यसैले अब पक्का पनि संसारबाट धर्म लोप भएको हो । म धर्मको श्राद्ध गर्छु ।

एकदिन उनी तील र माटोको भाँडा लिई मसानतिर हिंडिन् । त्यहीं उनले तीन टुक्रा हाडहरू मिलाएर चुल्हो बनाए । आफू नुहाई धुवाई गरी चुल्होमा आगो सल्काइ भिजेको कपाल फिजाई तील पखालिन् ।



Downloaded from http://dhamma.digital/

त्यस समय देवेन्द्र शक्र बोधिसत्त्व हुनुहुन्थ्यो। यता बूढी आमा आफ्नो दुःख सहन नसकी धर्म मऱ्यो भन्दै धर्मको नाउँमा श्राद्ध गरिराखेको शक्रले देख्यो। अनि शक्र ब्राह्मणको भेषमा आइ भन्यो– "आमा, यहाँ श्मशानमा त कसैले भात पकाँउदैन तर तपाईले भने तील पखाली के गर्न लाग्नु भएको हो ?"

वूढीले जवाफ दिइन्– "ब्राह्मण ! यो तीलोदन भोजनको लागी होइन, बरू धर्म मरेकोले मैले धर्मको नाममा श्राद्ध गर्न लागेको मात्र हुँ।"

"अरे, कात्यायनी राम्ररी विचार गरी मात्रै गर्नु। कसले भन्यो धर्म मऱ्यो भनी ? धर्म कहिले मर्दैन।"

"हे ब्राह्मण ! तिमी बढि नबोल। मलाई राम्ररी थाहा छ धर्म साँच्चिकै मरिसकेछ। यसको प्रमाण मसँग थुप्रै छन्। किनकि आजकाल जो पापी छन्, उनीहरू नै सुखी छन्। यसको उदाहरण मेरी बुहारीले मलाई गर्नुसम्म अन्याय गरी, ऊ नै घरको मालिक्नी भई अझ उसैले छोरा पाई। म भने अनाथ भएँ।"

यो कुराले शक्रको मन छोयो। शक्रले आफ्नो शक्तिको प्रभावद्वारा बूढीको छोराको मनमा मातृ-गुण उत्पन्न गराइदियो। त्यही प्रभावद्वारा छोरा आमा कहाँ गई क्षमा मागी छोरा, आमा र बुहारी सबै प्रेमपूर्वक जीवन बिताए।

**अभ्यास प्रश्नहरू :**

(१) आमा-बाबा किन पूर्वाचार्य हुन् ?
(२) भनेको कुरा नमान्ने छोराछोरीको जीवन कस्तो हुन्छ ?
(३) दशरथ जातकबाट हामी के शिक्षा पाउन सक्छौं ?
(४) दशरथ जातकलाई संक्षिप्तमा प्रस्तुत गर्नुहोस्।



Downloaded from http://dhamma.digital/

## आमा-बाबाको सेवाद्वारा सुगति

आमा-बाबाको सेवा गर्नुलाई जीवनको मङ्गलमय कार्य हो भनी भगवान् बुद्धले आज्ञा गर्नु भएको छ । जसले आमा-बाबाको सेवा गर्छ, त्यसलाई त्यसको जीवनमा सधैं शुभ, कल्याण र मङ्गल हुन्छ ।

आमा-बाबाको सेवा गर्नु भनेको काय (शरीर), वाक (वचन) र चित्तद्वारा सम्मान गर्नु तथा पालनपोषण एवं सेवा सुश्रुषा गर्नु हो । नेपालको रितिथिति अनुसार वर्षको एकदिन आमा र बाबाको मुख हेर्ने दिनको रूपमा मनाउने चलन छ । तर यसको अर्थ केवल एकदिन मात्र आमा-बाबालाई मिठो खाना खुवाउने, मान सम्मान गर्ने नभई सर्बदा आमा-बाबालाई उचित खाना लाउने र आवश्यक सेवा दिई मन प्रसन्न गरिराख्नु नै छोराछोरीको कर्तव्य हो । यसरी श्रद्धापूर्वक सेवा गर्ने व्यक्ति नै वास्तवमा मृत्युपछि सुगतिमा जान्छ ।

## आमा-बाबाको सेवामा बुद्धको आदर्श

आमा-बाबाको सेवा प्रत्युपकार बुद्ध र बोधिसत्त्वहरू सबैले गर्नुहुन्छ ।

भगवान् बुद्धको (सिद्धार्थ) जन्मदाता आमा महामाया, उनलाई जन्म दिएको सातौं दिनमै परलोक भएकी थिइन् । त्यसपछि उनलाई महाप्रजापति गौतमीले पालनपोषण गरिन् ।

सिद्धार्थ बोधिज्ञान प्राप्ति पछि अर्थात् बुद्ध भइसकेपछि आफ्नो बाबा शुद्धोदनको निमन्त्रणामा कपिलवस्तु पाल्नु भयो । बुद्धको निम्ति सबै समान हुन् । तर पनि



Downloaded from http://dhamma.digital/

शुद्धोदनको निमन्त्रणामा उहाँ दरबारमा पाल्नु भयो र आफूले प्राप्त गरेको ज्ञान सबैलाई बाँड्नु भयो । जुन प्राप्त गरी राजा शुद्धोदन अनागामी हुनुभयो ।

पछि राजा शुद्धोदन साह्रै बिरामी भयो । यो खबर पाउने बित्तिकै जगत कल्याणमा महाकारूणिक हुनुभएका तथागतको कपिलवस्तुमा आगमन भयो । उहाँको यो आगमन निःसन्देह आफ्नो बाबाप्रति छोराको कर्तव्य परायण र आर्दश हो । राजा शुद्धोदन अर्हत् हुनु भई निर्वाण प्राप्त गर्नु भयो । राजाको मृत्युपछि महाप्रजापति गौतमीलाई भिक्षुणी बन्न स्वीकृति दिनु भई बुद्ध शासनमै प्रथम भिक्षुणी भइसकेपछि पनि गर्वका साथ भन्नुहुन्छ– "भगवान्, तपाई एकातर्फ मेरो पिता हुनुहुन्छ भने अर्को तर्फ छोरा ।"

यो भनाइबाट एकजना भिक्षुणीको कति श्रद्धा छ, त्यति नै माया ममता पनि छ भनी बुझिन्छ । बुद्ध पनि मातृ ममता पाएकोमा त्यत्तिकै खुशी छन् ।

बुद्धलाई जन्ममात्र दिने आमा प्रति पनि उहाँ उत्तिकै कृतज्ञ हुनुहुन्छ । पालि साहित्यमा वर्णन गरेको पाइन्छ कि बसिरहनु भएका महामायादेवीलाई भगवान् बुद्धले त्यहीं तुषित देवलोकमा जानुभई उपदेश गर्नु भएको थियो । अझ भगवान् बुद्धले त्यहाँ आफ्नो आमा महामायादेवीलाई बौद्ध दर्शनको मूल वा सार रूप अभिधर्म बारे उपदेश दिनुभएको थियो । बुद्धको बौद्ध आदर्शमा मातृ-सेवाको यो भन्दा ठूलो उदाहरण अरू के नै हुनसक्छ र ?

## राहुलको आदर्श

भगवान् बुद्ध प्रथम पटक कपिलवस्तु पाल्नु भएको बेला राहुल छ, सात वर्षको बालकै थियो । त्यसैले राहुलले आफ्नो बाबालाई चिनेको थिएन । राहुल



Downloaded from http://dhamma.digital/

जन्मेको सात, आठ दिनपछि नै बुद्ध महाभिनिष्क्रमणका लागी जानु भएको थियो । यो घटनालाई (अवसर) कविहरूले अत्यन्त राम्रोसँग चित्रण (सदुपयोग) गरेका छन् । सर्वप्रथम बुद्ध कपिलवस्तु पाल्नु भएको बेला राहुलमाताले राहुललाई उनको बाबाको चिनारी दिंदै गरेको दृश्य साह्रै नै सुन्दर घटना हुन् ।

ताराहरूको बिचमा चन्द्रमा झैं भिक्षुहरूको लहरमा पाल्नु भएका बत्तीस लक्षण र अस्सि व्यञ्जनले संयुक्त भएको बुद्धलाई आफ्नो आमाले राहुललाई चिनाइ दिनुभएको थियो । अनि भने कि– "जाऊ तिम्रो बुबासँग अंश माग्न जाऊ ।"

राहुल दौड्दै गएर बुद्धको हात समायो । राहुलले भन्यो– "कति शीतल छ तपाईको यो छाँया ।" तथागतको छाँया, त्यसमा पनि बुबाको छाँया शीतल नहुनु पनि कसरी ?

राहुलले फेरि भन्यो– "मलाई अंश दिनुहोस् ।" जवाफमा बुद्धले राहुललाई हात समाइ आफू बस्ने स्थानतिर लग्नुभयो र अग्रश्रावक सारिपुत्रलाई भन्नुभयो "यसलाई प्रव्रजित गर ।" यस्तो बालकलाई प्रव्रजित गर्ने कसरी सारिपुत्र अक्कमक्क भयो । बुद्धले त्रिशरणगमन र दश शिक्षा विधि प्रयोग गरी श्रामणेरत्वको व्यवस्था गरिदिनुभयो । राहुल श्रामणेर हुनुभयो । सिद्धार्थको पुत्र बुद्ध शासनमा सबभन्दा पहिलो श्रामणेर भयो । यसलाई सरल रूपमा सम्झनका निम्ति यसरी हेरि ।

*"तिमीलाई तिम्रो अंश म बाँडिदिन्छु*
*अंश हो मेरो शुद्ध रगतको*
*तिमीलाई राख्दछु म सुगत सुमार्गमा*
*पवित्र चीवर पात्र दिई ॥"*



Downloaded from http://dhamma.digital/

यसरी पुत्र प्रेममा, पुत्रको “श्रामणेरत्व” प्रारम्भ भयो ।

राहुल श्रामणेर भयो । यता शुद्धोदनको परलोकपछि प्रजापती गौतमी पनि भिक्षुणी भइन् । अनि राहुलमाताले मनमा राखे कि– “म पनि भिक्षुणी हुन्छु र बुद्धको दिनहुँ दर्शन गर्छु साथै राहुलको पनि दिनहुँ मुख हेर्छु ।”

राहुलमाता भिक्षुणी भइन् । राहुलको दिनहुँ मुख देख्न सक्ने भइन् ।

एकदिन राहुल-माताको निकै पेट दुख्यो । राहुललाई भेट्न जान सकेनन् । पेट दुखेको खबर भिक्षुणीहरूले राहुल समक्ष पुऱ्याइदिए । राहुल आफ्नो आमा कहाँ गयो । भिक्षुणी बिम्बादेवी (राहुलमाता) को असाध्य पेट दुखिरहेको थियो । राहुलले सोध्यो– “आमा, तपाईलाई के गरेमा पेट दुखेको निको हुन्छ ?”

राहुलले भन्यो– “यसको लागि म कोशिश गर्छु ।” राहुल त्यहाँबाट फर्की आफ्नो उपाध्याय धर्म सेनापति सारिपुत्रसँग यो कुरा बिन्ति गऱ्यो । उहाँले पनि एउटा छोरालाई आफ्नो आमाको सेवागर्ने कार्यबाट कसरी बन्चित गर्न सक्नु हुन्छ र ? सारिपुत्र राहुललाई लिएर सरासर राजा प्रसेनजितको दरबारमा भिक्षा माग्न जानु भयो । जहाँ उहाँलाई आँप र सक्खरको रस प्राप्त भयो । भोजनको साथै प्राप्त भएको ती रस त्यहीं नखाइकन साथमा लिएर गएको देखि राजा प्रसेनजित् आश्चर्यमा परे । राजा प्रसेनजित्ले एक जना मान्छेलाई सारिपुत्रको पछि पछि लगाएर पठाए, उनले देखे कि ती आँप र सक्खरको रस बाहिर बसिराखेको राहुललाई दिएको । राहुलले त्यो लिई आफ्नो आमालाई दियो । यो खाएपछि भिक्षुणी बिम्बादेवीको पेट दुखाइ निको भयो । यो सबै ती मान्छेले थाहा पाई राजा प्रसेनजित्लाई बताए । अनि राजाले आफ्नो कर्तव्य सम्भी सधैं आँप र सक्खरको रस भिक्षुणी बिम्बादेवीलाई पुऱ्याइदिए ।



Downloaded from http://dhamma.digital/

## सारिपुत्रको आदर्श

धर्म सेनापति सारिपुत्र जातले ब्राह्मण हो र उनी वेद विज्ञ हुनुहुन्थ्यो । गृहस्थी जीवनमा एक दिन उनी एउटा उत्सव हेर्न जानुभएको बखतमा मान्छेहरूको हूल देखेर मनमा उनको मनमा लागेछ कि– "सय वर्ष पछि यी मान्छेहरू कोही पनि रहने छैनन् ।"

उनको मनमा यसरी अनित्य भावना जागृत भएपछि साथीसँगै घरबार निस्कनु भएर, सन्जय कहाँ परिव्राजक हुनुभयो । एकदिन उहाँको अश्वजितसँग भेट भयो, उहाँद्वारा "हेतुद्वारा जन्म, मरण हुने, हेतुको निरोधबाट नै सबै निरोध हुने" भन्ने उपदेशलाई मनन गर्दै (बुझी) बुद्ध कहाँ गई भिक्षु हुनुभयो ।

धर्म सेनापति सारिपुत्रको गुण र आदर्शका उदाहरण बारे धेरै राम्रा राम्रा प्रसंगहरू छन् । जुन यहाँ हामी सित प्रासंगिक त होला । सारांशमा भन्नुपर्दा बुद्धले जस्तै संसारलाई उपदेश दिई धर्मप्रचार गर्दागर्दै आफ्नो जीवनको अन्तिम समयतिर आइपुग्दा उहाँलाई पनि एउटा कर्तव्य पूरा गर्न बाँकी नै भएको महशुस भयो । त्यो थियो उहाँको एक मात्र जीवित रहनु भएका बृद्धा आमा कहाँ जाने र सेवा गर्ने ।

सारिपुत्र बुद्ध कहाँ गई बिन्ति चढाए– "भन्ते, मलाई परिनिर्वाण हुने अवसर दिनोस् ।" त्यसपछि बुद्धसँग बिदा लिइ सारिपुत्र आफ्नो मातृभूमि जानु भयो । आमा ज्यादै वृद्धा भइसकेको थियो र आमाले देख्ने बित्तिकै भनिन्– "बैंश भएसम्म भिक्षु भई घुमिफिर गरी हिंडे, अब म पनि बूढी भएं र तिमी पनि घर फर्किने ?"



Downloaded from http://dhamma.digital/

सारिपुत्रको आमा सारि ब्राह्मणीले सारिपुत्र भिक्षु भएको कुरा अवश्य पनि मन पराइनन् । किनभने त्यसबेला महाकारूणिक बुद्धलाई ब्राह्मणवादीले आफू विरोधी नै सम्झन्थे । त्यसैले सारि ब्राह्मणीले यस्तो भन्नु पनि स्वभाविक नै थियो । अझ मातृत्वलाई छोडिदिने भनी चित्त दुखाउनु पनि स्वाभाविक नै हो । तर सारिपुत्रलाई रोक्न सकिने कुरा पनि भएन किनकि उहाँ एक त भिक्षु अर्को आफ्नै छोरा पनि त हो ।

सारिपुत्र आफू जन्मेको कोखमा गइ बस्नु भयो । उहाँको परिनिर्वाणको समय नजिकिँदै थियो । उहाँको सेवा गर्न देवता, ब्रह्मा र महाब्रह्माहरू पालैपालो आ-आफ्ना जजमान देव-प्रभा फैलाउँदै आए । यी सबै सारि ब्राह्मणीले देखिन् ।

भोलिपल्ट आमाले छोरासँग सोधिन्– "बाबु, हिजो तिम्रो कोठामा आउने को थिए ?"

"आमा तिनीहरू देवताहरू हुन् ।"

"किन आएको त ?"

"मेरो सेवा गर्न ।"

"त्यसो भए तिमी देवताहरू भन्दा पनि माथि (मान्यवर) हो, त ?" ब्राह्मणीले आश्चर्यपूर्वक सोधिन् ।

अझ पछि आउने देवताहरू ब्रह्मा र महाब्रह्मा भनेपछि त झन् आश्चर्यको सीमा नै रहेन । किनभने ब्रह्मा र महाब्रह्मा त उनीहरूका आराध्य देवता हुन् ।



Downloaded from http://dhamma.digital/

आफ्ना आराध्य देवताहरूको नै आफ्नो छोराको सेवा र पूजा गर्न आइरहेको कुरा सुनी ब्राह्मणी अति नै प्रसन्न भइ रहिन् । यही मौकामा सारिपुत्रले आफ्नो आमालाई धर्मदेशना गर्नु भएर जीवनको कर्तव्य र आफूले जीवनमा के कति गर्नुभयो भन्ने कुरा प्रष्ट पारी खुशी पार्नुभयो । छोराबाट धर्मको व्याख्या सुनी उनमा भएका भेदवाद हट्यो र बुद्धधर्मलाई बुझिन् । र सारि ब्राह्मणी श्रोतापत्ति भइन् । यसरी आफ्नो आमाको मनमा धर्मप्रीति उत्पन्न गराइसक्नु भएपछि सारिपुत्र महास्थविर परिनिर्वाण हुनुभयो ।

यो कुराले प्रष्ट पार्छ कि ब्रह्मा र महाब्रह्माद्वारा पूजा गर्न योग्य मानिसले पनि आफ्नो आमा-बाबाप्रति कर्तव्य पालन गर्नुपर्छ । सारिपुत्र भन्तेको यो आदर्श बौद्ध-साहित्यमा आमाको सेवाको आदर्शको पनि आदर्श भएको मान्नु पर्दछ ।

## आमा-बाबाको सेवक हात्तीको प्रतिमा

पालि साहित्यमा आमा-बाबाको सेवा गर्ने गुणको बारे वर्णन गर्ने कम प्रयास गरेको छैन । एउटा जातक छ, जसमा आमा-बाबाको सेवा गर्ने हात्तीको शिला (पत्थर) को प्रतिमा बनाइराखेको बयान गरेको छ । अझ पूजा पनि गरी देखाएको छ । कथा यस प्रकार छ–

वाराणसीमा राजा ब्रह्मदत्तले राज्य गरिराखेको समय थियो । ती हात्ती अस्सिहजार हस्तीहरूको समूहको नाइके थियो । उ सधैं आफ्नो परिषद्सँगै घुम्दै घुम्दै ल्याएको फलफूल आफ्ना अन्धा आमालाई साथीहरूको साथमा पठाइदिने गर्थ्यो । तर एकदिन आफूले सधैं दिइ पठाउने फलफूल सबै आमा कहाँ नपुगेको र खान नै नपाई दुर्बल भएको कुरा उसले थाहा पायो ।



Downloaded from http://dhamma.digital/

अनेक उपाय गर्दा पनि केही नलागी एकदिन उसले आफ्नो हात्ती परिषद् नै छोडिदियो । आफ्नो अन्धा आमालाई लिई चण्डोरण पर्वतमा गई आनन्दपूर्वक बसिराख्यो । त्यहाँ बसी उसले आफ्नो वृद्ध अन्धा आमाको सेवा गरी जीवन विताइ राख्यो । एकदिन फलफूल लिई आइरहेको बेला एकजना मानिस रोइ राखेको आवाज सुनेर उसको मनमा करुणा जाग्यो । र गएर मानिससँग सोध्यो– "तिमी, किन रोइराखेको ?" मानिसले भन्यो– "मैले बाटो भुलें र शिकारी साथीहरू पनि हराए । त्यसैले रोइराखेको ।"

हात्तीले उसलाई बाटो देखाई जंगलको बाहिरसम्म ल्याइदिए । आफ्नो बाटोमा ल्याइ पुऱ्याएपछि फेरि तीनै सेतो राम्रो हात्तीप्रति उनको मनमा पाप उब्ज्यो । र उसले मनमनै सोच्यो कि यो हात्ती राजालाई चढाउन योग्य छ ।

ती कृतघ्न मानिस आफ्नो देशमा आइपुग्यो । राजा कहाँ गई भने– "एउटा सेतो सुन्दर हात्ती तपाईलाई मनपर्छ भने म देखाइ दिने छु ।"

राजालाई सेतो हात्ती चढ्ने रहर त हुने नै भयो । राजाले तुरुन्तै त्यो मान्छेको साथमा हात्ती पक्रने मान्छेहरू पठाइदिए । आमाको सेवा गरिराखेको ती शान्तप्रिय विचरो हात्तीलाई उनीहरूले घेरामा पारे र हात्तीले पनि कुनै विरोध नजनाइ उनीहरूकै पछिपछि दरबार गयो । हात्तीलाई दरबारमा त ल्याइ पुऱ्यायो, तर त्यहाँ उनले खाने, पिउने केही गरेन र हात्ती दुब्लाउँदै गयो । एकदिन राजा आफै खाना खुवाउन गए र भने– "हे हस्तिराज, किन यसरी खाना नखाई दुब्लो पातलो भई अपशोच गरिराखेको ?"

हात्तीले जवाफ दियो– "म यहाँ आनन्दले खाएर बसिराखेर के गर्ने ? बिचरा त्यहाँ आँखा नदेख्ने अन्धी त्यसै बसिराखिकी होलिन् ।"



Downloaded from http://dhamma.digital/

राजाले सोध्यो– "उनी को हुन् नि ?" हात्तीले भन्यो– "त्यो विचरी अन्धी बाटो नदेख्ने, अनि चण्डोरण पर्वततिर खुट्टा पसारी रूखको खोंचमा जतातत्तै ठोकिँदै हिंडिराख्ने मेरी आमा हुन् ।" फेरि उसले भन्यो– "म यहाँ परें त्यसैले उनी भोकै बसिराखेकी होलान्, त्यसैले म मात्र कसरी खाएर बस्नु ?"

हात्तीको यस्तो कुरा सुनी राजाको मन पग्ल्यो । उसको आमा प्रतिको भक्ति देखी राजा खूब खुशी भए । त्यसैले उसलाई त्यहाँबाट मुक्त गरियो । फेरि उसको ढुङ्गाको मूर्ति बनाइ हस्तिपूजा भनी चाड वा जात्रा प्रत्येक वर्ष मनाउने चलन बनाइदियो ।

जातक कथाको अन्तमा उल्लेख भएको हात्ती बोधिसत्त्व हुन् । यो जातकको सांराशबाट के बुझ्न सकिन्छ भने बोधिसत्त्व, जो संसारको हित गर्न बोधिज्ञान प्राप्त गर्न प्रतिज्ञाबद्ध हुनुहुन्छ भने आमा-बाबाको सेवा गरी कर्तव्य पालन पनि गर्नु हुन्छ ।

**अभ्यास प्रश्नहरू :**

(१) भगवान् बुद्धले आमा-बाबाको सेवा गर्नुपर्छ भनेर कस्तो आदर्श देखाउनु भएको छ ?

(२) राहुल कुमारको मातृ सेवा आदर्श कस्तो थियो ?

(३) राहुलमाता किन भिक्षुणी भइन् ?

(४) भिक्षुणी बिम्बादेवीको पेट दुखाइ कसरी निको हुन्छ ?

(५) सारिपुत्र भन्तेको आदर्श बौद्ध साहित्यमा आमाको सेवाको आदर्शको पनि आदर्श हो भन्ने कुरालाई कथाका साथै चित्रण गर्नुहोस् ।

(६) बोधिसत्त्व हात्तीले अन्धा आमाको सेवा कसरी गरे ? उनलाई के कस्ता समस्या परेको थियो ?



Downloaded from http://dhamma.digital/

## वृद्धावस्थामा आफ्ना बच्चाहरू नै आधार हुन्

एउटा जातक कथा, जुन कथामा आमा-बाबा वृद्ध भएपछि वा शारीरिक अशक्त अवस्थामा सन्तान कै भरोसा हुन्छ भन्ने कुरा स्पष्ट भएको छ ।

वाराणसीमा पिलीयकवले राज्य गरिराखेको समय थियो । वाराणसी भन्दा पर नदीको दुईतिर दुईवटा गाउँ रहेछ । एउटाको नाउँ बिषाद रहेछ । दुइटै गाउँका नाइकेहरूको आपसमा पहिले नै सल्लाह गरिराखेको रहेछ कि एउटाको छोरा र अर्कोको छोरी जन्मेमा उनीहरूको दुवैको विवाह गरिदिने । केही समयपछि बिषाद गाउँको नाइकेको छोरा जन्म्यो र उता गाउँको नाइकेको छोरी जन्म्यो । एक जनालाई दुकुलक नाम दिइयो । अर्कोको नाम परिका राखियो ।

दुवैजना सोन्ह वर्ष पुगेपछि विवाह गरिदिए । तर उनीहरू दुवैजना ब्रह्मलोकबाट आएका हुनाले गृहस्थी तर्फ मन गएन । उनीहरूलाई प्राणी हत्याको जीवन पनि मन परेन । त्यसैले आमा-बाबाहरूबाट सजिलै बिदा प्राप्त गरी दुवै घर त्यागी गंगातटको हिमाल तर्फ गएर पहेंलो वस्त्र धारण गरी ऋषि प्रव्रजित भए । समय समयमा शक्रले उनीहरूको सेवा गर्न आउँथे ।

एकदिन शक्रले भने– "मेरो विचारमा तपाईहरूलाई भविष्यमा हेरविचार गरी सेवा गर्नका लागि एउटा छोरा त अवश्य चाहिन्छ ।"

"शक्र, यो के भनेको तिमीले ? हामीले गृहस्थ जीवनमा त काम-कर्म सेवन गरेनौं भने झन् यो त्यागी जीवनमा त कसरी सम्भव हुन्छ ?" शक्रले भने–



Downloaded from http://dhamma.digital/

"त्यसो भए भैगो । तर एउटा छोरा त चाहिन्छ नै, त्यसैले तपस्वीनी ऋतुमती हुने बेलामा एक पटक हातले उनको नाइटोमा छोइ दिनुस् ।"

यो कुरालाई दुकुल पण्डितले स्वीकार गरे । र तपस्वीनीको नाइटोमा छोइदिने बित्तिकै देवलोकबाट बोधिसत्त्वले जन्म लिन आए । (यसै जातकीय उल्लेख भद्रकल्पावदानमा राहुल जन्म प्रकरणमा बुद्ध-जीवनी विशुद्धिकरणमा उल्लेख हुन गएको हुनुपर्छ – ले.) त्यस कुमारलाई स्वर्णसाम भनी नाम राखे । स्वर्णसामलाई किन्नरीहरूले पालनपोषण गरी हुर्काए ।

स्वर्णसाम युवावस्थामा पुगेभने तपस्वी, तपस्विनीको ढल्कँदै गए । उसले आमा-बाबाको मन लगाई सेवा उपस्थान गरिरह्यो । एकदिन जंगली सर्पको श्वासद्वारा दुवै वृद्ध बृद्धाको आँखाको ज्योति गुम्यो र आँखा नदेख्ने भए । अनि स्वर्णसाम एक मात्र उनीहरूको जीवनको सहारा बने ।

एकदिन पिलीचक्ख राजा शिकार गर्दागर्दै त्यहीं आइपुग्यो । स्वर्णसाम पनि आफ्नो आमा-बाबाको खानाको लागि फलफूल र पानी लिन त्यहीं नदी किनार गएको बेला राजा, जो मृगको शिकारको लागि पर्खिबसेको थियो र त्यहाँ उसले स्वर्णसामलाई देखेर सोचे– "यी को होला ? मैले एकजना पनि मानिस नदेखेको धेरै भइसक्यो । नजिक गएर सोध्न जाउं भने यदि त्यो देवता भए आकाशमा उडेर जान्छ, नाग भए भूमिमा लोप भइ जान्छ । फेरि यस्तो अद्‌भूत कुरालाई आफ्नो देशमा फर्की सबैलाई जानकारी पनि त दिनु पर्छ । यति मनमा सोची राजाले स्वर्णसामलाई दुर्बल मात्र गर्ने निर्णय गरी उसमाथि बाण छोडे । स्वर्णसामलाई बाण लाग्यो, ऊ त्यहीं बिस्तारै पानी भरेको घैंटो भूँइमा बिसाएर आमा-बाबा



Downloaded from http://dhamma.digital/

भएतिर शिर पारी बिस्तारै ढल्यो। अनि उसले सोधे– "मलाई यो बाणले हान्ने को हो ? मेरो मासु त खानेकुरा होइन तैपनि मलाई यहाँ कसले हानेको ?"

"म काशीराज हुँ। म तीर हान्नमा निपुण हुँ। मेरो तीरको अगाडि मृग आएको तर तिमी देखी भाग्यो। त्यसैले रीसले मैले तिमीलाई हानेको।" स्वर्णसामले भने– "होइन राजन, मैले जाने बुझेदेखि मृगहरू म देखि डराएको मलाई थाहा छैन। गन्धमादन पर्वतका किन्नरहरूमात्र धेरै डराउँथे। तर उनीहरूसँग पनि म रमाइलोपूर्वक घुम्ने गर्छु। त्यसैले म देखि मृगहरू डराइ भाग्ने कुरा हुनै सक्तैन।

स्वर्णसामको कुरा सुनी राजाको मन परिवर्तन भयो। अनि उनले यथार्थ कुरा बताए– "मित्र तिमी कहाँबाट आयौ ? तिमीलाई कसले पानी लिन पठाएको अर्थात् यो पानी कसको लागि लिन आएको ?"

स्वर्णसामले आफ्नो दुखाइलाई बलजफ्ति सहेर भने– "मेरो आमा-बाबा दुवैले आँखा देख्दैन। तिनीहरूलाई नै मैले फलफूल र पानी लिन आएर पालनपोषण गरिराखेको छु। हाय..., अब तिनीहरूको हालत के होला ? खाने- कुरा त एक हप्ता सम्मलाई पुग्छ। तर पानी विना उनीहरू कसरी बाँच्लान् ? मित्र, मलाई मृत्युको कुनै दुःख लाग्दैन। तर मित्र मेरो पछाडि मेरो आमा-बाबा दुवै दुःख कष्टपूर्वक पिउँदै मर्ने भए। हाय् ...मेरो आमा कति...पर्खेर बसेकी होलिन्। र उनले कति विलाप गर्ने होला। रातदिन रुँदारुँदै उनी नदी सुके झैं सुकेर जाने भइन्। हाय्...फेरि मेरो बुबाको पनि के दशा हुने होला।

यस्तो विलाप सुनी राजाको मन पग्ल्यो। यस्तो गुणवान् प्रति मैले कस्तो अपराध गर्न पुगें भन्ने मनमा लाग्यो। त्यसकारण उनले भने– "हे कल्याण दर्शन



Downloaded from http://dhamma.digital/

साम, धेरै विलाप नगर । म यो घोर जंगलमा बसी तिम्रो आमा-बाबाको सेवा गर्छु । म तीर हान्नेमा जति निपुण छु, त्यति नै आफ्नो कुरामा पनि दृढ हुन्छु । हे, साम विरह नगर । म तिम्रो आमा-बाबाको सेवा गर्छु भन तिम्रो आमा-बाबा जंगलको कुन ठाउँमा छन् ?"

"हे राजन त्यसो भए भैगो । यो शिर तर्फको बाटोबाट गयो भने मेरो आमा-बाबालाई भेट्छ । यहाँबाट आधा कोश पर मेरो आमा-बाबा बस्छन् । उनीहरूको राम्ररी सेवा, उपस्थान गरिदिनु । हे, काशीराज तिमीलाई नमस्कार । यो घोर जंगलमा मेरो अन्धा आमा-बाबाको सेवा गर्नु । हे, काशीराज म हात जोडिरहेको छु मेरो आमा-बाबालाई यो नमस्कार (प्रणाम) सुनाइदिनु ।"

यति भन्दाभन्दै स्वर्णसाम मूर्छा परे । अनि अचेत भयो । स्वर्णसामको मृत्यु भयो भन्ठानी राजा दुःखपूर्वक त्यहाँबाट हिंडे । राजाको पदचाप सुनी तपस्वी र तपस्वीनीले सोधे– "यहाँ आउने को हं ?"

राजाले विस्तारै आफ्नो परिचय दियो । फेरि स्वर्णसामको मृत्यु भएको कुरा विस्तारै बतायो । यो कुरा सुनी उनीहरू दुवै ज्यादै दुःखी भए । राजाले धैर्य दिंदै भने– "भैगो धेरै शोक नगर्नुहोस् । मेरो प्रायश्चित भोग गर्दछु । म तपाईहरूको सेवा गर्छु । तपाईहरू नै मेरा आमा-बाबा हुन् ।"

तर पुत्र शोक कसरी बिर्सनु ? उनीहरूले भने, "हामीलाई त्यहीं लगी देऊ, जहाँ हाम्रो छोरा छ ।"

राजाले उनीहरूलाई हात समाती साम भएको ठाउँमा लिएर गए । त्यहाँ



Downloaded from http://dhamma.digital/

पुगेपछि बाबु चाहिंले स्वर्णसामको टाउको आफ्नो काखमा राखी विलाप गरिन्– “बाबु साम, तिमी कसरी धूलोमा पल्टिराखेको ? बाबु उठ ! तिमी सुत्ने बेला भएको छैन । बाबु तिमीले कसरी हामीलाई छाडेर जान लागेको ? बाबु तिमी गएर यो हाम्रो जटा कसले कोरिदिने, कसले सफा सुग्घर गरिदिने अनि कसले जल, फलफूल ल्याइ दिन्छ ?”

यसरी विरह गर्दागर्दै स्वर्णसाम चिसो नभएको उनीहरूले चाल पाए । यो देखी उनीहरूले विषको प्रभाव हटोस् भनी सत्यवाचा बोले– ***“सामको धर्मले सत्यवादिद्वारा, सामको आमा-बाबा प्रतिको सेवाभाव (व्रत) र सामको विनम्र भावद्वारा उसको विष प्रभाव हटोस् ।”***

यो सत्यवाचाद्वारा स्वर्णसामलाई परेको बाणको प्रभाव हट्यो र ऊ उठ्न थाल्यो । यसरी साम उठेपछि अन्धा आमा-बाबाले फेरि एकपटक संसार देखे भैं भयो । राजा पनि खुशी भए । राजालाई उनीहरूले दशवटा राजधर्मबारे उपदेश दिई बिदा दिएर पठाए ।

अर्को पनि एउटा जातक कथा छ, जसमा आमा-बाबाको सेवा गर्दा गर्दै आफ्नो प्राण त्याग गरेको वर्णन गरेको छ ।

वाराणसीमा ब्रह्मदत्तले राज्य गरिराखेको समयमा बोधिसत्त्व हिमालय प्रदेशमा नन्दिय भन्ने बाँदर भई जन्म लियो । साथै उनको चूल्ल नन्दिय भन्ने एउटा भाइ पनि थियो । उनीहरू दुवै हज्जारौं हज्जार बाँदरहरूको नाइके भइराखेका थिए । उनीहरूको एउटा बूढी आमा पनि रहेछ । उनीहरूले सधैं जंगलवाट आमालाई



Downloaded from http://dhamma.digital/

राम्रो मिठो धेरै फलफूलहरू पठाइ दिने रहेछ । तर ती सबै लिएर आउनेहरूले आमा चाहिंलाई नदिइकन बीचैमा आफूहरूले नै खाने गर्दो रहेछ । यस्तो हुँदाहुँदै खान नपाइ आमा चाहिं बाँदर ज्यादै दुब्लो भइन् ।

आमा दुब्लाएको देखी एकदिन बोधिसत्त्वले सोधे– "आमा, तिमीलाई हामीले धेरै मिठो मिठो फलफूल पठाइ दिन्छौ, तैपनि तिमी भने कसरी दुब्लाएको ?"

यो कुरा सुनी आमाले भनिन्– "अहँ मलाई त दिन ल्याएन ।"

आमाले यति भन्ने बित्तिक्कै बोधिसत्वको मनमा गयो कि, यदि मैले नाइके भइ काम गरिरहेमा आमा खाना र सेवा नपाई त्यसै बितेर जानेछ र आमाप्रति अन्याय हुन्छ । त्यसैले मैले आफ्नो दललाई त्यागेर भएपनि आमाको सेवामा लाग्नेछु ।

यो कुरा मनमा राखी आफ्नो भाइ चुल्ल नन्दियलाई बोलाई भन्यो– "नन्दिय, तिमी यो हाम्रो दलको नाइके भई काम गर, म आमाको सेवा गर्छु ।" तर चुल्ल नन्दियले पनि आमाको सेवा गर्न छोडेर नाइके हुने कुरमा स्वीकारेन । अनि दुवै मिली आमाको सेवा गर्न आमालाई लिई हिमालय छोडेर सीमान्तको एउटा निग्रोध रूखमुनि बास गरी बसे ।

त्यस समयमा एकजना धनुषको भरमा जीविका चलाउने शिकारी रहेछ । उनको काम नै शिकार गरी मासु बेच्ने रहेछ । एकदिन उसले केहीपनि शिकार भेट्टाउन नसकी फर्किरहेको बेला त्यहीं आइपुग्यो । त्यहाँ नन्दिय र चुल्ल नन्दिय



Downloaded from http://dhamma.digital/

आफ्नो आमालाई फल खुवाइसक़ेर रूखमुनि के बसेको थियो, उनीहरूले शिकारी देखेछ र उफ्रेर भागे । तर बूढी आमालाई भने लिएर जान भ्याएन । तर सितिमिति बूढी बाँदरलाई त हान्दैन कि भनी उनीहरूले सोचे । तर ती निर्दयी ब्याधाले खाली हात फर्कनु भन्दा यही बूढी बाँदरलाई भएपनि लाने विचार गरी धनुषले हान्न लाग्यो ।

यसरी आफ्नी आमालाई मार्न लागेको देखी आमाको सट्टा बरू म आफै मर्छु भनी सोचेर भाइलाई यति भनी नन्दिय बाँदर ब्याधाको अगाडि आई भन्यो– "हे ब्याधा, तिमीले यो हाड र छाला मात्र भएको विचरीलाई मार्न लाग्यौ, त्यसलाई नमार, बरू उनको सट्टा मलाई मार, मर्नको लागि म आफै आएं । तर पछि तिमीले यो मेरी आमालाई नमार नि ।"

ब्याधाले उसको आमालाई नमार्ने कबूल गरेनन् । तर नन्दियलाई मारिसकेपछि फेरि यसलाई मात्र किन छोडिदिने भनी बाण उचाल्यो । यो देखी चुल्ल नन्दियले आफ्नो आमालाई केही समय भएपनि बाँच्न दिनुपर्छ र ब्याधाको हातबाट मर्न दिन्न भनी सोची आफै ब्याधाको अगाडि आई भने– "हे पुरुष ! तिमीले मेरी आमालाई नमार, तिमीलाई मासुको कमी भयो भने बरू मलाई नै मार । अनि हामी दुवै दाजुभाइ मारिसकेपछि त सन्तोष होऊ । हाम्रो बूढी आमालाई चाहिं यसरी दु:ख कष्ट नदेऊ । यति भनी फेरि उनले बूढी आमालाई नमार्ने कबूल गराए । अनि आफै आई धनुषको अगाडि बसे । ब्याधाले चुल्ल नन्दियलाई पनि मारे । तर ती पापी ब्याधाको मनमा पस्यो कि त्यो बूढी बाँदरलाई मात्र किन छोड्ने, बेच्नलाई नभए पनि घरमा ख़ानलाई भए पनि हुन्छ । यति सोची उनले फेरि धनुष उचाली बूढी बाँदरलाई पनि मारिछाडे । अनि तिनैवटा बाँदर लिई सरासर गयो । ऊ घरमात्र के पुगेको थियो, उनको घरमा



Downloaded from http://dhamma.digital/

चट्याङ परी घर र घरभित्र स्वास्नी, दुइटै छोराहरू सबै भष्म भइसकेका थिए । अनि ती ब्याधा पनि अविंचि नरकमा पतन भयो ।

यो कथाले स्पष्ट पार्छ कि बोधिसत्त्वले आमा-बाबाको सेवा मात्र गर्ने होइन कि आफ्नो आमा-बाबाको लागि प्राण समेत त्याग गरी बोधिसत्त्व आदर्श प्रकट गर्दछ । यस्तो मंगल एवं आदर्शमय कार्य गर्नेलाई यदि कसैले बाधा दियो भने तिनको गति नरक नै हुन्छ ।

यसरी बौद्ध-साहित्यमा आमा-बाबाको सेवाको आदर्श बारे धेरै कथाहरू पाइन्छन् । बौद्ध नैतिक-शिक्षाको "वसल सूत्र" मा उल्लेख भएको पाइन्छ कि जो व्यक्तिले आफू सक्षम र सार्मथ्य भएर पनि वृद्ध-वृद्धा, असमर्थ भइसकेका आमा-बाबालाई पालन पोषण गर्दैन; अझ वचनद्वारा दुःख दिने गर्छ ती व्यक्तिलाई वृषल (वसल) अर्थात् नीच भनिराखेको छ । मानिसको अवनति हुनुको एउटा कारण आमा-बाबालाई अपमान गर्नु पनि हो भनी "पराभव सुत्त" मा उल्लेख गरिएको छ । अनि "धम्मिक सुत्त" मा आमा-बाबाको सेवा, उपस्थान गर्नु नै स्वयं प्रभदेव हुनु नै गृहस्थ धर्म हो भनी उल्लेख गरेको छ । यसको ठिक उल्टो वृद्ध आमा-बाबाप्रति दिक्क भई दुर्व्यवहार गर्नु अर्थात् सुखी सन्तति परम्परा, जुन स्नेह सूत्र चुंडाल्नु (समाप्त पार्नु) हो भने अर्को तिर भविष्यमा आफूलाई पनि त्यही अवस्थामा निम्त्याउनु हो । यस बारे एउटा रोचक जातक कथा छ ।

जस्तो आफूले बाबा प्रति व्यवहार गर्छ, त्यस्तै छोराले पनि गर्छ ।

वाराणसीमा राजा ब्रह्मदत्तले राज्य गरिरहेको समय बोधिसत्त्व एकजना व्यापारीका कुलमा जन्म भयो ।



Downloaded from http://dhamma.digital/

व्यापारीका पिता ज्यादै वृद्ध भइसकेको थियो । हिंड्न नसक्ने, आँखा कमजोर भइसकेको थियो भने बोलि पनि लरबराउँथ्यो । तैपनि उसमा रोग भने थिएन । स्वस्थ नै थियो । उनको सेवा सुश्रूषा गर्दा गर्दै छोरा र स्वास्नी चाहिं दिक्क भइसकेका थिए । वृद्धलाई पाल्नु बच्चालाई स्याहार्नु (पाल्नु) भन्दा गाऱ्हो भयो, उसको फोहर सफा गर्नु गाऱ्हो र घिनाउन थाल्यो । आखिर उनीहरूको मनमा कुविचार आइहाल्यो र जंगलमा लगी वृद्धलाई फाल्न लाने आपसमा सल्लाह भयो ।

बाजेको विषयमा आमा-बाबाकोबीच भएको सल्लाह सबै सानो वच्चाले सुनिरहेको थियो । फेरि भोलिपल्ट बाबु चाहिंले गर्ने काम प्रति खुब ध्यान दिइ हेरिराख्यो ।

आफ्नो बाबाले बाजेलाई भने– "तिमी वृद्ध भइसक्यौ । हाम्रो ऋण लिनुपर्ने धेरै ठाउँ बाँकी छन् । त्यसैले तिमीसँग लिन गएमा आसामि सजिलै उठ्छ । बा र मसँगै गएर लिनुपर्ने पैसा उठाउन जाऊँ ।" वृद्धले मनमनै सोचे कुरा ठिकै हो । पछि आफू बितेपछि छोराहरूलाई नचिने जस्तो गर्न सक्छ । त्यसैले आफू छँदै लिनुपर्ने जम्मै लिइराख्नु नै राम्रो हुन्छ । मेरो मुख देखेपछि दिनुपर्ने कसरी नदेला र ?"

वृद्ध जानको निम्ति तयार भयो । गाडा पनि ठिक पारे । अनि वृद्धलाई गाडामा राखे, आफू पनि बस्न ठिक्क पारे । फेरि आफूले कल्पना गरे कि चाहिने वस्तु पनि राखे । यत्तिकैमा ती वृद्धका नाति सुटुक्क गई गाडाको पछाडि लुकेर बसिराख्यो ।



Downloaded from http://dhamma.digital/

गाडा अगाडि बढ्यो र जंगलको बीचमा गइ रोक्यो । अनि एउटा बहाना बनाई वृद्धलाई एक ठाउँमा राखी आफू जंगलभित्र श्मशानतिर गयो ।

फेरि जंगलमा एक्लो छाडेर जाने कसरी ? रोइ कराइ गऱ्यो भने के हुने हो ? वृद्धको छोराले मनमनै सोचे कि खाल्डो खनी पुरिदियो भने तुरुन्तै (सजिलै) मर्छ ।

पितृ-विद्रोही छोराले जंगलको पारीपट्टि खाल्डो गहिरो हुने गरी खन्यो । अनि ऊ एकछिन थकाइ मार्न कोदालो त्यहीं राखी रूखको छाँयामा बस्यो । त्यही बेला वृद्धको नाति रूखको पछिल्तिरबाट आई त्यही कोदालो लिई उसले पनि अलि पर एउटा खाल्डो खन्न थाल्यो ।

यता छोरा चाहिं थकाइ मारिसकेपछि खाल्डोतिर हेरेको त कोदालो त्यहाँ थिएन । ऊ आश्चर्यमा पऱ्यो । चारैतिर हेरे कोही पनि देखेन । छोडेर यता उति हेरे गाडा त्यहीं थियो । वृद्ध बाबा पनि चुपचाप बसिराखेको थियो । यताउति हेरेपछि उसले परतिर केही आवाज सुन्यो । अनि त्यहीं गएर हेरेको त आफ्नै छोरा त्यहीं कोदालोले खाल्डो खनिराखेको देख्यो ।

बाबा चाहिंले सोध्यो– "ए, तिमी यहाँ किन र कहिले आयौ ?" फेरि कसरी आयौ ?"

"बाबा, म तपाईको पछि पछि नै आएँ ।" छोराले जवाफ दियो ।

बाबाचाहिंले सोध्यो– "त्यो के गरिराखेको नि ?" बाबाले के गरिराख्नु



Downloaded from http://dhamma.digital/

भएको नि ?" छोराले सोध्यो ।" म त तिम्रो वृद्ध बाजेलाई समाधिस्थ गर्नका निम्ति समाधि बनाइराखेको ।"

बाबाचाहिंको कुरा बीचमै काटी छोराले मुसुमुसु हाँसी भने– "बा, म पनि समाधि नै बनाउन लागिरहेको । बाबाको बालाई बूढा भएपछि समाधिस्थ गर्न लागे जस्तै तपाई पनि बूढा हुने बेला समाधिस्थ गर्नु नै पर्ने भएकोले अहिले नै म पनि समाधि तयार पारिराखुँ भनी बनाइराखेको । मैले सोचें कि पछि खुरूक्क समाधिस्थ मात्रै गरे भैगो नि ।"

आफ्नै छोराको यस्तो कुरा सुनी उ झस्क्यो । अनि उ निन्द्राले बिउँझे झैं भयो । त्यसपछि उसले आफ्नो बाबालाई घर ल्याई प्रेमपूर्वक सेवा सत्कार गरी राख्यो । किनकि एकदिन त्यो आफै पनि बाबा जस्तो बूढा हुने निश्चित छ । र आफूले कसरी गऱ्यो । त्यही उसको छोराले पनि सिको गर्ने निश्चित छ ।

यो जातकमा वृद्धको नाति बोधिसत्त्व हुन् । पितृद्रोही बोधिसत्त्वले कसरी शिक्षा दिन्छ भन्ने प्रश्नको उचित जवाफ यही कथाले प्रष्ट पार्दछ ।

यस्तो शिक्षा लिएर पनि आमा-बाबाको द्रोह हुन्छ भने त्यसलाई बौद्ध साहित्यमा ठूलो अपराध मानिन्छ । आमा-बाबाको हत्या गरी पाप गर्नुलाई पञ्च (पाँच) महापाप मध्ये दोश्रो स्थानमा पर्न आउँछ । आमा-बाबाको हत्यारालाई वृद्धको आर्शिवाद प्राप्त हुँदैन । पञ्च (पाँच) महापाप गर्नेलाई बौद्धहरूको परित्राण पाठले पनि कुनै प्रभाव पार्दैन । यी कुराले आमा-बाबाप्रति बौद्ध दृष्टिकोणलाई प्रष्ट पार्छ ।



Downloaded from http://dhamma.digital/

बौद्ध साहित्यले राजा अजातशत्रुलाई नर्कबाट मुक्त भएको देखाएको छैन । किनकि उसले पनि आफ्नो बाबा राजा बिम्बिसारको हत्या गरेको थियो । भगवान् बुद्धको दुइ अग्रश्रावकहरू मध्ये दोश्रो स्थानमा रहेका अग्रश्रावक मौद्गल्यायनको परिनिर्वाण वृत्तान्तमा आमा-बाबालाई दुःख, कष्ट दिएको विपाक पनि उल्लेख गरिएको छ । जुन विपाकद्वारा मौद्गल्यायनलाई शरीरको हाड नै भाँच्ने गरी पिटाई खानुपऱ्यो ।

## आमा–बाबालाई पिटेको विपाक

मौद्गल्यायन भन्तेको पूर्व जन्मको कुरा हो । उहाँ एक सम्पन्न कुलमा जन्म लिनुभएको थियो । युवावस्थामा पुगेपछि उसलाई आमा-बाबाले बारम्बार विवाह गर भन्दा पनि मानेन । उसले सधैं भन्ने गर्दथ्यो– "आमा-बाबाको जीवन भएसम्म म आमा-बाबा कै सेवा गर्छु, मेरो अगाडि आमा-बाबा बितेमा पछि म प्रव्रजित भई जंगलमा गइ बस्छु ।" तर यो कुराले आमा-बाबालाई सन्तोष भएन । जहिले पनि यही कुरामा रोइ कराई गरिराख्न हुनाले एकदिन लौ त भनेर आफूलाई मनपर्ने एउटा केटी विवाह गरी ल्यायो ।

विवाह गरिल्याएपछि केही वर्ष त सुखपूर्वक नै बित्यो । पछि विस्तारै उनीहरूको रमाइलो मायालु जीवनमा वृद्ध वृद्धा दुवै बोझ हुन थाल्यो । दिन बित्दै गयो दुवै झन् झन् वृद्ध भयो । यता छोरा बुहारीको मनमा पाप कल्पना बढ्दै गयो । शुरुमा स्वास्नीले आफ्नो आमा-बाबा कै बारे केही नराम्रो कुरा गरेमा गालि गर्ने गर्थे भनेपछि चुपचाप बस्न थाल्यो । यता आफ्नो कल्पना साकार पार्न, ती बोझ हटाउन अनेकौं हुने नहुने जाल रच्न थाल्यो । खानेकुरामा कहिले बढी नून



Downloaded from http://dhamma.digital/

हाल्ने त कहिले नून नै नहालिकन खान नसक्ने गरी दुःख दिन थाल्यो। कहिले तातो खुवाउने त कहिले चिसो गरी खुवाउन थाल्यो । बस्नै नसक्ने र खानै नसक्ने भएपछि वृद्ध वृद्धाको चित्त दुख्यो र जसले गर्दा वृद्धहरू स्वभावले कराउने त भइहाल्यो । घरमा झैं झगडा खाली भएन । घरमा झगडा कचिङ्गल हटाउन अनेकौं प्रयास भयो । तर चोरलाई औंसीको रात मनपर्ने झिङ्गाले दुर्गन्ध खोज्छ भने झैं घरमा फोहोर जताततै फालिराख्ने त जति जति खानेकुरा भऱ्याङमा फाल्ने गरे । अनेकौं जालझेल हुन थाल्यो, त्यहाँ सत्यताले कुनै अर्थ लिन सकेन परिणामतः घरमा जे नहुनु पर्ने थियो आखिर त्यही भयो । आखिर आमा-बाबा दुवैलाई बाधक नै सम्झे । अनि लेनदेन गर्नु पर्ने मानिसहरू कहाँ जाने बहाना बनाई आमा-वावालाई बोकी जंगलमा लगे । जंगलमा पुगेर आफ्नो आमा-बाबालाई त्यही छोडी आफूमात्र पिशाब गर्न जान्छु भनी घरतिर गए । एकछिन पछि आफै जंगलको डाँकू कै भेषमा आई आमा-बाबा दुवैलाई पिट्न थाले ।

यसरी पिटाइको वेदना सहेर पनि त्यहाँ आमाको मातृत्व उजागार भयो । उनीहरू आय्या भनी रुँदै कराउँदै दुःखलाई सहँदै भने– "ए, बाबु तिमी यहाँ नआऊ, तिमी यहाँ नआऊ । हामीलाई डाँकाले कुटिरहेछ । तिमी यहाँबाट भाग, भाग भनी कराए । वास्तवमा मातृत्व यही हो । आफ्नो दुःख, कष्टलाई पनि पर्वाह नगरी आफ्नो सन्तानको हित सुख चाहने आमा, अझ आफू मरेर पनि सन्तानको जीवन बचाउने जुन मातृत्व हामीले यही पाउन सक्छौं ।

मातृत्वको यस्तो चित्कारले ती दुष्ट पुत्रको मनमा चिसो पस्यो । बल्ल आँखा खुल्यो । अनि उनले दुवैको खुट्टा समाइ क्षमा माग्यो । फेरि घरमा ल्याई देवताहरूलाई (देवता समान) जस्तै आमा-बाबाको सेवा सत्कार गरिराख्यो । बरु



Downloaded from http://dhamma.digital/

आफ्नै जहानलाई पनि त्यागी एक्लैले आमा-बाबाको आ-जन्म सेवा गरी जीवन बितायो ।

आमा-बाबालाई दुःख कष्ट दिएको विपाक बारे बौद्ध साहित्यमा यो कथालाई राम्रोसँग प्रस्तुत गरिएको छ । आमा-बाबालाई पिटेको पाप यति भयानक हुन्छ कि जन्म जन्मान्तर पछि पनि अनेक दुःख भोगेर पनि सकिंदैन । चाहे त्यो बुद्धकै मूल शिष्य भएपनि यो पापबाट मुक्त हुँदैन भनी यो कथामा उल्लेख गरिएको छ ।

## श्रृंगार पुत्रलाई उपदेश

भगवान् बुद्धले श्रृंगार पुत्रलाई दिएको उपदेश उल्लेख गरी यो पुस्तक यहीं टुङ्ग्याउँदै छु ।

सन्तानको लामो जीवनको निम्ति तिनीहरूले आफ्नो छोरालाई श्रृंगार (स्याल, ब्वाँस्वो) भनी नाम राखेको थियो । तर उसले आफ्नो आमा-बाबाको अर्ति भने अलिकति पनि सुनेन । बाबाले आफ्नो जीवनको अन्तिम समयमा भने– "मेरो मृत्युको समय भयो बाबु । अब मेरो एउटा वचन त तिमीले सुनिदेऊ ।" आफ्नो छोरालाई फेरि भन्यो– "कुरा अरु केही होइन, मेरो मृत्युपछि तिमी बिहान सबेरै उठेर नुहाइ धुवाइ गरी भिजेको कपडाले नै पूर्व-पश्चिम, उत्तर-दक्षिण र माथि-तल दिशामा नमस्कार गर्ने गर ।"

श्रृंगारको आफ्नो बाबाको अन्तिम वचनलाई स्वीकार गऱ्यो र बाबाले भने जस्तै दिनहुँ गरिराख्यो ।



Downloaded from http://dhamma.digital/

एकदिन भगवान् बुद्ध राजगृहमा भिक्षाटन जानु भइरहेको बेला उसलाई देख्नुभयो। गृहपति (श्रृंगारपिता) ले पनि यही आशा गरेर गएको थियो कि एक न एक दिन बुद्धले उसलाई उपकार गर्ने छ। बुद्धले उनलाई सोध्नुभयो– "हे, गृहपति पुत्र, तिमीले बिहान सबेरै उठेर चिसोमा नुहाइ छ वटै दिशामा किन नमस्कार गरिराखेको ?"

श्रृंगारले आफ्नो कुरा सबै बुद्धलाई बिन्ती गर्‍यो। बुद्धले भन्नुभयो– "गृहपति पुत्र, आर्य विनयको छ वटा दिशामा नमस्कार गर्ने विधि त्यसरी होइन।"

गृहपति पुत्रले गर्ने तरिका बारे जिज्ञासा राखी बिन्ति गर्‍यो। अनि बुद्धद्वारा आज्ञा भयो– "गृहपति पुत्र भगवान्‌को आर्य विनय पालन गर्नेले पहिले चारवटा कर्मक्लेश गर्नुहुन्न, चारवटा पापकर्म गर्नुहुन्न, धन-सम्पत्ति नाश हुने ६ वटा कारण सेवन गर्नु हुन्न। गर्न नहुने यति चौधवटा पापकर्मलाई त्यागिसकेपछि मात्र ६ वटा दिशामा नमस्कार गर्नु जान्नु पर्दछ। यसरी गरेमा अनेक दिशाबाट आउने निन्दादिभय आउँदैन। यो लोकमा पनि परलोकमा पनि विजयी र सफलता मिल्ने र निर्भयी हुने र शान्ति र सन्तोष प्राप्त हुन्छ। यति मात्र नभई परलोकमा पनि सुगति प्राप्त हुन्छ।

## चारप्रकारका कर्मक्लेश

*पाणातिपातं, अदिन्नादानं, मुसावादो च वुच्वति।*
*परदार गमनञ्चेव, नप्पसंसन्ति पजिता॥*



Downloaded from http://dhamma.digital/

प्राण घात गर्ने, चोरी गर्ने, असत्य कुरा बोल्ने, व्यभिचार गर्नुलाई कर्मक्लेश भनिन्छ । यी चार कर्मलाई पण्डितहरूले प्रशंसा गर्दैनन् ।

## चार पाप कर्म नगर्नेको वृद्धि

*छन्दा दोसा भया मोहा, यो धम्मं नातिवत्तति ।*
*आपुरति तस्स यसो, सुक्क पक्खेव चन्दिमा'ति ॥*

जो व्यक्ति छन्द, द्वेष, मोह र भयको वशमा पर्दैन । त्यसको यश र कीर्ति वृद्धि भएर जान्छ शुक्ल पक्षको चन्द्रमा जस्तै ।

## धन सम्पत्ति नाश हुने ६ वटा कारणहरू

१) सुरापान (जाँड, रक्सि खाने) गरि हिंड्ने ।
२) कुबेलामा घुम्न जाने ।
३) नाच-गान हेर्न जाने ।
४) जुवा, ताश आदि खेल्न जाने ।
५) कुमित्रको संगत गर्नु ।
६) अलसि (अल्छि) भएर बस्नु ।

## ६ वटा दिशाको नमस्कार

गृहपति पुत्र, भय अर्थात् निन्दा भनेको मानिसहरूलाई ६ वटा दिशावाट



Downloaded from http://dhamma.digital/

आउँछ। ती ६ वटा दिशाबाट आउने भयलाई रोक्नुपर्छ। ६ वटा दिशाबाट निन्दादि भय आउन नदिन वा रोक्नको निम्ति ठीक तरिकाले व्यवहार र आचरण गर्न जान्नुपर्छ। यहाँ उल्लेख भएको ६ वटा दिशाको अर्थ–

१) पूर्व दिशाको अर्थ आमा-बाबा हुन्।
२) दक्षिण दिशाको मतलब आचार्य गुरुजन हुन्।
३) पश्चिम दिशाको मतलब पत्नी, पुत्र-पुत्री हुन्।
४) तल्लो दिशाको मतलब नोकर-चाकर हुन्।
५) माथिल्लो दिशाको मतलब श्रमण, ब्राह्मण हुन्।
६) उत्तर दिशाको मतलब हितचिन्तक मित्रहरू हुन्।

बुद्धको उपदेश अनुसार यी दिशाहरू प्रति ठीक तरिकाले आचार व्यवहार गर्नु नै साँचो अर्थमा दिशा पूजा गर्नु हो। यसरी ठीक र साँचो तरिकाले दिशा पूजा गर्नु नै गृहस्थ जीवन सुखी पार्नु हो। त्यसैले यो आचरण र व्यवहारिक शिक्षा समूहलाई "गृही विनय" भनिन्छ।

गृही-विनयमा आमा-बाबालाई पूर्व दिशा भनिएको अर्थ यसरी दिइराखेको छ।

आमा-बाबालाई पूर्व दिशा भन्नुको कारण आमा-बाबा छोराछोरी भन्दा पहिले (पूर्व) या लोकमा उत्पन्न (उदय) भएको हुनाले हो। यति मात्र नभई छोरा-छोरीलाई सबभन्दा पहिले (पूर्व) उपकार गर्ने भएकोले गर्दा नै आमा-बाबालाई पूर्व दिशा भनिएको हो।



Downloaded from http://dhamma.digital/

**अभ्यास प्रश्नहरू :**

(१) मौद्गल्यायन भन्तेले पूर्व जन्ममा आमा-बाबालाई कसरी सताएका थिए ?

(२) आमा-बाबालाई दुःख कष्ट दिंदाको विपाक कस्तो हुन्छ ? विभिन्न उदाहरण-द्वारा स्पष्ट पार्नुहोस् ।

(३) जीवनको अन्तिम घडीमा श्रृंगारपुत्रलाई उनको पिताले के उपदेश दिएका थिए ?

(४) चार कर्म क्लेशहरू के के हुन् ?

(५) यशकीर्ति के गरेमा बृद्धि हुन्छ ?

(६) के के नगर्दा धन सम्पत्ति नाश हुँदैनन् ?

(७) 'छवटा दिशा नमस्कार गर्नु पर्छ' भन्ने कुरालाई उदाहरण सहित स्पष्ट पार्नुहोस् ।

(८) आमा-बाबाको सेवा किन गर्नुपर्छ ? यस कुरालाई हामीले कसरी जनमानसमा प्रचार-प्रसार गर्नुपर्छ ? चर्चा गर्नुहोस् ।

Dhamma.Digital



Downloaded from http://dhamma.digital/

# जातक कथाहरू

लेखिका

अनागारिका धम्मवती

अनुवादिका

सुश्री अमिता धाख्वा

181

Downloaded from http://dhamma.digital/

# १. राजोवाद जातक

यो कथा न्यायपूर्वक राज्य गरेर पनि जनताको चित्त नबुझेको कुरा केही छ कि भनी भेष बदलेर आफ्नो दोष खोज्न हिंडेको कथा हो भने भगवान् बुद्ध जेतवन विहारमा बसिरहनु भएको बेलामा कोशल राजाले वन्दना गरी अन्याय भइराखेको एउटा झगडा न्यायपूर्वक छिनेको कुरा प्रकाश पारेको सन्दर्भमा भगवान् बुद्धले भन्नुभएको कथा हो- यो ।

बुद्धले भन्नु भयो- "महाराज । तपाई बुद्ध जस्तो व्यक्तिको उपदेश सुनेर न्यायपूर्वक मुद्दा छिनछान गरेकोमा केही आश्चर्यको कुरा छैन । पहिले-पहिले पनि एक जना सज्जनको उपदेश सुनेर राजाले दशराज धर्मपूर्वक न्यायमा बसी राज्य सञ्चालन गरेका थिए ।

कसरी राज्य गरेका भन्ने बारेमा जान्ने इच्छाले विस्तारपूर्वक आज्ञा होस् भनी प्रार्थना गरेकाले भगवान् बुद्धद्वारा यो राजोवाद जातक कथा आज्ञा हुनु भएको हो ।

अतीत समयमा वाराणसी देशमा ब्रह्मदत्त राजाले राज्य गरिरहेको समयमा बोधिसत्त्व राजाकै बडामहारानीको गर्भमा वास बसी दश महिना पूरा भए पछि जन्म भयो । शिशु राजकुमारको नाम राख्ने दिनमा ब्रह्मदत्त कुमार भन्ने नाम राखियो । ब्रह्मदत्त कुमार क्रमशः ठूलो भई १६ वर्षको उमेर हुँदा तक्षशिलामा दिशापामोक्ष गुरुकहाँ सबै शिल्प विद्या पारंगत गरी फर्केर आई आफ्ना बाबा परलोक भएपछि राज्याभिषेकगरी न्यायपूर्वक राज्य चलाई रहेका थिए ।



Downloaded from http://dhamma.digital/

न्यायपूर्वक भन्नाले-

*(१) इच्छाको वशमा नगई*

*(२) क्रोधको वशमा नगई*

*(३) भयको वशमा नलागी*

*(४) अज्ञानको वशमा नलागी राज्य चलाउनु हो ।*

यसरी राजाले धार्मिकपूर्वक राज्य संञ्चालन गरिरहेका समयमा मन्त्रीमण्डलले पनि धार्मिकपूर्वक काम गरिरहेका थिए । सबै ठाउँमा न्यायपूर्वक राजकाज चलिराखेको हुँदा छलकपट गर्ने कोही थिएनन् । यसरी छलकपट गर्ने कोही नभएकाले न्यायालय (अड्डा) मा जाने कोही भएनन् । न्यायालयमा केही काम नभएकाले हाकीम र वकिलहरू दिनभर त्यत्तिकै बस्ने बाहेक अरु काम नहुनाले कार्यालय नै बन्द गर्नु पर्ने भयो ।

एक दिन राजाको मनमा लाग्यो– “आज मैले धार्मिकपूर्वक राज्य गरेकोले सबै जनताहरू पनि सज्जन भए, लुच्चा, ठगहरू झगडालू भई नालिस हाली झगडा गर्ने कोही भएनन्। उपद्रव पनि रहेन । न्यायालयको ढोकै खोल्नु परेन । त्यसो भए पनि मेरो तर्फबाट पनि गर्नु पर्ने केही बाँकी छ कि ? गल्ती केही छ कि ? आफ्नो गल्ती खोज्नको लागि देश भ्रमणमा जानु पऱ्यो ।” आफ्नो गल्ती भएको रहेछ भने त्यो दोष हटाउनु पर्छ भनी सोचेर भेष बदली रथमा बसेर देश भर यताउति घुमी मानिसहरू जमघट भएको ठाउँमा कुरा सुन्न गए । आफ्नो दरवार भित्र र देशभर आफ्नो दोषको कुरा गर्ने कोही फेला पार्न नसकी देशको सिमानासम्म जाँदा पनि असन्तुष्ट भएका जनताहरू नदेखेपछि आफ्नो बारे दोषको कुरा सुन्न नपाई फर्केका बेलामै एक ठाउँको बाटोमा मल्लिक भन्ने कोशल राजा पनि न्यायपूर्वक राज्य चलाउँदा पनि आफ्नो दोष केही छ कि भन्ने थाहा पाउन गाउँ-गाउँसम्म जाँदा पनि केही सुन्न नपाई सीमा बाहिर पुग्नु भएको थियो । विपरीत दिशाबाट



Downloaded from http://dhamma.digital/

आएका राजाहरूको दुवै रथ त्यहीं बाटोमा भेट भयो । बाटो सांघुरो थियो । दुवै रथ आ-आफ्नो बाटो तर्फ लाग्न अप्ठ्यारो थियो ।

अनि कोशल राजाको सारथीले वाराणसी राजाका सारथीलाई भने-

'तिम्रो रथ पछाडी हटाउ ।'

अनि वाराणसी राजाका सारथीले भने-'भो मित्र । यो रथमा वाराणसी देशका मालिक ब्रह्मदत्त राजा हुनुहुन्छ। त्यसैले तिम्रो रथ हटाऊ ।' अनि फेरी आर्को सारथीले भने– 'भो मित्र मेरो रथमा पनि कोशल राजा हुनुहुन्छ । त्यसैले तिम्रै रथ फर्काउ ।'

यो सुनेर वाराणसी राजाको सारथीको मनमा लाग्यो-'यताको र उताको दुवै रथमा राजाहरू हुनुहुन्छ, त्यसो भए जेठो राजालाई बाटो छोडी दिनु पर्छ,' भनी आयु कति भनी सोद्धा दुबैको बराबर । धन सम्पत्ति, जाति, विद्वता, सैनिक सबैमा समान, त्यस्तै राज्य ठूलो सानो भन्ने नै छैन, दुवै बरावर छन् । अनि आश्चर्य लाग्यो ।

अब शीलगुणले माथि भएकोलाई बाटोमा छोडिदिनुपर्ला भनी वाराणसी साराथीले कोशल राजको सारथीलाई सोधे– 'तिम्रो राजमा के के गुणहरू छन् ? अथवा तिम्रो राजाको सहनशीलता र चालचलन कस्तो छ ?'

कोशल राजका सारथीले भने– "हो । हाम्रो राजाको स्वभाव क्रोधीहरूलाई क्रोधी भएर जित्ने, ज्ञानीहरूलाई ज्ञानी भई जित्ने, राम्रोलाई राम्रो भई जित्ने, नराम्रोलाई नराम्रो भई जित्ने । यस्तो गुणले युक्त हाम्रो राजालाई बाटो छोडि देऊ ।"

वाराणसी राजाका सारथीले भने– "त्यो त सहनशीलताको गुण नै होइन् । त्यो तिम्रो राजाको गुण भए अवगुण नै के त ? "

यति भन्ने बित्तिक्कै कोशल राजको सारथीले भने– "यो हाम्रो राजाको



Downloaded from http://dhamma.digital/

गुण होइन भने तिम्रो राजाको गुण के हो त ?"

वाराणसी राजाका सारथीले आफ्नो राजाको गुणगान बयान गर्दै यसरी भने- "भो साथी । हाम्रो राजा क्रोधीलाई सहन गरी जित्ने, नराम्रोलाई राम्रो गरी जित्ने, कंन्जुसलाई दान गरी जित्ने, झुठो बोल्नेलाई सत्यवादी भइ जित्ने व्यक्ति हुनुहुन्छ ।"

यति कुरा सुनि कोशल राजा र सारथी रथबाट ओर्ली बाटो छोडी दिनुपर्छ भनि रथ फर्काई लगे । फराकिलो बाटोमा पुगेर एक छेऊ लागे ।

वाराणसी राजाले कोशल राजालाई सहनशीलता भनेको ठुलो गुण हो । यो गुणले युक्त भयो भने शान्तपूर्वक जीवन जीउन सकिन्छ भन्ने उपदेश दिई आ-आफ्नो देशतर्फ लागे ।

यी दुबै राजाहरूले न्यायपूर्वक राज्य चलाई आएका हुन् भनी भगवान् बुद्धले कथा सुनाइ जातक संग्रह गर्नु भयो । त्यो बेलाको मल्लिक राजाका सारथी अहिले मोग्गल्लायनमल्लिक राजा आनन्द र वाराणसी राजाको सारथी सारिपुत्र र वाराणसी राजा अहिले को बुद्ध नै हुनुहुन्छ ।

**अभ्यास प्रश्नहरू :**

प्र. नं. (१) ब्रह्मदत्त राजाको पालामा न्यायपूर्वक राज्य भन्नाले के बुझिन्छ ?

प्र. नं. (२) ब्रह्मदत्त राजालाई किन एकदिन देश भ्रमण गर्ने इच्छा भयो ?

प्र. नं. (३) कोशल राजाको सारथी र वाराणसी राजाको सारथीले आ-आफ्ना राजाको बारे के-कस्तो वर्णन गरे ?

प्र. नं. (४) अन्तमा वाराणसी सारथीले आफ्नो राजाको वर्णन कसरी गरे र वाराणसी राजाले कोशल राजालाई के उपदेश दिए ?



Downloaded from http://dhamma.digital/

# २. सूकर जातक

यो कथा श्रावस्तीस्थित जेतवन विहारमा बसिरहनु भएको बेलामा गौतम बुद्धले एक बुढो स्थविरको कारणमा बताउनु भएको हो ।

## वर्तमान कथा

एक दिन रात्रीको समयमा भगवान् बुद्धले गन्धकुटीको द्वारसँगैको मणिमय भऱ्याङ्गमा उभिई भिक्षुसंघलाई उपदेश दिइ गन्धकुटीमा भित्रिनु भयो । त्यसबेला धर्म सेनापति सारिपुत्र स्थविरले तथागतलाई वन्दना गरी आफ्नो कोठा (परिवेण) मा जानु भयो । मौग्गल्लायन स्थविर पनि कोठामा नै जानु भइ एकछिन विश्राम गरी सारिपुत्र स्थविरकहाँ गई प्रश्न सोध्नु भयो । सारिपुत्र भन्तेले आकाशमा चन्द्रमा प्रकट भए जस्तै गरी सोधे सोधेका प्रश्नहरूको उत्तर दिनुभयो । अरू भिक्षु, भिक्षुणी, उपासक र उपासिकाहरू चारै परिषद् धर्मश्रमण गरी बसिरहे ।

अनि त्यहाँ एक बुढो स्थविरले सोच्न थाल्यो- "यदि मैले प्रश्न साधे भन्ने यो परिषद्ले मलाई बहुमत रहेछ (विद्वान) भन्ने ठानी मेरो सत्कार सम्मान गर्नेछन् ।" यति सोची परिषद्को बीचबाट उठी सारिपुत्र भन्तेलाई प्रश्न सोधे– "बाँधेको नै नबाँधिएको, निग्रह गरेको नै निग्रह नगरिएको आदि बारे आफ्नो विचार दिनुहोस् ।"

उसलाई हेरेर स्थविरले- "यो बुढो तुच्छ र केही जान्दैन, इच्छा र लोभको वशमा पनि छ" भन्ने सोची ऊसँग केही नबोली पंखा त्यही राखी आसनबाट ओर्ली कोठामा जानुभयो । मोग्गल्लायन भन्ते पनि आफ्नो कोठामा जानुभयो । अनि मानिसहरूले उठी समात यो दुष्ट बुढोलाई हामीलाई मधुर धर्म श्रवण गर्न दिएन भनी उनीहरूले लखेटे । बुढो भिक्षु भागेर जाँदा विहारको छेउमा



Downloaded from http://dhamma.digital/

चर्पीमा लडी मलमूत्रमा लटपटिएर उठे । उनलाई देखेर मानिसहरूले घृणा गर्न थाले र भगवान् बुद्ध कहाँ गए ।

उनीहरूलाई देखेर भगवान् बुद्धले “उपासक हो । किन असमयमा आयौ नि ?” भनी सोध्नुभयो । उनीहरूले सो कुरा बताए । भगवान् बुद्धले भन्नु भयो- “मुर्ख बुद्धि भयो भने यस्तै मलमूत्रमा लट्पटिनु पर्ने हुन्छ । अहिले मात्र यो बुढो आफ्नो बल नजानी महावलवानसँग झगडा गरेर मलमूत्रमा लटपटिएको होइन् अघि पनि यो फुलेर आफ्नो बल नजानी महावलवानसँग झगडा गरेर गुहुमा लट्पटिएको थियो ।” भनी भन्नु हुँदा मानिसहरूले सो कुरा बताउनु हुन प्रार्थना गरेपछि पूर्वजन्मको कुरा बताउनु भयो ।

## अतीत कथा

अतीत समयमा वाराणसीमा ब्रह्मदत्त राजाले राज्य गरिरहेका बेलामा बोधिसत्त्व सिंह योनिमा जन्मेका थिए । बोधिसत्त्व सिंह हिमालय प्रदेशका पर्वत गुफामा बास बसिरहेका थिए । त्यसको आसपासमा एउटा पोखरीको आश्रय लिई धेरै सुँगुरहरू बस्दथे । सोहि पोखरीको नजिक ऋषितपस्वीहरू पनि पर्णशालहरूमा बस्दथे । एक दिन सिंह आफ्नो आहार खोजी भरिपूर्ण मासु खाई पोखरीमा ओर्ली पानी पिइ उक्लिरहेको थियो । त्यसबखत एउटा मोटो सुँगुर त्यो पोखरीको आसपासमा चरिरहेको थियो । सिंहले उसलाई देखेर “अर्को दिनमा यसलाई खानुपर्छ, मलाई देखेर फेरि ऊ नआउन सक्छ” भनी डरले पोखरीबाट माथि उक्लेर एक छेउ लागेर जान थाल्यो । सुँगुरले देखेर “मलाई देखेर भयले नजिकमा आउन नसकी डरले यो भागेर जाँदैछ । आज यो सिंहसँग लड्नुपर्छ” भनी टाउको उठाई उसलाई लड्नको निम्ति आह्वान गर्दै भन्यो “हे सिंह म पनि चौपाया हुँ र तिमी पनि चौपाया हौ म देखि किन डराई भागेर जादैछौ ?”



Downloaded from http://dhamma.digital/

उसको कुरा सुनी- "सौम्य सुँगुर आज तिमीसँग युद्ध हुने छैन । आजको सातौ दिनमा यसै ठाउँमा युद्ध हुनेछ" भन्दै सिंह फर्केर गयो । सुँगुर सिंहको साथ लड्ने छु भनी सन्तोष भई यो खबर उसले आफ्नो नातेदारहरूलाई सुनायो ।

उसको कुरा सुनी भय भीत भई "अव तिमीले हामी सबैलाई विनाश गराउने छौ । आफ्नो बललाई नजानी सिंहको साथ लड्न चाहन्छौ । सिंह आएर हामी सबैको ज्यान लिने छ । दुस्साहसी काम नगर भनी भने । अनि उ भयभीत भइ अब के गरुँ त ?" भनी सोध्यो ।

सुँगुरहरूले यी "तपश्वीहरूको दिसा बस्ने ठाउँमा गई सात दिन सम्म त्यो मलमूत्रमा तिम्रो शरीर लटपठाई शरीर सुकाई सातौ दिनमा सीतको पानीले भिजाई सिंह आउनु भन्दा अगाडि नै आएर हावा बहने ठाउँ जानी हावा वहने ठाउँमा उभिएर बस । सुग्घर सफा चाहने सिंहले तिम्रो शरीर संुघी तिमीलाई बिजयी बनाई जानेछ ।" भनी भने ।

उस्तै गरी सुँगुर सातौ दिनमा त्यही ठाउँमा उभिन्हयो । सिहंले उसको शरीरको दुर्गन्ध संुघी मलमुत्रले लट्पटिएको भनी जानी "हे सुँगुर तिमीले राम्रै उपाय गऱ्यौ । यदि तिमी युद्ध गर्न चाहन्छौ भने तिमीलाई विजयी वनाई दिनेछु ।"

यति भनी सिंह फर्केर आफ्नो खाना लिई तलाउमा पानी पिइ पर्वतको गुफामा नै गयो ।

सुँगुरले पनि "सिंहलाई मैले जिते भनी आफ्ना नातेदारहरूलाई भन्यो । उनीहरू भयभीत भइ अर्को कुनै दिनमा आई, सिंहले हामी सबैको ज्यान लिनेछ" भन्ने बिचारले भागेर अर्कै ठाउँमा गए ।

भगवान् बुद्धले यो जातक उपदेश गरी त्यसबखत सूँगुर हुने बुढो भिक्षु थियो र सिंह चांहि म नै थिएं भनी भन्नुभयो ।



Downloaded from http://dhamma.digital/

**अभ्यास प्रश्नः**

प्रं नं. १) कसरी राज्य संचालन गर्नुलाई न्यायपूर्वक राज्य गरेको भनिन्छ ?

प्र नं. २) सुशासन चलाएर पनि आ-आफ्नो दोष केही छ कि भनी गल्ती खोज्न जाने राजाहरू को को हुन ? उनीहरूको भेटघाट कहाँ कसरी भयो ?

प्र नं. ३) दुवै देशका राजाका सारथीहरूले आ-आफ्नो राजाको गुण (सिद्धान्त) कसरी वर्णन गरे ?

प्र. नं. ४) राजोवाद जातक कथालाई आफ्नै शब्दमा संक्षिप्तमा प्रस्तुत गर्नुहोस ?

प्र. नं. (५) राजोवाद जातकले के सन्देश दिएको छ ? प्रष्ट पार्नुहोस् ।



Downloaded from http://dhamma.digital/

# ३. अलीन चित्त जातक

गौतम बुद्ध जेतवन विहारमा बसिरहनु भएको बेलामा एक जना अल्छी वीर्यहीन भिक्षुको कारणमा यो जातक कथा वहाँले बताउनु भएको हो ।

भगवान् बुद्धले उत्साहीन ती भिक्षुलाई बोलाई आज्ञा भयो- "हे भिक्षु तिमीले किन उत्साह छोडेको ? किन अल्छी भएको हो ?" भिक्षुले जवाफ दियो- 'हो सत्य हो' ।

शास्ताले भन्नु भयो- "तिमीले पहिले-पहिले उत्साह गरी भर्खर जन्मेको बच्चालाई बाह्र योजन (४८ कोष) भएका वाराणसी देश जिताई दिएर उपकार गऱ्यो । आज किन तिमी मुक्ति प्राप्त हुने शासनमा प्रव्रजित भएर पनि उत्साहहीन भएर बसेको ?" अनि भगवान् बुद्धले अतीतको कुरा बताउनु भयो ।

## अतीत कथा

अतीत समयमा वाराणसी देशमा ब्रह्मदत्त राजाले राज्य गरिरहेको समयमा वाराणसीको समीपमा एक सिकर्मीहरूको गाउँ थियो । त्यहाँ पाँचसय सिकर्मीहरू बसिरहेका थिए । ती सिकर्मीहरू नदीमा ढुङ्गामा बसी नदीपार गरी माथि तिर जंगलमा गई रूख काटी दलीन, झ्याल, ढोका चौकोस आदि घरलाई चाहिने सामानहरू सबै त्यही जंगलमै वनाई डुंगामा राखी शहरमा ल्याई ग्राहकहरूले भने भने जस्तै घर बनाउने गर्थ्यो । यसरी जंगलमा गई काठ ल्याई घर बनाउन काठका सामानहरू बनाई पैसा कमाएर जीवन बिताइरहेका थिए ।

एक दिन जंगलमा तिनीहरूको पाल तांगीको काठको काम गर्ने ठाउँको नजिक एक जंगली हात्तीलाई खुट्टामा काठको टुक्रा बिझ्यो । घाउ पाकेर कहीं जान नसक्ने गरी दुःख पाई राखेको थियो ।



Downloaded from http://dhamma.digital/

अनि त्यो हात्तीले म त्यसै मरेर जानुभन्दा ती सिकर्मीहरू कहाँ गई तिनीहरूबाट केही उपकार भयो भने बाँचिन्छ होला भनी मनमा राखी हिड्नै नसकी नसकिकन सिकर्मीहरूको ठाउँमा गयो ।

अनि सिकर्मीहरूले दुःखीत हात्तीलाई देखेर माया र करुणा लागेर हात्तीको नजिक हेर्न गए। हात्तीलाई धेरै वेदना भएको देखे। हात्तीको दुःख कष्ट देखी माया र करूणा लागि हात्तीको खुट्टाभित्र बिभेको काठको टुक्रा निकाली औषधी राखी दिए । पीप निकाली दिए । हात्तीको घाउ छिटै निको भयो । तैपनि हात्तीलाई आफ्नो ठाउँमा फर्केर जाने मन थिएन हुनत त्यहाँ स्वास्नी र एउटा छोरा छन् । किनभने सिकर्मीहरूले आफ्नो ज्यान बचाएको गुण सम्भी तिनीहरूको काठ ओसार पसार गरी उपकार गरी रहेको थियो । चाहिने जति सबै काम गरिरहेको थियो । सिकर्मीहरूले पनि त्यसलाई खाना खुवाइ पालेर काम लिइरहेका थिए ।

पछि हात्तीको मनमा लाग्यो– अब म बुढो भएँ । काम राम्ररी गर्न सकेन । धेरै बल भएको आजानीय बल र शक्ति भएका छोरालाई यहाँ ल्याई यी उपकारक सिकर्मीहरूको सेवा गराउनु पऱ्यो । म जंगलमा आरामपूर्वक बस्न जानु पऱ्यो । यति सोच्दै आफ्नो ठाउँमा गई त्यो हात्तीले आफ्नो छोरा सेतो आजानी हात्तीलाई सबै कुरा बताए। छोरालाई सम्भाइ सँगै ल्याई सिकर्मीहरूको ठाउँमा लगी सबै काम सिकाइ छोरालाई त्यहीं छोडेर आफू फेरी जंगलमा गए।

सेतो आजानीय हात्तीले बुबालाई ज्यान बचाइ दिएको गुण सम्भी सिकर्मीहरूले जे भने, जे अह्राए ती काममा सघाई रहे । सिकर्मीहरूले पनि त्यो हात्तीलाई एक्लो छोरा सरह राम्ररी खाना खुवाई राखे । त्यो हात्ती काम भएको बेला काम गर्दथ्यो र काम नभएको बेला नदीमा गई नुहाई खेली रहन्थ्यो । सिकर्मीहरूका छोराहरूले पनि हात्तीको सुँड समातेर खेलिरहन्थे । आजानी हात्ती घोडा, मानिसहरू कसैले पनि पानीमा दिसा-पिसाप गर्दैनथ्यो । त्यसैले आजानी



Downloaded from http://dhamma.digital/

हात्ती नदीको किनारमा मलमूत्र त्याग गर्ने गर्दछन, एकदिन माथि जंगलमा बेसकर ी पानी परेकोले नदी बग्यो । अनि नदीको किनारामा मंगल आजानी हात्तीले दिसा गरेको सुकेको दिसा बगेर वाराणसी देशको घाटमा एक ठाउँमा अडकीरहयो ।

एकदिन त्यहाँ वाराणसी राजाका हात्तीहरूलाई माउतेहरूले नुहाउन नदीको छेउमा लगे । हात्तीहरू यता उता नजिक बास सुँघी नदीमा नझरी भाग्न मात्र खोजे । अनि माउतेहरूले हात्तीको बैद्यलाई भन्न गए । हात्तीको वैद्यले विचार गरे पानीमा अवश्य केही विघ्न छ होला भनी खोज गर्दा घाटको छेउमा मंगल हात्तीको दिसा मलमूत्र देखेर हात्तीहरूले ननुहाएको कारण बुझ्यो । मंगलहात्तीको गौरव ठगेको रहेछ भनी बुझी त्यो मंगल हात्तीको मलमूत्र घडामा राखी पानीमा मिसाएर हात्तीहरूको शरीरमा लगाइयो । मंगल हात्तीको मलमूत्र बास्ना आउँछ र त्यसले त्यो लेपन गर्दा सबै हात्तीहरूमा बासना छायो । अनि हात्तीहरू नदीमा गई नुहाउन गए । माउतेहरूले ती सबै कुरा राजालाई सुनाई मगल हात्ती यहाँ ल्याउन उचित छ भनी सुझाव दियो ।

यो कुरा सुनी वाराणसीका राजा डुंगामा बसी नदी तरी सिकर्मीहरू बसेका ठाउँमा गए ।

नदीमा नुहाइरहेको सेतो मंगल हात्तीले राजा सवारी भएको देखेर छिटो छिटो सिकर्मीहरू कहाँ गई चुप लागेर बस्यो ।

सिकर्मीहरूले राजालाई स्वागत गरी आफ्नो विन्ति गरे– "महाराज । काठको आवश्यक भएमा मान्छे एकजना पठाई दिएको भए चाहिने सबै सामान दरबारमा पुयार्न्ई दिन्थ्यौं । महाराज किन यहाँ सम्म कष्ट गरी पाल्नु भएको ?"

अनि राजाबाट आज्ञा भयो– "म काठको लागि यहाँ आएको होइन् यो अगाडिको मंगल हात्तीको लागि आएको हुँ ।"

त्यसोभए मंगल हात्तीलाई लग्नुहोस् भनी सिकर्मीहरूले महाराजलाई



Downloaded from http://dhamma.digital/

विन्ति गरे । तर हात्ती जान इच्छा गरेन, नचलीकन बस्यो । राजाले हात्तीको वैद्यसँग सोध्यो– "हात्ती किन जान नमानेको ? केही कारण छ कि ?"

वैद्यले भन्यो– "हात्तीको मुख्य सिकर्मीहरूलाई केही वस्तु दिलाई मात्र जाने हात्तीको मनसाय छ ।"

यो कुरा सुनेर राजाले हात्तीको पाइतलाको चिनो भएको ठाउँमा चारवटा पाइला मुनि एक एक लाख दामको चार पोका राखिदिए । तैपनि मंगल हात्ती राजासँग जान इच्छा गरेन । अनि राजाले सिकर्मीहरूका स्त्रीहरू र बच्चाहरू सबैलाइ एक एक जोर लुगा, सारी र चाहिने जति वस्त्र दिएपछि मात्र मंगल हात्ती सिकर्मीहरूलाई टुलुटुलु हेरी सुँड हल्लाई राजासँगै गयो ।

राजाले मंगल हात्तीलाई राजधानीमा लगे । शहरमा हात्तीसारमा धूमधाम साथ सुसज्जित गराई शहर घुमाए । अनि हात्तीलाई गहना र राम्रो वस्त्रले सजाई अभिषेक गरेर राजाले मंगल हात्तीलाई राजा भएको घोषणा गरेर आधा राज्य दिई राजाको परम मित्र घोषणा पनि गरे । बराबरको दर्जा पनि प्रदान गरे ।

यी मंगल हात्तीको प्रवेशपछि राज्य र देश चक्रवर्ती राज्यमा परिणत भए जस्तै भयो । यसरी समय बित्दै गयो । बोधिसत्त्वले बडामहारानीको गर्भमा वास वस्यो । बोधिसत्त्व गर्भमा रहेको दश महिना हुँदा महाराज परलोक भए ।

राजाका परम मित्र मंगल हात्तीलाई राजा परलोक भएको कुरा बताउँदा मुटु नै फुटेर मृत्यु हुन्छ भनी थाहा पाउनै दिएन ।

वाराणसी देशमा राजा छैन भन्ने थाहा पाई कोशल राजाले चिट्ठी पठाए– "तिम्रो देशमा घेरा लगाई सकें । देश छोडी दिने कि लडाँइ गर्ने ?"

वाराणसी देशका मन्त्रीहरूले र जनताहरूले नगरद्वार बन्द गराई कोशल राजालाई चिट्ठी पठाए– 'महाराज हाम्रो राजा स्वर्गवास भएको हो, हाम्रो देश शून्य भयो । तर हाम्रो बडामहारानी गर्भवती छिन् । ज्योतिषहरूको शास्त्र बमोजिम हाम्रा



Downloaded from http://dhamma.digital/

महारानीले आजको सातौं दिनमा सुपुत्र जन्माउँनेछिन् । त्यसैले सातदिनसम्म पर्खनुहोस् । केही गरी छोरा जन्मिएन भने देश छोडी दिन्छौं ।'

कोशल राजाले देश बाहिर सात दिन सम्म पर्खिराखे । सात दिन भएपछि साँच्चै नै रत्न जस्तो राम्रो लक्षणले युक्त छोरा जन्मियो । अनि कोशल राजालाई अब लडाँइ गर्ने भयो भनी खबर पठाए ।

नरमाइलो भइ दिक्क भइ रहेको जीवनमा रमाइलो गरी उत्साह वृद्धि हुने गरी जन्म लिएका राजकुमार भएकोले उनको नाम अलिन चित्त राजकुमार भनी नामांकरण गरियो ।

राजकुमार जन्म लिएको दिन देखि वाराणसी देशको बाहिर कोशल राजासित युद्ध भयो । लडाँइमा हौसला दिने मुख्य व्यक्ति नभएर सिपाइहरू हारेर पछि सरे । लडाँइमा हार्ने स्थिति भएको कुरा महारानीलाई भन्न गए– हाम्रो मंगल हात्तीलाई महाराज परलोक भएको कुरा थाहा छैन, राजपुत्र जन्मेको पनि थाहा छैन भने कोशल राजासित लडाँइ भएको कुरा पनि थाहा छैन । यी सबै कुरा मंगल हात्तीलाई जानकारी दिनुपर्छ ।

यी कुरा सुनेर महारानीले विचार गरिन– मंगल हात्तीलाई भन्नु पर्‍यो भनी बोधिसत्त्व राजकुमारलाई राम्रो कपडाले ढाकी मंगल हात्ती कहाँ लगी भनिन्– भो मंगल हात्ती तिम्रो परम मित्र राजा परलोक भइसके, दुःखद समाचार सुनी मुटु फुट्ला भनेर केही नभनीकन बसें । अहिले नव राजकुमारको पनि जन्म भयो । जन्मेदेखि नै कोशल राजासित लडाँइ भइरहेको छ । अहिले लडाँइमा हार्ला जस्तो छ । त्यसैले राजकुमारलाई कि त खुट्टाले कुल्चेर मार्नु होइन भने लडाँइमा जिताइ देऊ ।

यो कुरा सुनेर मंगल हात्तीले राजकुमारलाई सुँडले उचालेर आफ्नो टाउकोमा राखी आँखाबाट आँसु झारी महारानीको हातमा राजकुमारलाई सुम्पी लडाँइमा



Downloaded from http://dhamma.digital/

सरिक भए। त्यहाँ हूल नाघेर कोशल राजासँग लड्न वाहिर निस्क्यो। मन्त्रीगण पनि हात्तीको पछि पछि गइ लडाँइ गर्न तयार भए। हात्ती आफ्नो तालले ठूलो स्वरमा कराई वीर्य पूर्वक सरासर युद्ध तर्फ लागे।

सरासर हूल तितर वितर गरी कोशल राजालाई समातेर राजदरवारमा लगी बोधिसत्त्व कुमारको खुट्टा मुनी राखेर यो राजकुमारलाई बच्चा भनेर नहेप, हेप्यो कि तिम्रो प्राण तुरुन्त अन्त हुन्छ भनी तर्साइ फेरी दुःख दिन्न भन्न लगाई बोध गरी मन परिवर्तन गराएर छोडी दिए। त्यसवेला देखि राज्य उन्नति भयो। कसैले विरोध गर्न सकेनन्। त्यसै चक्रवर्ती राजा भए। राजकुमार सात वर्ष हुँदा राज्याभिषेक गरेपछि अलीन चित्त नामले प्रसिद्ध भए। धार्मिकपूर्वक राज्य गरी जनताको हित सुख गरी दिए। यो कुरा सुनेर भिक्षुहरूले पनि उत्साह गरेर अरहत् मार्गफल लाभ प्राप्त गरे।

त्यसबेला आमा महामाया, बुबा शुध्दोदन, राज्य दिलाउन मंगल हात्ती अल्छी भिक्षु, हात्तीको बुबा सारिपुत्र, कोशल राजा मोग्गल्यायन तथा अलीनचित्त कुमार बुद्ध हुनुहुन्छ।

**अभ्यास–प्रश्नहरू:**

१) उत्साहहीन भिक्षुलाई उत्साह बढाउनुको निमित्त देशित जातक कथा संक्षिप्तमा उल्लेख गर्नुहोस्।

२) बोधिसत्त्व मंगल हात्तीले कोशल राजावाट हार्न लागेको वाराणसी राज्यलाई जिताई भर्खरको राजकुमारलाई राजा कसरी बनाए ?

३) हात्तीले के गुण सम्झेर सिकर्मीहरूको सेवा गरेका हुन् ?

४) यो कथा पढेर के शिक्षा पाउन सकिन्छ ? स्पष्ट पार्नुहोस्।



Downloaded from http://dhamma.digital/

# ४. विनिलक जातक

बुद्ध श्रावस्तीस्थित जेतवन विहारमा बसिरहनु भएको अवस्थामा देवदत्तले भगवान् बुद्धको जस्तै नक्कल गरी देखाएको स्वभावलाई लिएर यो जातक देशना भएको हो ।

देवदत्त गयासीसमा बसिरहेको बेला अग्रश्रावक सारिपुत्र र मोग्गल्लायन उसकहाँ आउनु भएको अवस्थामा बुद्धले जस्तो जस्तो गर्नु हुन्थ्यो, उसले पनि त्यस्तै त्यस्तै नक्कल गरी सारिपुत्र अब तिमी उपदेश गर भनी आराम लिन गइन्जेलसम्म अग्रश्रावकहरूले (लहै लहैमा लागीरहेका देवदत्तको पक्षमा गएका नयाँ भिक्षुहरू), भिक्षुहरूलाई यथार्थ ज्ञानका कुरा देशना गरी बोध गरेर भगवान् बुद्धकहाँ फर्काइ ल्याए ।

गौतम बुद्धले सोध्नु भयो– देवदत्त के गरिरहेको छ ? सारिपुत्र र मोग्गल्लायन महास्थविरहरूले देखेका र यथार्थ कुरा व्यक्त गर्दै भने– देवदत्तले हामीलाई देख्ने वित्तिक्कै हजुरले के के गर्ने हो त्यस्तै नक्कल गरी आसन छोडी उपदेश दिनु भनेर देवदत्त सुत्न गयो। अनि हामीले देवदत्त निदाउंन्जेल सम्म ज्ञान नभएका भिक्षुहरूलाई सत्यमार्ग देखाई बोध गरी यहाँ ल्यायौं ।

देवदत्तले आफूमा बुद्ध गुण नभइकन पनि नक्कल गरी ठूलो पापकर्म गरिरह्यो। यसरी अयोग्यरूपमा नक्कल गरी ऊ आफै पतन भएर बिग्रेको अहिले मात्र होइन पहिले पहिले पनि त्यस्तै भएको थियो भनी बुद्धले बताउनु भयो ।

अतीत समयमा विदेह देशको मिथिलामा विदेह राजाले राज्य संचालन गरिरहेका समयमा बोधिसत्त्व राजाका अग्रमहारानीको गर्भमा जन्म लिनु भयो । वहाँ ठूलो भएपछि तक्षशिलामा गई सबै विधा पारंगत गरी आफ्नो बुबा परलोक भएपछि बोधिसत्त्वले राज्य गरिरहेका थिए ।



Downloaded from http://dhamma.digital/

त्यस बखतमा एउटा सुवर्ण हंसराज कागसँग प्रेम भई पोथी कागबाट बच्चा जन्मियो । त्यो बच्चा हंसराज जस्तो पनि थिएन, काग जस्तो पनि थिएन । एउटा अनौठो नीलो रंगका पंक्षीको जात जस्तै थियो । त्यसैले उनलाई विनीलक भनी नाम राखियो ।

सुवर्ण हंसको आफ्नै जातका छोराहरू दुईवटा जंगलमै थिए । तैपनि सुवर्ण हंसलाइ कागको तर्फबाट पाएको वच्चा प्रति माया लाग्थ्यो, त्यसैले ऊ त्यस कागको बच्चा हेर्न जाने गर्थ्यौं ।

एकदिन सुवर्ण हंसको आफ्नो छोराहरूले सोधे– "बुबा ! तपाई मानिसहरूको देशमा किन जानु हुन्छ ?"

हंसराजले भन्यो– हो, म एउटी कागसँग सहवास भएकोले एउटा बच्चा जन्मियो । त्यसको मायाले म दिनुहुँ त्यहाँ जान्थे ।

छोराहरूले भने– "मानिसहरू भएको शहरमा दिन-दिनै जानु हुँदैन । मान्छेहरूले देखे भने दुःख दिन्छन्, डरलाग्दो छ, खतरा छ । त्यसैले हामीहरू गएर बुबाको मनपर्ने बच्चालाई लिएर आउछौं है ?" बुबाको अनुमति लिएर मिथिलाको नजिक काग र बच्चा दुवै भएका ठाउँमा गई बुबाले त्यो बच्चालाई साथमा लिएर आउने आज्ञा भएका अवगत गरे । सौतेनी आमाको अनुमति लिइ खच्चर भाइलाई एउटा लट्ठीमा बसाई दुवै सुवर्ण हंसहरूले लट्ठीको दुइ छेउ मुखले समातेर मिथिला शहरको माथि-माथिबाट ल्याइरह्यो ।

त्यसबेला मिथिलाका विदेह राजा पनि सेतो चारवटा घोडाले तान्ने रथमा बसी देस परिक्रमा गरिरहेका थिए ।

अनि त्यो विनीलक कागको बच्चाले विचार गऱ्यो कि विदेह राजा र ममा के फरक छ र ? त्यो राजा चारवटा सेतो घोडाले तान्ने रथमा बसी देश परिक्रमा गर्दैछन् । म सुवर्ण हंसहरूले तान्ने रथमा बसी आकाश मार्गमा गइरहेको छु ।



Downloaded from http://dhamma.digital/

यसरी विचार गरेर मुखले भन्यो– मलाई सुवर्ण हंसले तान्दैछ, मिथिला राजालाई घोडाले तान्दै छ। म र राजामा केही फरक छैन।

यति भनेको सुन्नेवित्तिकै सुवर्ण हंसको दाजुभाइहरूलाई साह्रै रीस उठे। यो कागलाई यही फ्याँकौं कि ? तर बुबाको उपर गौरव राखी त्यसले जति फूर्ति गरेता पनि सहेर बुबा सुवर्ण हंसराजा कहाँ पुऱ्याए। अनि कागको वच्चाले आफूलाई विदेह राजा समान सम्झी हामीलाई नोकर समान ठानी फूर्ति गरेको कुरा पनि भने।

अनि बुबा सुवर्ण हंसले पनि आफू दंग नभएकोले आफ्नो छोराहरूलाई नीच भएको कारणबाट नै हेला सहनु पऱ्यो भनी महसुस गरी भन्यो– आफ्नो दर्जा नजान्ने कागलाई उसको आमा कहाँ नै राखेर आउनु भनेर त्यसलाई फर्काइ दिए।

त्यस बेलाको विनीलक देवदत्त, दुईवटा हंसहरू अग्रश्रावक दुईजना, बुवा हंस आनन्द, विदेह राजा अहिलेका बुद्ध नै हुनुहुन्छ।

**अभ्यास–प्रश्नहरू:**

Dhamma.Digital

१) देवदत्तले कसरी बुद्धको जस्तो नक्कल गऱ्यो ?

२) विनीलक कागको बच्चाले कस्तो अभिमान गरेको थियो उल्लेख गर्नुहोस ?

३) यस कथावाट हामीले के शिक्षा लिन सक्छौं ?



Downloaded from http://dhamma.digital/

# ५. मणिचोर जातक

भगवान् बुद्ध वेलुवन विहारमा बसिरहनु भएको अवस्थामा देवदत्तले सम्यक् सम्बुद्धलाई हत्या गर्ने कोशिस गरेको कुरा सुनेर वहाँले यो जातक बताउनु भएको हो ।

हे भिक्षुहरू ! देवदत्तले मेरो हत्या गर्ने कोशिस गरेको अहिले मात्र होइन पहिले पनि कोशिस गरेको थियो तर सफल हुन नसकेको कथा वहाँले बताउनु भयो ।

## अतीत कथा

पहिले वाराणसी देशमा ब्रह्मदत्त राजाले राज्य गरिरहेको समयमा वाराणसी देशको समीपमा एउटा गाउँमा बोधिसत्त्वले महाजन (सेठ) कुलमा जन्म लियो । त्यो कुमार ठूलो भएपछि वाराणसी देशको एउटी कुल कुमारीसँग विवाह गरिदियो । ती कुमारी असाध्यै राम्री, हेर्न लायककी छिन् । अप्सरा जस्तै शोभा भएकी रूपले सम्पन्न भएकी छिन् । उनको नाम सुजाता हो । उनी पतिव्रता मात्र होइन सदाचारिणी पनि छिन् । उनले दिनहुँ सासु-ससुरा र लोग्नेको सेवा गरिरहिन् । दुवै दम्पतिहरू एउटै मन भई मिलिजुलि बसेका छन् । त्यसैले तिनीहरूको जीवन रमाइलो गरी वितिरहे ।

एक दिन सुजातालाई आफ्नो माइत जाने इच्छा भयो । अनि आफ्नो लोग्ने बोधिसत्त्वसँग माइत जान अनुमति मागिन् । सज्जन लोग्नेले आपनो प्रिय स्त्रीको चित्त दुखाउने गर्दैन । अनि वोधिसत्त्वले हुन्छ भनी अनुमति मात्र दिएको होइन् बाटोमा खानलाई रोटी सहित चाहिने सामानहरू गाडामा राखी आफैलै पुऱ्याउन तयार भयो । गाडाको अगाडि आफू बसे । आफ्नो स्त्री सुजातालाई पछाडि राखी



Downloaded from http://dhamma.digital/

गइरहेको बेलामा वाराणसी शहरको नजिक पुग्दा एक पोखरीको छेउमा रथ राखी दुवैले पोखरीमा नुहाए । अनि साथै ल्याएको रोटी पनि खाए ।

अनि फेरी राम्ररी वस्त्र लगाएर बोधिसत्त्व अगाडि र सुजाता पछाडि बसी वाराणसी शहरभित्र रथ लगे । तिनीहरू शहर भित्र पुग्दा वाराणसीका राजा हात्तीमा बसी शहरमा सवारी भइरहेको थियो । तिनीहरू भएको ठाउँमै राजा पनि पुगे ।

अनि तिनीहरूको रथ छेउ छेउ लागे । त्यसबेला राजाको आँखा अप्सरा जस्ती राम्री सुजाता तर्फ मोडियो । राजाको आँखा मात्र होइन चित्त पनि काम वासनाले चंचल भए । राजाले एउटा मन्त्रीलाई बोलाए– हे सज्जन तिमी गएर ती राम्री केटी बिवाहिता हुन् कि होइनन् बुझेर आउनू । मन्त्री त्यहाँ गइ लोग्ने भएको कुरा जानेर राजालाई भन्यो– महाराज ती केटी लोग्ने भएकी हुन्, उनको लोग्ने रथमा नै छन् ।

राजाको मन ती केटीबाट टाढा राख्न नसकेर आफ्नो काम वासनालाई दवाउन नसकी जसरी भए पनि उनको लोग्नेलाई मारेर भएपनि उनलाई नल्याई छोड्दिन भन्ने मनमा राखी एक जना मानिसलाई बोलाएर भने– यो मेरो पगरी लिएर बाटोबाट गइराखेको जस्तै गरेर कसैले नदेख्ने गरी ती मान्छेको गाडामा विस्तारै राखेर आऊ ।

त्यो मान्छेले राजाको आज्ञा अनुसार नै काम गऱ्यो र राजाले आफ्नो पगरी हरायो देशभर खोज भनी घोषणा गराए । बाहिर जाने ढोका बन्द गराए । सबैतिर खोज्दा खोज्दै ती गाडामा फेला पारे । अनि के चाहियो, सुजाताको लोग्नेलाई पगरी चोर भनी समातेर राजाकहाँ लग्यो ।

राजालाई चाहिएको त त्यो मान्छेलाई मारेर उसको स्वास्नी आफू कहाँ राख्ने हो । त्यसैले राजाले त्यो मान्छेलाई मसानमा लगी मृत्युदण्ड दिनू भनी हुकुम भयो ।



Downloaded from http://dhamma.digital/

अनि सिपाहीहरूले त्यो मान्छेलाई हात बाँधी कोर्राले पिट्दै देश घुमाई मसान घाटमा लग्दै गर्दा सुजाता पनि आफ्नो लोग्नेको पछि पछि रुँदै गइरहिन्। मसानमा पुग्दा उसलाई सुताई टाउको काट्न ठिक ठाक गऱ्यो ।

त्यति खेर सुजाताले आफ्नो शील र सत्य प्रतिव्रता धर्म आधार लिइ अधिष्ठान गरिन्– यो संसारमा निर्दोष मानिसहरूलाई रक्षा गर्ने कोही छैन, देवताहरू कहाँ छन् ? यसरी अनेक प्रकारले आफ्नो शील र सत्य धर्मको आधार लिई विलाप गरिरहेको आवाज इन्द्रलोकमा पुग्यो ।

इन्द्रलोकबाट इन्द्रमहाराज तुरुन्त आई मसानघाटमा मार्नलाई ठीक पारी सुताई राखेको मान्छेलाई हात्ती माथि राखिदियो भने हात्तीमा बसेको राजालाई मसानमा सुतायो तर काट्न लागेको मान्छेको होशै छैन र सुजाताको लोग्ने भनेर काट्दा त राजाको घाँटी नै छिन्यो । सुजाताको लोग्ने हात्तीमै बसिरह्यो ।

त्यहाँ हेर्न आएका मानिसहरू अकमक भए । आश्चर्य भइ यो के भएको भनी कराइ रह्यो ।

अनि इन्द्रले सबैलाई बुझाई दिए कि– यो भएको सबै आ-आफ्नो कर्मको कारणले हो । आ-आफूले गरेको कर्म फल भोग गरेको हो । अबदेखि तिमीहरू कहाँ नयाँ राजाले राज्य गर्नेछ। देशमा सुशासन हुनेछ। यो मानिस राम्रो छ। यति भनी बोधिसत्त्वलाई राज्याभिषेक गरी सुजातालाई बडामहारानी गरिदिए ।

देसवासीहरू इन्द्रले दिएका राम्रो राजा पाइयो भनी हर्ष माने। अनि इन्द्र आकासमा बसी यी धर्मात्मा राजाले राज्य गर्छ, धर्म भएका राजाले राज्य गऱ्यो भने समयमा वर्षा हुन्छ, भोकको भय, रोग भय, शस्त्र भय यी तिनवटा भय हुँदैन भनी देशवासीहरूलाई उपदेश दिएर देवलोकमा गए। वोधिसत्त्वले पनि धार्मिकपूर्वक राज्य गरी पछि स्वर्गमा गए ।

त्यसबेलाको अधार्मिक राजा देवदत्त, इन्द्र अनुरूद्र, सुजाता यशोधरा, इन्द्रले दिएको राजा बोधिसत्त्व हुनुहुन्छ ।



Downloaded from http://dhamma.digital/

**अभ्यास–प्रश्नहरू:**

१) मणिचोर जातक भगवान् बुद्धले के कारणमा आज्ञा गर्नु भएको हो ?

२) ब्रह्मदत्त राजाले बोधित्वको हत्या गर्न कस्तो षड्यन्त्र रचे ? अनि बोधिसत्त्व कसरी बच्यो ?

३) अनावश्यकरूपमा अर्काको वस्तुमाथि ईर्ष्या गर्ने, कुदृष्टि राख्ने राजालाई कस्तो दण्ड मिल्यो ?

४) 'आफूले गल्ती कहिल्यै नगर, सधैं भलो हुन्छ' भन्ने कुरासित मणिचोर जातक कथाको सन्दर्भ कत्तिको मिल्छ ?

५) मणिचोर जातक कथाबाट के कस्तो शिक्षा लिन सकिन्छ ?

Dhamma.Digital



Downloaded from http://dhamma.digital/

# ६. महापिङ्गल जातक

गौतम बुद्ध जेतवन विहारमा बसिरहनु भएको अवस्थामा देवदत्तको कारणमा यो जातक कथा बताउनु भएको हो ।

देवदत्तले बुद्धलाई हत्या गर्ने षडयन्त्र गरिरहेको नौ महिना पुगेपछि तथागत शास्तालाई दर्शन गर्न जेतवनतिर गइरहेको पापीलाई पृथ्वीले थाम्न सकेन र विहारको बाहिर नै जमीनमा घस्रेर विलप्त भयो अथवा पृथ्वीले खाइदियो ।

यसरी देवदत्त बुद्धको दर्शन गर्न नपाउँदै जमीनमा घस्रेर गएको खबर सुनी सबै देशवासी श्रद्धावान्हरू मात्र होइन देव ब्रह्मा आदि भुवनमा रहेका सबैले बुद्धलाई काँडाले घोचे जस्तै दुःख दिइरहेका देवदत्त आज महापृथ्वीले थाम्न नसकी भासेर गयो भनी हर्ष गरी रहेका कुरा भिक्षुहरूको गणमा चर्चा भइरहेको वेलामा शाक्यमुनी तथागत आइपुग्नु भयो । तथागतले सोध्नु भयो– "भिक्षुहरू ! यहाँ सबैजना भेला भई के कुरा गरिरहेको ?" अनि भए जति सबै कुरा बताउँदा बुद्धले भन्नु भयो– "भिक्षुहरू देवदत्तबाट कसैलाई हित र उपकार भएको छैन । धेरै जसोलाई दुःख मात्र दिएर गयो । त्यसैले देवदत्तको मृत्युमा शोक नगरी हर्ष भएको आश्चर्यको कुरा होइन। पहिले पहिले पनि यस्तो व्यक्ति मर्दा मानिसहरूलाई हर्ष लागेको कथा वहाँले प्रकाश पार्नु भयो ।"

परापूर्वकलामा वाराणसी देशमा महापिङ्गल भन्ने राजाले अधर्मपूर्वक राज्य गरिरहेका थिए । आफ्नो इच्छा अनुसार मनपरि जनतालाई उखु पेल्ने मेसिनबाट उखु पेल्ने झैं चुसेर शोषण गरी दुःख दिइरहेका थिए। असाध्यै हरामी, वचन पनि कडा थियो। अरुलाई दुःख दिन पायो भने रमाइलो लाग्थ्यो। जनता प्रति दया-माया भन्ने पटक्कै छैन । दरबारमा रहेका महारानी, राजकुमार र राजकुमारी अनि मन्त्रीहरूलाई मनपरेको थिएन । कसैको मन प्रशन्न छैन ।



Downloaded from http://dhamma.digital/

सबैको आँखाको कसिंगर जस्तै, भातको गाँसमा बालुवा जस्तै पाइतालामा बिभ्केको काँडा जस्तै भइ कसैलाई मन परेन ।

त्यसबेला बोधिसत्त्व उही खराव राजाको छोरा भएका थिए । छोरा राजकुमार चाहिँ सबैलाई दया-माया हित सुखका काम गर्ने खालका थिए । त्यसैले सबैको प्यारो थिए ।

बाबु महापिङ्गल राजा धेरै वर्षसम्म जनतालाई दुःख दिइ राज्य गरी परलोक भए । जनताहरू सबै मिली वाराणसी देशभर सजिसजाउ गरी हर्ष मानी मसान सम्म लगी घ्यू राखी दाह संस्कार गरे । खरानी सबै पानीमा बगाई सकेपछि फर्केर युवराज बोधिसत्त्वलाई राज्याभिषेक गरी देशमा झण्डा फरफराई धूमधामले बत्ती बाली ठाउँ ठाउँमा ढोका वनाएर राम्रो असल राजाको जय जयकार गरी उत्सव मनाए । हामीले राम्रो राजा पायौं अब हलुका भयो भनी भनेर बसे । यसरी सातदिन सम्म उत्सव मानेका थिए ।

मन्त्रीहरू लगायत सबै जनताहरू हर्षले उत्सव मानी रहेको हेरी बोधिसत्त्व राजा दरवारमा फर्केर आउँदा ढोकापाले एकजना भक्कानो फुटाई रोइरह्यो । राजाले त्यो रोइरहेको देखेर भने–

सारा देसवासीहरू मेरो बुबा मरेर हर्ष उत्सव मनाइरहेका छन् भने तिमी एक जना मात्र किन रोइरहेको हँ ? तिमीलाई मेरो बुबाले ठूलो उपकार गर्नु भएको हो ? सबैलाई महापिङ्गल राजाले दुःख दिए तर अब दया-माया भएका नयाँ राजा पाइयो भनेर हाँस्दै छन् । तिमी मात्रै किन रोइरहेको ? तिमीलाई मरेर गएका राजाले पक्कै पनि केही ठूलो उपकार गरेको हुनुपर्छ, होइनन् र ?

अनि ढोकापालेले भने– महाराज ! म महापिङ्गल राजाको गुण सम्झेर रोएको होइन । उही राजा भएको बेला भित्र आउँदा र वाहिर जाँदा पनि मेरो टाउकोमा आठपटक कुट्थ्यो । त्यसैले टाउको कहिल्यै हलुको हुँदैन्थ्यो । तकियामा



Downloaded from http://dhamma.digital/

टाउको राख्नै नसक्ने गरी दुख्थ्यो । अहिले मात्र अलि दुख्न कम भयो । पिङ्गल राजा भएको वेलामा घनले हिर्काउने जस्तै मेरो टाउकोमा आठदश चोटी मुक्का दिन्थ्यो अब कुटाउनु परेन, तर उही राजा मरेर नर्कमा गयो होला !

उनी खराब हरामी पिङ्गल राजाले मलाई जस्तै नर्कमा रहेका यमदूतलाई पनि कष्ट दिन्छन् । अनि नर्कमा बस्नेलाई पनि दिक्क लागी उहाँलाई यहीं नै पुनः फर्काउँछ होला । अहिले अति हलुंगो भएको टाउको फेरी दुखाउनु पर्ला भनी पीरले रोइरहेको हुँ म, अन्थया होइन ।

अनि बोधिसत्त्व राजाले भरोसा दिँदै भने– ए ! महापिङ्गल राजा मरेर कहाँ पुगी सके । मसानमा सयौं दाउरा खरानी भए । खरानीलाई पनि सयवटा घडाको पानीले बगाई सके । यसरी मृत्युक्रिया सकिसकेका मान्छे फर्किन्छ भनी तिमी शोक धन्दा किन लिन्छौ ? उनी राजा फर्किदैन । नडराउ भनी धैर्य दिए । त्यहाँ देखि ढोकापालेको जीउ कपास जस्तै हलुंगो भयो । राम्ररी निन्द्रा लाग्यो र आनन्दले जीवन बितायो । बोधिसत्त्व राजा पनि धार्मिकपूर्वक राज्य गरी दिवंगत भए ।

त्यसबेलाको महापिङ्गल राजा देवदत्त । छोरा राजा बोधिसत्त्व बुद्ध हुनु हुन्छ ।

**अभ्यास–प्रश्नहरू:**

प्र. नं. (१) महापिङ्गल राजा कसैलाई मन नपरेको कारण के हो ?

प्र. नं. (२) महापिङ्गल राजा परलोक हुँदा राजाका ढोकापाले किन रोइरहेको ? वोधिसत्त्व राजकुमारले ढोकापालेलाई कसरी मन हलुको पार्नुभयो ?

प्र. नं. (३) आँखामा अड्केको कसिंगर निस्कदाँ जसरी आनन्द हुन्छ त्यसरी नै सबैलाई सताइरहेका राजा मर्दा वाराणसीवासीहरूले कसरी हर्ष मनाए ?

प्र. नं. (४) महापिङ्गल जातक कथाले जनता र राष्ट्रलाई के शिक्षा दिएको छ ?

प्र. नं. (५) महापिङ्गल जातक कथालाई संक्षिप्तमा लेख्नुहोस् ।



Downloaded from http://dhamma.digital/

# ७. अब्भन्तर जातक

गौतम बुद्ध जेतवन विहारमा बसिरहनु भएको बेलामा सारिपुत्र स्थविरले बिम्बादेवी यशोधरा स्थविरलाई आँपको रस दिएको कारणमा यो कथा बताउनु भएको हो ।

## वर्तमान जातक

गौतम बुद्ध बोधिज्ञान प्राप्त गरी धर्मचक्र प्रवर्तन गरिसक्नु भएपछि वैशालीको कुटागारशालामा बसिरहनु भएको थियो । त्यसबेला महाप्रजापति गौतमीले पाँचसय शाक्य कुमारीहरूको साथमा बुद्ध समक्ष प्रवज्या माग्दा प्रवज्या र उपसम्पदा पाइन् । पछि गएर ती पाँचसय भिक्षुणीहरू नन्दकवाद सूत्र श्रवण गरी अरहंत भए ।

तथागत शास्ता श्रावस्तीमा बसिरहनु भएको बेलामा राहुलमाता बिम्बा यशोधरा देवीले मेरा स्वामी प्रव्रजित भइ बुद्ध हुनु भयो । मेरो पुत्र पनि प्रव्रजित भई उहाँ सँगै बसेको छ । म मात्र घरमा बसेर के गरूँ ? म पनि प्रव्रजित भइ श्रावस्तीमा गई सम्यक् सम्बुद्ध र पुत्रको मुख हेरी सधैं बस्ने छु भन्ने विचार गरी भिक्षुणीहरूको आसनमा गई प्रव्रजित भइ उपाध्यायहरूसँग श्रावस्तीमा गई शास्तालाई पनि प्रिय पुत्रलाई पनि हेर्दै एउटा भिक्षुणीको विहारमा वास गरिन् । राहुल श्रामणेरले आफ्नी आमालाई हेर विचार गर्न आउँछ । एक दिन स्थविराको पेटमा वायु चलेर पेट दुख्यो । छोराले हेर्न आउँदा उनलाई हेर्न बाहिर आउन सकिनन् । अरु आएर सन्चो नभएको कुरा सुनाए । अनि राहुल आमाको छेउमा पुगी– "आमा । के औषधी चाहियो, अघि पेट दुख्दा के गर्नुथ्यो, अहिले के ल्याउँ ?" भनी सोधे ।



Downloaded from http://dhamma.digital/

यशोधराले भनिन्– “छोरा घरमा हुँदा सखर मिसिएको आँपको रस पिउँदा पेटको वायु शान्त हुन्थ्यो । अहिले भिक्षाटन गरी जीविका गर्दछु । कहाँबाट त्यो पाउनु र ?”

“म प्रयास गर्छु । पाउन सके ल्याउने छु” भनी राहुल श्रामणेर बाहिर निस्क्यो ।

राहुल श्रामणेरको उपाध्याय सारिपुत्र महास्थविर हुनुहुन्छ र आचार्य मोग्गल्लायन महास्थविर, काका हुनुहुन्छ भने बा आनन्द स्थविर हुनुहुन्छ र पिता स्वयं भगवान् बुद्ध हुनुहुन्छ ।

यस्तो भएर पनि राहुल अरुकहाँ नगई सारिपुत्र भन्तेकहाँ गई वन्दना गरी मन दु:खित भइ अँध्यारो मुख पारी रह्यो ।

अनि सारिपुत्र स्थविरले “राहुल ! किननि दु:खित भई मुख अँध्यारो जस्तो छ नि ?” भनी सोध्नु भयो ।

“भन्ते । मेरी आमाको पेटमा वायुप्रकोप भएको छ ।”

“त्यसोभए अब के चाहियो त ?”

“सखर मिसिएको आँपको रसले निको हुन्छ रे ।”

“जेहोस पाइने छ, चिन्ता नगर” भनी सारिपुत्र महास्थविरले भरोसा दिनु भयो ।

भोलिपल्ट श्रामणेरसँगै श्रावस्तीमा जानु भई श्रामणेरलाई धर्म शालामा बसाली सारिपुत्र स्थविर राजदरवारमा जानु भयो । कोशल राजाले स्थविरलाई आसनमा बसाले । त्यतिखेरै उद्यानपालेले रूखैमा पाकेको मधुर आँपका फलहरू एक ढक्की ल्यायो । राजाले आँपको बोक्रा ताछ्री सखर मिसाई आफैले मुछ्री स्थविरको पात्र भरिदिए । राजदरवारबाट निस्की धर्मशालामा गई श्रामणेरलाई आँपको रस आमालाई देउ भनी सारिपुत्र स्थविरले रस दिनु भयो । राहुलले आँपको रस आमालाई दियो । पिउने वित्तिकै स्थविराको पेटको वायु शान्त भयो ।



Downloaded from http://dhamma.digital/

"यहाँ बसेर सारिपुत्र स्थविरले आँपको रस पिउनु भएन । जाउ कसैलाई दिने हो कि बुझ" भनी राजाले मानिस पठाए । ती मानिस स्थविर सँग गएर त्यो कुरा जानेर आई राजालाई विन्ति गऱ्यो । अनि राजाले कल्पना गरे– "यदि शास्ता घरमा बस्नु भएको भए चक्रवर्ती राजा हुनुहुन्थ्यो होला र चक्रवालका साराराज्य वहाँहरूकै हुन्थ्यो होला, हामीले वँहाहरूको सेवा गरी आज्ञा पालन गरी वस्नु पर्थ्यो होला र प्रव्रजित भई हामीहरूको आश्रय लिइ बस्नु भएका वहाँहरूमाथि हामीहरूले वास्ता नगरी गुण बिर्सी प्रमादि हुनुहुन्न ।" त्यहाँदेखि राजाले स्थविरकहाँ सधैं आँपको रस पठाउन लगाए ।

सारिपुत्र स्थविरले बिम्वादेवी (यशोधरा) स्थविरालाई आँपको रस दिनु भएको कुरा भिक्षुसंघमा फैलियो ।

पछि एकदिन धर्मसभामा कुरा चल्यो– "आवुसो बिम्बादेवी स्थविरालाई सारिपुत्र स्थविरले आँपको रसद्वारा पेट दुखेको निको पार्नु भयो ।" भगवान् शास्ता आउनु भई– "भिक्षु हो ! तिमीहरू यहाँ के कुरा गरी बसिरहेका हौ ?" भनी सोध्दा भएको घटना सबै भनेपछि– "भिक्षु हो ! अहिले मात्र राहुलमातालाई सारिपुत्रले आँपको रसद्वारा रोग शान्त पारिदिएको होइन अघि पनि यस्तै भएको थियो ।" भन्नु हुँदै अतीतका कुरा प्रकट पार्नु भयो ।

## अतीत कथा

अतीत समयमा वाराणसीमा ब्रह्मदत्तले राज्य गरिरहेको बेलामा बोधिसत्त्व काशी गाउँका ब्राह्मणकुलमा जन्मी ठूलो भएपछि तक्षशिलामा विधा अध्ययन गरिसकेपछि गृहस्थीमा बसी रह्यो । पछि बाबु खसेपछि ऋषि भेषमा प्रव्रजित भई हिमाल प्रदेशमा अभिज्ञा र समापत्ति लाभ गरी ऋषिहरूको गुरू भई धेरै समयपछि नुन र अमिलो सेवन गर्नको निमित्त फेदीतिर ओर्ली चारिका गर्दै वाराणसीमा पुगी राजाको उद्यानमा बसे ।



Downloaded from http://dhamma.digital/

ऋषिगणहरूको शीलको प्रभावले इन्द्रको आसन तात्यो । इन्द्रले विचार गरी हेर्दा उनीहरूको शील धर्मको कारण देखी "यिनीहरूलाई यहाँ नराख्नको निमित्त प्रयत्न गर्नुपर्छ । जब यिनीहरूले बस्ने ठाउँ पाउँने छैनन् तब यिनीहरू यत्रतत्रका विचरण गर्दा यिनीहरूको चित्त एकाग्र हुने छैन र शील धर्म बिग्रिन्छ । अनि मलाई सन्चो हुने छ" भनी विचार गरे । यति विचार गरी "त्यसोभए यसको लागि के गर्नुपर्ला त" भनी हेर्दा यो उपाय देखे–

"मध्यान्ह समयपछि राजाकी अग्रमहिषीको खोपीमा गई आकाशमा उभिई भद्रे यदि तिमीले अब्भन्तर (अभ्यन्तर) भन्ने पाकेको आँप खायौ भने पुत्र जन्माउनेछौ र सो पुत्र चक्रवर्ती राजा हुनेछन् भनी भन्नेछु । अनि देवीको कुरा सुनी राजाले पाकेको आँप ल्याउनको निमित्त उद्यानमा मानिस पठाउनेछन् अनि मैले उद्यानको आँप लोप गराइदिने छु । राजालाई उद्यानमा आँप नभएको कुरा सुनाउने छन् ।

'कसले खायो त ?' भनी सोध्दा 'तपश्वीहरूले खाए' भनी भन्नेछन् । यो सुनेर राजाले तपश्वीहरूलाई पिटेर लखेट्ने छन् । यसरी यिनीहरूले त्यहाँ बास पाउने छैनन् ।

अनि मध्यान्ह समयपछि खोपीमा गई आकाशमा उभिई आफूलाई देवराज भन्ने कुरा अवबोध गराई उनीसँग कुरा गर्दै यसरी भने– "गर्भिणी स्त्रीले अब्भन्तर भने दिव्यफल खायो भने चक्रवर्ती हुने छोरा जन्माउँछे । तिमी पतिको प्रिय पनि छ्यौ, त्यसैले राजाले यो फल ल्याइदिने छन । अब्भन्तर फल चाहियो भनी राजालाई भन भनी शक्र आफ्नो ठाउँमै गए ।

भोलिपल्ट रोगी भएको बहाना गरी परिचारिकाहरूलाई सूचित गरी रानी सुतिन् । सुसज्जित स्वेतछत्र भएको सिँहासनमा बसी नाटक हेरिरहेका राजाले देवीलाई नदेखिएपछि "महारानी कहाँ छे ?" भनी परिचारिकाहरूसँग सोधे ।

"देव । सँचो छैन ।"



Downloaded from http://dhamma.digital/

अनि राजा रानी कहाँ गई "भद्रे के भयो ? के गर्नु पर्ला, वैद्य बोलाउँ ?" भनी सोधे ।

"महाराज । अरू केही होइन, दोहलो (इच्छा, कामना) उत्पन्न भयो ।"

"भद्रे । के चाहन्छौ ?"

"देव । अब्भन्तर (अभ्यन्तर) आँपको फल ।"

"अब्भन्तर भन्ने आँप कहाँ छ त ?"

"देव, म अब्भन्तर आँप चिन्दिन तर त्यो फल पाएमा म बाँच्ने छु नत्र बाँच्ने छैन ।"

"त्यसोभए ल्याउन लगाउने छु । धन्दा नमान" भनी रानीलाई आश्वासन दिइ उठेर गई सिँहासनमा बसी राजाले आमात्यहरूलाई बोलाई "देवीको अब्भन्तर आँपमा दोहलो भएको छ । के गर्नुपर्ला भनी सोधे ।"

"देव । दुइटा आँपको बीचमा भएको आँपलाई अब्भन्तर आँप भन्दछन । उद्यानमा पठाई अब्भन्तरमा रहेको आँपको फल ल्याउन लगाई महारानीलाई दिलाउने छौ ।" राजाले "हुन्छ" भनी "यस्तो आँप लिएर आऊ" भनी उद्यानमा पठाए । इन्द्रले आफ्नो प्रभावद्वारा उद्यानमा आँप खाएको जस्तो देखाई आँपहरू लोप गराइदिए । मानिसहरूले सारा उद्यानमा आँप खोज्दा एउटा पनि आँप भेट्टाउन नसकेपछि गएर राजाकहाँ उद्यानमा आँप नपाएको कुरा विन्ति गरे ।

"आँप कसले खान्छन् त" भनी राजाले सोद्धा "तपश्वीहरूले नै खाएका हुन्" भने "तपश्वीहरूलाई पिटेर उद्यानबाट लखेट" भनी राजाले हुकुम दिए । "हबस् महाराज" । भनी तपश्वीहरूलाई लखेटिदिए ।

शक्र, इन्द्रको मनोरथ पुरा भयो । महारानी चाहिँ आँपको फलको लागि सधैं सुतिरहन्थिन् । अरु गर्ने काम नदेखेपछि राजाले अमात्यहरू र ब्राह्मणहरूलाई भेला गराई "अब्भन्तर आँप भन्ने छ कि छैन" । थाहा छ ? भनी सोधे ।



Downloaded from http://dhamma.digital/

ब्राह्मणहरूले भने– "देव अब्भन्तर आँप भनेको देवताहरूले परिभोग गर्छन् । हिमालका चाँदिको गुफाभित्र पाइन्छ भन्ने सुनेका छौ ।"

"कसले त्यो आँप ल्याउन सक्ला त ?"

"त्यस ठाउँमा मानिसहरू जान सक्दैनन् । एउटा सुगाको बच्चालाई पठाउनु पर्छ ।"

त्यसबखत राजाको दरवारमा बलवान प्रज्ञावान् उपाय कौशलले युक्त एक ठूलो शरीर भएको सुगा थियो । राजाले उसलाई ल्याउन लगाए ।

राजाले भने हेर सुगाको बच्चा ! म तेरो बहुपकारी हुँ । सुनको पिंजडामा राखी सुनको थालीमा मह भएको खाजा खुवाएर सखरको रस पिलाएर पालन गरिराखें । अब तिमीले हाम्रो एउटा काम गरिदिनुपर्छ । देव ! भन्नुहोस् के गर्नुपर्‍यो भनी सुगाले सोध्यो ।

"महारानीको अब्भन्तर आँपमा दोहलो उत्पन्न भएको छ । त्यो आँप भने हिमालयको कुना भित्र छ रे, देवताहरूले परिभोग गर्छन् रे, मानिसहरू त्यहाँ जान सक्दैनन् रे, त्यहाँबाट त्यो फल ल्याईदिनु पर्‍यो ।" सुगाले हुन्छ देव, ल्याइदिनेछु भनी वचन दियो । अनि राजाले उसलाई सुनको थालीमा गुलियो खाजा खुवाई सखरको पानी पिलाई सयपटक पकाएको तेल उसको पखेटा मुनि लगाई दुई हातले समाती झ्यालबाट आकाशमा छाडिदिए ।

सुगा आकाशमा उडी मनुष्यहरू देश पार गरी हिमालयको पहिलो पर्वतमा बस्ने सुगाहरू कहाँ गई अब्भन्तर आँप भनेको कुन ठाउँमा छ मलाई बताइ देऊ भनी उसले सोध्यो ।

ती सुगाहरूले "हामी जान्दैनौं । दोसो पर्वतको कुनामा बस्ने सुगाहरूलाई थाहा छ होला भने ।"

उनीहरूको कुरा सुनी आकाशमा उडेर दोस्रो पर्वतमा गयो । ती सुगाहरूलाई पनि थाहा छैन त्यस्तै गरी तेस्रो, चौथो, पाँचौ र छैंठौ पर्वतमा गयो । त्यहाँका



Downloaded from http://dhamma.digital/

सुगाहरूले पनि "हामी जान्दैनौं सातौ पर्वतमा बस्ने सुगाहरूलाई थाहा छ होला" भनी भने । ऊ त्यहाँ गइ "अब्भन्तर आँप भनेको कुन ठाउँमा छ ?" भनी सोध्यो ।

"फलाना ठाउँमा चाँदीको पर्वतको बीचमा" भनी भने ।

"म त्यो फलको लागि आएको हुँ र मलाई त्यहाँ लगी उक्त फल दिन लगाइ देऊ" । भनी अनुरोध गऱ्यो ।

"त्यो चातुमहाराजिक मध्ये वैश्रवण (कुवेर) महाराजाको परिभोग हो । त्यहाँ जान सकिन्न । फेददेखि टुप्पासम्म रूखलाई सातवटा जालीले घेरा लगाइएको छ । हजारौं कुम्भण्ड राक्षसहरूले रक्षा गर्छन् उनीहरूले देख्नेको ज्यान बच्न सक्दैन । अबीचि महानरक जस्तै कल्पउत्थान महाअग्नि जस्तै भयानक ठाउँ हो । त्यहाँ जाने कुरा नगर ।" भनी ती सुगाहरूले भने "यदि तिमीहरू जाँदैनौं भने मलाई ठाउँ देखाइ देऊ ।" भनी सुगाले अनुरोध गर्दा उनीहरूले त्यसो भए फलाना फलाना ठाउँबाट जाऊ भनी बाटो देखाइ दिए ।

उनीहरूले देखाएको बाटो राम्ररी विचार गरी उ त्यस ठाउँमा पुगी दिनमा लुकी मध्यान्ह समयपछि राक्षसहरू निदाउने बेला अब्भन्तर आँपको रूख नजिक गई एउटा शाखाबाट विस्तारै चढ्न थाल्यो । फलामको जालीबाट किरीक्क आवाज निस्क्यो । राक्षसहरू बिउँझे र सुगाको बच्चालाई देखे । अनि "आँपचोर" होला भनी एक जनाले उसलाई "मुखमा हाली निल्नेछु ।" भनी भने र अर्कोले "हातले थिची प्वाँख चुँडाली जताततै छर्नेछु" भनी भन्यो । अर्कोले "दुईटुक्रा पारी आगोमा पोली खानेछु" भनी भन्यो । उनीहरू यसरी कुरा गरिरहेका सुनेर पनि उ नडराई ती राक्षसहरूलाई सम्बोधन गरी– हे, राक्षसहरू ! "तिमीहरू को हौ ?" भनी सोध्यो ।

"वैश्रवण महाराजका सेवक हौं ।"



Downloaded from http://dhamma.digital/

"हे साथी हो ! तिमीहरू पनि राजाका सेवक हौ, म पनि राजाको सेवक हुँ । वाराणसी राजाले अब्भन्तर आँपको फल ल्याउनको लागि मलाई पठाएको हो । मैले चाहिँ राजालाई आफ्नो ज्यान अर्पण गरेर आएको छु । जसले आफ्नो आमाबाबुको निमित्त र मालिकको निमित्त ज्यान दिन्छ उ देवलोकमा नै उत्पन्न हुन्छ भनी भनिएको छ । त्यसैले म पनि यो तिर्थक योनिबाट मुक्त भइ देवलोकमा उत्पन्न हुने काम गर्दैछु ।"

अतः "मलाई तिमीहरूले मारेर खान्छ भन्ने त्राश छैन, हर्ष नै छु ।" भनी भन्यो ।

उसको धार्मिक कुरा सुनी प्रसन्न भइ "यो धर्मात्मालाई मार्नु हुन्न । यसलाई छाडिदिऔं" । भनी सुगाको बच्चालाई छाडिदिई "हे सुगाको बच्चा । हाम्रो हातबाट मुक्त भयौ, अब आरामसाथ जाऊ" भनी भने ।

"मेरा आगमनलाई विफल नतुल्याइदेऊ, मलाई एउटा आँपको फल देऊ ।" भनी अनुरोध गऱ्यो ।

राक्षसले भन्यो– "हे सुगाका बच्चा एउटा आँपको फल दिनु त्यति गाऱ्हो कुरा होइन तर यो रूखमा सबै आँपहरू गनी राखेका छन् । एउटा पनि आँप फरक परेमा हाम्रो ज्यान रहने छैन । वैश्रवणले क्रोध गरी एकचोटी हेर्ने वित्तिकै हजारौं कुम्भण्डहरू तातो कराहीमा भुटेको तील जस्तै तितर वितर भई उछिट्टिने छन् । त्यसैले हामी दिन सक्दैनौ । बरू पाउने ठाउँ बताइदिने छौं ।"

"जसले दिए पनि मलाई फल मात्रै भए पुग्छ । त्यसोभए पाँउने ठाउँ बताइ दिनुहोस् ।"

"यसै चाँदीको पर्वत वीचमा अग्नि हवन गरी जोतिरस भन्ने तपश्वी र कन्चनपति भन्ने तपश्वी आश्रममा बस्छन् । वैश्रवण त्यहाँ सधैं जान्छन् । वैश्रवणले उसलाई सधैं चारवटा फलहरू पठाउँछन् । तिमी उसकहाँ जाऊ । 'हुन्छ' भनी स्वीकार गरी तपश्वीको ठाउँमा गई वन्दना गरी एक छेउमा बस्यो । अनि



Downloaded from http://dhamma.digital/

तपश्वीले उसँग कहाँबाट आएका हौ भनी सोध्यो ।"

"वाराणसी राजाकहाँबाट ।"

"किन आएका हौ ?"

स्वामी हाम्रा राजाकी महारानीलाई पाकेको अब्भन्तर आम्रफल खाने इच्छा उत्पन्न भएको छ । त्यसैको लागि आएको हुँ । राक्षसहरूले स्वयं फल नदिई मलाई तपाईंकहाँ पठाइएका हुन् ।

त्यसो भए एकछिन बस पाउनेछौ भन्यो ।

समय भएपछि तपश्वीलाई वैश्रवणले चारवटा फलहरू पठाए । तपश्वीले त्यसबाट दुईवटा खाए । एउटा सुगाको बच्चालाई खान दिए । उसले खाइसकेपछि एउटा फल जालीमा राखेर सुगाको घाँटीमा बाँधी अब जाऊ भनी उसलाई छाडिदिए । उसले त्यो ल्याई महारानीलाई दियो । उनले त्यो खाएर आफ्नो इच्छा पूरा गरिन् । तर त्यसको कारणबाट उनले छोरा पाइनन् ।

शास्ताले यो जातक प्रकाश पार्दै भन्नु भयो– "त्यसबखत महारानी राहुलमाता थिइन्, सुगा आनन्द थिए, पाकेको आँप दिने तपश्वी सारिपुत्र थिए र उद्यानमा बस्ने तपश्वी म नै थिएँ ।"

**अभ्यास–प्रश्नहरू :**

प्र. नं. (१) यशोधरा देवीको पेट दुख्ने रोग निको पार्न कसले सहयोग गऱ्यो ?

प्र. नं. (२) महारानीलाई अब्भन्तर आँप खाने इच्छा किन उत्पन्न भयो ?

प्र. नं. (३) सुगाको कस्तो कुरा सुनी राक्षसहरूले आँप पाउने ठाउँ बताइदियो ?

प्र. नं. (४) अरुको नुन खाँदा आफ्नो ज्यान जोखिममा राखेर भएपनि कर्तव्य पालन गर्नुपर्छ भन्ने कुरालाई यो कथाबाट कसरी चित्रण गर्न खोजिएको छ ?

प्र. नं. (५) महारानीको दोहलो पूरा गर्न के कस्तो उपाय गरिए ?

प्र. नं. (६) अब्भन्तर जातकलाई आफ्नै शैलीमा संक्षिप्त लेख्नुहोस् ।



Downloaded from http://dhamma.digital/

# ८. गामणिचन्द जातक

यो जातक तथागत शास्ता श्रावस्तीको जेतवन विहारमा बसिरहनु भएको बेलामा प्रज्ञाको प्रशंसा गर्ने क्रममा बताउनु भएको हो ।

एकदिन धर्म सभामा भिक्षुहरूको वीचमा यसरी कुरा भइरहेको थियो– हे आयुष्मान् (साथीहरू) ! हाम्रा गुरू बुद्ध साँच्चै नै ठूलो प्रज्ञा भएका, महाप्रज्ञा भएका, प्रशन्न प्रज्ञा भएका, छिट्टै देख्न सक्ने प्रज्ञा भएका, तिक्ष्ण प्रज्ञा भएका, व्यक्ति हुनुहुन्छ, वहाँको प्रज्ञा सारयुक्त छ । बुद्ध जस्तो प्रज्ञावान देव ब्रह्मा सहित यस लोकमा कोही छैनन् । यसरी कुरा गरिरहेको समयमा वहाँ शाक्यमुनि बुद्ध पाल्नु भइ भन्नु भयो– भिक्षुहरू यहाँ तिमीहरूको के कुरा भैरहेको छ ?

भिक्षुहरूले भने– तपाईंको प्रज्ञाको चमत्कार बारेमा कुरा भैरहेको थियो ।

तथागतले भन्नु भयो– बुद्ध प्रज्ञावान अहिले मात्र भएको होइन, पहिले पहिले देखि प्रज्ञावान भएको भनी बताउनु भयो ।

Dhamma.Digital

## अतीत कथा

पहिले वाराणसी देशमा जनसन्ध भन्ने राजाले राज्य गर्दै थिए । त्यसबेला बोधिसत्त्व जनसन्ध राजाका अग्रमहारानीको कोखमा जन्म लिएका थिए । त्यो राजकुमार जन्मेको बेलामै मुहार पगालेको सुनको पाताको ऐना जस्तै सफा मुहार भएकोले उसलाई आदास मुख (ऐना जस्तो मुख) कुमार भनी नाम राखे । बाबु चाहिँले आफ्नो छोरा राजकुमार सातवर्ष हुँदा नै त्रिवेद र चाहिने जति सबै शिल्प विद्या सिकाएर तालिम दिए । राजकुमार ७ वर्ष हुँदा जनसन्ध राजा दिवंगत भए ।



Downloaded from http://dhamma.digital/

मन्त्रीहरू सबै जम्मा भएर धुमधामले राजाको मृत्यु संस्कार गरे। बितेका महाराजको नाममा दान-धर्म गरी, गर्नुपर्ने काम सिध्याए। सबै मन्त्रीगण भेला भए र सल्लाह भयो– अब हाम्रा राजा परलोक भए राजकुमार सानै छन्। तैपनि त्यो राजकुमारलाई राज्याभिषेक गर्नु पऱ्यो। तर ती कुमारले बुद्धि पूर्वक राज्य गर्न सक्छन त ? भोलि एकचोटी राजकुमारलाई न्यायालयमा लगी उसको बुद्धिको परीक्षा गरी हेर्नु पऱ्यो भन्ने बारे कुरा भयो। यस्तो कुरा भएको अनुसार मन्त्रीहरूले राजकुमारलाई बोलाएर लगे। राजकुमार धेरै परिवारले घेरिएको राम्ररी सजाइएका न्यायालयमा पसी सिंहासनमा बसे।

राजकुमार सिंहासनमा बसेपछि दुईवटा खुट्टाले टेक्ने बाँदर जो पाइला टेकेर जान सक्ने, भाषा जानेको छ त्यसलाई ल्याइ भने यो मानिस जमीन जग्गा सम्बन्धी अध्ययन गरेका इन्जिनियर, पढे लेखेका विद्वान् गुरू हुन् बुबाको पालै देखि मान्यता प्राप्त व्यक्ति हुन्। कहाँ घर बनाउनु हुन्छ, कहाँको जग्गा राम्रो छ सबै भन्न सक्छन्। त्यसैले हजुरले पनि यसलाई राज दरवारका इन्जीनियर पद दिइ सम्मान गर्नुहोस् भनी विन्ति गरे।

राजकुमारले पाइताला देखि टाउको सम्म शरीरका लक्षण हेरी भने– भो मन्त्रीहरू, त्यो त मान्छै नै होइन, त्यो त बाँदर पो हो जसले बनाइ राखेकोलाई भत्काउने, बिर्गाने काम बाहेक अरु केही बनाउन नजान्ने मात्र हुन्। त्यसले के ईन्जीनियरको काम गर्छ, यसलाई जग्गा जमीनको के कुरा थाहा हुन्छ ?

यति कुरा सुनेपछि हो महाराज भनेर मन्त्रीहरूले बाँदरलाई एक ठाउँमा राखी जानुपर्ने ठाउँमा गए।

फेरी एक दिनपछि त्यही बाँदरलाई राम्ररी न्यायाधीशको वस्त्र लगाई राजसभामा राखी मन्त्रीमण्डलले राजकुमारलाई विन्ति गरे– तपाईको बुबा राजा हुन्जेल यो न्याय गरिरहेको मान्छे हो। यो मानिस न्याय शास्त्रमा पारंगत छ। अब यसलाई नै न्यायाधीश पद दिई राज्य चलाउनु होस्।



Downloaded from http://dhamma.digital/

अनि राजकुमारले त्यो बाँदर न्यायाधीशलाई राम्ररी हेरी भन्नु भयो– भो मन्त्रीगण, यो मन वशमा राख्न सक्ने मान्छे होइन । यो त मनको वशमा जाने बाँदर हो । यो बाँदरले कसरी बुद्धिमत्तापूर्वक न्याय गर्न सक्छ ?

यति कुरा सुनेपछि मन्त्रीहरूले पुनः बाँदरलाई एक ठाउँमा राखी पहिले भैं जानुपर्ने ठाउँमा गए । फेरी एक दुई हप्तापछि त्यही बाँदरलाई राम्रो वस्त्र लगाई एकजना सज्जनको भेषमा राजकुमारको अगाडि ल्याइ भने– महाराज ! यो सज्जनले आमा बावुका सेवा राम्ररी गर्ने, ठुलालाई मान सत्कार गौरव राख्ने जस्तो मानिसको धर्म पालन गरिरहेको छ । यसलाई केही उपकार गर्नुपर्ला भनी विन्ति गरे ।

अनि राजकुमारले त्यो मानिसको भेषमा आएको बाँदरलाई हेरी भन्नु भयो– हे मन्त्रीगण ! यो हेर्दैमा चन्चल चित्त भएको बाँदर हो । कहाँको सज्जन मान्छे हो ? यो बाँदरले आमा, बाबु, दाजु, भाई दिदी, बहिनी भनी दया-माया राख्दैन । चार संग्रह वस्तु (दान, प्रिय बचन, अर्थचर्या र समानता) संग्रह गर्न सक्ने सज्जन त मान्छे मात्र हुनसक्छ भनी मेरा बाबा महाराजले आज्ञा भएको छ ।

अनि मन्त्रीहरूले यस्तै हो महाराज भनी त्यो बाँदरलाई एक ठाउँमा पठाए । राजकुमार धेरै बुद्धिमान छन् । जीउ मात्र बच्चा जस्तै छ तर बुद्धि त तिक्ष्ण नै छ । बुद्धि बच्चाको जस्तो छैन । त्यसैले राजकुमारले राज्य संचालन गर्न सक्छन् भनी निश्चय गरी राजकुमारलाई राज्याभिषेक गरी आदासमुख आज देखि हाम्रो राजा भए भनी घोषणा गरे ।

त्यसबेला देखि वोधिसत्त्व कुमार नयाँ राजा भए भनी सारा देशले थाहा पाए । देशमा राज्य पनि राम्ररी धर्मपूर्वक संचालन भईरह्यो, बच्चा राजा भएपनि बुद्धिमान पण्डित छन् भन्ने कुरा सारा देशमा फैलियो ।

एकदिन बोधिसत्त्व कुमारले राज्य चलाई रहेको बेलामा जनसन्ध महाराजको छहारीमा बसी सेवा गरिरहेका गामणि चन्दको मनमा यो दरवारमा बसी आफू समान बर्ष भएकाको सेवा गर्न पाए पो सुख र मज्जा हुन्छ । म भने



Downloaded from http://dhamma.digital/

बुढो भइसकें । अब यो बच्चा राजाको खुट्टा मुनि बसी के सेवा गर्नु ? यस्तो बच्चाको सेवा गर्नुभन्दा गाउँमा गएर खेतिपाती गरी जीवन बिताउनु नै राम्रो होला ।

यति मनमा राखी बाम्हकोश टाढा गाउँमा गइ खेती गर्दै जीविका गरी रह्यो । उसको खेती गर्न पनि गोरू थिएन । एक दिन पानी पर्दा एकजना गाउँको साथीकहाँ गोरु एक हल किनी दिनभर खेतमा गोरु जोती घाँस खुवाई बेलुकी गोरु मालिक साथी कहाँ गोरु राख्न गयो ।

त्यसबेला साथी घरमा दम्पति सहित भात खाइरहेका थिए । गोरु दुईवटै गोठमा पठायो । आफ्नो साथीले भात खान आउ भन्ला भनी लाज लागेर गोरु जिम्मा नदिइ त्यसै छोडेर ऊ घर फर्क्यो

त्यहीं रात गोरुहरू दुईवटै चोरी भएछन । अनि भोलिपल्ट बयल मालिक आइ गोरु पर्खाल काटेर चोरी लगेको देखे पनि थाहा नपाए जस्तै गरी गामणि चन्द कहाँ आइ भने–

"साथी ! मेरो गोरु देऊ ।"

उसले भन्यो मैले हिजो नै गोरु दुईवटै फर्काइदिसकें गोरु साहुले भने– तिमीले मलाई गोरु लेऊ भनी जिम्मा दिएर गएका छौ त ?

"जिम्मा त दिएको थिइन" भनी भन्दा गोरु मालिकले भन्यो नदिए पनि दिए भन्ने तिमी एक राजद्रोही भयौ, तिमीलाई पक्रेर लग्छु । त्यसबेला त्यहाँ गाउँको नियम अनुसार ईट्टा एउटा चोर्नेलाई पनि राजद्रोही भनिन्थ्यो । अनि राजा कहाँ जानुपर्ने र राजाकहाँ गएन भने राजाले दण्ड दिन्थ्यो । त्यसैले गामणि चन्द गोरु मालिकसँग राजा कहाँ जान्छु भनी गए ।

यसरी गइरहँदा गोरु मालिकलाई भन्यो– साथी ! मलाई सान्है भोक लाग्यो ऊ त्यो घर मेरो साथीको हो । त्यहाँ गएर भात खाइ यहीं नै आउँछु अलि



Downloaded from http://dhamma.digital/

पर्खिराख्नु भनी अनुमति लिएर सरासर साथीको घरमा गए । त्यो घरमा साथी थिएन । साथीको श्रीमति मात्र थिइन् । गामणि चन्दले उनलाई भात एक छाक खाँऊ भनी आएको भने ।

साथीको श्रीमतीले पाकेको भात छैन भनी भने । अलि कुर्नुहोस् छिटो भात पकाइ दिन्छु भनी छिटोछिटो चामल भण्डारमा गई चामल लिन गएकी भन्डारमै ढलिन् । उनी पेट बोकेकी सात महिना मात्र भएकी थिइन् । त्यहीं गर्भपतन भयो । महिलाको लोग्ने घरमा आइ पुगे । अनि स्वास्नीको विपित्ति देखेर गामणि चन्दलाई भन्यो– तिमीले मेरो स्वास्नीलाई कुटी गर्भपतन गरेको र बच्चा मारेको भनी समातेर राजाकहाँ लगे ।

अनि गामणि चन्दलाई बीचमा राखेर दुवै जनाले दुईतिर समाति लगे । यसरी जाँदा जाँदा एउटा गाउँको ढोकामा पुगे । त्यहाँ घोडासवार एकजनाले घोडालाई हप्काई लगन सकिराखेको थिएन । घोडा गामणि चन्द भएको तिर आइरह्यो । अनि घोडा सवारले पनि भन्यो– त्यो घोडालाई जेसुकैले भए पनि हानेर यतातिर पठाउनु गामणि मामा ।

अनि गामणि चन्दले घोडालाई धपाउनु पर्‍यो भनी त्यहीं रहेको एउटा ढुङ्गाले हिर्कायो । संयोगवश त्यो ढुङ्गा घोडाको खुट्टामा लागी खुट्टा भाँचियो ।

घोडा मालिकले तिमीले मेरो घोडाको खुट्टा भाँची दियौ तिमी राजद्रोही हौ । अब दरवारमा जाउँ भनी समात्यो । यसरी अब तिनै जनाले गामणिचन्दलाई समातेर हिंडीरहेको बेला मनमनै यिनीहरूले मलाई पक्कै राजाकहाँ लग्ने भए । त्यहाँ लगी मलाई उनीहरूले आ-आफ्नो वस्तुको मुल्य तिराउँनेछौ । म भने गोरु दुईवटा कै मूल्य तिर्न सक्दिन । बच्चाको सट्टा के तिर्ने ? घोडाको मूल्य कहाँवाट लिएर तिर्ने ? यसरी तिर्न नसकी जिउनु भन्दा मर्नु नै वेस । यसरी मनमा राखी गइरहेको बेलामा एउटा अग्लो पहाड देख्यो । अनि यो पर्वतबाट खसेर मर्नु नै



Downloaded from http://dhamma.digital/

राम्रो हुन्छ भन्ने सोच्यो । यति मनमा सोची समातेर हिंडेको तिनै जनालाई गामणि चन्दले भने– म दिसा एकचोटि गरेर आउँछु । एकछिन् पर्खि राख्नुस् भनी पहाडको जंगलमा हाम फाले ।

संयोगवश त्यहीबेला पहाडको तल छोरा र बाबु दुवै सुकुल बुनिरहेका थिए । मर्ने भनेर खसेको त सुकुल बुनिरहेको बुढाको टाउकोमा लागी उ मरेन । बरु, बुढो मान्छे मरयो । अनि छोरा चाहिँले तिमी मेरो बाबुलाई मार्ने हत्यारा हौ भनी गामणि चन्दलाई यो एकजना राजद्रोही हो भनी समातेर लगे । अब चार जनाले गामणि चन्दलाई राजाकहाँ लग्ने भए ।

यसरी जाँदा जाँदा एउटा अर्को गाउँको ढोकामा एकजना मुखिया भेट्यो । मुखियाले भन्यो– मामा गामणि चन्द कहाँ जान लागेको ? गामणि चन्दले भन्यो म राजाकहाँ जान लागेको ।

मुखियाले भन्यो– "म पहिले आसाध्यै राम्रो, रोग पनि नभएको, पैसा पनि धेरै भएको, कीर्ति प्रशंसा पनि धेरै भएको थिएँ तर अहिले मलाई कहिल्यै नभएको रोग (कमल पित्त) लाग्यो । राजा विद्वान् हुनुहुन्छ, वहाँलाई यसको कारण अवश्य नै थाहा हुन्छ । तिमीले एकचोटी दया राखी, सम्झी यो प्रश्नको जवाफ सुनेर मलाई भन्न आउनु है ?"

अनि सरासर गइरहेको बेलामा अर्के गाउँको ढोकामा एउटी गणिका भेट्यो । उनले पनि मामा गामणी कहाँ जान लागेको भनी सोधिन् । उसले राजा भेट्न जान लागेको बताउँदा गणिकाले भनिन्–

"मामा गामणि चन्द मेरो प्रश्न एउटा राजाकहाँ पुऱ्याइदेउ न । राजा विद्वान् हुनुहुन्छ । पहिले म धेरै पैसावाल र लावालस्करले युक्त थिएँ । अहिले म कहाँ कोही लोग्ने मानिस आउँदैनन् । खानलाई चामल सम्म पनि भित्रिएन । यसको कारण के हो भन्ने कुरा राजालाई थाहा हुन्छ । यसको उत्तर मलाई भन्न आउनु ।" उनलाई हुन्छ भनी जवाफ दियो ।



Downloaded from http://dhamma.digital/

त्यहाँबाट पनि सरासर बाटोमा गइरहेको बेला फेरी अर्को गाउँको ढोकामा एउटी तरुनी केटी भेट्यो । गामणि राजाकहाँ जान लागेको थाहा पाई उनले पनि आफ्नो सन्देश राजालाई सुनाइ देउ भनीन्– "म आफ्नो माइतीमा बस्न सकिन, लोग्ने कहाँ पनि बस्न सकिन । यो के भएको भन्ने कारण सोधी राजाबाट के आज्ञा हुन्छ, मलाई भन्न आउनू भनिन् ।" उसले हुन्छ भनी स्वीकार गऱ्यो ।

त्यहाँबाट पनि सरासर फराकिलो बाटोको छेउमा रहेको ढिस्कोको एउटा दुलोभित्र बसेको सर्पले पनि थाहा पाई गामणिचन्दलाई मेरो पनि सन्देश राजाकहाँ पुऱ्याइ देऊ भने । "म आहार खोज्न जाँदा भोक लाग्नाले शरीर दुब्लो तर आहार खोज्न जान सानो जिऊ भएर पनि अटाइ नअटाई बाहिर निस्कनु पर्छ । फेरी आहार खोजी खाएर आउँदा जीउ ठूलो हुन्छ । तर म गुफा भित्र जाँदा सजिलैसँग भित्र पस्न सक्छु । यस्तो किन भएको ।" यसको कारण राजालाई थाहा होला यो कुरा सोधी मलाई भन्न आउनू । यो पनि स्वीकार गऱ्यो ।

त्यहाँबाट पनि गइरहँदा एउटा मृग भेट्यो । त्यो मृगले पनि कहाँ जान लागेको भनी सोध्यो, राजाकहाँ जान लागेको भन्दा मेरो पनि कुरा एउटा राजालाई सुनाइदेऊ भने । "मलाइ अन्त घाँस खान मनै छैन । फलाना ठाउँको रुखमुनी मात्रै घाँस खान जान मनलाग्छ ।" मलाई त्यस्तो किन भएको राजासँग सोधी मलाई जवाफ भन्न आउनू । उसले यो पनि स्वीकार गऱ्यो ।

त्यस्तै बाटोमा जाँदै गर्दा तित्तिर मिसँग भन्ने पँक्षीले देखेर कहाँ जान लागेको भनी सोध्यो । राजाकहाँ जाने भन्ने थाहा पाएर उसले पनि आफ्नो सन्देश सुनाई दिनु र त्यसको जवाफ भन्न आउनू है भन्यो ।

"म एउटा टुप्पोमा वसेर कराउँदा मधुर स्वरले कराउन सक्छु अर्को ठाउँमा बसी कराउँदा स्वर नराम्रो हुन्छ ।" यसको जवाफ मलाई भन्न आउनू । हुन्छ भनी फेरी गयो ।



Downloaded from http://dhamma.digital/

फेरी बाटोमा एकजना वृक्ष देवताले पनि गामणि चन्दलाई भने राजा भेट्न जाने भए मेरो एउटा कुरा पनि विद्वान् राजालाई सुनाइदिनू । "म पहिला ठूलै लाभ सत्कारयुक्त थिएँ । अहिले मकहाँ पूजा गर्न आउने कोही छैनन् ।" यो के भएको राजालाई सोधी मलाई भन्न आउनू है । उसले हुन्छ भनी भन्यो ।

त्यहाँबाट पनि गइरहँदा एउटा नागराज भेट्यो । त्यसले पनि सोध्यो साथी गामणि चन्द कहाँ जान लागेको ?

राजाकहाँ जाने भनी जवाफ दियो ।

"त्यसो भए राम्रै भयो । तिमी राजाकहाँ जान लागेको भए मेरो कुरा एउटा सुनाई दिनू । पहिले यो पोखरीमा पानी मोति जस्तै सफा थियो । अहिले यो पोखरीको पानी धमिलो भयो । नाल मात्रै भैसक्यो । भ्यागुतै भ्यागुताले भरिसक्यो । यसको कारण के हो राजालाई सोधेर भन्न आउनू ।" यो पनि हुन्छ भनी स्वीकार गर्‍यो ।

त्यहाँबाट उता नगरको नजिक आश्रम वनाई रहेका ऋषिहरूले पनि अघिकाहरूले जस्तै भने– "राजा सारै विद्वान् छन् पहिले यो आश्रमको बगैंचामा फलफूलहरू सारै मिठा गुलिया थिए । अहिले त टर्रो, फलमा पटक्कै रस छैन । यसको कारण के हो राजालाई एकचोटी सोधी दिनू ।"

फेरी उता नगरद्वारको नजिक एउटा धर्मशालामा ब्राह्मण विधार्थी एक जनाले सोध्यो ।

"ओ गामणि चन्द, तिमी कहाँ जान लागेको हँ ?"

"राजाको दर्शन गर्न जान लागेको ।"

"त्यसो भए मेरो एउटा सन्देश पनि पुऱ्याइ देऊ है । पहिले जति वेद पढेको हो राम्ररी सम्भन सक्थें । अब भने पढेको सबै प्वाल परेको भाँडोमा पानी खन्याए जस्तै, केही रहँदैन । त्यो के भएको वुभीदिनू ।" सम्भन नसक्नाको कारण राजालाई एक चोटी सुनाइदिनू ।



Downloaded from http://dhamma.digital/

गामणि चन्द यी दशवटा प्रश्नहरू लिइ मानिसहरूद्वारा घेरा लगाई बोधिसत्त्व राजा कहाँ गए। राजा सिँहासनमा बसी न्याय गरिरहेका थिए। गोरुको मालिकले गामणि चन्दलाई समातेर राजाको अगाडि उभ्यायो। राजाले गामणि चन्दलाई देखेर चिने कि यिनी मेरो बुबाको विश्वासी सेवक हुन्। पहिले मलाई बोकेर खेलाइ रहन्थे। यतिका वर्ष सम्म कहाँ मात्र गइरहेको होला ? भनी मनमा राखी सोधे– ओहो ! गामणि चन्द ! यतिका वर्ष सम्म तिमी कहाँ गइरहेको ? तिमीलाई नदखेको धेरै भइसक्यो। अहिले किन यहाँ आएको हँ ?

उसले जवाफ दियो– महाराज ! म तपाईको बुबा महाराज परलोक भए देखि एउटा गाउँमा गई खेती गरिरहेको थिएँ। आज मलाई यस मानिसले गोरुको मुद्दामा विद्रोही बनाइ मलाई तपाईं समक्ष ल्यायो।

अनि राजाले भने– "मुद्दा लागी नल्याएको भए तिमी यहाँ आउँदैनथ्यौ। तिमीलाई मुद्दा लगाई समातेर ल्याएको बेशै भयो त्यसैले तिमीलाई भेट्न पाँए।" यति भनी राजाले सोधे– "तिमीलाई समातेर ल्याउने मान्छे को हो ?"

"यही हो, महाराज" भनी अगाडि देखायो।

राजाले भने– "चन्दलाई समातेर ल्याउने तिमी हौ ?"

"हो, महाराज"

"किन समातेर ल्याएको ?"

"यसले मेरो दुईवटा गोरु लिएर नफर्काएकोले समातेर ल्याएको हुँ।"

राजाले गामणिलाई सोधे– "हो तिमीले गोरु दुईवटै पच गरेको ?"

गामणि चन्दले भएको जम्मै कुरा सुनायो।

राजाले गोरु मालिकलाई सोधे– "के तिमीले गोरु गोठमा राख्न ल्याएको देखेनौ ?"

"देखिन महाराज।"



Downloaded from http://dhamma.digital/

फेरी राजाले भने– म सबै जान्न र देख्न सक्ने भएर नै मलाई आदासमुख भनेको तिमीलाई थाहै होला । त्यसैले झुठो कुरा नबोल्नु, सत्य बोल । यति सुनेर उसले गोरु फर्काएको हो भन्ने कुरा बतायो ।

राजाले भने– गामणिचन्द, तिमीले गोरु जिम्मा नदिएकोले तिम्रो गल्ती भयो । यो मान्छेले गोरु राख्न ल्याएको देखेर पनि जानी जानी झुठो बोल्यो, त्यसैले चन्द तिमी नै राजकर्मचारी भएकोले देखेर पनि देखेन भनेकोले उसको र उसको श्रीमतिको आँखा निकाली देऊ । गोरु एक जोरको चौबिस असर्फी तिरी देऊ । यति आज्ञा भइ गोरु मालिकलाई बाहिर पठायो ।

बाहिर गई गोरु मालिकले विचार गरे– दुवै जना आँखा नभएका भएर चौबिस (२४) वटा असर्फी लिएर के काम तुरुन्त गामणि चन्दको खुट्टा ढोगी रोएर भन्यो– हामीलाई गोरुको मोल चाहिँदैन । अर्को पैसा पनि लिनुस् । विन्ति गर्छौं हाम्रो आँखा निकाल्ने काम नगर्नु होला भनेर भाग्यो । अर्को मान्छे भित्र आएर राजालाई विन्ति गर्‍यो– महाराज ! यो गामणि चन्दले मेरो गर्भवती श्रीमतिलाई कुट्दा कुट्दै गर्भपतन गरेर बच्चा मारेको प्रमाण दिन सक्छु ।

राजाले गामणिलाई सोधे– यसो गरेको हो ?

गामणिले भएको सबै कुरा बतायो ।

अनि राजाले ती व्यक्तिलाई सोधे– त्यो गामणि चन्दले तिम्रो स्वास्नीलाई कुटेर बच्चाको हत्या गरेको प्रमाण दिन सक्छौ ?

उसले सक्तिन महाराज भन्यो ।

राजाले भने– अब तिमी के चाहन्छौ ? त्यो मान्छेले भन्यो– अब मलाई बच्चा नै चाहियो ।

अनि राजाले आज्ञा दिए– ए, गामणि अब तिमीले यसको स्वास्नीलाई घरमा लगी बच्चा एउटा नभएसम्म राखेर बच्चा एउटा भएपछि उसको स्वास्नी फर्काउनू ।



Downloaded from http://dhamma.digital/

अनि त्यो मान्छे गामणिको खुट्टा ढोगेर मेरो स्वास्नीलाई नलैजाऊ बरू तिमीलाई पैसा तिर्छु भनी भाग्यो ।

अनि फेरी अर्कोलाई समातेर ल्याएको घोडा मालिकलाई भित्र बोलायो उसले पनि भन्यो– महराज ! त्यो गामणि चन्दले मेरो घोडालाई ईट्टाले हानी खुट्टा भाँचिदियो ।

राजाले गामणिलाई सोधे– त्यसो भएको हो त ? गामिणीले भएको कुरा सबै बतायो । यो कुरा सुनी राजाले घोडा मालिकलाई सोधे– तिमीले घोडालाई एक चोटी हप्काउनु भनेको हो ?

भनेको छैन । महराज !

राजाले आज्ञा दिए– मेरो अगाडि झूठो कुरा बोल्ने नगर । भएको मात्र भन ।

अनि उसले भन्यो– घोडालाई तर्साउन अह्राएको ।

राजाले आज्ञा गरे– गामणि चन्द यसले घोडालाई तर्साउनु भनेर पनि भनेको छैन भन्यो । त्यसैले उसको जिब्रो काटीदेऊ । घोडाको मुल्य एक हजार दाम दरवारबाट ल्याई तिरी देऊ ।

अनि घोडा मालिकले जिब्रो काटी दिन्छ भनी रोएर गामणि चन्दलाई दाम पनि दिई क्षमा मागेर भाग्यो ।

त्यसपछि सुकुल बुन्ने मान्छेको छोरा आएर विन्ति गर्‍यो– महाराज ! त्यो गामणि मेरो बुबालाई मार्ने ज्यानमारा हो ।

राजाले सोधे– ए, गामणि तिमीले उसको बुबालाई मारेको हो ? गामणिले भएको सबै कुरा बतायो ।

अनि राजाले सुकुल बुन्ने मान्छेलाई भने– अब तिमीले के गर्न चाहन्छौ ? तिमीलाई के चाहियो ?



Downloaded from http://dhamma.digital/

उसले भन्यो मलाई मेरो वुबा चाहियो ।

राजाले गामणिलाई बोलाएर भने उसलाई बुवा चाहियो रे । मरिसकेको बुबा फर्कदैनन् अब तिमी यसको आमासँग बिवाह गरी यसको बुबा बनी देऊ ।

सुकुल बुन्ने मान्छेले राजाको हुकुम सुन्ने वित्तिकै भन्यो– अहो ! मेरो मरेको बुबाको कुल धर्म नष्ट नगर्नुहोस् । मेरी आमाको पतिव्रता नबिर्गानुस् भनी विन्ति गरेर पैशा दिएर भाग्यो ।

गामणि सबै मुद्दा जितेकोले खुशी भइ राजालाई विन्ति गऱ्यो– महाराज बाटोमा भेटेका धेरैले प्रश्न सोधेका छन् । एकचोटी सुन्नुहोस् । राजाको अनुमति लिएर ब्राह्मणले सोधेको प्रश्नलाई अगाडि राखेर सबै भने ।

राजाले पछाडि देखिनको सबैको उत्तर क्रमशः दिए ।

पहिला ब्राह्मण कहाँ कुखुरा थियो । त्यो कुखुरा बिहान सवेरै उठेर वेद पाठ गर्थ्यो । त्यसैले त्यो बेला सबै वेद सम्झिराख्थ्यो । बिर्सदैनथ्यो । अव उसकहाँ त्यो कुखुरा वेसमयमा भयो । त्यो कुखुरा आधि रातमा पनि ...... भयो । उज्यालो हुदाँ पनि । आधा रातमा कुखुरा उठेर वेद पाठ गर्दा निन्द्रा नपुगेर पढ्दा पढ्दै सुत्छन् । राम्ररी पाठ गर्न पाउँदैन । उज्यालो हुदाँ कुखुरा उठेर वेद पाठ गर्न पाउँदैन । उज्यालो हुदाँ कुखुरा उठेर वेद पाठ गर्न नपाउँदै अरु काम गर्नु पर्ने हुन्छ । पाठ सिध्याउनै नपाउने । त्यसैले वेद पढ्दा पढ्दै बिर्सदै जान्छ ।

ऋषिहरूको प्रश्नको जवाफ पहिला ऋषिहरूले श्रमण धर्म पुरा गरी कसिन ध्यान गर्नमा परिश्रम गरिराख्थ्यो । अब आएर श्रमण धर्म छोडेर पाप कर्ममा लागे । विहार (आश्रम) को फलफूल वेचेर भोजन दिने दाताहरूलाई फलफूल दिएर भोजन साटेर मिथ्या जीविका गरी रहे । त्यसैले त्यहाँ फलफूल पहिला जस्तै ऋषिहरू धर्मात्मा भएर एकचित्त गरी श्रमण धर्म पालन गरे भने फेरी पनि फलफूल गुलियो स्वादिलो भएर आउँछ । यस्तो कुरा राजाले सबै जानेको छ भनी ऋषिहरूलाई थाहा छैन । यो कुरा राम्ररी वताई श्रमण धर्म पालन गर भनी राजाले हुकुम गरे ।



Downloaded from http://dhamma.digital/

तेस्रो प्रश्न सुनेर बोधिसत्त्व राजाले आज्ञा गरे– ती नागराजहरू परस्परमा झगडा मात्र गरी रहेकोले पोखरीमा पानी धमिलो भई नाल जस्तै भयो । यिनीहरू पहिला झैं मिलेर बसे भने पानी सफा भइ राम्रो हुन्छ । चौथो प्रश्नको जवाफ दिंदै भने– पहिला त्यो वृक्ष देवताले ती जंगलमा आउने मानिसहरूको रक्षा गरी रहन्थे । त्यसैले मानिसहरूले वलि पूजा मानेर गर्यो । अहिले रक्षा गरेनन् । आफ्नो कतर्व्य पालन गरेनन् । त्यसैले मानिसहरूले पूजा गर्न आएनन् । यदि पहिला जस्तै मानिसहरूलाई रक्षा गर्छ भने फेरी लाभ भएर आउँछ । राजालाई यी सबै कुरा थाहा छ भने त्यसैले मानिसहरूको रक्षा गरी बस भन्नु । छैठौं प्रश्नको उत्तर जुन रूखको मुनि मृगले घाँस खान्थ्यो त्यो रूख माथि मौरीको गोला छ । त्यो गोलाबाट मह झरेर घाँसमा लाग्ने भएकोले गुलियो मिठो भएको तर अरु घाँस त्यस्तो मिठो नभएको हो । त्यसैले त्यहाँको घाँस खान नसकेको हो । त्यो मौरीको गोला ल्याएर मलाई पनि दिनु तिमी पनि लग्नु । अनि त्यो मृगले अरु ठाउँको पनि घाँस खान्छ ।

सर्पको प्रश्नको जवाफ दिंदै बोधिसत्त्व राजाले भने– त्यो सर्प रहने जमीनमा धनको पोका लुकाइएको छ । त्यसले ती धन रक्षा गर्दै बसेको छ । त्यो धनको लोभ र मायाले आहार खोज्न जाँदा शरीर पातलो भएपनि गाऱ्हो गरी अटाई नअटाई गरी बाहिर जानु पर्ने । आहार खोजेर खाइसकेपछि धनको मायाले शरीर मोटो भएपनि सजिलैसँग भित्र जान सक्छ त्यो धनको पोका तिमीले झिकेर ल्याऊ भनी गामणिलाई हुकुम भयो ।

तरुनी महिलाको प्रश्नको जवाफमा ती महिलाको माइती र लोग्नेको घरको वीचमा नाठो (परपुरुष) एकजना छ । लोग्ने घरमा पस्दा पनि नाठो सम्झेर चित्तमा खुलदुल भइरहने हुन्छ । माइतमा वस्छु भनेर जाँदा नाठो भेटेर जान्छ । माइतमा बस्दा पनि त्यो केटो सम्झेर चित्त थाम्न सकिनन् ।



Downloaded from http://dhamma.digital/

लोग्ने कहाँ जान्छु भनेर माइतवाट भनेर आउँछे । नाठोसँग मनपरे सम्म धेरै वेर बसेर लोग्ने कहाँ जान्छे। ती केटीलाई भनी देउ राजालाई नराम्रो वानी सबै थाहा छ । लोग्नेकहाँ नै राम्ररी बस्नु नत्र भने सरकारले कारबाही गर्छ । जीवन सुखी हुँदैन, राम्रो बन्न होश गर भन्ने राजाबाट हुकुम भएको जानकारी दिनू ।

गणिकाको प्रश्न पहिले ती चरित्रहीन केटी एक जना केटासँग बैना लिएपछि उसको इच्छा पुरा नगरी अरुको बैना लिन्नथी। अहिले उनले पहिला बैना लिएकासित इच्छा पुरा नगरी अर्कै व्यक्तिसँग पैसा लिएर त्यसको इच्छा पूरा गरेर स्वार्थी काम गरिन्। त्यसैले अब उनी कहाँ कोही लोग्ने मानिस आएनन् । पैसा पनि प्राप्त भएन । यदि उनले नियम बमोजिम पालै पालो गरी आएकोलाई पालैसँग इच्छा पुरा गरेर आफ्नो कतर्व्य पालन गर्छे भने उनकहाँ लोग्ने मानिसहरू फेरी आउँछन्। त्यसैले आफ्नो धर्म नछोडी स्थिीर भइ राख भन्नु ।

सबै भन्दा पहिलेको मुखियाको प्रश्नः त्यो गाउँको मुखिया पहिला धार्मिक अथवा न्यायपूर्वक मुद्दा र झगडा छिन्ने गर्दथे। त्यसैले उसलाई मानिसहरूले मन पराउँथे। धेरैजसो खुशी भएर उपहार दिन ल्याउँथे। त्यसैले उसलाई राम्रो भएछ, आफ्नो धन छ, अब घुस खाने भयो । अन्यायपूर्वक दोषीहरूलाई निदोष गरी, डाँकाहरूलाई सज्जन गरी अन्याय गरी रह्यो। त्यसैले उसलाई रगतको कमी हुने रोग कमल पित्तले दुःख दियो । यदि अहिले पनि पहिले जस्तै धार्मिकपूर्वक घूस नखाइ न्यायपूर्वक मुद्दा छिन्यो भने पहिले जस्तै मान सत्कार हुन्छ । त्यसैले उसलाई भनी देउ धर्मपूर्वक राज्य गरी रहेका राजा छन्। मनपरी काम नगर । धार्मिकपूर्वक न्याय गरी बस भनी सुनाइ देऊ ।

गामणि चन्दले राजालाई सबैले सोधेका सन्देश वा प्रश्न सुनायो। राजाले राम्ररी जवाफ दिइसकेपछि गामणिलाई पनि धेरै धन सम्पत्ति दिए । गाउँ नै वक्सिस दिए। त्यहाँवाट वाहिर निस्की गामणि चन्द विद्यार्थी, तपश्वी, नागराजा,



Downloaded from http://dhamma.digital/

वृक्ष देवताहरूलाई राजाले दिएको जवाफ सुनाए । तित्तिर पंक्षी बस्ने ठाउँको धनको पोका लियो । अनि मृगको घाँस खाने ठाउँमा रुखमा भएको मह लिई राजाकहाँ पठायो । सर्प बस्ने ठाउँ बिगारी धन लियो । तरुनी केटी, चरित्रहीन केटी र मुखियालाई राजाको सन्देश दिन आनन्दले फूर्तिसाथ गामणि गाउँमा गए । त्यसपछि जिन्दगीभर आनन्दले जीवन बिताई परलोक भए ।

भगवान् बुद्धले प्रज्ञाकोबारेमा प्रकाश पार्दा धेरै मानिसहरू श्रोतापन्न भए । त्यसबेलाको गामणिचन्द आनन्द हो, आदर्शमुख राजा अहिलेका बुद्ध हुनुहुन्छ ।

**अभ्यास–प्रश्नहरू:**

प्र. नं. (१) गामणि चन्दलाई के के गरेको अपराधमा क-कस्ले समातेर राजाकहाँ लगे ?

प्र. नं. (२) आदासमुख कसरी राजा भए ? स्पष्ट पार्नुहोस् ।

प्र. नं. (३) बाटोमा समातेर लगिराखेको गामणिचन्दको बाटोमा कस्कससित भेट भयो र तिनीहरूले के के कुरा सुनाउन अनुरोध गरे ?

प्र. नं. (४) नागराजा खान बाहिर जाँदा गाऱ्हो हुने तर आहार खाएको मोटाए पनि भित्र जाँदा सजिलो हुनाको कारण के हो ?

प्र. नं. (५) मृगलाई रूख मुनि एकै ठाउँको मात्र घाँस मिठो हुने अन्य ठाउँको घाँस नमिठो हुनाका कारण के हो ?

प्र. नं. (६) गामणिचन्द जातक कथाले हाम्रो समाजलाई कस्तो शिक्षा प्रदान गरेको छ ?

प्र. नं. (७) गामणिचन्द जातकलाई आफ्नो शैलीमा प्रस्तुत गर्नुहोस् ।



Downloaded from http://dhamma.digital/

'पञ्ञा नरानं रतनं'

# परियत्ति : प्रथम प्रवेश शिक्षा

(भाग-३, नेपाली)

(बु. सं. २५४६ देखि स्वीकृत)

(नेपाल बौद्ध परियत्ति शिक्षा समितिको निर्देशन अनुसार
प. स. पा. को प्रवेश प्रथम वर्ष तृतीय पत्रको पाठ्य-पुस्तक)

लेखक तथा अनुवादक

आचार्य भिक्षु अमृतानन्द महास्थविर

सम्पादन तथा संयोजन

कोण्डन्य

(संयोजक : नेपाल बौद्ध परियत्ति शिक्षा, पाठ्यक्रम विकास समिति)



Downloaded from http://dhamma.digital/

# पटाचारा-जीवनी

लेखक

भिक्षु सुबोधानन्द महास्थविर

अनुवादक

दोलेन्द्र रत्न शाक्य



Downloaded from http://dhamma.digital/

# पटाचारा

## बाल्यकाल

भगवान् बुद्धको समयमा कोशल राज्यको राजधानी श्रावस्ती एक अति समृद्धशाली नगर थियो । त्यस नगरमा धेरै धनाढ्य साहू महाजनहरू बस्दथे । तीमध्ये चालीस कोटी धन भएको एकजना महाजन पनि बस्दथ्यो । त्यस महाजनको एक छोरा र एक छोरी थिए । छोरीको नाउँ पटाचारा थियो । पटाचारा सारै राम्री एवं रूपवती थिइन् । ती छोरा छोरी दुबैलाई महाजनले राम्ररी पालन पोषण गरी सुखमय जीवन बिताउन आवश्यक सुख सुविधाहरू जुटाइदिएको थियो । क्रमशः पटाचारा ठुली भइन् र १६ वर्षको उमेरमा पदार्पण गरिन् । तिनको आमाबाबुले तिनलाई कडा सुरक्षाको दृष्टिकोणले सात्तला भएको प्रासादको सबभन्दा माथिल्लो तलामा पूर्ण रेखदेख गरी सुविस्तासाथ राखेका थिए ।

## विवाह

पटाचारालाई तिनका आमाबाबुले त्यसरी सुरक्षागरी राख्दाराख्दै पनि तिनकै घरमा नोकरी गरिरहेको नोकरसित पटाचाराले प्रणय सम्बन्ध गाँसेकी थिइन् ।

उता आमाबाबाले पनि छोरी पटाचारालाई बिहे गरिदिने बारे कुरागरिरहेका थिए । उनीहरू भन्थे- बैंश पुगेकी छोरीलाई अब दिइ पठाउनुपर्ला ।

त्यसैताका एकदिन समजातिक कुलको कुमारको तर्फबाट कन्या वरण गर्न आए । पटाचाराको आमाबाबाले सबै कुरा सुनिसकेपछि छोरी पटाचारालाई त्यसै कुमारलाई दिइपठाउने निश्चय गरी कामकुरा छिने । यो कुरा पटाचाराले सुनिन् अनि आफ्ना प्रेमी त्यस नोकरसित भेटी यसो भनिन् -

"प्रिय ! अब मेरा आमाबाबाले मलाई विबाह गरी दिइपठाउने भइसक्यो । त्यहाँ मलाई दिइपठाइसकेपछि तिमीले पत्रद्वारा समेत भेट्न सक्दैनौं । यदि तिम्रो मप्रति प्रेम छ भने मलाई यहाँबाट भगाएर लैजाऊ ।"



Downloaded from http://dhamma.digital/

यसरी पटाचाराले त्यस नोकरलाई विश्वासपूर्वक सबै कुरा सुनाइन् । अनि त्यस नोकरले पटाचारालाई आश्वासन दिँदै भन्यो - "त्यसो हो भने भोलि बिहान म नगरबाहिर फलाना ठाउँमा बसिराख्छु । तिमी जुनसुकै उपाय गरेर भए पनि त्यहाँ आइपुगे । अनि हामी दुबैको प्रेमपूर्ण दाम्पत्य जीवनको अभिलाषा पूर्ण हुनेछ ।" यसरी आवश्यक सल्लाह साउती गरी छुट्टिए ।

ती यौवनमत्ता पटाचारालाई घरमा आमाबाबाले जति सुखपूर्वक पालन-पोषण गरिराखेकी भए पनि कामान्ध भएर माइतिको सुखलाई समेत तिलाञ्जलि दिंदै रात्रीको समयमा घर छाडी त्यस नोकरसित जाने नै निश्चय गरिन् ।

उता त्यस नोकर बिहान सबेरै उठी आफूले संकेत गरेको स्थानमा पुग्यो । अनि चुपचाप पटाचाराको प्रतीक्षा गरिरह्यो । जब बिहानी भयो, पटाचारा घरबाट निस्कन तयारी गरिन् । सबेरै उठी, मैलो लुगा लगाई, चुल्ठो खोली, कपाल छरपुष्ट पारी, टोकरी बोकी फोहोर फाल्न लैजान लागेकी दासीजस्तै गरी भेष बदलेर गुप्तरूपले घरबाट निस्किन् । त्यसबेला तिनले आफूसँग भएको लुगाफाटो र गहना पनि साथै लगेकी थिइन् । निश्चित गरिएको स्थानमा आफ्नो प्रियतमसित भेट गरिन् । त्यसपछि ती दुबै प्रेमीप्रेमीका दाम्पत्य जीवन बिताउन त्यस नगरबाट ३\४ योजनजति परको एक गाउँमा बस्न गए ।

त्यस टाढाको गाउँमा आफ्नो र आफ्नी प्रियाको जीवनयापनको लागि त्यस युवकले जंगलभित्र खेत बनाई खेती गर्न लाग्यो । जंगलबाट घर फर्किंदा दाउरा पात बटुली ल्याउँथ्यो । यसरी आफ्नो जीवनयापन गर्नको निमित्त आर्थिक व्यवस्था मिलायो । पटाचाराले पनि घरको कामकाज गर्ने, पानी ल्याउने, धान कुट्ने, भात पकाउने, सुघर सफाइ गर्ने इत्यादि सबै काम आफैले गरी गृहस्थ जीवन जसोतसो चलाइन् ।

क्रमशः समय बितेपछि पटाचारा गर्भवती भइन् । गर्भ बढ्दै गएपछि पटाचाराले आफ्नो पतिलाई भनिन्- "पतिदेव ! म यहाँ एक्लै छु । कुनै उपकारी नाता कुटुम्ब यहाँ छैनन् । अब बच्चा पाउने समय हुँदैछ । यदि तपाईंले वचन दिनुहुन्छ भने म माइत जान्छु । मलाई माइत पुऱ्याइदिनुहोस् ।"



Downloaded from http://dhamma.digital/

लोग्नेंले पटाचाराको इच्छा पूर्ण हुने किसिमले वचन दिन सकेन । उसले आफ्नो असमर्थता व्यक्त गर्दै भन्यो- "म तिम्रो घरमा नोकर भएर पनि तिमीलाई भगाएर ल्याएँ । अब तिम्रो घरमा जाँदा तिम्रा आमाबाबाले मलाई के गर्लान् कसो गर्लान् भन्न सकिन्न । त्यसैले तिमी माइत नजाऊ । म तिमीलाई माइत पुऱ्याइदिन सक्दिन ।"

अनि पटाचाराले भनिन् - "हे स्वामी, आमाबाबुको मन कमलो हुन्छ । उहाँहरूले हामीलाई केही गर्दैनन् । यहाँ त मेरा कोही पनि छैनन् । यस्तो ठाउँमा मैले कसरी सुत्केरी बन्न सकुँली ? त्यसैले मलाई माइतै पुऱ्याइदिनुहोस् ।" यसरी बारम्बार अनुरोध गर्दा पनि हुतिहारा त्यस युवकले आज-आज भोलि-भोलि भन्दै आलटाल गर्दैरह्यो ।

तर पटाचाराले लोग्नेको लाछीपना सहेर बस्न सकिनन् । नारीको जीवनमा गर्भवती अवस्था नाजुक हुन्छ । नारीहरू प्रसवकालमा के होला कसो होला भन्ने भयले आत्तिन्छन् । नारीले त्यसबेला केवल जन्मदाता आमाबाबालाई सहाराको रूपमा र उपकारकको रूपमा लिन्छन् ।

आफ्नो लोग्नेले आज-आज भोलि-भोलि भन्दै जाने दिन नतोकेर आलटाल गरिरहेको थाहा पाएपछि तिनले विचार गरिन् - "अब यो मान्छे श्रावस्ती जाँदैन । यसलाई कुरेर ठीक हुँदैन । त्यसैले म एक्लै भए पनि श्रावस्ती जानुपऱ्यो ।" एकदिन लोग्नेचाहिं जंगल गएको मौका पारी विश्वासी छरछिमेकीहरूलाई सूचना दिने विचारले भनिन् -

"साथी हो ! म माइत जान लागेकी छु । मेरो लोग्ने घर फर्किंदा म माइती गई भन्दिनुहोला ।" यति भनी पटाचारा माइततिर हिँडिन् । लोग्नेचाहिं जंगलबाट फर्किंदा पटाचारालाई देखेन । छिमेकीसँग सोध्दा पटाचाराले भनेकी कुरा उसलाई सुनाए ।

पटाचारा माइत हिंडेकी कुरा सुनेर त्यस युवकको मनमा दुःख लाग्यो । उसले विचार गऱ्यो- "अहो, मेरै कारणले त्यस कुलीन चेलीले अनाहकमा यस्तो दुर्दशा भोग्नुपऱ्यो ।" यसरी एक्लै फतफताउँदै पटाचारालाई फर्काएर ल्याउँछु भन्ने उद्देश्यले उनी गएकै बाटो लाग्यो । केही पर पुगेपछि पटाचारालाई भेट्टायो । घर फर्काउन अनेक तरहले सम्झाए तर प्रसवावस्थाको भयले लोग्नेको कुरा मानिनन् र गन्तव्यतिर



Downloaded from http://dhamma.digital/

गई नै राखिन् । केही समय पश्चात् बाटैमा तिनलाई प्रसववेदना (बच्चा पाउने व्यथा) शुरू भयो ।

त्यसै बाटोको छेउको जंगलमा एउटा रूखको मुनि सुरक्षित र गुप्त स्थानमा तिनले एक बालकलाई जन्म दिइन् । अनि पटाचाराले लोग्नेलाई भनिन्- "जुन उद्देश्यले माइत जान आएकी थिएँ, त्यो उद्देश्य यहीं पूरा भयो । त्यसैले म अब माइत जान्न ।" यति भनी ती दम्पति सुखपूर्वक पुत्र-लाभ गरी सन्तुष्ट भई घर फर्के ।

क्रमशः त्यस बालकको लालन पालन भयो । बालक दुई वर्षको भयो । पुनः पटाचारा गर्भवती भइन् । अनि तिनले पहिलेझैं माइती जाने मन गरी लोग्नेचाहिंलाई अनुरोध गरिन् । तर यसपाली पनि पटाचाराले लोग्नेको सहमति पाउन सकिनन् ।

अनि आफ्नै निर्णय मुताबिक काम गर्न चाहिन् । प्रसवको समय नजिक आएको चाल पाएपछि लोग्नेको अनुमति नै नलिई दुई वर्षको बालक साथमा लिई श्रावस्तीतिर प्रस्थान गरिन् ।

लोग्नेचाहिंले यो कुरा थाहा पाएपछि फर्काएर ल्याउने विचारले त्यही बाटो गयो । बाटोमा पटाचारा फेला त पर्‍यो । तर अनेक प्रकारले सम्झाउँदा पनि पटाचारा घर फर्कन मानिनन् । तिनी अगाडि बढी नै रहिन् । त्यसबेला अकस्मात आकाशमा कालो बादलले ढाकेर अन्धकार भयो । प्रसवको बारेमा मनमा कुरा खेलाउँदै पटाचारा गइरहेकी थिइन् । त्यसैबेला त्यहाँ घनघोर वर्षा भयो । बाटोमा कतै पनि ओत लाग्ने ठाउँ थिएन । पानीमा रूझ्दै गइरहिन् । त्यति नै बेला तिनलाई प्रसववेदना शुरू भयो । प्रसववेदना सहन नसकी लोग्नेलाई भनिन्- "मलाई प्रसव गर्न पानीले नरूझ्ने एक सुरक्षित स्थान बनाइदेऊ ।" आगो ताप्नको लागि स्थान बनाउने सिलसिलामा उसको लोग्ने रूखको हाँगा र घाँसपात बटुल्न जंगल पस्यो । एक ठाउँमा एउटा ढिस्को देख्यो र त्यहाँ हाँगाबिंगा, पातपतिंगर पनि देख्यो । आफूसँग भएको शस्त्र झिकी हाँगा र घाँस काट्न खोज्दा त्यस ढिस्कोनिर बस्ने एक कालसर्पले उसको खुट्टामा डस्यो । तुरून्तै जीउभरि विष फैलियो । उसको जीउ निलाम्ये भयो । होस सम्हाल्न नसकी ऊ त्यहीं ढल्यो । तत्कालै उसको मृत्यु पनि भयो ।



Downloaded from http://dhamma.digital/

उतापट्टि अबला पटाचारा प्रसववेदनाले छटपटिरहिन् । कोही पनि उपकारक नभएको स्थानमा झरी बतास सहेर लाग्नेको प्रतीक्षामा बसिरहिन् । लोग्ने आउने आसमा यताउति हेरिरहिन् । प्रतीक्षा गर्दागर्दै झमक्क रात पऱ्यो । निराश पनि भइन् । असह्य प्रसव वेदनापश्चात् रातको प्रहरमा बच्चा जन्म्यो ।

त्यस्तो अन्धकार रात्रीको समयमा त्यो पनि पानीमा चुटिएर रहनुपर्दा दुःख वेदना सहन नसकी ती दुई बच्चाहरू जोरजोरले रोइरहेका थिए । पटाचाराको करुणापूर्ण हृदयले दुबै बालकलाई रातभरि आफ्नो शरीरको न्यानो दिई सुरक्षा दिँदै रात बिताइन् ।
त्यसरी रातभरि पानीमा रूझेर बस्नुपरेको र सुत्केरीको अवस्थामा भएकी हुँदा पटाचाराको शरीर रगत नभएको शरीरजस्तै पहेंलो वर्णको देखिन्थ्यो ।

**पति र सन्तान वियोग**

बिहानी भयो । अनि पटाचाराले सानो बच्चा काखी च्यापी, ठूलोलाई डोऱ्याई लोग्ने दाउरा बटुल्न जतातिर गएको थियो त्यतै गइन् ।

त्यही ढिस्कोनिर पुगेर हेर्दा विषले कालोनीलो भएर मृत अवस्थामा आफ्नो लोग्नेलाई देखिन् । पटाचाराको कोमल हृदयले त्यस वियोग दुःखलाई सहन सकेन । अनेक प्रकारले विरह गरी रोइन् कराइन्- "हा ! म कस्ती अभागी रहीछु । मेरो निम्ति नै मेरा स्वामीले बीच बाटोमा प्राण त्याग गऱ्यो ।" यसरी शोकाकुल भई ठूलो विलाप गरिन् । ती सुकोमल नारीले जीवनमा आराम भोग्नै पाइनन् । सुत्केरीको त्यो बेला उनी कहाँ जाउन् ? दुइटै बच्चाहरू लिई शरण पाउने आशामा माइती घरतिर जाने विचार गरिन् ।

चेलीबेटीको आमाबाबु नै शरण हुन्छ । नारी जीवनको ठूलो भरोसा पनि ती नै हुन् । यस्तै विचारले प्रेरित भई माइतीको शरण पाउने आशा गर्दै शोकाभिभूत पटाचारा आमाबाबुको माया पाउन श्रावस्तीतिर बढिन् । बाटोमा अचीरवती भन्ने नदी पर्दथ्यो । रातभरि मुसलधारे पानी परेको कारणले उक्त नदीमा बाढी आएको थियो । नदीको पानी कति गहिरो छ भन्ने अन्दाज तिनमा थिएन । त्यसैले दुइटै बच्चाहरू साथमा लिई नदी पार



Downloaded from http://dhamma.digital/

गर्ने हिम्मत गर्न सकिनन् । हिम्मत होस् पनि कसरी ? त्यस्तो अवस्थामा तिनमा कसरी सामर्थ्य होला ? कुनै पनि नारीमा त्यस्तो दयनीय अवस्थामा त्यसप्रकारको सामर्थ्य हुँदैन । पटाचाराले विचार गरिन्- "दुइटै बच्चाहरू लिएर अवश्य पनि नदी पार गर्न सकिदैन । ठूलो बच्चालाई वारि नै छोडेर यो नवजात शिशुलिई नदी तर्छु ।" यति विचार गरी नदी तरी पारि पुगिन् । अनि त्यस नवात शिशुलाई कपडाले बेरी पात ओछ्याई पातैले ओढाई सुताइन् । अनि पारी छोडेर आएको बच्चालाई लिन नदीमा पसिन् ।

आमाको करुणामयी हृदय न हो, त्यस शिशुलाई केही हुन्छ कि भन्ने पीर लिएर पछाडि फर्किदै नदी तरिन् । बीचमा पुगेपछि तिनले अकस्मात आकाशमा उड्दै गरेको ठूलो बाजपंक्षी देखिन् । तल नदीको किनारमा सुताइराखेको त्यस शिशुलाई मासुको डल्लो भन्ने सम्झी त्यस बाजपंक्षी बेगले तल झरी त्यस शिशुलाई टिपेर लग्यो । पटाचाराले पछाडि फर्केर हेर्दा त्यस बाजलाई देखेर "हा..." "हा..." गर्दै दुबै हात माथितिर हल्लाइन् । उता नदी पारि छोडेर आएकी बच्चाले आमाले मलाई आऊ भनी डाकिन् भन्ने सम्झी आमा भएतिर नदीमा पस्यो । उता पटाचाराले पारिपट्टि हेर्दा बच्चालाई नदीले बगाइसकेको थियो ।

*अहो ! कस्तो वियोग ! प्राणसरि प्रिय ती दुबै बालकहरूले आमालाई छाडेर गए ।*

त्यसघडी पटाचाराले आँखाले केही देखिनन्, केही बोल्न सकिनन् । अपशोच पनि किन नहोस् । तिनलाई शोकको सिमाना नै रहेन । बन्धु वियोगको दुःख सहन नसकी व्याकुल भएकी ती अबला पटाचारा एक्लै उक्त नदीको किनारमा छट्पटाइरहिन् । मृत लोग्ने र बच्चाहरूलाई सम्झी सम्झी दुःखको यी वाक्यहरू ओकेलिन्-

'हा ! मलाई यो कस्तो आइलाग्यो ? सानो बच्चा बाजपंक्षीले टिपेर लग्यो । ठूलो बालक नदीले बगायो । स्वामीको बाटैमा मृत्युभयो ।' फेरि निम्न विरह गीत गाउँदै रोई रोई माइतीतिर बढ्दै गइन् ।

*सानो बच्चा बाजले टिपेर लग्यो रूवाई ।*
*ठूलो बच्चा नदीले बगायो हाइ राजा ।।१।।*



Downloaded from http://dhamma.digital/

*पतिदेव बीच बाटैमा सर्पले डसी मृत्यु भयो ।*
*जीवनको सुखानन्द, मेरो भन्नु केही रहेन ।।२।।*

यसप्रकारले बन्धु वियोगले सताएकी अबला पटाचारा माइततिर गइरहेकी थिइन् । बाटोमा उताबाट आइरहेको एक व्यक्तिलाई भेटिन् । त्यस पथिकलाई पटाचाराले "कहाँबाट आउनुभएको" भनी सोधिन् । पथिकले जवाफ दियो- "बहिनी, म श्रावस्ती नगरबाट आइरहेको छु ।"

पटाचाराले सोधिन् - "फलाना ठाउँमा बस्ने मेरा आमाबाबुको हालचाल के छ ?" पथिकले उत्तर दियो - "बहिनी, तिम्रो घरको कुरा केही नसोध । बरू अन्य कुरा सोध ।"

पटाचाराले आग्रह गरेर भनिन्- "अन्य कुरा मलाई केही सोध्नु छैन । मेरो माइतीको हाल बताइदिनुहोस् ।"

पथिकले तिनको आग्रह टाल्न नसकी नभनी नहुने देखेपछि गए राती तिनको माइतीघरमा घटेको दुर्घटनाको विवरण यसरी दियो-
"के गर्ने, बहिनी, आज राती ठूलो पानी परेकोले तिम्रो माइतीघर भत्की घर मा सुतिरहेका महाजन, उसकी जहान (श्रीमती र उनीहरूको छोरासमेत घरमा पुरेर मृत्यु भए । ती तीनजनाको एउटै चित्तामा दाहसंस्कार भइर हेको छ । उ, उता हेर त ! चित्ताबाट धुवाँ पनि निस्किरहेको छ ।" त्यस पथिकको त्यस्तो कुरा सुनेर पटाचाराको निमित्त त्यतिखेर संसारै शून्य भएजस्तो अनुभव भयो । तिनी कुरा सुन्दासुन्दै त्यहीं मूर्छा परेर लडिन् ।

<u>मनस्थिति असन्तुलन</u>

हा ! कस्तो दुःख ! कस्तो बन्धु वियोग ! तिनी हक्क न वक्क भइन् । तिनको होस ठेगानामा रहेन । तिनी त्यहीं रूख ढलेझैं ढल्न पुगिन् । शोकको सिमाना रहेन । तिनी विस्मृत भइन् । शरीरको वस्त्र खसेको पनि तिनलाई अत्तोपत्तो भएन । शोकाकुल भएर विक्षिप्त हुँदै आफूलाई आफैले छातीमा मुड्कीले हान्दै रोइकराइ गरेको समेत तिनलाई हेक्का रहेन ।

त्यही वियोगाग्नि र शोकाग्निको कारणले आफूलाई सम्हाल्न नसकी पटाचारा बौलाही जस्तै भइन् । जीउको वस्त्र अस्तव्यस्त भयो ।

आफना बच्चाहरू सम्झेर रोइन् । लोग्ने सम्झेर रोइन् । मरेर



Downloaded from http://dhamma.digital/

गएका आमाबाबु, भाइलाई सम्झेर विह्वल हुँदै रूँदै पटाचाराको मुखबाट यी शब्दहरू निस्के -

*उभो पुत्ता काल कता, पत्थे मह्यं पती मतो ।*
*माता पिता च भाता च, एकचित्त कस्मिं डह्यरे ॥*

(दुबै बच्चाहरू मरे, मेरा स्वामी बाटैमा मरे ।
आमाबाबु र भाइ एकै चित्तामा जली भष्म भैगए ॥)

एवं प्रकारले पटाचारा विलाप गरी यताउति भौतारिरहिन् । तिनमा होश पटक्कै थिएन ।

मानिसहरूले तिनको अस्तव्यस्त रूप देखी भ्रान्तचित्त भएकी बौलाही भनी ईटा, ढुंगा इत्यादिले हिर्काए । टाउकोमा धूलो खन्याइदिए । सबैले बौलाही आई भनी गिज्याउन थाले । मानिसहरूले तिनलाई अनेक प्रकारले अपमानित गर्न थाले । सबैतिरबाट बहिस्कृत भएकी तिनी रोइकराइ गरी अनियन्त्रित रूपमा सडकमा हिड्न थालिन् । तर जसले जे भने पनि वियोगको शोकले पीडित भई असह्य दुःखवेदनाले छट्पटाइरहिन् । त्यस बेला तिनलाई शरण लिने कोही थिएन । पटाचारा यस हालतमा रोइकराइ गर्दै जेतवन विहारतर्फ लागिन् ।

## बुद्धसित भेट

त्यसबेला जेतवन महाविहारमा देव मनुष्यका शास्ता हुनुभएका भगवान् बुद्धले आठ प्रकारका परिषद्हरूलाई धर्म उपदेश दिइरहनुभएको थियो । तथागतले पटाचारालाई टाढैबाट देख्नुभयो । बुद्धले तिनीप्रति मैत्री प्रसार गर्नुभयो । त्यसपछि कारूणिक सम्यक्सम्बुद्धले तिनको पूर्वप्रतिज्ञा र अभिनिहार गुणबारे पनि विचार गर्नुभयो । पटाचाराले कल्प सतसहस्र वर्षपहिलेदेखि अभिनिहार (पूर्ण गरिराखेका पारमी) गुणले सम्पन्न भएकी थिइन् । पारमिता धर्मअनुसार पूर्वजन्ममा पूरा गर्दै आएको गुणधर्मलाई तथागतले यसरी हेर्नुभयो ।

## अतीत कथा

कल्प सतसहस्र वर्षपहिले पद्मुत्तर बुद्धको पालामा हंसवती भन्ने नगरमा एउटा धनी कुलमा पटाचाराको जन्म भएको थियो । पछि ठूली



Downloaded from http://dhamma.digital/

भएपछि विहारमा गई पद्मुत्तर तथागतको धर्म उपदेश श्रद्धापूर्वक सुन्ने गर्थिन् । दान शीलादि गुण धर्म पालन गरी पुण्य संग्रह गरेकी थिइन् ।

एकदिन पद्मुत्तर सम्यक्सम्बुद्धले धर्मसभामा (एकजना विनयधर थेरीलाई हात समाई नन्दन वनमा पुऱ्याइदिएझैं) तिनलाई पनि एतदग्गस्थान (अग्रपद) विनयधरणी भन्ने श्रेष्ठ पद दिनुभयो । यस घटनालाई दृष्टिगत गरी त्यसबेला ती उपासिकाले (अहिलेको पटाचाराले "भविष्यमा पनि उस्तै पद प्राप्त गर्न सकियोस्" भनी प्रतिज्ञा गरिन् ।- "म पछि तपाईजस्तै बुद्धको अगाडि विनयधर थेरीहरूको माझमा यस्तै अग्रस्थान प्राप्त गर्नसकूँ ।" भनी तिनले पद्मुत्तर बुद्धसन्मुख प्रार्थना गरेकी थिइन् ।

त्यसबेला उक्त उपासिकाको प्रतिज्ञा सुनेर पद्मुत्तर तथागतले अनागत ज्ञान विचार गर्नुभयो । तिनको प्रार्थना सिद्ध हुने देखेर त्यस परिषदको बीचमा त्यस उपासिकाको प्रार्थनानुसार भविष्यमा तिनको प्रतिज्ञा पूर्ण हुनेछ भनी प्रकाश पार्नुभयो ।

पछि शाक्यमुनि बुद्धको धर्मशासनमा त्यस उपासिका पटाचाराको नामले विनयधर थेरीहरूमध्ये अग्रपद प्राप्त गर्नेछिन भन्ने कुरा पनि पद्मुत्तर तथागतले परिषदलाई थाहा दिनुभयो ।

पद्मुत्तर बुद्धको उक्त भविष्यवाणी सुनेर पटाचारा हुने तिनी उपासिकाले आफ्नो प्रतिज्ञानुसारगुणाङ्ग धर्म पूरा गर्न त्यही जीवनमा पनि जीवनपर्यन्त कुशल पुण्य संचय गरिन् । मृत्युपछि त्यस जीवनमा गरेका दान शीलादि कुशल धर्मको फलस्वरूप दिव्यलोकमा देवकन्या भएर उत्पन्न भइन् । त्यहाँ तिनले अनेक दिव्य सुखको अनुभव गर्दैरहिन् । यसै प्रकारले कहिले स्वर्ग-सुख त कहिले मनुष्यलोकको सुख अनुभव गर्दै पुण्य पारमिता पनि पूरा गर्दै आएकी थिइन् ।

पछि काश्यप बुद्धको पालामा वाराणसी देशमा कीकी भन्ने राजाको छोरी भई जन्मिन् । राजाको सात छोरीहरूमध्ये उनी एक थिइन् ।

ती सात राजकुमारीहरू आपसमा खुब मिल्थे । ती सातैजना श्रद्धावती र शीलवती थिए । काश्यप तथागतको सद्धर्मोपदेश सुनेर ती सातै राजकुमारीहरूले बुद्धधर्ममा अगाध श्रद्धा राख्दै आ-आफ्नो जीवन सार्थक पार्न पुण्य संग्रह गर्दै बसे । राजप्रसादमा बसी त्यस बखतको आयुअनुरूप



Downloaded from http://dhamma.digital/

दुईहजार वर्षसम्म कुमारी ब्रह्मचर्य शील पालन गर्दैरहे । त्यसबेला ती राजकुमारीहरूले बुद्धशासनमा श्रद्धा राखी काश्यप सम्यक्सम्बुद्धलाई विहार गराउन एउटा महाविहार बनाउन लगाई बुद्धप्रमुख भिक्षुसंघलाई दानदिई पुण्य साधना गरे ।

त्यसरी पुण्य साधनामा लागेका ती श्रद्धालु पुण्याभिलाषी सात जना राजकुमारीहरू नाम क्रमशः यसप्रकार थियो-

समणी, समणमुत्ता च, भिक्खुणी भिक्खुदायिका ।
धम्मा चे व, सुधम्मा च, संघदासी च सत्तिमा ।।

(श्रमणी, श्रमणमुत्ता, भिक्षुणी, भिक्षुदायिका, धर्मा, सुधर्मा र संघदासी भन्ने उनीहरूका नाम थिए ।)

त्यस जन्ममा अनेक पुण्य संग्रह गरेर मृत्युपश्चात ती सात दिदीबहिनीहरू पुनः देवलोकमा उत्पन्न भए । देवकन्या भएर एक बुद्धान्तर सम्म दिव्यलोक सुख ऐश्वर्य भोग गरीरहे ।

त्यसपछि शाक्यमुनि गौतमबुद्धको पालामा ती सात दिदीबहिनीहरू आ-आफ्नो कर्मानुसार मनुष्यलोकमा जन्म लिए । पटाचारा श्रावस्तीमा एक धनीकुलमा जन्मिन् । गौतमबुद्धको पालामा उनीहरूको नाम क्रमशः यस्तै थियो-

खेमा, उप्पलवण्णा च, पटाचारा च गोतमि ।
धम्मदिन्ना, महामाया, विशाखा चे व सत्तमि ।।

क्षेमा, उत्पलवर्णा, पटाचारा, गौतमी, धर्मदिन्ना, महामाया, विशाखाको नामले सात बहिनीहरूको जन्म भयो ।

(अतीतको कुरा समाप्त भयो)

पटाचाराको पूर्वजन्मका घटनाहरूको सुगतमा जानकारी थियो । पटाचाराले प्रार्थना गरिआएकी कुरा पनि तथागतले बुझ्नुभएको थियो । तिनी अभिनिहार गुणसम्पन्न थिइन् । तर अहिले तिनी दुर्दशाले लखेटिएकी छिन् । तिनी अलि परबाट जेतवनतिर आइरहेकी देखिइन् । यो दृश्य देखेर तथागत महाकारूणिक भगवान् बुद्धले उसप्रति मैत्रीपूर्ण करूणा राख्नु-भयो । तिनको पहिलेको प्रतिज्ञा र अहिलेको अशरण स्थितिलाई देखेर पटाचारालाई म बाहेक अरू कोही पनि उपकारक हुन नसक्ने भनी देख्नु-



Downloaded from http://dhamma.digital/

भयो । पटाचारालाई विहारतिर कसरी उन्मुख पार्न सकिन्छ, सो उपाय बुद्धले गर्नुभयो ।

पटाचारा जेतवन महाविहारको नजिक आइपुगिन् । धर्मश्रवणको लागि त्यहाँ जम्मा भएका श्रोतावर्गले "त्यस बौलाहीलाई विहारमा आउन नदेऊ" (इमिस्सा उम्मतिकाय इतो आगन्तु मा ददित्था'ति) भनेर कराए । तर भगवान् बुद्धले ती परिषदलाई "तिनलाई नरोक" (मा तं वारयित्था'ति) भन्नुभयो । भन्दाभन्दै वरै आइपुगेपछि बुद्धले "स्मृति संभाल, बहिनी" (सतिं पटिलभ भगिनी ति) भन्नुभयो । पटाचाराको त्यस अवस्थामा पनि बुद्धानुभावले तिनको स्मृति (होश) फर्क्यो । त्यसबेला मात्र तिनले आफ्नो शरीर अस्तव्यस्त भएको चाल पाइन् । लाज शरमले भुतुक्क भई तिनी त्यहीं थचक्क बसिन् ।

त्यहाँ त्यतिखेरै एकजनाले तिनीमाथि एउटा पछ्यौरा च्यादर फालिदियो । तिनले त्यही पछ्यौरी ओढी बुद्धसन्मुख गइन् र बुद्धको चरणमा पञ्चाङ्ग दण्डवत गरिन् । अनि बुद्धसँग प्रार्थना गरिन्- "भगवान् शास्ता, मलाई शरण लिनुहोस्, मलाई रक्षा गर्नुहोस् । भगवान् ! मेरो एउटा बच्चा बाजले टिपी लग्यो । अर्को एउटा बच्चा नदीले बगायो । बाटोमा पतिको मृत्यु भयो । आमाबाबु सबैको घरले पुरी मृत्यु भयो । ती सबैलाई एउटै चित्तामा जलाइए । तथागत ! मेरो रक्षा होस् ।"

पटाचाराको प्रार्थना अनुसार भगवान् शास्ताले तिनलाई सम्झाउनुभयो- "पटाचारा ! चिन्ता नगर । तिमी मकहाँ आइपुग्यौ जसले तिमीलाई शरणमात्र होइन, त्राण पनि दिनसक्छ ।" (पटाचारे मा चिन्तयि तव अवस्सयो भवितुं समत्थस्सेव सन्तिकं आगतासि ।) यति भनी त्यस अबला नारी पटाचाराको बन्धु वियोग दुःखले शोकाकुल हृदयलाई सान्त्वना दिनु हुँदै तथागतले यसरी सम्झाउनुभयो ।

"पटाचारा ! जसरी अहिले तिम्रो एउटा बच्चा बाजले झम्टेर लग्यो । एउटा बच्चा नदीले बगायो । बाटोमा पति मर्‍यो । त्यस्तै आमाबाबु भाइसमेत घरले पुरेर मरे । यस्तै किसिमले यस अनादि संसारमा पुत्रादि बन्धुहरू मर्दा तिमीले बहाएको आँशु जम्मा गरेमा चार महासमुद्रको पानी भन्दा बढी भइसक्यो होला" भन्नुहुँदै यस गाथानुकूल उपदेश दिनुभयो ।



Downloaded from http://dhamma.digital/

*चतूसु समुद्देसु जलं परित्तकं, ततो बहूं अस्सुजलं अनप्पकं ।*
*दुक्खेन फुट्ठस्स नरस्स सोचना, किं कारण अम्म, तुवं पमज्जसि ।।*

चार समुद्रको पानी कम हुनसक्छ, तर संसारमा दुःखले उत्पीडित भएका शोकग्रस्त मानिसहरूको आँखाबाट झरेका आँशु जम्मा गरेमा त्यसभन्दा बढी भयो होला । त्यसैले हे प्रिय पुत्री ! तिमी किन अपशोच गरी विस्मृत हुन्छौ ?

यसप्रकारले सम्यक्सम्बुद्धले आदि अन्त नभएको यस संसारमा प्राणीहरूले शोकादि दुःखभोग गरिरहेका कुरा पटाचारालाई हृदयस्पर्श हुने गरी आज्ञा गर्नुभयो । यो उपदेश सुनेर तिनको शरीरमा विस्तारै चेतनाको संचार भयो र शोकादिको मात्रा क्रमशः कम भएर गयो ।

शास्ताले पनि पटाचाराको हृदयव्यथा कम हुँदै गएको थाहा पाउनुभएर भन्नुभयो- "पटाचारा ! छोराछोरी नाता कुटुम्बहरूले मर्ने बेलामा रक्षागर्न वा शरण दिन वा भरोसा दिन सक्दैनन् । त्यसैले ती जीवितै भए पनि त्यस अवस्थामा नभएकै बराबर हुन्छन् ।"

"पण्डितहरूले बरू शुद्धरूपले शील पालन गरी आफ्नो निर्वाणगामी मार्गलाई छिटै सिधा पार्नुपर्छ ।" यसरी धर्मदिशना गर्नुभएपछि निम्नलिखित गाथा भन्नुभयो ।

*न सन्ति पुत्ता ताणाय, न पिता न पि बन्धवा ।*
*अन्तके नाधिपन्नस्स, नत्थि ञातिंसु ताणाता ।।१।।*

*मृत्युले जकडेपछि छोरा, छोरी, आमाबुबा आफन्त इष्टमित्रहरूले पनि केही गर्न सक्दैनन् ।।१।।*

*एतमत्थवसं ञत्वा, पण्डितो सील संवुतो ।*
*निब्बानगमनं मग्गं, खिप्पमेव विसोधये ।।२।।*

*यो कारणलाई बुझी शीलवान पण्डितहरूले निर्वाण पुऱ्याउने मार्गलाई छिटै नै अनुशरण गर्नुपर्छ ।।२।।*

यो धर्मदिशनापछि पटाचाराले आफ्नो चित्तमा जमेको क्लेशलाई ज्ञानाग्निले भष्म गरी आफूलाई स्रोतापत्ति फलमा प्रतिष्ठित गरिन् । अरू कतिपय श्रोतागण पनि उक्त धर्मदिशना सुनेर स्रोतापत्ति फलमा प्राप्त भए ।

स्रोतापन भएपछि पटाचाराले भगवान् शास्तासँग प्रब्रज्या मागिन् ।



Downloaded from http://dhamma.digital/

बुद्धले तिनलाई भिक्षुणीसंघमा पठाउनुभएर प्रव्रज्या दिलाउनुभयो । तिनी उपसम्पदालाभी भइन् । पटित्ताचारता पटाचारात्वेव पञ्ञायि पटित आचरण स्वभावले अर्थात् बन्धुवियोगमा निर्वस्त्र बौलाहीजस्तै भौंतारिहिँडेकीले तिनी पटाचाराको नामले चिनिइन् ।

पटाचारा भिक्षुणी भएपछि अझ उत्साही भएर आफ्नो जीवनलाई उच्चतर भूमिमा प्रतिस्थापित गर्न प्रयत्नशील भइन् । भिक्षुणीहरूको बीचमा तिनलाई विनय धारण गर्ने र धर्मको कुरा राम्ररी बुझ्ने विषयमा सबभन्दा श्रेष्ठ ज्ञाता हुन् भनी सबैले मान्दथे ।

एकदिन तिनी खुट्टा धोइरहेकी थिइन् । खुट्टा धोएको पानी बगेर गएको देखिन् । अलि पर पुगेपछि त्यो बगेको पानी सुकेर गयो । फेरि दोस्रोपल्ट खुट्टा धुँदा पनि पानी त्यसभन्दा पनि केही परसम्म बगेर सुकेर गएको देखिन् । तेस्रोपल्ट खुट्टा धुँदा पनि पानी त्यसरी नै अलि उतासम्म बगेर सुकेर गएको देखिन् ।

त्यसरी पानी बग्दै सुक्दै गएको देखेर तिनलाई समाधिको एउटा आलम्बन भावना प्राप्त भयो । पहिलोपल्ट खुट्टा धुँदा बगेर सुकेको पानीसमान प्राणीहरू प्रथमवैशमा नै मृत्यु हुँदारहेछन् । दोस्रोपल्ट धोएको पानीसमान प्राणीहरू मध्यमवैशमा नै मृत्यु हुँदारहेछन् । तेस्रोपल्ट खुट्टा धुँदा बगेको पानीसमान कोहीकोही अंतिमवैशमा नै मरण हुँदारहेछन् । सबै मरणधर्म हुन्, सबै अनित्य हुन् भनेर पटाचाराले सांसारिक जीवन सम्बन्धी ज्ञान प्राप्त गरिन् । भगवान् बुद्धले त्यसबेला गन्धकुटी विहारमा बस्नुभई ६ वर्ण बुद्धरश्मि फैलाउनुभई तिनको अघिल्तिर नै उभिई भनिरहेको जस्तो गरी भन्नुभयो - "त्यस्तै हो पटाचारा ! भावनाको विधि त्यही हो । सबै प्राणीहरू मरणधर्मा हुन् । पञ्चस्कन्धको उत्पति र विनाश हुने कुरा नजानी सय वर्षसम्म जीवित हुनुभन्दा उत्पति र विनाश हुने स्वभाव धर्मलाई जानेर एकदिन मात्र जीवित हुनु श्रेयस्कर छ ।" यसरी पटाचाराको चित्तानुरूप धर्मदिशना गर्नुहुँदै यो गाथा भन्नुभयो-

*यो चे वस्ससतं जीवे, अपस्सं उदयब्बयं ।*
*एकाहं जीवितं सेय्यो, पस्सतो उदयब्बयं ।।*

सयवर्ष जीवित भएर पनि अपस्सं उदयब्बयन्ति=पञ्चस्कन्ध



Downloaded from http://dhamma.digital/

स्वभावधर्मको २५ प्रकारले उत्पति हुने र विनाश हुने क्रियालाई नजान्नुभन्दा (पस्सतो उदयब्बयन्ति) ती स्वभाव धर्महरूको उत्पत्ति हुने र विनाश हुने क्रियालाई जानेर बरू एकदिन जीवित हुनु राम्रो हो ।

तथागतको अमृतमय धर्मदेशनाअनुसार पटाचाराले आफ्ना बन्धुवियोगको शोकलाई शान्त गरिन्, त्यस्तै दुःखको बीउ चित्तमललाई पनि बुद्धवाणीरूपी शितल जलले धोइन् । स्रोतापति फलादि प्राप्त गरी आचरण र अभ्यास दृढतापूर्वक गरी तिनी अग्रश्राविका बनिन् । धेरै समय नबित्दै सम्पूर्ण चित्तमल हटाई आश्रव क्षय गरी पटिसम्भिदाको साथै अर्हतत्व प्राप्त भिक्षुणी भइन् ।

एकदिन भगवान् बुद्ध जेतवन जानुभएर पटाचारा भिक्षुणीलाई भिक्षुसंघमा अग्रस्थान दिंदै विनयधरहरूमध्ये अग्रपद दिनुहुँदै यसो भन्नुभयो- एतदग्गं भिक्खवे मम साविकानं भिक्खुनीनं विनयधरानं यदिदं पटाचारा भिक्षुहरू ! मेरो भिक्षुणी श्राविकासंघमा विनयधरहरूमध्ये पटाचारा एउटी अग्रश्राविका हुन् ।

यस प्रकार पटाचारा भिक्षुणी भएपछि बुद्धवचनलाई अक्षरशः पालना गर्ने साधिका भइन् । आर्यमार्गमा पूर्ण सफलता प्राप्त गरेकी ती पटाचारा स्थविरणीको शान्त हृदयबाट निसृत उद्गार यस्तो थियो ।

"मानिसले हलोको सहायताले भूमि जोति बीउ रोप्छन् । यसरी खेती गरी आफ्ना पत्नी, छोराछोरीहरूको पालन पोषण गर्दै धन पनि कमाउँछन् ।"

"अनि किन मैले मात्रै निर्वाण प्राप्त गर्न नसकुँला ? म त शीलसम्पन्न छु । शास्ताको शासनलाई योग्य हुने काम गर्दैछु । म अप्रमादिनी पनि छु, अचल र विनीत पनि छु ।"

"एकदिन खुट्टा धोएर फालिएको पानी तलतिर बगेर गएको देखें ।"

"मैले आफ्नो चित्तलाई असल जातको घोंडालाई तालिम दिएझैं समाधिमा लगाएँ । फेरि म बत्ती लिएर विहारको कोठामा गएँ । त्यहाँ दियोको प्रकाश भएको ओछ्यानमा बसें र दीप-शिखा आलम्बनमा ध्यान गर्दैरहें ।"

"सियो लिएर, दियोको बत्ती कोटचाएर थिचें । बत्ती तेलमा दबेर गयो अनि दियो भ्याप्प निभ्यो । दियो निभ्नुको साथसाथै मेरो तृष्णाको ज्वाला पनि सदाको लागि निभ्यो (शान्त भयो) साथै मेरो चित्तको पनि निर्वाण भयो ।"

* * * **समाप्त** * * *



Downloaded from http://dhamma.digital/

**अभ्यास प्रश्नहरू:**

प्र. नं. (१) पटाचारालाई कसरी आमा-बाबाले घरमा राखेका थिए ।

प्र. नं. (२) पटाचाराले कसरी घर छोडिन् ?

प्र. नं. (३) पटाचारा घर छोडी कहाँ हिंडे र उस्को नयाँ जीवन कस्तो थियो ?

प्र. नं. (४) पटाचाराको प्रेमभावलाई सही या गलत कसरी छुट्याउने ? खुलस्त लेख्नुहोस् ।

प्र. नं. (५) पटाचाराको वैबाहिक जीवन कसरी बित्यो ?

प्र. नं. (६) के पटाचारा प्रेममा सफल भइन् त ? आफूलाई कस्तो लाग्यो कारण स्पष्ट गरी लेख्नुहोस् ।

प्र. नं. (७) कस्तो विछोड-पूर्ण दु:खले पटाचाराको मनस्थितिमा असर पाऱ्यो ?

प्र. नं. (८) अन्ततः पटाचारा कस्को शरणमा परिन् र जीवन कसरी अगाडि बढाइन् ?

प्र. नं. (९) पटाचाराको जीवनीबाट आजको नारीलाई के सन्देश दिएको छ ?

प्र. नं. (१०) पटाचाराको दु:खान्त कथाबाट समाजले कस्तो शिक्षा अवलम्बन गर्न सकिन्छ होला ? आफ्नो मनोभाव लेख्नुहोस् ।

प्र. नं. (११) पटाचाराको जीवनी दुईसय शब्दमा आफ्नै भाषामा प्रष्ट गर्नुहोस् ।



Downloaded from http://dhamma.digital/

# विशाखा चरित्र

लेखक

भिक्षु प्रज्ञारश्मि महास्थविर

अनुवादक

दोलेन्द्र रत्न शाक्य

248

Downloaded from http://dhamma.digital/

**नमो तस्स भगवतो अरहतो सम्मासम्बुद्धस्स**

# विशाखा चरित्र

"यथापि पुप्फरासिह्माति "

भगवान् बुद्ध श्रावस्तीमा पूर्वाराम विहारमा विहार गरिरहनुहुँदा माथिको गाथा विशाखा-महाउपासिकाको विषयमा आज्ञा भएको थियो ।

बुद्ध-धर्ममा उपासकहरूमध्ये जसरी अनाथपिण्डिक महाजनले धेरै धन खर्च गरेका थिए, त्यसरी नै उपासिकाहरूमध्ये विशाखा महाउपासिकाले धेरै धन खर्च गरेकी थिइन् ।

अनाथपिण्डिक महाजनले ५४ करोड धन खर्च गरी जेतवन महाविहार बनाइदिएझैं विशाखा महाउपासिकाले पनि २७ करोड धन खर्च गरी पूर्वाराम महाविहार निर्माण गरिदिइन् ।

त्यस्तै अनाथपिण्डिक महाजनले १८ करोड असर्फी ओछ्याई जेतकुमारको बगैंचा किनेझैं विशाखा महाउपासिकाले पनि ९ करोड पर्ने आफ्नो '**महालता-प्रसाधन**' नामक आभूषणको आफैले मोल तिरी पूर्वाराम विहार निर्माण गर्न जग्गा किनेकी थिइन् ।

## बाल्यकाल

राजा विम्बिसारले मगध राज्यमा राज गरिरहेको वेला त्यहाँ पाँचजना अमृतभोग भएका कुबेरपतिहरू वस्दथे । ती मध्ये मेण्डक भन्ने महाजन सवभन्दा



Downloaded from http://dhamma.digital/

श्रेष्ठ मानिन्थे। उनको घरमा विशाखाको जन्म भएको थियो। विशाखाको पिताको नाम धनञ्जय र माताको नाम सुमनादेवी थियो। त्यस्तैगरी बाजेको नाम मेण्डक सेठ र बज्यैको नाम चन्द्रपद्मा (चन्द पदुमा) थियो।

धनञ्जय सेठ मेण्डक सेठको जेष्ठ पुत्र थिए। मेण्डक सेठ अङ्ग देशको भद्दवती नगरमा बसेका थिए। राजा बिम्बिसार एकजना मात्रै पाँच अमृतभोग सम्पन्न थिएनन्। धनञ्जय सेठ पनि पाँच अमृतभोग सम्पन्न थिए। सेलादि ब्राह्मणहरूलाई बोध गर्न जब बुद्ध भिक्षुसंघकासाथ यस नगरमा पुग्नुभयो, त्यसबेला विशाखा सिर्फ सात वर्षकी मात्र थिइन्।

मेण्डक सेठले बुद्ध आइपुग्नुभएको थाहा पाउने बित्तिकै विशाखालाई बोलाई आफ्ना पाँचसय सखीहरूकासाथ बुद्धको स्वागतको लागि जान भने। विशाखा पनि रथमा बसी बुद्धको स्वागतार्थ गइन्। धेरै बाटो काटिसकेपछि तिनले परैबाट बुद्धलाई देखिन् र सखीहरूसितै रथबाट ओर्लिन्। त्यसपछि बुद्धलाई सादर वन्दना गरी एकतर्फ बसिन्।

पहिले पद्मोत्तर बुद्धको पालादेखि धर्मानुकूल सुशिक्षित ज्ञान र बुद्धि विशाखाले आर्जन गरेकी थिइन्। भगवान् बुद्धले विशाखाले आर्जित उक्त पारमी धर्मानुसारको ज्ञान र बुद्धिलाई महत्व दिई साथै तिनको शारीरिक वैभवलाई समेत ध्यानमा राखी सरलरूपमा सारगर्भित धर्म-देशना गर्नुभयो। उक्त धर्म-देशनाले विशाखासहित पाँचसय कुमारीहरूलाई अत्यन्त प्रभावित पाऱ्यो। उनीहरूमा जीवनभर मिथ्यादृष्टि, विचिकिच्छा, शीलब्रत परामर्शले पुनः वशीभूत गर्न नसक्ने गरी धर्मका कुराहरू प्रवेश गरे। उनीहरू सबै स्रोतापन्न भए। मेण्डक सेठ पनि स्रोतापति फलमा प्रतिष्ठित भए। विशाखाले भगवान् बुद्धसहित सबै भिक्षुसंघलाई भोजनको लागि निमन्त्रणा गरिन्। बुद्धसहित सकल भिक्षुसंघलाई महादान पनि दिइन्।

त्यसबेला मगधमा पाँचजना अमृतभोगी कुबेरहरू थिए। कोशल राज्यमा त्यस्ता महाजनहरू नभएकाले प्रसेनजीत राजाले विम्बिसार राजासँग अमृतभोगी कुबेरपति एक जनालाई आफ्नो राज्यमा पठाइदिन अनुरोध गरे।



Downloaded from http://dhamma.digital/

बिम्बिसार राजाले मेण्डक सेठको छोरा धनञ्जय सेठलाई श्रावस्ती पठाउने व्यवस्था गरे । धेरै परिवार भएकोले धनञ्जय सेठले श्रावस्ती नगर बाहिरै वस्न मन गरे । कोशल राजा प्रसेनजीतले श्रावस्तीको ६ योजन पर एउटा नगर स्थापना गरी त्यहीं धनञ्जय सेठलाई बसाए । सन्ध्याकालमा बन्दोबस्त गरेको कारणले त्यस नगरलाई पालि साहित्यानुसार 'साकेत' भन्ने नामकरण भयो । त्यस 'साकेत' नगरी पछि गएर ६ महान देशहरूमध्ये एकमा परिणत भयो ।

<u>**विवाह**</u> (श्रावस्तीमा मृगारको कुल)

श्रावस्तीमा मृगार भन्ने सेठ बस्दथे । उनको छोराको नाम पूर्णवर्द्धन थियो । पूर्णवर्द्धन जवान भयो । त्यसैले उनको मातापिताले बरोबर उनलाई भन्ने गर्थे– "तिमीलाई मन पर्ने देशको मन पर्ने कन्यासँग विबाह गर ।" उनले भन्थे– "मलाई आवश्यक छैन ।" आमाबाबा भन्थे– "बाबु, त्यसो नभन । कुल व्यवहारमा बसेर विवाह नगरिहुन्न ।"

यसरी बारम्बार सम्भाउँदा पूर्णवर्द्धनले भने– "त्यसो हो भने पाँच कल्याणले पूर्ण भएकी कन्यासँग मात्र बिबाह गर्छु ।" आमाबाबाहरूले पाँच कल्याणका विषय के के हुन् भनेर सोध्दा उनले भने–

"यी पाँच गुणलाई कल्याण गुण भनिन्छ"–

**१) केश कल्याण**

जुन स्त्रीको केश राम्रो छ, राम्रो भएर पनि कालो छ, केश भार्दा कुलुकुलु परेर माथि लाग्दछ । त्यस्तो केश भएकी स्त्रीलाई केश कल्याण भएकी स्त्री भनिन्छ ।

**२) मंस कल्याण**

रगत मासुको वर्ण राम्रो भएकी, राम्ररी कस्सिएको मासु भएकी मानो विम्बफल नै हो । त्यस्ती स्त्रीलाई मंस कल्याण भएकी भनिन्छ ।



Downloaded from http://dhamma.digital/

**३) अस्ति कल्याण**

सेतो शंखझैं टम्म मिलेको दाँत भएकी बनाइएका दाँतझैं बीचमा प्वाल नपरेको दाँत भएकी होस् । त्यस्ती स्त्रीलाई अस्ति कल्याण भएकी भनिन्छ ।

**४) छवि कल्याण**

बिम्बफलझैं वर्ण सम्पन्न सेतो कर्णिका पुष्पवर्णजस्तै कोमल मुहारलाई छवि कल्याण भनिन्छ । त्यस्ती छवि भएकी स्त्रीलाई छवि कल्याण भएकी स्त्री भनिन्छ ।

**५) वयस कल्याण**

दशवटा बच्चा जन्माइसके पनि एउटै बच्चा पाएकी स्त्रीकोझैं स्तन नझोल्लिएकी, राम्रो र आकर्षक स्तन भएकी जो बूढी भएकी नदेखिने हुन्छे । त्यस्ती स्त्रीलाई वयस कल्याण भएकी स्त्री भनिन्छ ।

आफ्नो पुत्र पूर्णवर्द्धनको यस्तो कुरा सुनेर मृगार सेठले १०८ ब्राह्मणहरू बोलाई त्यस्ती पञ्च कल्याण सम्पन्न कन्या पाउन सकिन्छ कि सकिंदैन भनी सोधनी गरे । ती ब्राह्मणहरूले सकिन्छ भन्ने उत्तर दिए । उनीहरूमध्ये राम्रो ज्ञान भएका ८ जनालाई छानी उनीहरूलाई धेरै रुपियाँ पैसा दिई त्यस्ती सुकन्या भेट्टिए तिनलाई दिन भनी धेरै सुवर्णमालादि वस्तु पनि दिइपठाए ।

पञ्च कल्याणयुक्त कन्याको खोजीमा हिंडेका ती ब्राह्मणहरू कायल भई घर फर्किरहेका बेला 'साकेत' नगरमा आइपुगे । त्यहाँ त्यसबेला उत्सव समारोह भइरहेको थियो । ती ब्राह्मणहरूमा आज त हाम्रो काम अवश्य सिद्ध हुनेछ भन्ने ठूलो आशा पलायो । त्यो उत्सव वार्षिक उत्सव थियो । त्यसैले आफ्ना घरबाट त्यतिसारो ननिस्कने कन्याहरू पनि त्यस उत्सवमा भाग लिन साथी संगीहरूसहित आउने गर्दथे । विभिन्न गहना अलंकारले सिंगारिइ गंगा नदीमा स्नान गर्दथे । उच्च वर्गका क्षेत्रीहरू यस अवसरमा योग्य बुहारी छनौट गर्न पनि आउँथे । ती ब्राह्मणहरूले एउटा पाटीमा बसेर त्यसरी आउने जाने गरिरहेका कन्याहरूलाई



Downloaded from http://dhamma.digital/

निहारिरहेका थिए । त्यस वर्ष विशाखा १५ नाघी १६ वर्षमा टेकेकी थिइन् । विशाखा पनि आफ्नी ५०० सखीहरूकासाथ आइन् । त्यसबेला विशाखाले राम्रो वस्त्र अलंकार पहिरेकी थिइन् । त्यसैबेला हावा हुरी चलेर पानी समेत परेकोले सबै कन्याहरू हुरिएर त्यसै पाटीमा ओत लाग्न आए । तर ती ब्राह्मणहरूले तिनीहरूमध्ये एकजना पनि पाँच कल्याण लक्षणयुक्त भएकी देखेनन् । विशाखा पानीले चुटे पनि सौम्य चालले त्यस पाटीमा आइपुगिन् । तिनको वस्त्राभूषण सबै पानीले निथ्रुक्कै भिजेको थियो । ब्राह्मणहरूले तिनमा चार लक्षण मात्र देखे । दाँतको लक्षण देख्न सकेका थिएनन् । त्यसैले ती आठ ब्राह्मणहरूमध्ये एकले भने– “ए, तिनी कसकी कन्या होलिन् ? साह्रै अल्सी पो रहिछन् । यस्तीलाई त लोग्नेको घरमा कनिका पनि प्राप्त हुँदैन ।”

विशाखाले यो कुरा सुनिन् । अनि तिनले सोधिन्– “ए दाज्यूहरू, तपाईहरूले के भन्नुभएको ?”

एकजना ब्राह्मणले भने– “तिम्रा सबै सखीहरू पानीले चुट्ला भनी दगुरेर पाटीमा पसे । तिमी मात्र साठी वर्षकी बूढीझैं बिस्तारै आयौ । त्यत्रा वस्त्रालंकार निथ्रुक्कै भिजायौ ।”

विशाखाले वीणाको आवाजलाई पनि लज्जित पार्ने संगीतमय स्वरले आफ्नो अभिप्राय पोखिन्– “ममा शारीरिक शक्ति नभएर नदौडेको होइन । म नदौडेको कारण अर्कै छ ।”

“त्यो के कारण हो ?”

विशाखाले भनिन्– “संसारमा चार किसिमका मानिस वा प्राणी दौडेको राम्रो हुँदैन ।” एकजनाले सोधे– “कुन कुन चार ?”

विशाखाले उत्तर दिइन्–

१) “हे ब्राह्मणहरू, राजर्षि पोशाकमा राजा दौडेको राम्रो हुँदैन । दौडेमा मानिसहरूले साधारण व्यक्तिझैं राजा दौड्यो भन्लान् । राजाहरू सदैव मन्द गतिमा हिँडेकै राम्रो देखिन्छ ।”



Downloaded from http://dhamma.digital/

२) "राजाको अलंकृत हात्ती दौडेको राम्रो देखिंदैन । शान्तसित बिस्तारै हिंडेको मात्र राम्रो देखिन्छ ।"

३) "प्रवज्या भेषधारी श्रमण दौडेको पनि राम्रो देखिंदैन । दौडेमा यो कस्तो श्रमण रहेछ, सामान्य नागरिकझैं दौडेको हेर ! भनी निन्दा गर्दछन् ।"

४) त्यस्तै आइमाइहरू (नारी जाति) दौडेको पनि शोभा हुँदैन । दौडेमा यिनी कस्ती रहिछन्– पुरुषझैं दौडिन् भनी मानिसहरू निन्दा चर्चा गर्दछन् । कन्याहरूलाई आमाबाबुहरूले राम्ररी स्याहार गरी पाली पोसी राख्दछन् मानौं ती बेच्नुपर्ने वस्तु हुन् । त्यसैले दौडेर हातखुट्टा भाँचिए, टाउको फोडिए दोषयुक्त वस्तुझैं तिनको मोल हुँदैन । बरु मेरो यो वस्त्र भिजे त के भो ? मलाई वस्त्रको कुनै अभाव त छैन । त्यसैले वस्त्रको लागि मैले मेरो घरानियापन छोड्नु ठीक छैन ।" यसरी विशाखाले सम्पूर्ण कारण एक एक गरी बताइन् ।

विशाखाका यी कुरा सुनेर ती ब्राह्मणहरू साह्रै प्रभावित भए । यस्ती बुद्धिमती कन्या कहिल्यै देखिएकी छैन भन्ने उनीहरूको मनमा लाग्यो । उनीहरूले विशाखामा दाँतको लक्षण पनि देखे । उनीहरू प्रशन्न भए र आफूसित ल्याएका वस्त्र र गहनाहरू पनि विशाखालाई सुम्पे । विशाखाले उनीहरूको परिचय लिइन् । श्रावस्ती नगरमा बस्ने मृगार सेठको छोरा पूर्णवर्द्धनको परिचय पनि पाएपछि विशाखाले आफ्नी पितालाई पत्र लेखिन् र ती ब्राह्मणहरूलाई पनि पत्र लेखाइन् । त्यसपछि विशाखा साथै आएका पाँचसय कन्याहरूसहित तालपत्रको छाता ओढी रथमा चढी घर फर्किन् । ती ब्राह्मणहरूलाई पनि आफूसितै लगिन् । अरुको (वरको) वस्त्र र गहना धारण गरिसकेपछि पैदल जान मर्यादानुकुल ठानिनन् । त्यसैले घरमा रथको निमित्त पत्र लेखेकी थिइन् । त्यसबेलाको सामाजिक चलन अनुसार विवाह प्रस्ताव स्वीकार गरिसकेपछि कन्याहरू रथमा चढी जाने औकात नभए पनि कम से कम टाउको छोपेर जाने चलन थियो । त्यसैले विशाखाले रथ मगाएकी थिइन् ।



Downloaded from http://dhamma.digital/

विशाखाको आमाबाबुले ती ब्राह्मणसँग कुशल वार्ता गरेपछि सोधे–

"ब्राह्मणहरू, तपाईंहरू कहाँबाट पाल्नुभयो ?" ब्राह्मणहरूले श्रावस्ती नगरबाट आएका हौं भनी उत्तर दिए ।

"सेठको नाउँ के हो ?"

"मृगार सेठ"

"छोराचाहिँको नाउँ के हो ?"

"पूर्णवर्द्धन ।"

"कति धन-सम्पत्ति छ क्या रे ?"

"चालिस कोटी ।"

यति कुरा थाहा पाएपछि धनञ्जय सेठले विचार गरे कि मेरो धनको तुलनामा चालीस (४०) कोटी त केही पनि होइन– चामलको अगाडि कनिकाभैं हो । छोरीको जीविकाको लागि त पुग नपुग होला । सवै कुरामा समानता हुन कठीन नै हुन्छ । जातले समान भए पुगिहाल्छ नि भन्ने विचार गरी धनञ्जय सेठले ब्राह्मणहरूको प्रस्तावलाई अनुमोदन गरे । तिनीहरूलाई तीन दिनसम्म आफ्नै घरमा राखे ।

श्रावस्ती पुगेर तिनीहरूले पाँच कल्याण गुण सम्पन्न कन्या प्राप्त भयो भनी हर्षको कुरा मृगार सेठलाई सुनाए । कसकी कन्या हुन् भनेर सेठले सोधेपछि साकेत नगरको धनञ्जय सेठकी सुपुत्री विशाखा हुन् भनी निवेदन गरे । ठूलै घरानको कन्या प्राप्त भएछ भनी मृगार सेठ हर्षित भए । उनले धनञ्जय सेठलाई हामी दुलही लिन शिघ्र आउने छौं, तपाईंले जे जस्तो प्रबन्ध गर्नुपर्ने हो गरिराख्नु होला भनी पत्र पठाए । धनञ्जय सेठले पनि यो काम त्यति ठूलो होइन । तपाईंहरूले जे कामकुरो मिलाउनुपर्ने हो मिलाउनुहोस् भनी प्रत्युत्तर पठाए ।

अनि मृगार सेठले कोशलराजा प्रसेनजीतसँग बिन्ती चढाए– "महाराज, सरकारको सेवक कुमार पूर्णवर्द्धनको विवाह-कार्य साकेत निवासी धनञ्जयकी



Downloaded from http://dhamma.digital/

सुपुत्री विशाखा कुमारीसँग हुने भयो । हामीलाई सरकारको साकेत नगर सवारी चलाउने आज्ञा पाऊँ ।"

"सेठ ! के हामी पनि आउनुपर्छ र ?"

"महाराज, सरकारको सवारी अरु कुन वेला चलाउन पाइन्छ र ?"

आफूले राजा बिम्बिसारलाई भनसुन गरेर धनञ्जय सेठलाई साकेत नगरमा बसाइदिएको हुँ– उनलाई स्वागत सत्कार गर्न योग्य छ भन्ने सोचेर कोशलराजा प्रसेनजीतले मृगार सेठलाई यसो भने–

"त्यसो भए मृगार, हामी आउने भयौं ।" "हवस् देव" भनेर मृगार सेठले हर्ष व्यक्त गरे । अनि उनले धनञ्जय सेठलाई "कोशल राजा प्रसेनजीतसहित धेरै लावालस्कर पनि आउने भएका छौं । ती सबैलाई आवश्यक प्रबन्ध मिलाउन सकिन्छ कि सकिंदैन भनी सोधनी गरी पत्र लेखे ।"

धनञ्जय सेठले एउटा राजा त के दशजना राजा आए पनि प्रबन्ध मिलाउन सकिन्छ, केही पनि कठीन छैन भनी जवाफ दिए ।

केही समयपछि मृगार सेठले राजा प्रसेनजीतसहित जनसमूह (जन्ती) लिई साकेत नगरको लागि प्रस्थान गरे । साकेत नगर पुग्न आधा योजनजति बाँकी हुँदा "हामी आइपुगेका छौं" भनेर खबर पठाए ।

## जन्तीलाई स्वागत सत्कार

राजा प्रसेनजीतसहित धेरै लावालस्करका साथ मृगार सेठ आइ-रहेका छन् भन्ने खबर पाउने वित्तिकै धनञ्जय सेठ उनीहरूको स्वागतको लागि प्रस्थान गरे । ज्यादै सम्मानपूर्वक राजासहित सेठलाई आफ्नो घर लगे । जन्तीमा आउने सबैलाई बस्ने स्थानको प्रबन्ध गरे । दर्जाअनुसार जसजसलाई जहाँ जहाँ जसरी जसरी प्रवन्ध मिलाउनुपर्ने हो, त्यसरी नै प्रवन्ध गरे । कसैलाई कुनै कुराको पनि असुविधा नहुने गरी प्रबन्ध मिलाए । प्रत्येक अतिथिको मनमा यस्तो विचारको



Downloaded from http://dhamma.digital/

उदय भयो– "सेठले हाम्रो निमित्त हेरचाहको राम्रो प्रबन्ध गरेका रहेछन् ।"

पछि कसैले पनि विशाखाको विवाह मंगलकार्यमा जाँदा पनि हामीले केही हेर्न पाएनौं, कहीँ जान पाएनौं भन्ला भनेर सेवा टहल गर्ने नोकर चाकरहरू, हात्ती, घोडा, रथ इत्यादिको कसैले केही भन्नै नपर्ने गरी प्रबन्ध मिलाएका थिए ।

धनञ्जय सेठले पाँचसय सुनारहरूलाई बोलाई "**महालता- प्रसाधन**" भनिने आभूषण बनाउन लगाए । त्यसको लागि चाहिने हजार थान असर्फीसहित हीरा, मोति आदि सबै आवश्यक वस्तुहरू पनि दिए ।

केही दिन बितेपछि प्रसेनजीत राजाले धनञ्जय सेठलाई खबर पठाए– "धनञ्जय ! हामीलाई भरण-पोषण गरिरहन सजिलो छैन । अतएव छिटै कन्यादान गरेर हामीलाई बिदा दिने बन्दोबस्त गर्नुपऱ्यो ।"

यस्तो खबर राजाबाट पाएपछि धनञ्जय सेठले यस्तो जवाफ दिए– "महाराज ! अहिले वर्षात याम शुरु भयो । वर्षातको चार महिनासम्म कन्यादान गर्न सकिंदैन । राजाको लावालस्करलाई के के कुराको प्रबन्ध गर्नुपऱ्यो भनि-बक्सियोस् म व्यवस्था गरिनै रहन्छु । मैले बिदा दिएपछि मात्र फर्कने विचार गरिबक्सियोस् ।"

त्यस दिनदेखि साकेतमा दिनदिनै मंगलोत्सवको आयोजना हुन थाल्यो । जन्ती आउने लावालस्करलाई आवश्यक प्रबन्ध तीव्र पारियो । कुनै कुराको पनि अभाव खट्कन दिइएन । यस प्रकारले तीन महिना बितिसक्दा पनि विशाखाको "**महालता- प्रसाधन**" भने तयार हुन सकेको थिएन ।

एकजना कामदारले एकदिन धनञ्जय सेठलाई आएर भने– "सेठ ! अरु कुनै कुराको आवश्यकता हामीलाई छैन । एउटै कुरा के भने भात पकाउन दाउरा चाहियो ।"

धनञ्जय सेठले भने– "त्यसो भए तबेला, हात्तीशाला र गौशालामा राखिएका पुराना काठ दाउराको प्रयोग गर ।"



Downloaded from http://dhamma.digital/

उनीहरूले त्यसै गरे । तर दुई हप्तापछि फेरि एक कामदार आएर भन्यो– "सेठ ! दाउरा सिद्धियो, के गर्ने ?"

सेठले भने– "यो वर्षातको वेला अन्तबाट दाउरा ल्याउन सकिँदैन । त्यसैले वस्त्र भण्डार कोठामा भएका बाकुलो कपडाको थानलाई च्याती, मोडी, तेलमा भिजाई दाउराको काम लेऊ ।" यसरी अर्को दुई हप्ता पनि बित्यो ।

एवं प्रकारले चार महिना व्यतित भएपछि 'महालता-प्रसाधन' बनाउने कार्य पनि पूरा भयो ।

**'महालता-प्रसाधन'**

'महालता-प्रसाधन' एक विशिष्ट प्रकारको गहना थियो । यसमा कहीँ पनि धागोको प्रयोग भएको थिएन । चाँदीकै धागोमा उनेर निर्माण गरिएको थियो । त्यस आभूषण टाउकोमा राख्दा जीउ भरी फिँजिई तलसम्म झरेको हुन्थ्यो । ठाउँ ठाउँमा मुगा जडित उक्त आभूषण सबै सुवर्णमय थियो ।

त्यस 'महालता-प्रसाधन' कलात्मक भएर पनि टाउकोमा राख्दा ठीक ठीक ठाउँमा ठीक ठीक प्रकारको रत्नमाला पर्ने गरी बनाइएको थियो । टाउकोमा एउटा, कानमा दुईटा, घाँटीमा दायाँ बायाँ दुवैतिर समानुपातिक ढंगले झुण्डिने गरी त्यस गहना बनाइएको थियो । यथास्थानमा हीरा जडिएका थिए । त्यसको बुट्टा मयूरको प्वाँख समान थियो । साना साना पाँचसय कुखुराको आँखाजस्ता ४० आँखामा पर्वतमा नाचिरहेको मयूर जस्तै देखिन्थे । ती मयूर होइनन् , बुट्टा मात्र हुन् भन्ने कुरा नजिकै गएर हेरेमा मात्र थाहा लाग्दथ्यो । त्यस आभूषण बनाउन ९ करोड रुपियाँ लागेको थियो । त्यसको ज्याला मात्र एक लाख परेको थियो ।

त्यस प्रसाधनमा ४ माला हीरा, १२ माला मुगा र ३३ माला मणी-माणिकादि जडिएका थिए । आभूषण सबै सप्तरत्नले भरिभराउ र झकिझकाउ पारिएको थियो ।



Downloaded from http://dhamma.digital/

त्यस 'महालता-प्रसाधान' आभूषण मलाई कसरी प्राप्त भयो भनेर विचार गर्दा विशाखालाई पूर्वजन्मको स्मृति भयो । पहिले काश्यप बुद्धको पालामा हजारौं भिक्षुहरूलाई चीवर, सियो धागो इत्यादि अष्ट परिष्कार दान गरिआएको पुण्यको फलस्वरुप यो महालता आभूषण लाभ भएको हो भनी विशाखालाई बोध भयो ।

**दश अर्थपूर्ण उपदेश**

'महालता-प्रसाधन' आभूषण तयार भएपछि भोलिपल्ट आफ्नी छोरीलाई दिइपठाउने तयारी गरे । पिता धनञ्जयले छोरी विशाखालाई आफूसितै बसाई पतिको कुलमा गएर सुखसाथ रहन के के ज्ञान आफूसित हुनुपर्छ भन्ने वारे दश अर्ति बुद्धि दिए ।

त्यसबेला मृगार सेठ अर्को कोठामा पल्टिरहेका थिए । विशाखालाई दिइएको उपदेश जम्मै उनले सुनिरहेका थिए ।

विशाखाको बुबाले विशाखालाई भने– "विशाखा, अर्काको घरजाँदा यी दश नियमहरू पालन गरेमा तिमी निर्दोषी भई सुखसाथ पतिकुलमा बस्न सक्छौं । ती के के भने–

१) भित्रको आगो बाहिर लानुहुन्न,
२) बाहिरको आगो भित्र्याउन हुन्न,
३) दिनेलाई मात्र दिनुपर्छ,
४) नदिनेलाई दिनुहुन्न,
५) दिने र नदिने दुवैलाई दिनुपर्छ,
६) राम्ररी बस्न जान्नुपर्छ,
७) राम्ररी खान जान्नुपर्छ,



Downloaded from http://dhamma.digital/

८) सुखपूर्वक निदाउनुपर्छ,
९) आगोको बीचमा छु भनेर जान्नुपर्छ,
१०) कुल देवतालाई सेवा सत्कार वन्दना गर्नुपर्छ ।

यी उपदेश दिएपछि राजासहित सबै महाजनहरूको सन्मुख आफ्नी छोरीको दोषादोष निरीक्षण गर्ने मानिसहरूको पनि नियुक्त गरिदिए । धनञ्जय सेठले कुल ५४ सय गाडामा दाइजो भरेर मृगार सेठसहित सबैलाई बिदा दिए ।

विशाखालाई तिनको पिताले दशअर्ति बुद्धि दिएजस्तै भगवान् बुद्धले तिनलाई आठ गुणले युक्त नारी शिक्षा दिनुभएको कुरा उल्लेख छ । त्यस्तै यस लोक र परलोकमा नारीजातिले कसरी विजय प्राप्त गर्न सक्दछन् भन्नेबारे पनि राम्ररी उल्लेख भएको पाइन्छ । फेरि भद्दीय नगरमा मेण्डक सेठको घरमा उग्गहकी छोरी विशाखाको बहिनीलाई विवाह गरिदिएको बेला भगवान् बुद्धले पाँच उपदेश दिनुभएको थियो ।

**विशाखालाई दिइएको दाइजो**

धनञ्जय सेठले राजा प्रसेनजीत र अन्य महाजनहरूको अगाडि पतिकुलमा जान लागेकी विशाखाको लागि दिइने दाइजो सजाएर राखिदिए । विशाखाको कुनै दोष भएमा न्याय गरिदिने आठजना कुटुम्बीहरू पनि विशाखाको जिम्मा लगाइ-दिए ।

चार महिना लगाएर तयार गरिएको र नौ करोड रुपियाँ पर्ने 'महालता-प्रसाधान' गहनाले सुसज्जित गराई ४५० गाडामा धन र घोडाले तान्ने ५०० रथ, कसैसित माग्न नपरोस् भनी चाहिने सुनको भाँडा, चाँदीको भाँडा, तामाको भाँडा र अनेक प्रकारको वस्त्र ५००/५०० गाडा, खेती गर्न हलो, कुतो कोदालो आदि औजारहरू ५०० गाडा गरेर जम्मा ५४ करोड मूल्य बराबरको दाइजो दिइपठाए ।



Downloaded from http://dhamma.digital/

विशाखालाई सेवा टहल गर्न भनी प्रत्येक रथमा सर्वालंकृत ३/३ जना दासीहरू सहित ५०० रथ पनि साथै पठाइदिए ।

दूध र गाडा तान्ने कामका लागि गाई गोरु पनि दिइपठाए । ती गाई गोरुको संख्या यति उति भनी भन्न सकिंदैनथ्यो । तर भूमिको प्रमाणले तिनको संख्या यस्तो किसिमले दिइएको कुरा पालि अर्थकथामा उल्लेख गरिएको छ ।–

एउटा उसभ चारपाटे ठाउँमा दुवैतिर सानो ढोका होस् । त्यस ढोकामा पाले पहरा राखिएको होस् । ती ढोकाद्वयलाई खोलिदिऊन् । गाईहरू ती ढोकाबाट निस्कून् । एक गाउत प्रमाणको ठाउँमा गाई भरिएपछि त्यस ठाउँमा बसेको गोठालोले बिगुल फुकून् । त्यस्तैगरी तीन गाउत गाईले भरिएपछि र गोठालाले बिगुल फुकेको सुनिएपछि ढोका बन्द गर्न खोजून् । ढोका थुन्दाथुन्दै जबरजस्ती ठेलेर निस्कने गाईको संख्या मात्र पनि ६०,००० पुगे भनी अर्थकथामा लेखिएको छ । अर्थकथामा यो पनि लेखिएको छ कि– 'विशाखासँग जान मन गर्नेहरू विशाखासँग जान सकिन्छ' भन्ने घोषणा सुनेर नजिकको १४ गाउँका स्त्री-कन्याहरू विशाखासँग गएका थिए ।

राजा प्रसेनजीत र मृगार सेठलाई धनञ्जय सेठले परसम्म गएर ससम्मान बिदाइ गरे । जन्तीमा आएका राजा, महाजनहरू र विशाखालाई बिदा दिई धनञ्जय सेठ घर फर्के ।

त्यसताका यस प्रकारले धुमधामसित कुनै स्त्रीको विवाह भएको बिरलै थियो होला ।

**श्रावस्तीमा विशाखाको स्वागत**

त्यस जन्तीको यात्रामा मृगार सेठको रथ सबभन्दा पछाडि थियो । उनले विचार गरे– 'यतिका लावालस्करलाई कसले पाल्ने होला ?' थुप्रै मानिसहरूलाई फर्काउन प्रयत्न गर्दा विशाखाले यो दृष्य देखिन् र भनिन्– "जसको आश्रय पाएर



Downloaded from http://dhamma.digital/

आए, उसैले खुवाउने पाल्ने प्रवन्ध मिलाउने छ। अतएव फर्काउने काम उपयुक्त छैन।"

श्रावस्तीको द्वारमा पुगेपछि विशाखाले सोचिन्– "म यसैगरी पालकीमा वसेर जाऊँ कि रथमा उठेर जाऊँ ? यदि पालकीमै वसी जाने हो भने मेरो यो 'महालता-प्रसाधन' आभूषण कसले देख्लान् , यसको के मतलब भयो र ?" यति विचार गरेर विशाखा रथमा उठेरै श्रावस्ती नगरमा प्रवेश गरिन् ।

श्रावस्तीवासीहरूले विशाखा भनेकी कन्या जति रूपवती छिन्, त्यसैलाई मिल्ने गरी सम्पत्ति पनि भएकी रहिछन् भनेर टिकाटिप्पणी गरे। औंल्याएर पनि देखाए। यसरी भव्यरूपले मृगार सेठको घरमा महासम्पत्तिसहित भएकी विशाखाले गृह-प्रवेश गरिन् ।

श्रावस्तीका सबै नागरिकहरूले आफ्नो सेठ मृगार दुलही बुहारी-सहित आइपुगेको थाहा पाए। आ-आफ्नो गच्छेअनुसार उनीहरूले विशाखालाई उपहार चढाए। आफूलाई लाभ भएका ती उपहारहरू र अरु पनि थुप्रै उपहारहरू फलाना फलानालाई देऊ भनी श्रावस्तीवासीहरूलाई नै वितरण गर्न लगाइन् । यसरी श्रावस्ती पुगेदेखिन् विशाखाले सबै नागरिकहरूसित बन्धुत्व भाव जगाई सबैसित सौहार्द्रता बनाइन् ।

त्यही राती विशाखासँगै लगिएकी एक घोडीले बच्चा जन्माइन् । यो खबर पाएर विशाखा आफ्नी सखीहरूका साथ हातमा चिराग लिई, तबेलामा गई घोडीलाई तातो पानीले नुहाइदिई, तेल दली सुत्केरी स्याहार गरी फर्किन् ।

**मृगार कुलमा मङ्गलोत्सव**

विशाखालाई भित्र्याइएपछि मृगार सेठको कुलमा एक हप्तासम्म धुमधामसित मङ्गलोत्सव मनाइयो। सातौं दिनमा आफ्नै घर नजिकै विहार गरिरहेका बुद्धलाई मृगार सेठले भोजनमा निमन्त्रणा गरेनन् । पहिलेदेखि आफूले संगत गर्दै आएका



Downloaded from http://dhamma.digital/

अचेलक साधुहरूलाई निमन्त्रणा गरी क्षीर भोजन गराए। मृगार सेठले "अरहन्त साधुहरूलाई वन्दना गर्न आऊ" भनी विशाखालाई बोलाउन पठाए।

## विशाखाको विश्वास विपरितको कुल

'अरहन्त' भन्ने शब्द सुन्ने वितिकै स्रोतापन्न भएकी विशाखा उपासिका अत्यन्त प्रशन्न भई त्यस ठाउँमा पुगिन्। त्यहाँ तिनले सर्वाङ्ग नाङ्गा साधुहरू देखिन्। तिनी लाजले भुतुक्क भई 'मेरा ससुराज्यूले यी निर्लज्ज साधुहरूलाई किन बोलाइ ल्याएका होलान्, 'यिनीहरू के का अरहन्त हुन्थे' भनी सरासर फर्केर गइन्।

त्यसबेला समाजमा पूर्णरूपले धार्मिक स्वतन्त्रता थियो। त्यसैले ससुराले मानेको धर्मलाई बुहारीले मान्नै पर्छ भन्ने थिएन। ससुरा र बुहारी बीचको त के कुरा लोग्ने स्वास्नी बीच पनि धार्मिक विश्वासमा स्वतन्त्रता भएको कुरा भारद्वाज ब्राह्मण र उनको पत्नीको प्रसंगबाट पनि थाहा पाउन सकिन्छ।

विशाखाको चर्को प्रतिक्रिया देख्नासाथ त्यहाँ वसेका नाङ्गा साधुहरूले मृगार सेठलाई भने– "सेठ, तिमीले यो बाहेक अन्त कतैबाट पनि वुहारी भेट्टाएनौ ? त्यही श्रमण गौतमको अलच्छिना उपासिकालाई किन बुहारी वनाई भित्र्याउनुपर्‍यो ? तुरुन्त तिनलाई घरबाट निकालिदेऊ।"

मृगार सेठले, विशाखा महाकुलको कन्या हुन् र तिनलाई यति सानो कुराकै निहुँमा निकाल्न सकिँदैन भन्ने विचार गरी भने– "आर्य, तरुनीवरुनीहरूले जानी नजानी त्यसो भन्न सक्दछन्। तपाईहरू शान्त भएर वसिदिनु होला।" यति भनी भोजन गराई बिदा दिए।

केही दिनपछि एक पल्ट मृगार सेठ उच्च आसनमा वसेर सुनको थालीमा ताजा क्षीर भोजन गरिरहेका थिए। त्यसवेला एकजना पिण्डाचारिक भिक्षु त्यहाँ आइपुगे। त्यसबेला विशाखाले आफ्नो ससुराज्यूलाई पंखाले हम्किरहेकी थिइन्। भोजन गरिरहेका वेला केही भन्न नमिल्ने देखेपछि ससुराज्यूले देखून् भनी



Downloaded from http://dhamma.digital/

अलिकति हटिदिइन् । तर मृगार सेठ भने झन देखे पनि नदेखेजस्तो गरी टाउको निहुराई खाना खाँदै गरे । अनि विशाखाले मेरा ससुराले भिक्षुलाई देखेर पनि कुनै वास्ता गरेन भन्ठानी त्यस भिक्षुलाई विन्ति गरिन्– "भन्ते, जानुहोस् । ससुराज्यूले पुरानो वासी खाना खाइ-रहनुभएको छ ।"

यति कुरा सुन्नेवित्तिकै थालबाट हात झिकी भने– "यो थाल यहाँबाट लैजाऊ । यसलाई पनि यस घरबाट निकालिदेऊ । यसले मलाई पुरानो खाना खाइरहेको भनेर झूठा कुरा गरिन् ।" तर विशाखालाई बाहिर निस्की भनेर वचनले त भन्न सक्ने कोही नोकर चाकर त्यस घरमा थिएनन् भने हात खुट्टा समातेर निकाल्ने कसले पो ! सबै नोकरहरू विशाखाको पक्षमा थिए । यो वातावरण देखेर सेठको साथै सबै उपस्थित वर्ग चकित भइरहेका थिए ।

ससुराज्यूको यस्तो आदेश सुनेर विशाखाले भनिन्– "ससुराज्यू, यति कुराको निहुँले मात्र म निक्लेर जान्न । मलाई तपाईले खोलाको तिरबाट कुम्भ दासीझैँ पाएर ल्याउनुभएको होइन । आमाबाबु जगाजग छन् । यति जाबो कुराको कारणले म कहाँ निक्लिन्छु र ? यस्तै कारण पर्ला भनेर नै पिताजीले आठजना कुटुम्बीहरू मेरो साथमा पठाउनुभएको छ । त्यसैले उनीहरूलाई बोलाई मेरो दोषादोष छुट्याइ हेर्नुहोस् ।"

मृगार सेठले पनि ती आठ कुटुम्बीहरूलाई बोलाई यसो भने– "हे आर्यहरू, मङ्गलोत्सव नबित्दै यो बुहारीले मैले सुनको थालमा क्षीर भोजन गरिरहेको बेला पुरानो खाना खाइरहेको भनिन् । यिनी दोषारोपण गर्ने वुहारी हुन् । त्यसैले यसलाई यसको माइत लैजाऊ ।"

उनीहरूले विशाखालाई सोधे– "नानी, तिमीले त्यसो भनेकी हो ?" विशाखाले भनिन्– "ससुराज्यूले पुरानो खाना खाइरहेको छ भनेको हुँ तर त्यसको अर्थ वेग्लै छ । एकजना भिक्षु घरको संघारमा धेरै वेरसम्म उभिइरहनुभयो । तर उहाँले आफू मात्र भोजन गरिरहनुभयो । भिक्षुलाई वास्ता गर्नुभएन । त्यसैले मैले त्यस



Downloaded from http://dhamma.digital/

भिक्षुलाई हाम्रो ससुराज्यूले पुरानो खाना खाइरहनुभएको छ, जानुहोस् भनेकी हुँ। अर्थात हाम्रो ससुराले यस जन्ममा पुण्य गर्नुभएको छैन, केवल पहिलेको कर्मको फल मात्र भोगिरहनुभएको छ भन्ने मेरो खास तात्पर्य हो।"

विशाखाको कुरा सुनेर ती आठ कुटुम्बीहरूले भने– "आर्य, यसलाई दोष हो भनिंदैंन। यो त एउटा कारण (दृष्टान्त) देखाइएको मात्र हो। यो सत्य पनि हो।"

मृगार सेठले भने– "मलाई दोष दिएको होइन भने, भैगो। तर मेरो छोरालाई कुनै वास्तै नगरी मनपर्दी यता उता किन राती राती चहार्दै हिंडेकी त ?"

सबैले विंशाखातिर आँखा उठाए।

विशाखाले भनिन्– "तर, ससुराज्यू , मैले यताउती चाहार्दै हिंडेकी होइन। अस्ति मेरो साथमा पिताजीले पठाइदिनु भएकी घोडीले बच्चा पाएकीले आवश्यक औषधी लिई तबेलातर्फ गएकी थिएं।"

विशाखाको कुरा छक्क भई सुनिसकेपछि ती कुटुम्बीहरूले भने– "आर्य, यो त कुनै दासीले पनि नगर्ने उपकारको कार्य विशाखाले गरि देखाइन्। यसलाई मनपर्दी गरी यता उती हिंडेकी भनेर कसरी विशाखालाई दोष दिने ?"

अनि मृगार सेठले भने– "यो पनि विशाखाको दोष होइन भने, गुण नै होस्। तर यिनको पिताले यिनलाई दिइपठाउने एकदिन अगाडि यिनलाई दिएको उपदेश नै बेग्लै छ। घरको आगो बाहिर लानुहुन्न रे। बाहिरको आगो भित्र ल्याउन हुन्न रे। के घरसँगै जोडिएर बस्दा पनि आगोको लेनदेन हुँदैन र ? सँगै बसेपछि छिमेकीसँग आगोको लेनदेन गर्नु पर्ला।"



Downloaded from http://dhamma.digital/

**दश अर्थपूर्ण उपदेश**

दश उपदेशका विषयमा ती आठ कुटुम्बीहरूले सोधनी गरेपछि विशाखाले भनिन्–

"हो, ती उपदेशहरू सबै अर्थपूर्ण छन् ।" यति भनी विशाखाले ती दश उपदेशको अर्थ सविस्तार बताइन् ।

(१) आफ्नो पति वा ससुराको कुनै दोष देखिएतापनि त्यस विषयलाई बाहिर कसैलाई भन्नु हुँदैन । किनकि यसले घर विनाश गर्न सक्ने आगोको काम गर्दछ । त्यसैले यस कुरालाई ध्यानमा राखेर पिताजीले मलाई '**भित्रको आगो बाहिर नलैजानु**' भन्नुभयो ।

(२) यदि कोही विश्वासी पात्रले आफ्नो पति वा ससुराको दोष देखाई केही कुरा भनेमा पनि घरमा आई फलानाले तपाईहरूलाई यसो भन्यो भनेर सुनाउनु हुँदैन । किनकि यसले घरलाई खरानी पार्न सक्ने आगोको काम गर्दछ । यसै कुरालाई ध्यानमा राखेर पिताजीले '**बाहिरको आगो भित्र नलैजानु**' भनेर उपदेश दिनुभयो ।

(३) घरमा भएको चीजवस्तु बाहिरको मान्छेलाई सापट दिन पनि पर्ला, लिन पनि पर्ला । तर यसरी दिने वा लिने काम गर्दा दिन ल्याउनेसँग मात्र आदान-प्रदानको व्यवहार गर्नुपर्छ । त्यसैले पिताजीले '**दिनेलाई मात्र दिनु**' भन्ने आज्ञा भएको थियो ।

(४) चीज वस्तु लानेले दिन ल्याएन भने उसलाई भविष्यमा कुनै पनि वस्तु दिन हुन्न । यस कुरामा ध्यान राख्नुपर्छ भनी पिताजीले '**नदिनेलाई दिनुहुन्न**' भन्ने उपदेश दिनुभयो ।

(५) गरिब, याचक, गुरु वा भिक्षु आफ्नो घरमा आएर केही माग्न आएमा त्यस्तालाई आफूले सक्दो सहयोग गर्नुपर्छ वा उनीहरूबाट फिर्ता पाउने आशा नराखी त्याग चित्तले केही दिनुपर्छ । यस कुरालाई ध्यानमा राखी पिताजीले



Downloaded from http://dhamma.digital/

'**दिनेलाई पनि नदिनेलाई पनि दिनुपर्छ**' भन्नुभयो ।

(६) सासु ससुरा वा आफ्नो पतिलाई देख्नासाथ सम्मानपूर्वक आसनबाट उठ्नुपर्छ । त्यसै ठाउँमा बसिरहन हुन्न । यसरी व्यवहार गर्नुपर्ने कुरामा ध्यान दिन पिताजीले '**राम्ररी बस्न जान्नुपर्छ**' भन्ने उपदेश दिनुभयो ।

(७) सासु ससुरा वा आफ्नो पतिले नखाइकन आफूले खानु हुँदैन । उहाँहरू सबैले खाइसिध्याएपछि मात्र आफूले खानुपर्छ । यसैले पिताजीले मलाई '**राम्ररी परिभोग (खान) गर्न जान्नुपर्छ**' भन्नुभयो ।

(८) सासु ससुरा वा आफ्नो पति नसुतुञ्जेल आफू सुत्न हुँदैन । उहाँहरूलाई गर्नुपर्ने सेवा टहल कार्य गरिसकेपछि मात्र आफू सुत्न जानु-पर्छ । त्यसकारणले पिताजीले मलाई '**सुखपूर्वक निदाउनु**' भन्ने उपदेश दिनुभयो ।

(९) सासु ससुरा वा आफ्नो पतिलाई आगो वा नागराजा समान हुन् भन्ने सम्झेर व्यवहार गर्नुपर्छ । आगोले पोल्छ वा नागले डस्छ भन्ने कुरा जानी पिताजीले मलाई '**अग्नि परिचर्या गर्नुपर्छ अथवा आफू आगोको बीचमा छु भनेर जान्नुपर्छ**' भनी सिकाउनुभयो ।

(१०) सासु ससुरा वा आफ्नो पति कुलदेवता समान हुन् भन्ने सम्झी पिताजीले मलाई '**आन्तरिक देवतालाई नमस्कार गर्नु वा घरको कुल देवतालाई सेवा सत्कार र वन्दना गर्नु**' भनी उपदेश दिनुभयो ।

विशाखाबाट यी दश उपदेशको व्याख्या सुनेर मृगार सेठ हक्क न बक्क भए । टाउको झुलाई चूपचाप बसिरहे ।

तद्पश्चात ती आठ कुटुम्बीहरूले सेठसँग सोधे– "सेठ, हाम्रा चेलीको अरु कुनै दोष देखाउन बाँकी छन् कि ?"

सेठले जवाफ दिए– "हे आर्यहरू, छैन, अरु केही छैन ।"

कुटुम्बीहरूले भने– "त्यसो हो भने किन तपाईंले निर्दोषी विशाखालाई अकारण घरबाट निकाल्न सोच्दै हुनुहुन्छ ?"



Downloaded from http://dhamma.digital/

अनि विशाखाले भनिन्– "हे भद्रजन हो, ससुराज्यूको एकै वचनमा घर बाट निस्कन उचित नसम्झेर तपाईंहरूलाई बोलाउन पठाएकी हुँ । किनकि पिताजीले मलाई ससुराको घरमा बस्दा मेरो कुनै दोष देखिएमा त्यसको उचित निराकरण गर्नलाई नै मलाई तपाईंहरूको जिम्मामा पठाउनुभएको हो । अब तपाईंहरूले म निर्दोष रहिछु भनेर बुझ्नुभयो । तपाईहरूले मलाई सफाइ दिने मौका पनि दिनुभयो । अब म यस घरबाट निस्केर गए पनि भयो ।" यति भनेर विशाखाले आफ्नो दासीहरूलाई रथ ठीक पार्ने आज्ञा दिइन् ।

**विशाखालाई 'मृगारमाता' को संज्ञा**

मृगार सेठले ती कुटुम्बीहरूकै अगाडि विशाखालाई भने– "बुहारी, मैले जानी नजानी तिमीलाई दोष लगाएँ, मलाई क्षमा गर ।" सबैले मृगार सेठ र विशाखालाई पालैपालो हेरे ।

विशाखाले भनिन्– "तर म बुद्ध-धर्ममा अटल श्रद्धा राख्ने उपासकको कन्या हुँ । तर तपाई तिर्थङ्कर भक्त हुनुहुन्छ । म भिक्षुसंघको सेवा नगरी बस्न सक्दिन । यति कुरा स्वीकार गर्नुहुन्छ भने म यस घरमा रहन सक्दछु, अन्यथा रहन सक्दिन ।"

मृगार सेठले भने– "त्यसो भए तिम्रो इच्छाअनुसार श्रमणहरूको सेवा टहल गर्नु । म मेरा तिर्थङ्करहरूलाई दान दिनेछु ।"

ससुराज्यूको वचन पाएपछि विशाखाले बुद्धप्रमुख संघलाई निमन्त्रणा गरी दान दिने कार्य गर्न थालिन् । भगवान्सहित भिक्षुहरू मृगार सेठको घरमा आउने जाने गर्न थाले । यो कुरा तिर्थङ्करहरूले थाहा पाएपछि तिनीहरूले मृगारको घरमा आई धर्ना दिन थाले । मृगारले उनीहरूलाई दान दिए । यता विशाखाले आफ्नो ससुराको उपस्थिति नभए पनि भिक्षुसंघलाई दान प्रदान गरिन् । भोजन सिद्धिएपछि तिनले ससुराज्यूलाई धर्मोपदेश सुन्न आउन निमन्त्रणा



Downloaded from http://dhamma.digital/

दिइन् । ससुराले अब त नगई भएन भन्ठानी उठेर जान लागे । तर उनलाई तिर्थङ्करहरूले भने– "सुन्न नै जाने हो भने पर्दापछाडि लुकेर मात्र सुन ।" बुद्धले यो कुरा थाहा पाई पर्दापछाडि बसेका सेठलाई उपयुक्त हुने गरी उपदेश दिनुभयो । उपदेश सुनेर सेठ स्रोतापत्ति फलमा प्रतिष्ठित भए । अनि सेठ पर्दाबाट बाहिर आई बुद्धलाई वन्दना गरी छेवैमा बसेकी बुहारीलाई भने– "विशाखा, मेरी बुहारी, आजदेखि तिमी मेरी बुहारी भएनौ । आमा समान भयौ । तिमीलाई आजदेखि म आमाको स्थानमा राख्दछु । मैले धर्म के हो भन्ने कुरा राम्ररी बुझें ।" त्यसबेलादेखि विशाखा '**मृगारमाता**' को नाँउले प्रख्यात भइन् ।

मृगार सेठले विशाखाको गुणगान गर्दै भगवान् बुद्धलाई भने– "भन्ते, मलाई पहिले थाहा थिएन कि कहाँ कसलाई दान दिएमा महत्फल हुन्छ । मेरी बुहारीले गर्दा मैले थाहा पाएँ महत्फल कसरी कहाँ मिल्छ । बुहारीकै कारणले गर्दा म अपाय र दुर्गतिबाट मुक्त हुन सक्षम भएँ । बुहारी यस घरमा प्रवेश गरेकीले नै मेरो कल्याण भयो ।" यति भनी उनले यो गाथा सुनाए ।

*"सोहं अज्ज पजानामि, यत्थदिन्नं महप्फलं ।*
*अत्थायवत मे भद्दा, सुनिसा घरमागता' ति ॥"*

अर्थ–

मेरो हितसुखको निम्ति भद्रमुखी बुहारीले यस घरमा प्रवेश गरिन् । आज मैले थाहा पाएँ कहाँ दान दिनाले महत्फल मिल्दछ ।

विशाखाले भोलिको निम्ति पनि बुद्धप्रमुख भिक्षुसंघलाई निमन्त्रणा गरिन् । स्रोतापन्न भएका मृगार सेठले पनि भगवान्सहित सकल भिक्षुगणलाई भोजन दान गर्न थाले । त्यसबेलादेखि मृगार सेठको घरमा बुद्धसहित भिक्षुसंघको निम्ति जहिले पनि ढोका खुल्ला हुन थाल्यो ।



Downloaded from http://dhamma.digital/

पुनः भोलिपल्टको लागि पनि विशाखाले बुद्धसहित सबै भिक्षुसंघलाई भोजन निम्ति प्रार्थना गरिन् । भगवान् बुद्धले मौनद्वारा स्वीकार्नुभयो ।

भोलिपल्ट आकाशमा चारैतिरबाट बादलले ढाकिई अन्धकार भयो । अनि भगवान् बुद्धले भिक्षुहरूलाई भन्नुभयो– "चारै प्रदेशमा पानी पर्दैछ । भिक्षुहरू, यो अन्तिम चातुर्दिक वर्षा हो, स्नान गर ।"

"हवस् भन्ते ।" भिक्षुहरूले भने ।

अनि सबै भिक्षुहरूले चीवर फुकाली स्नान गरे । यता मृगारमाताले उत्तम खाद्य भोजन तयार गरी दासीहरूमार्फत भोजनको समय सूचित गर्न पठाइन् । तर विहारमा कुनै पनि भिक्षुहरू देखेनन् । यो कुरा विशाखालाई सूचित गरे । मेधाविनी विशाखाले विचार गरिन् कि कहिल्यै यसरी पानी परेको थिएन । अतः भन्तेहरू अवश्य स्नान गरिरहेका होलान् । दासीहरूले विहारमा गई कोठामा मात्र हेरेर आए होलान् । यति विचार गरी दासीहरूलाई पुनः हेर्न पठाइन् । यता भिक्षुहरू सबै नुहाई धुवाई चीवर पात्र धारण गरी भिक्षुसंघसाथै भगवान् बुद्ध विशाखाको घर आइपुग्नुभयो । घुँडासम्म आउने पानीको भलको बाटो भई आए पनि भन्तेहरूको चीवर नभिजेको देखेर विशाखाले आश्चर्य प्रकट गरिन् । त्यसपछि साह्रै प्रशन्न चित्तले श्रद्धापूर्वक भोजन दान गरिन् । भोजन सिद्धिएपछि हात धुलाई एकातिर बसिन् र बिन्ति गरिन्– "भन्ते केही प्रार्थना गर्ने इच्छा गरेकी छु ।" बुद्धले भन्नुभयो– "कुन प्रार्थना हो, भन न ।"

विशाखाले निवेदन गरिन्– "भन्ते शास्ता ! संघलाई वर्षावासमा चीवर वस्त्र दान गर्ने इच्छा छ । नयाँ आगन्तुक भन्तेहरूलाई भोजन दान दिने, बाहिर जाने भन्तेहरूलाई गमिक भोजन दान दिने इच्छा छ ।" विशाखाले यसरी आठ प्रकारको इच्छा भगवान् समक्ष राखिन् ।



Downloaded from http://dhamma.digital/

**विशाखाको आठ प्रकारका दान**

भगवान् बुद्धले सोध्नुभयो– "विशाखा, तिमीले यी आठवटा वरको इच्छा के कति कारणले तथागत समक्ष प्रकट गऱ्यौ ?"

१) चीवर दान दिनु भनेको रूप र शोभा बढाउनको निम्ति साथै लज्जा बचाउन पनि नभइ नहुने वस्तु हो । त्यसैले चीवर दान गर्ने इच्छा गरेकी हुँ ।

२) नवागन्तुक भिक्षु नयाँ भएका कारणले एक अर्कामा अपरिचित हुने र पिण्डा-चरणमा चाँडै थकित हुने, दु:ख कष्ट सहन गर्न कठीन हुने देखेर नवागन्तुकहरूलाई दान दिने इच्छा गरेकी हुँ ।

३) यताउती जाँदा, भगवान्को अनुपस्थितिको परिणाम भोग्नु पर्दा, क्लान्त भई वा शरीरमा गडबडी मच्चिइ पुग्नुपर्ने ठाउँमा पुग्न नसकिने, तथागत अन्त कहीं जानु हुँदा भेट्न आउने भिक्षुले दर्शन नपाइने आदि कुरालाई ध्यानमा राखेर भिक्षुहरूलाई उचित समयमा उचित भोजन उपलब्ध गराउन सकियोस् भन्ने इच्छाले प्रेरित भई गमिक दानको इच्छा गरेकी हुँ ।

४) रोगीहरूलाई उचित भोजन समयमा नपाए रोग बढ्दछ । मरणसम्म पनि हुनसक्छ । फेरि उचित भोजनको बलले रोग निको पनि हुन्छ । त्यसैले भन्ते भगवान् ! मैले रोगीहरूको सेवा गर्ने इच्छा गरेकी हुँ ।

५) फेरि रोगी हेरचाह गर्ने, स्याहार सुसार गर्नेहरूलाई पनि भोजनको प्रबन्ध राम्रो नभएमा उचित समयमा उचित ढंगले सेवा टहल गर्न नसकिने हुन्छ । यसले गर्दा रोगीको रोग बढ्ने हुन्छ । यसैले मैले उपस्थापकहरूलाई भोजन दान दिने इच्छा गरेकी हुँ ।

६) रोगीलाई औषधि चाहिन्छ । औषधि नपाएमा रोगीको रोग बृद्धि हुन्छ । मरणान्त पनि हुनसक्छ । त्यसैले रोगीलाई औषधी दान दिने इच्छा गरेकी हुँ ।



Downloaded from http://dhamma.digital/

७) नुहाउँदा नभइ नहुने भनेर नै भिक्षुहरूलाई शरीरमा बेर्ने लुगा/कपडा दान गर्ने इच्छा गरेकी हुँ ।

८) भिक्षुणीहरू ऋतुमती हुँदा लाज बचाउन त्यस बखत चाहिने वस्त्र दान गर्ने इच्छा गरेकी हुँ ।

"भन्ते ! यहाँ भिक्षुणीहरू अचिरवती (राप्ती) नदीमा स्नान गर्दा गणिकाहरूसँग विना वस्त्र भई स्नान गर्दछन् । भन्ते ! ती गणिकाहरूले ती भिक्षुणीहरूलाई यसो भनेर गिज्याउँछन्– "हे आर्या ! तपाईहरूले किन यौवनावस्थामा भिक्षुणी बनी ब्रह्मचर्य पालन गरिरहनुभएको ? पहिले उमेर छँदै कामभोग गरी बूढी भएपछि मात्र ब्रह्मचर्य पालन गर्नुपर्छ । यसो गर्दा तपाईहरूलाई लाभ हुन्छ ।" "भन्ते ! गणिकाहरूले यसरी जिस्क्याउँदा भिक्षुणीहरू नाजवाफ हुन्छन् । भन्ते ! स्त्रीजाति विना वस्त्र बस्नु अशोभनीय र अपवित्र हो । यसो गर्नु उनीहरूको विनम्र स्वभावको प्रतिकूल हो । भन्ते ! यिनै कुरालाई ध्यानमा राखी मैले भिक्षुणीहरूलाई नुहाउँदा लगाउने कपडा/लुगा (उदकसाटिक) दान दिने इच्छा गरेकी हुँ ।"

"विशाखा ! अरु के गुणलाई दृष्टिगत गरी तिमीले आठ वर मागेकी, बताइदेऊ न ।"

"भन्ते, यहाँ दिशा विदिशाबाट वर्षावास बस्न आउने भिक्षुहरू भगवान् तथागतको दर्शन गर्न पनि आउँछन् । उनीहरूले भगवान् बुद्ध अहिले कहाँ हुनुहुन्छ भनी सोध्दछन् , फलाना भिक्षुको मृत्यु भयो उनको के गति होला भनेर पनि प्रश्न गर्न सक्छन् । उत्तरमा तथागतले भन्नुहुन्छ– "ऊ स्रोतापत्ति भयो, सकृदागामी भयो, अनागामी भयो वा अर्हत भयो । अनि फेरि भिक्षुहरूले अन्य भिक्षुहरूलाई सोध्न सक्दछन्– के तिमीहरू पहिले श्रावस्ती आइसक्यौ ? जवाफ दिन्छन्– हो, हामी पहिले श्रावस्ती आइसक्यौं । अनि मैले निश्चय पनि थाहा पाउन सक्ने छु कि यी आर्यहरूले मैले दान दिएको वर्षायामको कपडा, आगन्तुक भोजन, गमिक भोजन, रोगी अवस्थामा दिइएको भोजन, उपत्थापक भोजन, रोगी



Downloaded from http://dhamma.digital/

हुँदा दिइएको औषधी इत्यादि कुराको परिभोग गरेका रहेछन् । भन्ते ! यसरी आफूले गरिएका मंगलकार्यको संस्मरण हुँदा मनमा प्रीति उत्पन्न हुन्छ । प्रीतिले गर्दा शरीर हलुका हुन्छ । शरीर हलुका हुँदा सुखको अनुभव हुन्छ । सुखी भएको चित्त समाधिष्ठ हुन्छ । चित्त समाधिष्ठ भएमा भावना पनि पुष्ट हुन्छ ।"

"भन्ते ! यतिका गुण देखेर मैले तथागतसँग आठ वर मागेकी हुँ ।"

"साधु ! साधु !! साधु !!! विशाखा, राम्रो भयो विशाखा ! यिनै गुणको कारणले नै तिमीले तथागतसँग आठ वर मागेकी रहिछौ । विशाखा ! तिमीलाई यी आठ वर विषयमा पूर्ण अनुमति दिन्छु ।"

त्यसपछि विशाखालाई भगवान् बुद्धले तलको गाथाबाट अनुमोदन गर्नुभयो ।

*या अन्नपानं ददतिप्पमोदिता ।*
*सीलुपपन्ना सुगतस्स साविका ।*
*ददाति दानं अभिभुय्य मच्छरं,*
*सोवग्गिकं सोकनुदं सुखावहं ॥ १ ॥*

'सुगतको प्रमुदित शीलवती शिष्यले मनको मात्सर्य फाली शोक रहित भई सुखदायी अन्नपान दान दिन्छे ॥ १ ॥

*दिब्बसा लभते आयु,*
*आगम्ममग्गं विरजं अनङ्गणं*
*सापुञ्जकामा सुखिनी अनामया*
*सग्गह्मि कायह्मि चिरं पमोदती 'ति ॥ २ ॥*

'अनि निर्मल, निर्दोष मार्गमा आरुढ भई तिनले दिव्य आयु प्राप्त गर्दछ र पुण्यकामी निरोगी भई स्वर्गकाय धारण गरी चिरकालसम्म प्रमुदित हुन्छे ॥ २ ॥

एवं प्रकारले विशाखा मृगारमातालाई गाथाद्वारा अनुमोदन गरी भगवान् बुद्ध आसनबाट उठ्नुभयो ।



Downloaded from http://dhamma.digital/

यस सन्दर्भमा भगवान् बुद्धले यस्तै प्रकारले धर्मका कुरा सुनाई भिक्षुहरूलाई भन्नुभयो– "भिक्षुहरू ! वर्षावासको कपडा, आगन्तुक भोजन, गमिक भोजन, रोगीको भोजन, रोगी सेवकको भोजन, रोगीलाई औषधी, नित्य यागु दान तथा भिक्षुणीसंघलाई नुहाउन कपडा– यी सबै स्वीकार गर्न अनुमति दिन्छु ।"

**धनमट्टक-प्रसाधन**

एकदिन मृगार सेठले सोचे– "विशाखाले तिनको त्यो 'महालता-प्रसाधन' भनिने गहना जहिलेसुकै पनि लगाइराख्न सक्दिनन्, त्यसैले जहिले पनि लगाइराख्न सक्ने किसिमको 'धनमट्टक-प्रसाधन' भनिने गहना एकथान बनाइदिनुपर्‍यो ।" यति विचार गरेर एक लाख पर्ने धनमट्टक-प्रसाधन बनाइदिए । त्यस गहना बनाइसिद्धिएपछि एकदिन बुद्धसहित भिक्षुसंघलाई निमन्त्रणा गरी सम्मानपूर्वक भोजन गराए । विशाखालाई सोह्र घडा सुगन्धयुक्त जलले नुहाउन लगाए । शास्ताको सन्मुख विशाखालाई उक्त गहना लगाउन दिएर शास्ताको चरण कमलमा वन्दना गर्न लगाए ।

त्यसबेलादेखि दानादि पुण्यकर्म गरी आठ वर प्राप्त गरेको लगत्तैपछि आकाशमा देखिने चन्द्रमा समानका छोरा छोरीहरू एकपछि अर्को पाउँदै गइन् । तिनको वंशवृक्ष सामान्यत: यस्तो छ– मेण्डक सेठ र चन्द्रपद्माको छोरा र बुहारी धनञ्जय सेठ र सुमनादेवी हुन् । तिनीहरूको छोरी र ज्वाईं विशाखा र पूर्णवर्द्धन हुन् ।

**विशाखाकी पुत्रपुत्री र सन्तानहरू**

*विशाखा वीसति पुत्ता, नता च चतुरो सता ।*
*पनत्ता अट्ठ सहस्स जम्बुदीपेसु पाकटा ॥*

केही समय बितेपछि विशाखालाई पुत्र रत्न प्राप्त भयो । बच्चाको नाम मृगारतिस्स राखियो । यस बेलासम्म मृगार सेठ पनि विहार भगवान् बुद्धकहाँ जाने भइसकेको थियो ।



Downloaded from http://dhamma.digital/

क्रमशः विशाखाका दुई छोराहरू भए। दुई छोरी पनि भए। फेरि आफ्ना छोराछोरीको तर्फबाट दश-दश छोराछोरीहरू भए। एवं प्रकारले सन्तान बढ्दै गएर तिनको आफ्नै जीवनमा नै १०२६ जना परिवार संख्या पुग्यो। एवं प्रकारले सन्तानहरू कुल ४००० पुग्यो। विशाखाको आयु १२० वर्ष पुग्दा पनि १६ वर्षको कन्या समान देखिन्थिन्। बूढी देखिंदैनथिन्। कपाल पनि फुलेको थिएन।

विशाखाका सन्तानका केही नामहरू यी हुन्–

१) मृगार कुमार प्रथम पुत्र २) मृगजाल कुमार द्वितीय पुत्र ३) साल्हा ४) दत्ता ५) सुजाता कान्छीचाहीं।

**विशाखाका अन्य विशेषताहरू**

छोरा, छोरी, नाति, नातिनी, पनाति, पनातिनीहरू साथमा लिई विहारमा वा अन्य कतै जाँदा विशाखालाई नचिन्ने कोही थिएनन्। टाढैबाट मानिसहरू तिनलाई चिन्थे। विशाखाको शारीरिक आकर्षण र प्राकृतिक स्वभाव नै त्यस्तै थियो। तिनी हिंडिरहेको बेला हिंडिरहेकै राम्रो देखिन्थिन्। बसिरहेकी बेला बसिरहेकी नै राम्रो देखिन्थिन्। उभिरहंदा पनि उभिरहेकै राम्रो देखिन्थिन्। यसरी देख्नेले जुनसुकै अवस्थामा विशाखालाई देखे पनि त्यतिकै हेरुँ हेरुँ लाग्दथिन्। नहेरी सन्तोषै मान्दैनथे। चार इरियापथमध्ये जुनसुकै इरियापथमा देखे पनि नराम्रो मान्दैनथे। जुनसुकै इरियापथमा पनि त्यत्तिकै आकर्षक देखिन्थिन्।

एकदिन विशाखा आफ्ना छोरीहरूसित विहारमा गइरहेकी थिइन्। त्यसबेला कोशल राजा प्रसेनजीतले विशाखासँग पाँच हात्तीको बल छ भन्ने कुरा जान्न पहिले नै विहारमा पुगी एक स्थानमा बसिरहेका थिए। विशाखा विहारबाट फर्केर आइरहंदा उनले बाटोमा एउटा मत्ता हात्ती छोड्न लगाए। अरु सबै आइमाइहरू डराएर यताउती भाग्न थाले। तर विशाखा भागिनन्। विशाखाले एक औंलाको टुप्पाले त्यस हात्तीको सुँडमा टेकाई घचेटिदिइन्। त्यस हात्ती हुत्तिएर एकातिर



Downloaded from http://dhamma.digital/

लडिन पुग्यो । यस चर्तिकला देखेर सबै महाजनहरूले धन्य धन्य विशाखाको बल भनी तिनको प्रशंसा गरे ।

अर्के एकदिन विहारको एक उत्सवमा धेरै महाजनहरू भेला भएका थिए । विशाखा पनि आफ्नो महालता-प्रसाधन गहना लगाएर आएकी थिइन् । विशाखाले विहारमा जाँदा त्यतिका मूल्य पर्ने गहना लगाएर जान उचित छैन भन्ठानी गहना उतारी रुमालमा पोको पारी एक दासीलाई जिम्मा लगाइन् । अनि आफू शास्ताकहाँ वन्दना गरी फर्केर आइन् । गहनाको पोको स्याहारेर बसेकी दासीले भने गहनाको पोको लिएर आउन बिर्सिन् ।

यता विशाखा आफ्नी सुप्रिया भन्ने सखीसँग आगन्तुक र गमिक दान गर्न र रोगीहरूको सेवा टहल गर्न यताउती व्यस्त भइरहिन् । सदा झैं विशाखाले श्रामणेरहरूलाई गिलान प्रत्यय दान गरिन् । सुप्रियासँग घुम्दाघुम्दै श्रामणेरहरूको दर्शन गर्दै विहार बाहिर पुगिन् । अनि गहना लगाउनुपर्‍यो भनेर दासीसँग माग्दा दासी झसङ्ग भइन् । त्यस गहनालाई आनन्द भन्तेले लिई भऱ्याङमुनि एक ठाउँमा सुरक्षाको लागि राखेका थिए । दासीले 'हत्तेरी ! मैले गहनाको पोको लिएर आउन बिर्सें' भनिन् । विशाखाले भनिन्– "यदि तिमीले राखेकै ठाउँमा भेट्टाए त्यो गहना लिएर आउनु । अन्त कतै कसैले पन्छ्याइदिएको भए लिई नआउनु ।" दासी गहना खोज्न गइन् । आनन्द भन्तेले तिनलाई देख्ने वित्तिकै सोधे– "विशाखाको गहना खोज्न आएकी हौ ? त्यो गहना भऱ्याङमुनि राखिदिएको छु ।" दासीले भनिन्– "राखेकै ठाउँमा नभेट्टिए वा अन्त कतै कसैले राखिसकेको भए लिएर नआउनु भनी विशाखाले भन्नुभएको छ ।" आनन्द भन्तेले "सुरक्षित ठाउँमा पन्छ्याइदिएको मात्र हुँ , लैजाऊ" भने । तर दासीले गहना नलिइकन बाहिर गइन् । विशाखालाई गएर त्यही कुरा सुनाइन् ।

विशाखाले उक्त ९ करोड पर्ने गहना लिएर आई सुनकर्मीहरूकहाँ गई बेच्न लगिन् । तर कुनै पनि क्रेता भेट्टाइनन् । अन्त्यमा त्यत्तिकै पैसा तिरी आफैले



Downloaded from http://dhamma.digital/

किनिन् । त्यस पैसाले बाहिरबाट आउने भिक्षुसंघको निम्ति एउटा विहार बनाइदिने निर्णय गरिन् । उक्त नौ करोड रुपियाँ तिरी विहार बनाउने जग्गा किनिन् । त्यसबेला भगवान् बुद्ध चारिकाको लागि बाहिर कतै जान लाग्नुभएको थियो । विशाखाले बुद्धलाई वन्दना गरी विन्ति गरिन्– "भन्ते, मैले भिक्षुसंघको लागि विहार बनाउन लागेकी छु । तथागत चारिकाबाट अलि बिस्तार गरी पाल्नुभए पनि हुन्छ ।" विशाखाको कुरा सुनेर बुद्धले मोद्गल्यायन भन्तेलाई विहार बनाउने कार्यको रेखदेख गर्न आज्ञा हुँदै जेतवनबाट ५०० भिक्षुसंघसहित चारिका गर्न जानुभयो ।

विहार बनाउन ६५ योजन टाढादेखि काठ ल्याई दुई तल्लाको भवन निर्माण कार्य सम्पन्न गरिन् । त्यस भवनको तल्लो तल्लामा ५०० र माथिल्लो तल्लामा ५०० कोठा थिए । भगवान् बुद्ध ९ महिनासम्म बाहिर चारिका गरी फर्केर आउँदा त्यस महाप्रासाद तयार भइसकेको थियो । बुद्ध श्रावस्तीमा आइपुग्नुभएको थाहा पाउने बित्तिकै ठाउँ ठाउँमा स्वर्णघट राखी स्वागत सत्कार गरी त्यस पूर्वाराम विहारमा भित्र्याइए । अनि २७ करोड खर्च गरी बनाइएको त्यस महाविहार बुद्धलाई चढाउने इच्छा राखी विशाखाले भनिन्– "भन्ते, यो महाप्रासाद चारैतिरबाट आउने भिक्षुहरूको लागि उपयुक्त छ । भिक्षुहरूको साथमा तथागत चार महिनासम्म यस विहारमा विहार गर्नुहोस् ।" बुद्धले विशाखाको प्रार्थना स्वीकार गर्नुभयो । त्यो विहार कति सुविधायुक्त र सुन्दर छ भन्ने कुरा यस प्रसंगले पनि सजिलै अनुमान लगाउन सकिन्छ । त्यस बेला विशाखाकी एक सखीले १००० रुपियाँ पर्ने ओछ्याउने वस्तु (गलैंचा) त्यस विहारमा ओछ्याइदिने इच्छा व्यक्त गरिन् । विशाखासँग उक्त गलैंचा ओछ्याउने ठाउँ मागिन् । विशाखाले साथीले चित्त दुखाउली भन्ने विचार गरी तिनलाई भनिन्– "साथी, तिमी आफैले ठाउँ खोज्न जाऊ । जहाँ ओछ्याउन योग्य छ, त्यहीँ ओछ्याऊ ।"



Downloaded from http://dhamma.digital/

विशाखाकी ती साथीले गलैंचा ओछ्याउने ठाउँ खोज्दै कोठैपिच्छे चाहारिन् । तर कहीँ पनि त्यस गलैंचा ओछ्याउने उपयुक्त ठाउँ भेट्टाउन सकिनन् । उनी दिक्दार भइन् । त्यसबेला आनन्द भन्तेले तिनलाई देखे । भन्तेले तिनलाई आश्वासन दिँदै भने– "यस गलैंचालाई प्रथमद्वारको संघारमा खुट्टा पुछ्नको लागि राखिदेऊ ।" भन्तेले ठाउँ पनि देखाई दिए । उपासिकाले पनि त्यहीं उपयुक्त ठाउँ सम्झी त्यहीँ ओछ्याइदिइन् ।

विशाखाले नवनिर्मित पूर्वाराम विहारमा चार महिनासम्म बुद्धप्रमुख भिक्षुहरूलाई भोजन गराई अन्तिम दिनमा चीवर दान गरिन् । यसप्रकारले ९ करोड परेको भूमिमा ९ करोड खर्च गरी विहार बनाई ९ करोड दानादि उत्सवमा खर्च गरी विशाखाले अत्यन्त आनन्दानुभूति गरिन् ।

अनाथपिण्डिक महाजनले बनाइदिएको जेतवन महाविहार जति ठूलो र भव्य थियो त्यत्तिकै राम्रो विशाखा मृगारमाताको पूर्वाराम विहार पनि थियो । बुद्ध-धर्मप्रति श्रद्धा र त्याग गर्ने पुरुषहरूमध्ये अनाथपिण्डिक गृहपति अग्रगण्य भएझैं, त्यागी नारीहरूमध्ये विशाखा महाउपासिका पनि अग्र थिइन् । यस कुराको प्रमाण महासूत्रको 'एकदग्ग सुत्त' हो ।

जेतवन महाविहारको निम्ति अनाथपिण्डिक महाजनले ५४ करोड धन खर्च गरेजस्तै पूर्वाराम विहारको निम्ति विशाखा महाउपासिकाले पनि २७ करोड धन खर्च गरेकी थिइन् ।

महोत्सवको अन्तिम दिनमा विशाखा अत्यन्त आनन्दित भइन् र तिनको मनमा प्रीतिको संचार भयो । आफूले गरेको शुद्ध पुण्यकार्यको अनुस्मरण गर्दै अत्यन्त प्रशन्न भइन् ।

मैले चिताएका सबै पुण्य कार्य निर्विघ्न सम्पन्न भए भनी गद्गद् भएर त्यही दिनको सन्ध्याकालमा आफ्ना छोरा, छोरी, नाति, पनातिहरूको साथमा त्यस प्रासादको वरिपरि परिक्रमा गरी यो गाथा प्रकाश गरिन्–



Downloaded from http://dhamma.digital/

*कदाहं पासादं रम्मं, सुधामत्तिक लेपनं ।*
*विहार दानं दस्सामि, सङ्कपो मह्यं पूरितो ॥*

सेतो चुनले पोतेको सुरम्य विहार प्रासाद कहिले दान दिन सकूँला भन्ने मनोकामना थियो, त्यो आज पूर्ण भयो ।

*कदाहं मञ्च पीठञ्च, भिसि बिम्वो हनाति च ।*
*सेनासन भण्डं दस्सामि, सङ्कप्पो मह्यं पूरितो ॥*

खाटा, मेच, ओछ्यान, डसना, शयनको लागि चाहिने वस्तुहरू कहिले दान दिन सकूँला भन्ने मनोकामना थियो, त्यो आज पूर्ण भयो ।

*कदाहं सलाक भत्तं, सुचिं मेसूप सेवनं ।*
*भोजन दानं दस्सामि, सङ्कप्पो मह्यं पूरितो ॥*

शुद्ध सलाक भोजन दान कहिले दिन सकूँला भन्ने मनोकामना थियो, त्यो आज पूर्ण भयो ।

*कदाहं कासिकं वत्थं, खोमकप्पासिकानि च ।*
*चीवर दानं दस्सामि, सङ्कप्पो मह्यं पूरितो ॥*

काशीको रेशम तथा सुतिको नरम चीवर कहिले दान दिन सकूँला भन्ने मनोकामना थियो, त्यो आज पूर्ण भयो ।

*कदाहं सप्पी नवनीतं, मधुतेलं च फाणितं ।*
*भेसज्जदानं दस्सामि, सङ्कप्पो मह्यं पूरितो ति ॥*

घ्यू , नवनीत, मह, तेल तथा सक्खरयुक्त भैषज्र्य (औषधी) कहिले दान दिन सकूँला भन्ने मनोकामना थियो, त्यो आज पूर्ण भयो ।

विशाखाले यसरी प्रीतियुक्त उदान व्यक्त गरिरहेकी सुनेर भिक्षुहरूले भगवान्सित भने– “भन्ते ! विशाखाको चित्त विक्षिप्त भयो कि वा तिनी पागल पो भइन् कि ?”



Downloaded from http://dhamma.digital/

भगवान् बुद्धले भन्नुभयो– "त्यो त तिनको कार्यमा पूर्णता प्राप्त भएकोले हृदयबाट निक्लेको उद्‌गार मात्र हो । तिनले प्रासादलाई परिक्रमा गरी प्रार्थना गरिरहेकी छिन् । तिनको यस जन्मको मात्र होइन, पूर्वजन्मको प्रार्थनासमेत पूर्ण भएको बारे पनि यी उद्‌गार व्यक्त गरेकी हुन् ।"

भिक्षुहरूले विशाखाको पूर्वजन्मको कुरा सुन्न उत्सुक रहेको र प्रार्थना समेत गरेपछि भगवान् बुद्धले भन्नुभयो–

"भिक्षुहरू ! एक सहस्र कल्प पहिले लोकमा पदुमुत्तर बुद्धको जन्म भयो । त्यसबेला सुनन्द भन्ने राजा र सुजातादेवी भन्ने रानीको देशवती नामकी छोरी थिई । तिनी बुद्धको अग्र उपासिका थिइन् । आठ वर प्राप्त गरी चार प्रत्ययको दायिका भएर दिनरात अथकरूपमा दान दिइरहेकी थिइन् । सँधै सँगै विहारमा जाने भएकी तिनकी एक सखी थिइन् । त्यस सखीको उद्‌गारप्रति विशाखा साह्रै प्रशन्न भइन् । तिनको शक्ति देखेर एकदिन विशाखाले बुद्धलाई सोधिन्– "भन्ते, के गरिएमा अग्रश्राविका होइन्छ ?" बुद्धले पनि बताइदिनुभयो ।

"कल्प सहस्र पहिले प्रार्थना गरी आएकीले यस्तो भएकी हुन् ।" यतिकुरा सुनी विशाखाले पनि प्रार्थना गरेपछि पूर्ण हुन्छ भन्ने जानी सातदिनसम्म बुद्धप्रमुख भिक्षुहरूलाई भिक्षादान दिइसकेपछि अन्तिम दिन चीवरादि परिष्कार दान गरी प्रार्थना गरिन्– "भन्ते ! यो दानको पुण्यले देव अप्सराआदि कुनै प्रकारको पनि फल नहोस् । बरु मेरी सखी अग्रश्राविका भएजस्तै तपाईंको पालामा म पनि बुद्ध सम्मुख आठ वरलाभी भई पतिको घरमा बसी चार प्रत्यय पूर्ण गर्न सक्ने अग्रश्राविका हुन पाऊँ ।"

पदुमुत्तर बुद्धले विशाखाको प्रार्थना पूर्ण हुन सकिन्छ कि सकिंदैन भनी विचार गर्दा प्राप्त हुन सकिने देखेपछि भन्नुभयो– "कल्प सहस्रपछि गौतम बुद्धको पालामा तिमीलाई अग्रश्राविका हुने फल प्राप्त हुन्छ । तिमी विशाखा महाउपासिकाको नामले आफ्नो पतिको घरमा चार प्रत्ययपूर्ण गर्न सक्षम भएर प्रधान अग्रश्राविका हुन सक्नेछौ ।"



Downloaded from http://dhamma.digital/

"पदुमुत्तर बुद्धको आशिष त्यसैबेला पाएझैं तिनले प्रशन्नताको अनुभव गरिन् । पछिको जीवनमा पनि पुण्य गरी काश्यप बुद्धको पालामा पनि यही प्रार्थना गरी अनेक देव मनुष्यलोकमा जन्म लिई यस जन्ममा मेण्डक सेठको छोरा धनञ्जय सेठकी छोरी भएर जन्म लिइन् । मेरो शासनमा रहेर धेरै पुण्य संचय गरिन् । अहिले तिनले त्यसैले उदान व्यक्त गरिरहेकी छिन् । भिक्षुहरू ! जसरी विज्ञ चतुर मालीले फूल छानी छानी माला बनाउँछ, त्यसरी नै विशाखाले अनेक प्रकारले कुशल कर्म गर्न उपयुक्त अवसर छानी छानी पुण्य कार्य सम्पादन गरिन् ।"

*यति भनी पुनः भगवान बुद्धले भन्नुभयो –*

*'यथापि पुप्फरासिह्मा, कयिरा माला गुणे बहु ।*
*एतं जातेन मच्चेन, कत्तब्बं कुसलं बहुति ॥'*

जसरी मालीले फूलको थुप्रोबाट छानी छानी सुन्दर फूलमाला गाँस्दछ, संसारमा जन्म भई मरण हुनुपर्ने व्यक्तिले त्यही कुरा जानेर धेरै पुण्यकर्म गर्नुपर्छ ।

यस 'कुसलं बहु'ति' भन्ने देशनाको अन्त्यमा धेरै श्रोतागण स्रोतापत्ति फलमा प्रतिस्थित भए । धेरैलाई धर्मसार्थकता प्राप्त भयो ।

**विशाखाको सामाजिक जीवन**

विशाखा उपासिका आफ्नो कुटुम्ब तथा मित्रहरूसँग मिलेर बस्न सक्ने भद्र स्वभाव भएकी महिला थिइन् । आफूले अरुलाई विश्वास गरेपनि अरुको विश्वासमा आक्षेप गर्ने वा बाधा दिने स्वभाव तिनको थिएन । आफ्नो धन वा जनको बलले अरुलाई दबाउने स्वभाव पनि तिनको थिएन । अरुप्रति दया, क्षमा, स्नेह तथा सहानुभूति राख्न सक्ने एक धीर वीर नारी थिइन् ।



Downloaded from http://dhamma.digital/

एकदिनको कुरा हो । श्रावस्तीमा मादक पदार्थ (रक्सी) खाई मनाइने एक उत्सवको दिन थियो । विशाखाका ५०० सखीहरू आई विशाखालाई भने– "विशाखा, आज उत्सव मनाउनुपर्‍यो ।" विशाखाले भनिन्– "साथी हो, म रक्सी खान्न । यो उत्सवमा रक्सी खानुपर्छ ।" विशाखाको कुरा सुनेर उनीहरूले भने– "विशाखा, उसो भए त्यसदिन तिमी भोजन गराउनमा लाग । हामी मादक पदार्थ (रक्सी) खाई उत्सवमा सरिक हुन्छौ ।" विशाखाले यस कुरालाई न त निन्दै गरिन् न त प्रशंसा नै । तसर्थ उनीहरूको कुरा सोमनस्यभावले स्वीकार गरी बुद्धलाई आमन्त्रण गरी भोजनदान गरिन् । सन्ध्याकालमा ती ५०० जना सखीहरू धर्म देशना सुन्न विहार आइपुगे । उनीहरूले मादक पदार्थ सेवन गरेका थिए । विहारको द्वारमा पुग्दासम्म पनि सेवन गर्दै थिए । भगवान् बुद्धले धर्मदेशना दिउञ्जेल पनि चूप लागेर बस्न सकेनन् । कोही झगडा गरिरहेका थिए । कोही गीत गाउँदै थिए । कोही कोही त नाचिरहेका पनि थिए । यस्तो विचित्रता देखेर भगवान्ले उनीहरूलाई सचेत पार्न, विरक्त भाव जगाउन, मधुरो रश्मि फैलाउनुभयो । त्यहाँ एक प्रकारको अन्धकार नै छायो । उनीहरू सबै भयभीत भए । रक्सीको मात उत्र्यो । त्यसबेला भगवान् आसनबाट उठ्नुभयो र अन्तर्ध्यान हुनुभयो । सुमेरुको मुर्धनीमा बसी हजारौं सूर्यको प्रकाशसरि आफ्नो उर्णलोमबाट स्वच्छ चम्किलो रश्मि फैलाई उनीहरूले सुन्ने गरी यो गाथा आज्ञा भयो ।

***कोनु हासो किमानन्दो, निच्चं पज्जलितेसति ।***
***अन्धकारेन ओनध्दा, पदीपं न गवेस्सथा'ति ॥***

जहिले पनि अग्निको राप र ताप भएको ठाउँमा बसी के हाँस्ने के आनन्द लिने ? अन्धकारमा रुमल्लिएर पनि तिमीहरूले किन बत्ती नखोजेका ?

यो गाथा सुनेपछि ती स्त्रीहरूका मनमा ज्ञानको ज्योति छिर्‍यो । अनि उनीहरूले स्रोतापत्ति फलको साक्षात्कार गरे ।



Downloaded from http://dhamma.digital/

स्त्रीहरूले आफ्ना पुरुषहरू सुध्रिन्छन् कि भन्ने मनसायले विशाखाको सत्संगमा तिनीहरूलाई सुम्पने गरेका कुरा अर्थकथाहरूमा पनि उल्लेख भएको पाइन्छ ।

एकपल्ट एक विशेष उपोसथको अवसरमा ५०० स्त्रीहरू उपोसथिक भएर पूर्वाराम महाविहारमा जम्मा भएका थिए । त्यहाँ गएर विशाखाले एक वयोवृद्ध महिलालाई सोधिन्– "तपाईं किन उपोसथिक हुनुभएकी ?" तिनले जवाफ दिइन्– "दिव्य सम्पत्ति प्राप्त गर्ने आशाले ।" अर्का अधवैंसेले भनिन्– "सौतासँग बस्न नपरोस् भन्ने उद्देश्यले ।" अर्की युवतीले भनिन् "पहिलो गर्भाधान मै छोरा पाउन सकूँ भनेर ।" फेरि अर्की युवतीले जवाफ दिइन्– "छिट्टै कुलघर जान पाऊँ भनेर ।" यसरी विभिन्न आइमाइले विभिन्न इच्छासहितको जवाफ दिए । भगवान्ले तीन प्रकारले उपोसथ ब्रत पालन गर्नेहरू हुन्छन् भन्नुभयो जस्तै– गोपाल-उपोसथ, निगण्ठ-उपोसथ र आर्य-उपोसथ ।

श्रावस्ती नगरबासीहरूले भिक्षुसंघलाई दान दिन परेमा पहिले विशाखा वा अनाथपिण्डिकको स्वीकृति लिनु पर्दथ्यो । स्वीकृति प्राप्त भएपछि मात्र निमन्त्रणा गरी भिक्षुहरूलाई भोजन गराउँथे । फेरि दानकार्यमा विशाखा वा अनाथपिण्डिकको उपस्थिति रहेन भने जतिसुकै खर्च गरी दानकार्य सम्पादन भए पनि लोकजनहरूले प्रशंसा गर्दैनथे । विशाखा र अनाथपिण्डिक उपस्थित नभएको दानकार्य के को दानकार्य हो र भनी असन्तोष व्यक्त गर्थे । त्यसैले उनीहरूको उपस्थिति एउटा नियमझैं भइसकेको थियो । अर्को प्रमुख कारण चाहिं उनीहरूप्रति भिक्षुसंघको ठूलो विश्वास थियो ।

फेरि उनीहरूले संघको मनोभाव बुझी भोजनको तरिका मिलाई खुवाउन जान्दथे । त्यसैले उनीहरूको उपस्थितिमा भिक्षुसंघले पनि दिल खोलेर अनि विश्वासपूर्वक भोजन गर्दथे । आफ्नै घरमा भिक्षुसंघको सेवा टहल आफैले गर्नु परेको कारणले र फुर्सत नभएको कारणले आफू उपस्थित हुन नसकेको बेला भिक्षुसंघको सेवाको निमित्त विशाखाले दत्ता नाम गरेकी नातिनीलाई र



Downloaded from http://dhamma.digital/

अनाथपिण्डकले महासुभद्रा भन्ने छोरीलाई अन्यत्रको काम सुम्पेका थिए ।

देवदत्त भिक्षुको आश्रय लिई प्रव्रजित भएकी कुमार काश्यप माता गर्भवती भएको सुनेर देवदत्त हड्बडाए । आफ्नो बदनाम होला भन्ने भयले सत्यासत्य कुरा नबुझी उक्त भिक्षुणीको चीवर उतार्ने काम गर्न थाले । कुमार काश्यप माता उक्त भिक्षुणी देवदत्तलाई छाडी जेतवन विहारमा बुद्धकहाँ शरण लिन पुगिन् । त्यस भिक्षुणीको बारेमा सत्य तथ्य के हो बुझ्न बुद्धले विशाखा महाउपासिकाको प्रमुख परीक्षकत्वमा एउटा समिति गठन गरिदिनुभयो ।

**भिक्षुणीको परीक्षामा विशाखाको निर्णय**

समितिअन्तर्गत छानवीन गरी विशाखाले भगवान् बुद्धलाई कुमार काश्यप माता भिक्षुणी हुनु अगावै गर्भधारण गरिसकेकी थिइन् भनी बुद्ध समक्ष आफ्नो राय जाहेर गरिन् । यसबाट पनि थाहा लाग्दछ कि विशाखा महाउपासिका बुद्धसहित सकल भिक्षुहरूको परम विश्वासी उपासिका थिइन् ।

विशाखालाई विवाहपश्चाद् धेरै पछिसम्म पनि विभिन्न ज्ञातिकुलको तर्फबाट दाइजो उपहार प्राप्त भइरहेको थियो । एकदिन आफ्ना नाता कुटुम्बबाट मणि मुक्तादि रत्नको भंसार नगरद्वारेहरूले अन्यायपूर्वक लिएको थियो । यस सम्बन्धमा विशाखाले प्रसेनजीत राजालाई भेट्न खोजेकी थिइन् । तर संयोगवश विहानदेखि केही नखाई दरबारमा कुर्दा पनि राजालाई भेट्न नसकेपछि अन्त्यमा कर्मचारहरूले भनेजति भंसार तिर्नु-परेको थियो । त्यसकारण तिनको चित्त दुख्यो । आफूले भनेजस्तो संसारमा हुँदो रहेन छ **'सब्ब परवसं दुक्खं'** अर्थात पराधीनता नै दुःख रहेछ भन्ने बुझी बुद्धकहाँ गई सबै कुराको बेलिबिस्तार सुनाइन् ।



Downloaded from http://dhamma.digital/

**पूर्वाराम विहारमा भगवान बुद्ध**

भगवान् बुद्धले बुद्धत्व प्राप्त गरिसकेपछि २० वर्षसम्म अन्य स्थानमा वर्षावास बिताउनुभयो । त्यसपछि जेतवन र पूर्वाराम विहार द्वय तयार भएपछि खासगरी ती दुई विहारमा पालैपालो गरी २४ वर्षावास बिताउनुभयो । त्यसमध्ये अनाथपिण्डिकको विहारमा १८ र विशाखाको पूर्वाराम विहारमा ६ वर्षावास बिताउनुभयो ।

यसबाट यो थाहा लाग्दछ कि जेतवन विहार बनेको धेरै वर्षपछि मात्र पूर्वाराम विहार निर्माण भएको थियो ।

२० वर्षावासपछि श्रावस्ती जेतवन विहारलाई मुख्य केन्द्र मानी भगवान् बुद्धले विहार गर्नुभएपछि अनाथपिण्डक र विशाखा उपासिकाप्रति अनुकम्पा राख्नु भई क्रमशः एकदिन जेतवनमा र अर्को दिन पूर्वाराममा विहार गर्नुहुन्थ्यो ।

जेतवन विहारमा रात काटेपछि श्रावस्तीको दक्षिणतिरको ढोकाबाट बाहिर निस्की श्रावस्तीमा भिक्षाटन गरी दिउँसोको आरामको लागि पूर्वाराम विहारमा जानुहुन्थ्यो । त्यस्तै गरी त्यहाँ रात बिताएपछि बिहान नगर प्रवेश गरी श्रावस्तीमा भिक्षाटन गरी नगरको दक्षिण ढोकाबाट बाहिर जानु भई दिउँसोको आरामको लागि जेतवनमा जानुहुन्थ्यो । यस प्रकारले ती दुई महाकुलहरूको संग्रह भइरहेको थियो । बुद्धशासनको निम्ति जति ती दुई कुलले त्याग गरे त्यति अरु कसैले त्याग गरेका थिएनन् ।

**आर्य-उपोसथ ब्रतको फल**

भगवान् बुद्धबाट विशाखालाई आर्य-उपोसथ ब्रतको फल महान हुन्छ भन्ने बारे आज्ञा भएको थियो ।

"विशाखा, उपोसथ ब्रतको फल अति महान र प्रभावशाली हुन्छ । विशाखा ! प्रशस्तरूपले समृद्ध भएका देशहरू– अङ्ग, मगध, काशी, कोशल, वृजी,



Downloaded from http://dhamma.digital/

मल्ल, चेदिय, वत्स, कुरु, पाञ्चाल, मत्स्य, सुरसेन, अश्वक, अवन्ती, गान्धार तथा कम्बोज १६ महाजनपदहरूमा जसले राज्य गर्दछ, त्यो राज्य अष्टाङ्गयुक्त उपोसथ व्रतको फलको अगाडि १/१६ भाग पनि हुँदैन । कारण के भने दिव्य सुखको अगाडि मनुष्य सुख कृपण (आधा कौडी) समान मात्र हुन्छ ।"

"विशाखा ! मनुष्यहरूको ५० वर्ष चातुर्महाराजिक देवताहरूको एक दिन एक रात हुन्छ । त्यहीअनुसार ३० दिनको एक महिना हुन्छ । त्यही रूपले १२ महिनाको १ वर्ष हुन्छ ।"

त्यहीअनुसार ५०० वर्ष चातुर्महाराजिका देवताहरूको आयु हुन्छ । यहाँ कसैले वा कुनै स्त्री वा पुरुष उपोसथ शील पालन गरेमा उनी चातुर्महाराजिका देवलोकमा पनि उत्पन्न हुनसक्छ । यस कुरालाई ध्यानमा राख्दा मनुष्य राज्य सुख भनेको दिव्य सुखको अगाडि कृपण समान हुन्छ ।

"विशाखा ! मनुष्यहरूको १०० वर्ष त्रयत्रिंश देवताहरूको एक दिन एक रात बराबर हुन्छ । त्यहीरूपले ३० दिनको एक महिना र १२ महिनाको एक वर्ष हुन्छ । यहीरूपले १००० वर्ष त्रयत्रिंश देवताहरूको दिव्य-आयु हुन्छ । यहाँ कुनै स्त्री वा पुरुषले उपोसथ व्रत पालन गरेमा मरणपछि त्रयत्रिंश देवलोकमा पनि उत्पन्न हुनसक्छ । यस कुरालाई ध्यानमा राख्दा मनुष्यहरूको राज्य सुख कृपण समान मात्र हुन्छ ।"

"विशाखा ! मनुष्यहरूको २०० वर्ष यामा देवताहरूको एक दिन एक रात हुन्छ । त्यही रुपले ३० दिनको एक महिना र १२ महिनाको एक वर्ष हुन्छ । त्यहीरूपले २००० वर्ष यामा देवताहरूको दिव्य-आयु हुन्छ । यहाँ कुनै स्त्री वा पुरुष अष्टाङ्ग उपोसथ शील पालन गरी मरण भएमा यामा देवलोकमा उत्पन्न हुनसक्छ । यस कुरालाई ध्यानमा राख्दा मनुष्यहरूको राज्य सुख कृपण समान मात्र हुन्छ ।"

"विशाखा ! मनुष्यहरूको ४०० वर्ष तुषित देवलोकबासीको एक दिन एक



Downloaded from http://dhamma.digital/

रात हुन्छ । त्यहीअनुसार ३० दिनको एक महिनाको र १२ महिनाको १ वर्ष हुन्छ । त्यहीरूपले ४००० वर्ष तुषित देवलोकबासी देवताहरूको दिव्य-आयु हुन्छ । यहाँ कुनै स्त्री वा पुरुष अष्टाङ्ग उपोसथ शील पालन गरी मरण पश्चात् तुषित देवलोकमा उत्पन्न हुनसक्छ । यस कारणलाई ध्यानमा राख्दा मनुष्यहरूको राज्य सुख कृपण समान हुन्छ ।"

"विशाखा ! मनुष्यहरूको ८०० वर्ष निर्माणरति देवताहरूको एक दिन एक रात हुन्छ । त्यहीरूपले ३० दिनको एक महिना र १२ महिनाको १ वर्ष हुन्छ । त्यहीरूपले ८००० वर्ष निर्माणरति देवताहरूको दिव्य-आयु हुन्छ । यहाँ कुनै स्त्री वा पुरुष अष्टाङ्ग उपोसथ शील पालन गरी परलोक भएमा निर्माणरति देवलोकमा उत्पन्न हुनसक्छ । यस कारणलाई ध्यानमा राख्दा मनुष्य राज्य सुखलाई कृपण समान सम्झनुपर्छ ।"

"विशाखा ! मनुष्यहरूको १६०० वर्ष परनिर्मित वशवर्ती देवताहरूको एक दिन र एक रात हुन्छ । त्यहीरूपले ३० दिनको एक महिना र १२ महिनाको एक वर्ष हुन्छ । यहीरुपले १६००० वर्ष परनिर्मित वशवर्ती देवताहरूको दिव्य-आयु हुन्छ । यहाँ कुनै स्त्री वा पुरुष अष्टाङ्ग शील पालन गरी मरण भएमा परनिर्मित वशवर्ती देवलोकमा उत्पन्न हुनसक्छ । यस कुरालाई ध्यानमा राख्दा मनुष्यहरूको राज्य सुख, दिव्य सुखको अगाडि कृपण समान मात्र हो भन्न सकिन्छ ।"

## जति प्रेम हुन्छ त्यति नै दुःख बढ्छ

एक समय भगवान् श्रावस्तीमा मृगार माताको पूर्वाराम प्रासादमा विहार गर्नुभएको थियो । त्यसताका विशाखाको एक अति प्रिय नाति परलोक भयो । विह्वल भएकी विशाखा भिजेको वस्त्र र भिजेकै केशमा भगवान्कहाँ गइन् । भगवान्लाई वन्दना गरी एक छेउमा बसिन् । भगवान् बुद्धले तिनलाई सोध्नु-भयो– "उपासिका, आज दिउँसै भिजेको वस्त्र र केश लिएर कहाँबाट आयौ ?"



Downloaded from http://dhamma.digital/

विशाखाले भनिन्– "भन्ते, मेरी साह्रै प्रिय नाति परलोक भयो । त्यसैले म भिजेकै वस्त्र र केशसहित यहाँ आएकी हुँ ।"

"विशाखा ! यस श्रावस्तीमा धेरै मानिसहरू बस्दछन् । तिमीलाई ती सबै तिम्रा पुत्र, नाति नातिनी भए कस्तो लाग्छ ?"

"भगवान् ! मलाई ती सब मेरै सन्तान भए मनपर्छ ।"

"विशाखा ! यस नगरीमा दिनको कति जति मान्छे मर्छन् होला ?"

"भन्ते, श्रावस्तीमा दिनको कहिले १० जना, कहिले ९ जना, ८ जना, ४ जना पनि मर्छन् । जे भए पनि यस श्रावस्तीमा मान्छे नमरेको दिनै छैन ।"

"विशाखा ! त्यसो भए तिमी कहिले पनि भिजेको वस्त्र र भिजेको केशबाट निवृत हुन सक्दैनौ ।"

"सक्दिन भन्ते ! मैले बुझें । भैगो । यतिका छोरा छोरी र नाति नातिना भैगो, मलाई चाहिंदैन ।"

"विशाखा ! जसलाई १०० सन्तान मनपर्छ, उसलाई १०० वटै दुःख आउँछ । ९० सन्तान मनपर्नेलाई ९० वटा नै दुःख आउँछ । त्यस्तै प्रकारले जसलाई जति प्रेम हुन्छ, त्यसलाई त्यति नै दुःख आइपर्छ । जसलाई कसैप्रति कति पनि प्रेम छैन, त्यसलाई दुःख पनि त आउँदैन । शोक गर्न पनि पर्दैन । ऊ शोक सन्तापबाट मुक्त रहन्छ ।"

यस कुरालाई प्रष्ट्याउन भगवान् बुद्धले यो उदान प्रकट गर्नुभयो :–

*ये केचि सोका परिदेविता वा*
*दुक्खा च लोकस्मिमनेकरूपा ।*
*पियं पटिच्चप्पभवन्ति एते*
*पिये असन्ते न भवन्ति एते ॥*
*तस्माहि ते सुखिनो वीतसोका*
*येसं पियं नत्थि कुहिञ्चि लोके ।*



Downloaded from http://dhamma.digital/

*तस्मा असोकं विरजं पत्थयानो*
*पियं न कयिराथ कुहिञ्चिलोके'ति ॥*

प्रेमको कारणले यस लोकमा अनेक प्रकारले शोक, विलाप गरी दुःख अनुभव हुन्छ। प्रेम नै नभएमा उसको जन्म नै हुँदैन अनि के कारणले उसले संसारमा आई सुखी वा दुःखी हुनु पर्ला ? त्यसैले रागरूपी मैलबाट मुक्त भई वित्तशोक हुने इच्छा गर्नेले कसैसित प्रेम नगरोस् ।

**इहलोक र परलोक विजय**

एक समय भगवान् बुद्ध श्रावस्तीमा पूर्वाराम प्रासादमा विहार गरिरहनुहुँदा एकपल्ट विशाखा मृगारमाता भगवान्को दर्शन गर्न गइन् । बुद्धलाई अभिवादन गरी एकातिर कुनामा बसिन् । भगवान्ले तिनलाई उपदेश गर्नुभयो ।

"विशाखा ! चार गुणधर्म छन् जसलाई धारण गर्नाले स्त्रीहरू इहलौकिक विजय प्राप्त गर्न सफल हुन्छन् । ती चार कुन कुन हुन् भने–

१) कामकुरामा राम्रो ज्ञान भएका,

२) अरुलाई संग्रह गर्न सक्ने गुण,

३) पतिप्रति राम्रो व्यवहार गर्ने गुण, र

४) प्राप्त धनलाई सुरक्षा गर्न सक्ने गुण ।

"विशाखा ! स्त्रीहरू काम कुरा (व्यवहार)मा कसरी सुसंविहित हुन्छन् भने– आफ्ना पतिले दिएको काममा दक्ष हुन्छन् । निरालसी हुन्छन् । विचार पुऱ्याई काम गर्न सक्षम हुन्छन् ।"

"विशाखा ! स्त्रीहरू कसरी संग्रह गर्न सक्ने हुन्छन् भने– पतिको मातहतमा काम गर्ने कामदारहरूले राम्ररी काम गरे नगरेका विषयमा होशियार हुन्छन् । उनीहरूलाई खानपीन गराउने कुरामा तत्पर हुन्छन् । उनीहरूलाई राम्रोसित तहमा राख्छन् ।"



Downloaded from http://dhamma.digital/

"विशाखा ! स्त्रीहरूले आफ्ना पतिप्रति राम्रो व्यवहार कसरी गर्नुपर्छ भने– पतिलाई मन नपर्ने काम ज्यानै गए पनि गर्दैनन् । पतिलाई मन पर्ने काम अभिरुची तथा तत्परताका साथ गर्दछन् ।"

"विशाखा ! स्त्रीहरूले धनको सुरक्षा कसरी गर्दछन् भने– पतिले कमाएर ल्याएको धनको राम्ररी सुरक्षा गर्दछन् । विचार पुऱ्याई खर्च गर्दछन् । त्यसमा वृद्धि गर्न पनि प्रयत्न गर्दछन् । धन विनाश गर्ने वा फजुलखर्ची हुने हुँदैनन् ।"

यी चार गुण धर्मसहित भएका स्त्रीहरू यस लोकमा विजय प्राप्त गरी जीवन सफल बनाउँछन् ।

"विशाखा ! फेरि यी तल दिइएका चार गुण सम्पन्न स्त्रीहरू पारलौकिक विजय प्राप्त गरी पारलौकिक सफलता प्राप्त गर्दछन् । ती चार कुन कुन हुन् भने–

१) ती श्रद्धा-सम्पन्न हुन्छन् ,

२) ती शील-सम्पन्न हुन्छन् ,

३) ती त्याग-सम्पन्न हुन्छन् र

४) ती प्रज्ञा-सम्पन्न हुन्छन् ।

"विशाखा ! स्त्रीहरू श्रद्धा-सम्पन्न कसरी हुन्छन् भने– तथागतको बोधिज्ञानप्रति श्रद्धा राख्छन् । भगवान् बुद्ध वा अरहतलाई देखेमा उहाँ सम्यक् सम्बुद्ध हुनुहुन्छ, विद्याचरण सम्पन्न हुनुहुन्छ, सुगत हुनुहुन्छ, लोकविद् हुनुहुन्छ, अनुत्तर हुनुहुन्छ, पुरिसदम्म सारथि हुनुहुन्छ, देवमनुष्यहरूको गुरु (शास्ता) हुनुहुन्छ भनी जानेर आफूमा श्रद्धा उत्पन्न गर्दछन् । "

"विशाखा ! स्त्रीहरू शील-सम्पन्न कसरी हुन्छन् भने– प्राणीहिंसा (मारकाट) बाट विरत हुन्छन् , अदिन्नादान (चोरी) बाट विरत हुन्छन्, काममिथ्याचार (व्यभिचार) बाट विरत रहन्छन्, मृषावाद (झुठ बोल्ने)बाट विरत हुन्छन् र सुरामेरयमद्यप्रमाद (मादक पदार्थको सेवन) बाट विरत हुन्छन् ।"

"विशाखा ! स्त्रीहरू त्याग-सम्पन्न कसरी हुन्छन् भने– मात्सर्यरूपी चेतनालाई



Downloaded from http://dhamma.digital/

त्याग गर्दछन् , घर बसेर पनि दान दिई हात शुद्ध पार्दछन्, दिने काममा एक पाइला अघि सर्ने हुन्छन् र याचकहरूलाई केही न केही दिने कार्य गर्दछन् । "

"विशाखा ! स्त्रीहरू प्रज्ञा-सम्पन्न कसरी हुन्छन् भने– ती प्रज्ञा ग्रहण गर्ने स्वभावका हुन्छन् । उपयोगी ज्ञानले सम्पन्न हुन्छन् । सम्यक्‌रूपले दु:ख-निरोधगामिनी आर्य निर्वेदिक ज्ञानले युक्त हुन्छन् ।"

यी चार गुण धर्म सम्पन्न स्त्रीहरू पारलौकिक विजयी भई सफल जीवन बिताउँछन् । यस सम्बन्धमा गाथा उदान यस प्रकार छ–

*सुसंविहित कम्मन्ता, सङ्गहित परिज्जना ।*
*भत्तु मनापं चरति, सम्भतं अनुरक्खति ॥ १ ॥*

सुसंविहितपूर्वक काम गर्ने, परिजनहरूलाई संग्रह गर्ने, पतिको मनोभाव अनुसार आचरण गर्ने र प्राप्त धनलाई सुरक्षा गर्ने ।

*सद्धा सीलेन सम्पन्ना, वदञ्ञू वीतमच्छरा ।*
*निच्चं मग्गं विसोधेति, सोत्थान सम्परायिकं ॥ २ ॥*

श्रद्धा शील सम्पन्न, याचकहरूको मनोभाव जानेर मात्सर्यमल, कंजुसी भाव त्यागी पारलौकिक स्वस्तिको निमित्त मार्गशोधन गर्ने ।

*इच्चेते अट्ठ धम्मा च, यस्सा विज्जन्तिनारिया ।*
*तेपि सीलवतिं आह, धम्मट्ठं सच्च वादिनि ॥ ३ ॥*

जुन स्त्रीमा यी आठ गुण धर्म विद्यमान रहन्छन् , त्यस स्त्रीलाई धर्ममा स्थित, सत्यवादी तथा शीलवती भनिन्छ ।



Downloaded from http://dhamma.digital/

*सीलस्सकार सम्पन्ना, अट्ठङ्गसुसमागता ।*
*तादिसी सीलवती उपासिका, उपपज्जति देवलोकं मनापं'ति ॥ ४ ॥*

अष्टाङ्ग गुणले युक्त भई सोह्र आकारले युक्त शीलवती उपासिका मनापकायिका देवलोकमा उत्पन्न हुन्छिन् ।

**विशाखाको यशकीर्ति**

विशाखासँग जति ज्ञान-शक्ति छ त्यतिकै शारीरिक शक्ति पनि छ भन्ने कुरा अर्थकथामा उल्लेख भएको छ । विशाखामा ज्ञानशक्ति छ भन्नेबारे माथि नै उल्लिखित आठ वरको कुराबाट प्रष्ट भइसकेको छ साथै तलको कुराबाट पनि राम्ररी अनुमान लगाउन सकिन्छ ।

एकदिन खदिर वनमा (खैर वन) बस्ने रेवत स्थविर खैर वनबाट फर्किंदा दुई बूढा भिक्षुहरू विशाखाको घरमा बिहानको भोजन गर्न पुगे । अनि विशाखाले खैर वन रमणीय छ कि छैन भनी सोधिन् । उनीहरूले काँढैकाँढाले ढाकिएको त्यो वन के को रमणीय हुन्थ्यो भनेर जवाफ दिए ।

अर्को दिन त्यहीँबाट आएका अर्का दुई युवक भिक्षुहरूसँग त्यही प्रश्न सोध्दा साह्रै राम्रो छ, त्यो वन यति रमणीय छ कि बयान गरी साध्यै छैन भनेर जवाफ दिए । ती दुईथरी भिक्षुहरूको परस्पर विरोधी कुरा सुनेर विशाखाले यथार्थ कुरा बुझिलिइन् । "बूढा भिक्षुहरूले ऋद्धि प्रातिहार्य नहुँदाको जङ्गल देखे होलान् । यी तन्नेरी भिक्षुहरूले ऋद्धि प्रातिहार्य देखाउँदाको राम्रो रमणीय जङ्गलको दृश्य देखे होलान् ।"



Downloaded from http://dhamma.digital/

## विशाखाको शोक

सबै स्त्रीजातिलाई आफ्ना सन्तान प्यारो हुन्छ। त्यस्तै विशाखालाई पनि सन्तानप्रति मोह छ। एकदिन विशाखाको छोराको नातिनी 'दत्ता' को अचानक मृत्यु भयो। विशाखा अत्यन्त दु:खीत भई भगवान्कहाँ गइन् र परेको पीर पोखिन्। 'दत्ता' साह्रै कार्यकुशल थिई। त्यसैले उसलाई भिक्षुसंघ भोजनको लागि घर आउँदा सेवा टहल गर्ने सम्पूर्ण कार्यको अभिभारा सुम्पिएको थियो। त्यसैले उनको मृत्युमा विशाखा साह्रै मर्माहत भएकी थिइन्। भगवान् बुद्धले विशाखालाई यो उपदेश दिनुभयो–

*पेमतो जायते सोको, पेमतो जायते भयं।*
*पेमतो विप्पमुत्तस्स, नत्थिसोको कुतो भयं॥*

प्रेमले शोक उत्पन्न हुन्छ। प्रेमले गर्दा भय आइलाग्छ। प्रेमले विमुक्त भएको व्यक्तिलाई शोक हुँदैन र भय पनि हुँदैन।

## विशाखाको अन्तिम घडी

बालककालदेखि जीवनपर्यन्त विशाखा महाउपासिकाले अनेक प्रकारले समाजसेवा गरिन्। अनेक दानादि कुशल कार्य सम्पन्न गरिन्। भगवान् बुद्धको परिनिर्वाणपछि आफ्नो कर्मानुसार १२० वर्ष पुगेपछि परलोक भइन्।

विशाखाको साथी तावतिंस देवलोकमा उत्पन्न भएकी थिइन्। तिनले पूर्वाराम विहार दान गरेकोमा शुद्ध र प्रशन्नचित्तले अनुमोदन गरेकी थिइन्। आफूले भन्दा धेरै गुणा बढी पुण्यकार्य विशाखाले गरेकोले तिनी निर्माणरति देवलोकमा उत्पन्न भइन् भन्ने कुरा व्यक्त गरेकी थिइन्। यो कुरा विमान वत्थु अर्थ कथामा समुल्लेख छ।



Downloaded from http://dhamma.digital/

विशाखा महाउपासिका देहान्त भएको २५०० वर्ष भइसकेतापनि तिनको आदर्शमय जीवनको यशकीर्ति बुद्ध शासन रहुञ्जेल अमर रहने छ। तिनी कुशलकामी मानवहरूको लागि प्रेरणाको स्रोत भएकीले तिनको आदर्श-स्वरूप अद्यापि जीवितै रहेको भान हुन्छ ।

**समाप्त**

Dhamma.Digital



Downloaded from http://dhamma.digital/

## अभ्यास प्रश्नहरू :

(१) विशाखाको पारिवारिक जीवन चित्रण गर्नुहोस् ।

(२) भगवान् बुद्धसँग विशाखाको पहिलो भेट हुँदाको अवस्था कस्तो थियो ?

(३) पञ्च कल्याणयुक्त कन्या भन्नाले के बुझ्नुहुन्छ ? स्पष्टसँग उल्लेख गर्नुहोस् ।

(४) चार किसिमका मानिस वा प्राणी दौडेको राम्रो हुँदैन भनिन्छ । त्यसो भनेर कस्लाई र किन भनिएको हो ?

(५) धनञ्जयले कसरी जन्तीको स्वागत गरे ? उल्लेख गर्नुहोस् ।

(६) 'महालता प्रसाधन' भन्नाले के बुझिन्छ ? खुलस्त पार्नुहोस् ।

(७) विवाहको समयमा धनञ्जयले छोरी विशाखालाई दिएका दश उपदेशहरू के के हुन् ?

(८) भित्रको आगो बाहिर लानुहुन्न, बाहिरको आगो भित्र्याउनु हुन्न भनेर किन भनेको ? स्पष्ट पार्नुहोस् ।

(९) दिनेलाई मात्र दिनुपर्छ, नदिनेलाई दिनुहुन्न भन्नाले के बुझिन्छ ?

(१०) किन दिने र नदिने दुबैलाई दिनुपर्छ ? स्पष्ट पार्नुहोस् ।

(११) किन बुहारी हुनेले राम्ररी बस्ने र राम्ररी खाने गर्नु पर्छ ?

(१२) प्रत्येक बुहारीले आफूलाई आगोको बीचमा छु भनेर किन सोच्नुपर्छ ?

(१३) किन कुलदेवतालाई सेवा सत्कार वन्दना गर्नु पर्छ भनिएको हो ?

(१४) दश उपदेशहरूलाई आफ्नै शव्दमा खुलस्त पार्नुहोस् । त्यसो भनिएको हो ?

(१५) मृगारमाता भनेर कस्लाई चिनिन्छ र किन त्यसो भनिएको हो ?

(१६) विशाखालाई दिइएका दाइजो के कस्ता थिए ? उल्लेख गर्नुहोस् ।

(१७) 'ससुराज्यूले पुरानो वासी खाना खाइ-रहनु भएको छ ? भन्नुको तात्पर्य प्रसंग उल्लेख गरी खुलाउनुहोस् ।



Downloaded from http://dhamma.digital/

(१८) 'विशाखालाई घरबाट निकालिदिनू' भनी ससुरा किन रिसले चूर भए ? के उनलाई घरबाट साँच्चै निकालिदिइन् त ?

(१९) रीसले चूर ससुरा कसरी शान्त भए ?

(२०) विशाखाले बुद्धसमक्ष किन आठ प्रकारका दान-वस्तु दिने इच्छा पोखेकी थिइन् ?

(२१) आठ प्रकारका वस्तु दान दिने इच्छा व्यक्त गरिसकेपछि भगवान् बुद्धले कसरी अनुमोदन गर्नुभयो ?

(२२) धम्मट्ठक-प्रसाधन भन्नाले के बुझिन्छ ?

(२३) विशाखाको बल परीक्षण गर्न राजा प्रसेनजितले के कस्ता उपाय गरेका थिए ? उल्लेख गर्नुहोस् ।

(२४) विशाखाले आफूमा विद्यमान बल कसरी प्रदर्शन गरिन् ?

(२५) विशाखाको सामाजिक जीवन बारे छोट्करीमा उल्लेख गर्नुहोस् ।

(२६) भिक्षुणीको परीक्षामा विशाखाले कसरी र के निर्णय लिइन् ? स्पष्ट पार्नु होस् ।

(२७) पूर्वाराम विहारबारे के थाहा छ ? उल्लेख गर्नुहोस् ।

(२८) विशाखा कस्ति स्वभावकी थिइन् ? उनलाई किन चित्त दुखेको थियो ?

(२९) भगवान् बुद्धले विशाखालाई किन आर्य-उपोसथव्रतको फल महान् हुन्छ भनी देशना गर्नुभएको हो ? खुलस्त पार्नुहोस् ।

(३०) 'जति प्रेम हुन्छ, त्यत्ति नै दुःख बढ्छ' यस कथनसँग तपाई सहमत हुनु हुन्छ ? विशाखाको जीवनी अनुसार उल्लेख गर्नुहोस् ।

(३१) कुन कुन चार कुराहरूलाई धारण गर्नाले इहलौकिक विजय प्राप्त गर्न सक्दछन् ?

(३२) कुन कुन चार गुणहरूले सम्पन्न स्त्रीहरू पारलौकिक विजय प्राप्त गर्न सक्दछन् ?



Downloaded from http://dhamma.digital/

(३३) विशाखा उपासिका किन शोकमा डुबिन् ? त्यत्तिबेला भगवान् बुद्धले के उपदेश दिनुभयो ?

(३४) विशाखाको अन्तिमावस्था बारे चित्रण गर्नुहोस् ।

(३५) विशाखाको जीवनी पढेर के शिक्षा लिन सकिन्छ ?

(३६) विशाखा उपासिकालाई 'आदर्श बौद्ध नारी व्यक्तित्व' हुन् भनेर कसरी भन्न सकिन्छ ? उदाहरण सहित लेख्नुहोस् ।

(३७) विशाखाको जीवनीबाट एक बुहारीले घरमा सुख-शान्तिको वातावरण ल्याउन कस्तो कार्य गर्न सकिन्छ ? उल्लेख गर्नुहोस् ।

(३८) संक्षेपमा विशाखाको जीवनी आफ्नै शब्दमा चित्रण गर्नुहोस् ।

❑❑❑❑

Dhamma.Digital



Downloaded from http://dhamma.digital/

# गृही-विनय

Dhamma.Digital

लेखक

भिक्षु अमृतानन्द महास्थविर

अनुवादक

केशवलाल कर्माचार्य

298

Downloaded from http://dhamma.digital/

# गृही-विनय

## गृहस्थीले के गर्नु पर्दछ ?

उपासक - नमस्ते !

भिक्षु - मंगल होस् ! कता पाल्नु भो ?

उपासक - कता जाऊँ, यहाँहरूकै दर्शन गर्न घरैबाट सरासर आऊँदै छु ।

भिक्षु - असल कुरा हो । श्रमण, भिक्षुहरूको बराबर दर्शन गर्नु सान्है उत्तम हो भनी भगवान बुद्धले पनि मंगलसूत्रमा भन्नुभएको छ ।

उपासक - के गरुँ भन्ते ! हामी भने गृहस्थाश्रममा भुलिरहेका व्यक्ति, गर्न सकेको पनि केही होइन । कहिलेकाहिं गृहस्थीले गर्नुपर्ने कर्तव्य त गर्नै पर्ने हो भन्ने विचार पनि मनमा आउँछ, तर आएरै पो के गर्नु र, आफूलाई थाहा भएको केही होइन ।

भिक्षु - यही बानी त हाम्रो राम्रो छैन । जानेको छैन, थाहा छैन मात्रै भनेर चूपलागेर बसिदिन्छौं । आफैलाई नभै नहुने ज्ञान वुद्धिसम्म पनि प्राप्त गर्ने हामी कोशिश गर्दैनौं । साँचै भनूं भने जान्न नसकिने, गर्न नसकिने कुरै पो के छ र ! हामी मिहेनतै गर्दैनौं, 'जानौं-गरुँ' भनेर आफैले मनमा उत्साह लिई कोशिश गर्‍यौं



Downloaded from http://dhamma.digital/

भने नहुने कुरा के छ र ! विना यत्नले संसारमा पाइने बस्तु केही छैन । तिर्खा लाग्दैमा पानी, यसलाई त पानी चाहियो भनी, हाम्रो सामुन्ने आएर बस्न आउँछ कि आफूले खोज्न जानुपर्छ ? हरेक कुरा त्यस्तै हो । श्रमण, ब्राह्मण भिक्षुहरूकहाँ बराबर गएर 'के गर्नु पर्दछ कसो गर्नु पर्दछ' भनी बराबर सोध्ने काम भए पो हरेक कुरो थाहा भएर आउँछ । अल्सी भएर त्यसै बसिरहेर पनि कुनै काम हुन्छ र !

उपासक - त्यो त हो, जान्न खोजे पो जानिन्छ, त्यसै बसिरहेर के जानिन्छ ! यहाँले आज्ञा गर्नुभएको साँचो हो । म आज यहाँ आएको पनि त्यही आशाले हो । हामी गृहस्थीहरूले कर्तव्य के कति छ आज्ञा गर्नुभए बेस हुने थियो ।

भिक्षु - गृहस्थीहरूले गर्नुपर्ने कर्तव्य त धेरै छन् । दान दिनु, शील पालन गर्नु, भावना गर्नु, श्रद्धा गर्नु, प्रज्ञा प्राप्त गर्नु बहुश्रुत हुनु, सबैसित मित्र भाव राखी बस्न सिक्नु र धन उपार्जन गर्नु इत्यादि गृहस्थीले पालन गर्नुपर्ने नियमहरू हुन् ।

उपासक - यसमा शीलपालन गर्ने नियम के के छ त ?

भिक्षु - शीलपालन गर्ने विधि पनि धेरै छन् । ती जम्मै बुझ्नलाई त विशुद्धिमार्ग नामक ग्रन्थ हेर्नु पर्दछ । तर एक ठाउँमा भगवान्ले गृहस्थीहरूले पालन गर्नुपर्ने विशेष कर्तव्य विषयमा उल्लेख गर्नुभएको छ । त्यो बमोजिम राम्ररी विधि पालन गऱ्यौं भने यस लोक र परलोक दुवैमा गृहस्थीहरूको सुख वृद्धि हुने छ । भगवान्को त्यस उपदेशलाई त्रिपिटकमा 'सिगालोवाद सूत्र' को नामले उल्लिखित भएको छ । तर हामी यहाँ 'गृही-विनय' नामले व्यवहार गरौं ।



Downloaded from http://dhamma.digital/

उपासक - 'सिगालोवाद-सूत्र'को साधारण अर्थ के हो त ?

भिक्षु - 'सिगाल' एक व्यक्तिको नाम हो । 'ओवाद'-भनेको अर्ति उपदेश हो । यी दुई पद सन्धि (सिगाल + ओवाद) सिगालोवाद भएको हो । अर्थात् सिगाल भन्ने व्यक्तिलाई दिएको उपदेश । उपदेशहरू जम्मै एकै ठाउँमा जम्मा गरिराखेको हुनाले 'सूत्र' भनेको हो । हुन त सूत्र (सुत्त) शब्दको साधारण अर्थ 'धागो' हो । तर, यहाँ त्यस अर्थले प्रयोग नभएको भए तापनि 'धागोको काम हो अलग-अलग भैरहेका बस्तुलाई एकै ठाउँमा उनिदिनु अर्थात लहरै गाँसेर माला बनाइदिनु । यही मतलबको आधारमा भगवान् बुद्धले दिनुभएको, त्रिपिटक धर्मको सूत्रपिटक अन्तर्गत जम्मै धर्मस्कन्धको उपदेशलाई 'सूत्र' भनेको हो । त्यमा विभिन्न स्थानमा भगवान्ले दिनुभएको उपदेशलाई फूल उन्ने झै ऊनी एकै ठाउँमा संग्रह गरिराखेका छन् ।

उपासक - ती सिगाल भन्ने व्यक्ति को हुन् ? कहाँका बासिन्दा हुन् ? भगवान्ले उसलाई 'गृही-विनय' को उपदेश कहिले दिनुभएको थियो ?

भिक्षु - ती जम्मै कुरा म सविस्तार भनेर ल्याउँछु । ध्यान दिएर सुन्नुहोस् !

उपासक - हवस्, आज्ञा गर्नु होस ।

भिक्षु - उसबेला मगधदेशको राजधानी राजगृह भन्ने एउटा प्रसिद्ध नगर थियो । यो २५०० वर्ष भन्दा अघिको कुरा हो । त्यो राजगृह नगरमा अत्यन्त धनी, कुलीन, श्रद्धा भक्तिवान् तथा बुद्ध शासनमा सुप्रसन्न गृहपति महाजन एकजना थिए । भगवान् बुद्धका उपासक थियो । चालीस करोड धन त उसले भूमिमा मात्रै गाडिराखेका थियो । भगवान्उपर उसको ठूलो श्रद्धा-भक्ति थियो । चित्त पनि



Downloaded from http://dhamma.digital/

उसको साह्रै परिशुद्ध थियो । उसको मनमा बुद्ध, धर्म र संघप्रति कुनै किसिमको शंका थिएन । शंसयबाट पर भई स्रोतापन्न पनि भैसकेका थिए । उनकी धर्मपत्नी पनि उस्तै थिइन । तिनीहरूका सिगाल (श्रृगाल) नाम गरेका एकजना छोरा थियो । धर्म तथा कर्तव्यप्रति त्यस सिगालको श्रद्धा र भक्ति रत्तिभर पनि थिएन । जतिसुकै उपदेश दिए पनि, शिक्षा दिए पनि, भालुलाई पुराण सुनाउनु जत्तिकै हुन्थ्यो । बारंबार त्यो महाजनले छोरा सिगाललाई यस्तो भन्ने गर्दथ्यो-

"प्रिय पुत्र, भगवान् बुद्धकहाँ जाऊ । त्यहाँ जाने तिम्रो इच्छा नभए धर्मसेनापति हुनुभएका सारिपुत्र महास्थविर कहाँ जाऊ । उहाँहरूकहाँ पनि तिमी जाने इच्छा नभए महाकाश्यप महास्थविर कहाँ जाऊ । अझ उहांकहाँ पनि जाँदैनौ भने अस्सीजना महाश्रावकहरूकहाँ तिमीले जानु हुन्छ ! त्यहाँ गएर भिक्षुगुरुहरूलाई पचाङ्ग दण्डवत् गर्नु, धर्मकथा सुन्नू, शील पालन गर्नू ।"

यस्तो उपदेश सुनी सिगालपुत्रले यस्तो जवाफ दिए– "नकराऊ, चूपलाग । तिमीहरूका ती श्रमण ब्राह्मणहरूको अगिल्तिरै जान मलाई निको लाग्दैन । अगिल्तिर पुग्नासाथ घुडा धसी दण्डवत् गर्नु पर्दछ, के यो पनि कायदा हो । दण्डवत् गर्दा ढाड दुख्ने, गर्दन दुख्ने, घुँडा दुःख्ने त छँदैछ, सुरुवाल समेत् च्यातिन्छ । फेरि दण्डवत् मात्र गरेर पुग्ने हो र ! हेर्दैमा दरिद्रजस्तो भएर एक कुना तिर गएर बसिरहनु पर्दछ । बाँधिएको बोका जस्तो चल्दै नचलिकन रहनु पर्दछ ! भैगो त्यति बसी मात्रै रहेर पुग्ने हो र ! फेरि बस्यो कि त धर्मकथा सुन्नु परिहाल्ने । धर्मकथा सुन्यो भने त्यसमा विश्वास उत्पन्न नभई छोड्दैन । विश्वास उत्पन्न भयो कि तिनीहरूलाई आदर मान गरी घरमा डाक, भोजन गराऊ चीवर परिष्कार आदि दान गर । यो पनि कुनै राम्रो कायदा हो ? यसो भयो भने भएको धनसम्पत्ति पनि केही बाँकी रहन्न । त्यसकारण म त त्यहाँ जान्न । तिमीहरू जान्छौ भने जाऊ ।"



Downloaded from http://dhamma.digital/

तर आमा बाबाले सिगालाई बोध गर्न छाडेका होइनन् । जे गरेर भए पनि आफ्नो छोराको मन धर्मतिर लगाउने तिनीहरूको अभिलाषा थियो । सिगालले भने धर्मतिर मन दिएकै होइन । आमाबाबाले कति संझाउँदा पनि उसलाई त्रिरत्नको शरणमा ल्याउन सकेकै होइन । सिगाल दिन प्रतिदिन बरालिँदै गइरहेको थियो ।

एक दिन गृहपति महाजन बिरामी पऱ्यो । वैद्यहरूको प्रयत्न निष्फल हुँदै आयो । अब त अन्तिम शैच्यामा पऱ्यो भन्ने थाहा पाएका गृहपतिको मनमा यस्तो विचार उठ्यो 'मेरो छोरालाई मैले केही गरेर पनि बोध गराउन सकिन । एउटा उपाय त नगरी भएन । म मर्न लागिरहेको छु, के उपाय गरुँ ? त्यसलाई केही गरेर पठाउन सकिन भने त त्यो महापापी भएर मिथ्या दृष्टि व्यक्ति भएर दुर्गतिमा पतन हुनेछ ।

यस्तो कल्पनामा डुबेका गृहपतिलाई एकाएक यस्तो विचार उत्पन्न भयो- "छोरालाई अरु केही नभएपनि छवटा दिशा नमस्कार गर्ने बिधि त सिकाइराखु । यो कुरा त त्यसले अवश्य सुन्ने हुन्छ । यसमा श्रमण भिक्षुहरूलाई मान्नुपर्ने कुरा पनि केही छैन । त्यसले यो कुरा त सुनी तदनुसार चर्य्या गरिरह्यो भने एक न एकदिन भगवान् अथवा श्रावकहरूले अवश्य पनि देख्नेछन् । देखे भने 'के गरिरहेको ? भनी नसोधी छाड्ने छैनन् । सोधे भने सिगालले, 'मेरो पिताले मरणवस्थामा मलाई छवटा दिशा दिनुहुँ नमस्कार गर्नू भनी भनेर गएका थिए, त्यही अन्तिम वचन पालन गरिरहेको हुँ' भन्ने छ । अनि भगवान्ले तिमीलाई तिम्रो वाबाले किन छवटा दिशाको नमस्कार गर्नू भनेको हो ?' भनी सोध्नुहुनेछ । सिगालले त्यसबेला कुनै जवाफ दिन सक्ने छैन । त्यो देखेर भगवान्ले 'आर्य्य विनयमा दिशा नमस्कार गर्ने विधि त्यसरी होइन' भनी आर्य्य-विनयको धर्मोपदेश गर्नुहुनेछ । त्यसबेला यसलाई



Downloaded from http://dhamma.digital/

अवश्य ज्ञान प्राप्त हुनेछ । ज्ञान प्राप्त भएपछि बुद्ध, धर्म र संघप्रति यसको श्रद्धा पनि उत्पन्न हुन थाल्ने छ । अनि मात्रै यसको जीवन सार्थक हुनेछ । दुर्गतिमा पर्नुपर्ने छैन, पुण्यको प्रभावले सुगति पाई स्वर्गलोकमा जन्म हुनजान सक्ने छ ।'

यस्तो कल्पनासागरमा डुबेका गृहपतिले छोरालाई डाकी भन्यो– "प्रिय पुत्र ! तिमीलाई मैले धेरै उपदेश गरिसकें, तर यो कुरा एउटा त बाबाले भनेको ठीक हो भनी ग्रहण गरेनौ । आज पनि एउटा उपदेश म तिमीलाई दिन लागेको छु । ध्यान दिएर सुन-यस कुरालाई त तिमीले 'बाबाको अन्तिम वचन' भनी ग्रहण गर । मेरो अन्त्य अवस्था आइपुगिसकेको छ । त्यसकारण यो मेरो अन्त्य अवस्थाको अन्तिम उपदेश संझी ग्रहण गरिलिने छौ भन्ने मलाई विश्वास छ । बाबु ! यो मेरो अन्तिम वचन पनि तिमीले मानेनौ भने तिम्रो जीवन झन धिक्कारै हुन्छ । तिमी जस्तो छोरोलाई जन्म दिने म बाबाको जीवनलाई पनि धिक्कारै हुनेछ । तिमीले मेरो यो अन्तिम उपदेशलाई स्वीकार गऱ्यौ भने तिम्रो जीवन सफल पनि हुनेछ, तिम्रो भलो पनि यसैमा छ ।"

त्यसबेला सिगाललाई, बाबाको अन्तिम अवस्था देखेर तथा करुणा-चित्तले दिएको उपदेश सुनी पश्चात्ताप भयो, मनमा ठूलो शोक पैदा भयो । बाबाको अगिल्तिर हात जोडी बिन्ती गर्दै भन्यो– "पिताजी ! मैले जानिन, मलाई क्षमा गर्नुहोस् ! मैले के गर्नु पर्दछ आज्ञा होस् ! म अवश्य गर्ने छु ।"

गृहपतिले भन्यो– "छोरा ! त्यसो हो भने, विहान सबेरै उठी गंगामा स्नान गर्न जाऊ । अनि भिजेकै शरीरले पूर्वदिशा, दक्षिण दिशा पश्चिमदिशा, उत्तरदिशा र माथिको दिशा तथा तलको दिशा– यी छ दिशालाई प्रतिदिन नमस्कार गर्ने गर !"



Downloaded from http://dhamma.digital/

मरणावस्थामा भनेको कुरा जसको पनि हृदयमा छुँदो रहेछ । सिगालपुत्रले पनि बाबाको वचनलाई कहिल्यै अवहेलना गर्ने विचार गरेन । प्रतिदिन गंगामा गई स्नान गरी भिजेकै केश तथा वस्त्रसहितले छ : दिशा नमस्कार गर्ने चर्य्या गर्न थाल्यो ।

यसप्रकारले बाबाको वचनअनुसार चर्य्या गरिरहेका सिगालपुत्रलाई साँच्चै एकदिन भगवान् बुद्धले देखिहाल्नुभयो । त्यसैबेला उसलाई भगवान्ले, गृहस्थीहरूले गर्नुपर्ने **'गृही-विनय'** को शिक्षा दिनुभयो ।

उपासक ! तपाईंको प्रश्नको उत्तर त यो भयो । तर, म तपाईंलाई भगवान्ले सिगालपुत्रलाई दिनु भएको उपदेश सविस्तार वर्णन गर्ने छु । अलि श्रद्धा तथा ध्यान दिएर सुन्नुहोस् ।

**अभ्यास प्रश्नहरू :**

(१) गृहस्थीहरूले गर्नुपर्ने कर्तव्य के-के हुन् ?
(२) शील पालन गर्ने नियम के-के हुन् ?
(३) 'सिगोलवाद-सूत्र' को विषयमा आफूलाई जानकारी भएको कुरा स्पष्ट पार्नुहोस् ।
(४) सिगालको विषयमा आफूलाई जानकारी भएको कुरा स्पष्ट गर्नुहोस् ।
(५) सिगालको मन कसरी बद्लियो ?
(६) सिगाललाई पिताले अन्तिम अवस्थामा के आज्ञा दिएको थियो ?



Downloaded from http://dhamma.digital/

# सिगालोवाद-सूत्र
# अर्थात्
# सिगाललाई दिएको उपदेश

एकपटक तथागत सम्यक्सम्बुद्ध राजगृह नगरमा कलन्दकनिवाप नामक प्रदेशमा बाँसबारीमा बसिरहनु भएको थियो । त्यसबेला गृहपति-पुत्र सिगाल प्रतिदिन नदीमा गई स्नान गरी भिजेकै केश र भिजेकै वस्त्रसहितले हात जोडेर नाना दिशा नमस्कार गर्ने गरिरहेको थियो ।

नानादिशा भनेको - पूर्वदिशा, दक्षिणदिशा, पश्चिमदिशा, उत्तरदिशा, माथिको दिशा तथा तलको दिशा हुन् ।

एकदिन भगवान् बुद्ध चीवर र पिण्डपात्र धारणगरी भिक्षाटनको निंति राज-गृह नगरमा जानुभएको थियो । त्यहाँ नदीको किनारमा भिजेकै केश र भिजेकै वस्त्रले हात जोडी नाना दिशा नमस्कार गरिरहेको गृहपतिपुत्र एकजनालाई देख्नुभयो ।

(हुन त भगवान्ले उसलाई रातको चर्तुथ प्रहरमा अर्थात विहानको प्रहरमा नै ध्यानले देख्नु भएकोथियो । प्रत्येक प्रातःको चतुर्थ प्रहरमा महाकरुणासमापत्ति नामक ध्यानमा बसेर 'आज कसको उद्धार गरुँ, भनी ध्यान दृष्टिले हेर्ने नियम त तथागतको एउटा नित्य चर्य्या नै थियो । भगवान् वुद्धले पनि त्यही ध्यानमा



Downloaded from http://dhamma.digital/

बस्नुभएर "आज कस्को उद्धार गरुँ" भनी हेर्नुभएको बेलामा सिगालपुत्रलाई देख्नु भयो। अनि यसलाई गृहस्थीहरूले गर्नुपर्ने विनय-विधिको उपदेश गरी स्वर्गपरायण गरी उद्धार गर्ने छु भन्ने विचार पनि गर्नुभयो। त्यसैकारण भगवान् बिहान विहारबाट भिक्षाटन्को निंति, सिगालपुत्र भएको स्थान राजगृह नगरतिर जानुभएको हो।)

भगवान्ले त्यस सिगालपुत्रको अगिल्तिर गई यस्तो आज्ञा गर्नुभयो "हे गृहपतिपुत्र ! तिमी किन यसरी विहान सबेरै यस ठाउँमा आई नाना दिशा नमस्कार गरिरहेको ?"

सिगालपुत्रले भन्यो– "भन्ते ! मेरो बाबाको अन्तिम वचन पालन गरिरहेको हुँ। उहाँले मरणावस्थामा मलाई 'प्रतिदिन दिशा नमस्कार गर्न नछोड्नू' भनेर जानुभएको थियो। त्यही वचन शिरोधार्य्य गरी बिहान सबेरै गंगामा स्नान गरी नाना दिशा नमस्कार गरेको हुँ।"

भगवान्– "गृहपतिपुत्र ! आर्य विनियमा (बुद्ध शासनमा उत्तम विनय) छवटा दिशा नमस्कार गर्ने विधि त्यसरी होइन।"

सिगाल– "भन्ते ! त्यसो हो भने, कृपाराखी, आर्य्य-विनयमा दिशा नमस्कार गर्ने कसरी हो त, आज्ञा गर्नुहोस् मलाई धर्मोपदेश दिई उद्धार गर्नुहोस्।"

भगवान्– "गृहपति पुत्र ! त्यसो भए एक चित्त भएर सुन।"

"हवस् आज्ञा होस्" भनी सिगालपुत्रले जवाफ दियो। अनि भगवान्ले निम्नोपदेश गर्नुभयो :-



Downloaded from http://dhamma.digital/

गृहपति पुत्र ! भगवान्‌को आर्य्यविनय पालना गरेका श्रावकहरूले प्रथमोप्रथम (अ) चार प्रकारको कर्म-क्लेश (क्लेशयुक्ति काम) त्याग गर्दछन् (आ) चार प्रकारको पाप (अकुशल) कर्म गर्दैनन्, र (इ) सम्पत्ति विनाश हुने छवटा कारण पनि सेवन गर्दैनन् । यति चौधवटा पाप अर्थात् अकुशल कार्य्य छाडेपछि मात्र छ वटा दिशालाई नमस्कार गरी नाना दिशाबाट आउने निन्दादिभय नआउने गरी समाधान गरी यस लोक र परलोक सफलता प्राप्त गर्दछ, निर्भय, शान्ति र संतोष पाउँछ र परलोकमा पनि सुगति स्वर्ग लाभ गर्दछ ।

(सुख ऐश्वर्यले परिपूर्ण मनुष्यलोकलाई 'सुगति' भन्दछ । उत्तमोत्तम रूपादि श्रीसम्पत्तिले परिपूर्ण दिव्यलोकलाई 'स्वर्ग' भन्दछ । अर्थात् मनुष्यलोकलाई 'सुगति' र आनन्द सुख प्राप्त हुने भुवनलाई 'स्वर्ग' भन्दछन् ।

**अभ्यास प्रश्नहरू :**

(१) भगवान् बुद्धले सिगाललाई के उपदेश दिनुभयो ?
(२) छः दिशा नमस्कारको अर्थ खुलाउनुहोस् ।



Downloaded from http://dhamma.digital/

# (अ) चार प्रकारको कर्मक्लेश

आर्यश्रावकहरूले त्याग गर्ने कर्मक्लेश चार वटा यी हुन्-

१. प्राणीघात गर्नु, (२) परवस्तु चोरेर लिनु, (३) परस्त्री गमन गर्नु, (४) भुठो कुरा बोल्नु ।

यी चारवटा अकुशल कर्मलाई 'कर्मक्लेश' भन्दछन् ।

यी चारवटा कर्मलाई 'कर्मक्लेश' भन्ने नाम दिएका हुन् ।

यी चावटा कर्म गर्दा मनमा क्लेश उत्पन्न हुने हुनाले यी चारवटा कर्मलाई 'कर्मक्लेश' भन्ने नाम दिएका हुन् ।

गृहपतिपुत्र ! उक्त चार प्रकारका कर्मक्लेशलाई आर्य्यश्रावकहरूले त्यागछन् ।

यसरी उपदेश दिई भगवान्ले पुनः निम्न श्लोक आज्ञा गर्नुभयो-

*"पाणातिपातं अदिन्नादानं मुसावादो च वुच्चति ।*
*परदार गमनुचेव नप्पसंसन्ति पण्डिता ।"*

- प्राणीघात गर्नु, चोरेर लिनु, झूठो बोल्नु र व्यभिचार गर्नुलाई क्लेशयुक्त काम भन्दछन् । यी चारैवटा कामलाई पण्डितहरू (विद्वान्हरू) प्रशंसा गर्दैनन् ।

**अभ्यास प्रश्नहरू :**

(१) क्लेश केलाई भनिन्छ ?

(२) आर्यश्रावकहरूले त्याग गर्नुपर्ने कर्मक्लेशहरू के-के हुन् ?



Downloaded from http://dhamma.digital/

# (आ) चार प्रकारको पाप

आर्य्यश्रावकहरूले त्याग गर्ने चार प्रकारका पाप अर्थात् अकुशल कर्म यी हुन्-

यस लोकमा, कतिले (१) छन्द (राग वा स्नेह) को वशमा परेर गर्न नहुने पाप-कर्म गर्दछन् । कतिले (२) द्वेषको वशमा परेर गर्न नहुने पाप-कर्म गर्दछन् (३) मोहको वशमा परेर गर्न नहुने पाप-कर्म गर्दछन् । कत्तिले (४) भयको वशमा परेर गर्न नहुने पाप-कर्म गर्दछन् ।

गृहपति ! आर्य्यश्रावकहरूले उक्त, द्वेष, मोह र भयको वशमा परेर गर्न नहुने पाप-कर्म गर्दैनन् ।

यसरी उपदेश दिई भगवान्ले पुन : निम्न श्लोक आज्ञा गर्नुभयो :-

***छन्दा दोसा भया मोहा, यो धम्मं नातिवत्तति ।***
***आपुरति तस्स यसो, सुक्क पक्खेव गन्दिमाति ।***

अर्थ - जो व्यक्ति छन्द, द्वेष, मोह र भयको वशमा पर्दैन, त्यसको यश-कीर्ति शुक्लपक्षको चन्द्रमा जस्तै दिनदुगुना रात चौगुना बढ्दछ ।

(द्रष्टव्य :- छन्दको अर्थ राग वा इच्छा वा प्रेम हो । राग, इच्छा तथा प्रेमको वशमा परेर गर्ने पापलाई 'छन्दागति' भन्दछ । अर्थात् छन्दको वशमा परी कुमार्गमा जाने । त्यस्तै, द्वेषको वशमा परेर गर्ने पापलाई 'दोषागति' भन्दछ । भयको वशमा परेर गर्ने पापलाई 'भयागति' भन्दछ । मोहको वशमा परेर गर्ने पापलाई 'मोहागति' भन्दछ ।)

**अभ्यास प्रश्नहरू :**

(१) पाप केलाई भनिन्छ ?

(२) आर्यश्रावकहरूले त्याग्नु पर्ने पापहरू के-के हुन् ?



Downloaded from http://dhamma.digital/

# (इ) सम्पत्ति नाश हुने छवटा कारण

सम्पत्ति नाश हुने भएकोले आर्ज्यपुरुषहरूले सेवन नगर्ने छ वटा कारण यी हुन्-

(क) सुरापान (जाँड, रक्सी आदि मादक पदार्थ ) सेवन गर्नाले सम्पत्तिको विनाश हुन थाल्दछ ।

(ख) कुबेलामा घुम्न जानाले पनि सम्पत्तिको विनाश हुन थाल्दछ !

(ग) नाच (सिनेमा, थियेटर, टि. भी. आदि ) हेर्ने गर्नाले पनि सम्पत्तिको विनाश हुन थाल्दछ ।

(घ) चित्त प्रमाद हुने, जूवा, तास, त्रिपासा आदि खेल्नाले पनि सम्पत्तिको विनाश हुन थाल्दछ ।

(ङ) कुमित्र (कुसंगत) को संगत गर्नाले पनि सम्पत्तिको विनाश हुन थाल्दछ ।

(च) अल्छी भएर बस्नु पनि सम्पत्ति विनाश हुनुको लक्षण हो ।

गृहपतिपुत्र ! यति सम्पत्ति नाश हुने छ वटा कारण आर्य्यपुरुष (सज्जन) हरूले सेवन गर्दैनन् ।

**अभ्यास प्रश्न :**

(१) सम्पत्ति नाश हुनु राम्रो कुरा होइन भने सम्पत्ति नाश हुने छवटा कारणहरू के-के हुन् ?



Downloaded from http://dhamma.digital/

# (क) सुरापान गर्नुमा छवटा दोष

गृहपति ! सुरापान गर्नुमा छवटा दोष छन् ।

१. यसबाट अहिलेको धन-द्रव्य तथा घरखेत, गहना आदि विनाश भएर जान्छ ।

(२) आफ्नै परिवारका– आमा बाबा, दाजुभाइ, दिदी-बहिनी, नोकर-चाकार घरछिमेकी तथा नाताकुटुम्ब इष्टमित्रहरूसित कलह अर्थात् लडाई झगडा हुन थाल्दछ ।

(३) आफ्नो शरीरमा रोग उत्पन्न हुन थाल्दछ, शरीरको विभिन्न अंगादि दुख्न शुरु गर्दछ, नाना प्रकारको दुःख पीडा भई चाँडै बूढो जस्तो देखिन थाल्दछ ।

(४) बदनामी फैलिन थाल्दछ । सबैले धिक्कार्न शुरु गर्दछ । अपमान सहनु पर्ने हुन्छ । अरुले भर-पत्यार गर्न छोड्दछ । विधि व्यवहार गर्न गाऱ्हो हुन्छ ।

(५) बेशर्मी भएर लाज छोड्दछ । अर्थात् सुरापान गरी कर्तव्य-अकर्तव्य गरी, भोलिपल्ट हिजो आफू कराएर चलेर हिंडेको कुरा सम्झी पश्चात्ताप गर्नुपर्ने ठाउँमा पश्चात्ताप नगरी, अरुले आफैलाई के भन्दा हुन् भन्ने भय केही नलिई, इष्टमित्रहरूको मुखै म कसरी हेरुँ भन्ने कुनै किसिमको चिन्ता नलिई निर्लज्ज भएर हिंड्दछ ।



Downloaded from http://dhamma.digital/

(६) सुरापानले प्रज्ञा बुद्धिहीन भएर जान्छ । सुरापान गर्नु मात्रले शरीरका नशाहरू दुर्वल भएर जान्छन् । नशाहरू दुर्वल भएपछि चिन्तनशक्ति शिथिल भएर कमजोर हुन थाल्दछ । चिन्तनशक्ति कम भएपछि यथार्थ कुरा केही पनि बुझ्न सक्तैन । स्मृति ठीक रहेन भने आँखा भएपनि अन्धो हुन्छ, ज्ञान भएपनि मूर्ख बनिन्छ । प्रज्ञा भएपनि असिद्धि हुनुपर्ने हुन्छ ।

गृहपतिपुत्र ! सुरापानमा यी छ वटा दोष विद्यमान छन् ।

**अभ्यास प्रश्न** :

(१) सुरापान गर्दा के-कस्ता छवटा दोषहरू लाग्ने हुन्छ ? स्पष्ट पार्नुहोस् ।

## (ख) कुबेलामा घुम्न जानुमा छवटा दोष

गृहपतिपुत्र ! कुबेलामा गल्ली-गल्ली घुम्न जानुमा छवटा दोष छन्-

(१) शरीरको रक्षा हुन्न । कुबेलामा घुम्न जाने व्यक्ति ढल, नाल खाल्टो-साल्टो आदिमा खस्न सक्दछ । सर्पादि प्राणीद्वारा हानी हुन सक्दछ ।

(२) कुबेलामा घुम्न जाने व्यक्तिका स्त्री, पुत्र-पुत्रादिहरू पनि सुरक्षित रहदैनन् । 'तिनीहरू जानु हुन्छ, हामी किन हुन्न' भनी उनीहरू पनि घर छाडेर कुबेलामा यताउति घुम्न जान्छन् । नाच आदि हेर्न जान्छन् ! अथवा व्यभिचारादि कुमार्गमा लाग्न सक्दछन् ।



Downloaded from http://dhamma.digital/

(३) धन सम्पत्तिको पनि रक्षा हुँदैन । रातको बेलामा घरमा कोही नभएको मौका पारी चोर तथा बदमाश आई चोरेर लान्छन् ।

(४) कुबेलामा घुम्ने व्यक्तिलाई परजनले शंकाको दृष्टिले हेर्दछ । यो मानिस त ठीक छैन भन्दछन् । कसैको घरमा छोरी बुहारी हरायो या धनमालको चोरी भयो भने कुबेलामा घुम्न आउने त्यही व्यक्तिलाई संदेह गर्दछन् । यस प्रकारले निन्दाका पात्र हुनुपर्ने हुन्छन् ।

(५) कुबेलामा घुम्न जाने व्यक्ति, यदि त्यो सज्जनै भएपनि दुर्जन ठहरिन्छ । कसैको घरमा चोर आई कुनै मालताल चोरेर लगे पनि 'चोर त्यही हो' भनी कुबेलामा घुमिरहने व्यक्तिलाई समात्न आउँछन् ।

(६) यी बाहेक, कुबेलामा घुम्न गइरहने व्यक्तिमा अनेक प्रकारको दोष लाञ्छना आइरहन्छ । दोष भन्ने भनाई खानु परिरह्यो भने जीवनमा अनेक प्रकारको दुःख, कष्ट, भय, पीडा उत्पन्न भइरहन्छ ।

गृहपतिपुत्र ! कुबेलामा घुम्न जानुमा यी छ वटा दोष छन् ।

**अभ्यास प्रश्न :**

(१) कुबेलामा घुम्नु जानु हुँदैन । घुम्न गएमा छवटा दोष लाग्ने हुन्छ । ती के के हुन् ?



Downloaded from http://dhamma.digital/

# (ग) नाच आदि हेर्न जानुमा छवटा दोष

गृहपतिपुत्र ! गीत नृत्य आदि हेर्न जानुमा छवटा दोष छन् -

(१) हेर्ने बानी परेपछि 'आज नाच, सिनेमा, गीत, कहाँ कहाँ छ, के के छ, भनी मन त्यतैतिर मात्रै लागिरहन्छ । यसले गर्दा घरको काम-काज जम्मै बिग्रन्छ । अथवा निद्रालाई मारेकोले गर्नुपर्ने काम ठीकसित गर्न सकिँदैन । अनि धन सम्पत्तिको नाश हुन थाल्दछ ।

(२) मन संधै नाचतिर मात्रै डुलिरहन्छ ।

(३) कतै बाजा बजिरहेको छ कि भनी कान त्यतैतिर मात्रै लागिरहन्छ ।

(४) कतै अद्‌भुतादि अनेक वार्ता भैरहेको छ कि भनी मन उतैतिर मात्रै दौडिरहन्छ । यहाँ अद्‌भुत वार्ताको मतलब सारहीन भूतप्रेत तथा देवी देवतादिका कथा (Legends) हुन् ।

(५) मृदंग, बाँसुरी आदि बाजा कतै बजिरहेको छ कि भनी मन त्यतैतिर दौडिरहन्छ ।

(६) कहीं ढोलक, मृदंग आदि ठूलठूला बाजा बजाइरहेका छन् कि भनी चित्त चञ्चल भई गर्नुपर्ने कामकाज जम्मै छाड्छन् । अनि समयमा गर्नुपर्ने काम गर्न नसकी सम्पत्तिको हानी हुन थाल्दछ ।

गृहपतिपुत्र ! नाच आदि हेर्न जाने गर्नाले उत्पन्न हुने छ वटा दोष यिनै हुन् ।

**अभ्यास प्रश्न :**

(१) नाचगान हेर्न जानुमा कतिवटा दोषहरू छन् ? उल्लेख गर्नुहोस् ।



Downloaded from http://dhamma.digital/

# (घ) जुवा आदि खेल्नुमा छवटा दोष

गृहपतिपुत्र ! प्रमाद उत्पन्न हुने-जुवा, तास, त्रिपासा आदि खेल्नुमा छ वटा दोष छन् -

(१) जुवा खेल्दा जीत भयो भने शत्रु बढ्दछन् । जित्नेले, म जितें भन्ने भावनाले अभिमान गर्न थाल्दछ। परजनलाई अपमाजनक शब्द प्रयोग गर्दछ। अनि परजनको मनमा रीस उठ्न थाल्दछ, जित्नेप्रति शत्रुभाव गर्न थाल्दछ। अझ अलि दुर्जन पुरुष भयो भने त पिटपाट पारी जितिराखेको धन जम्मै लुट्ने विचार गर्दछ या लुटी पनि हाल्दछ।

(२) जुवा खेल्दा हार भयो भने पनि आफ्नो धन परजनको हातमा गएको हेरी, आफ्नै धन मात्रै सम्झी लामो परेर अपशोच गरिरहनुपर्ने हुन्छ।

(३) धनी व्यक्ति पनि जुवामा हारेर निर्धनी हुनुपर्ने हुन्छ।

(४) कही सभा सोसाइटीमा गए पनि 'जुवाडे' भनी विश्वास-पत्यार गर्दैन।

(५) नाता कुटुम्ब इष्टमित्रिहरूले हेला गर्न थाल्दछन् । त्यस्ताको छोरा भएर पनि त्यस्तो कुलतमा लागेर हिंड्नु हो ? भनी आफ्नै हितचिन्तकहरूले पनि हप्काउन थाल्छन्। जुवाडे भएपछि कसैको अर्तिबुद्धि पनि मनमा पस्दैन। अनि उसै हितचिन्तकहरूले पनि, हामीले भनेको अर्ति नसुन्ने भनी, कहीं बाटैमा भेट भएपनि नदेखेको जस्तो गरी एकातिर बाट हिंडिदिन्छन् । जुवाडेको विषयमा कसैले केही



Downloaded from http://dhamma.digital/

कुरो भन्न तथा सोध्न आएपनि आफ्नै दाजुभाइहरू 'समेत त्यस्ताको कुरा हामीलाई थाहा छैन' भनी भनिदिन्छन् । यसप्रकारले आफ्नै मान्छेहरूको दृष्टिबाट पनि खस्नुपर्ने हुन्छ ।

(६) आवाह-विवाह पनि जुवाडेले गर्न सक्दैन । जुवाडेको छोरी कसैले लिन्दैनन् । छोरीलाई पनि कसैले आफ्नो कन्या दिन्दैनन् । किनभने जुवाडेको सम्पत्ति स्थीर रहँदैन, चाँडै नाश हुन्छ । तसर्थ जुवाडेले विधि व्यवहार हत्तिपत्ति गर्न सक्तैन ।

गृहपतिपुत्र ! जुवा जस्तो कुव्यसनमा हुने छवटा दोष यिनै हुन् ।

**अभ्यास प्रश्न :**

(१) जुवा, तास, त्रिपासा आदि खेलले मानिसलाई बेहोशी तुल्याइदिने हुन्छ । यसबाट हुने दोषहरू के के हुन् ?

## (ङ) कुमित्र संगत गर्नुमा छवटा दोष

गृहपतिपुत्र ! कुमित्र संगत गर्नुमा छवटा दोष छन्-

(१) त्यस्तो व्यक्तिलाई त्यस्तै व्यक्तिहरू मात्रै भेटिन आउँछन्, जो बाह्रमासे, रक्सीबाज, व्यभिचारी, बदमास हुन्छन् ।

(२) त्यस्तो व्यक्तिको साथीहरू, रण्डीबाजीमा हिंड्ने होटल, भट्टी मात्रै चहारी पैसा उडाएर हिंड्ने हुन आउँछन् ।

(३) जाँड-रक्सी, गाँजा, भाँग, अफीम आदि मादक पदार्थ सेवन गरेर हिंड्ने मानिससंग त्यस्तै व्यक्ति साथी हुन आइपुग्छन् ।



Downloaded from http://dhamma.digital/

(४) त्यस्ता व्यक्तिले परजनले आफूलाई गरिराखेको गुण बिर्सिदिन्छन् । गुण नचिन्न, अकृतज्ञहरू खालि छलकपट धोका-बाजी मात्रै गरेर हिंड्ने मानिस त्यस्ता व्यक्तिका साथी हुन आइपुग्छन् ।

(५) त्यस्ता व्यक्तिका साथीहरू छट्टू, लुच्चा, ढंटुवा, देखादेखी ठगेर लगी जीविका गर्ने ठग बदमाशहरू हुन आउँछन् ।

(६) लुटाहा, डाँकू, चोर, फटाहा यस्तै यस्ता मात्रै त्यस्ता व्यक्तिका साथी हुन आइपुग्छन् ।

गृहपतिपुत्र ! कुमित्र संगत गर्नाले उत्पन्न हुने दोष यिनै छवटा हुन् ।

**अभ्यास प्रश्न :**

(१) कुमित्र संगत गर्दा के-कस्ता दोषहरू देखा पर्ने हुन्छ ?

Dhamma.Digital

# (च) अल्सी भएर रहनुमा छवटा दोष

गृहपतिपुत्र ! अल्सी भएर रहनुमा छवटा दोष छन् -

(१) अल्सी व्यक्ति जाडो भएपनि 'आज त साह्रै जाडो छ' भनी गर्नुपर्ने काम समेत नगरी बस्छ । कर्तव्य कार्य्य नगरी बसेपछि गृहस्थीहरूलाई हानी सिवाय फाइदा कदापि हुँदैन ।



Downloaded from http://dhamma.digital/

(२) अल्सी व्यक्ति अलिकति मात्रै गर्मी भएपनि 'आज अति गर्मी छ' भनी गर्नुपर्ने काम समेत नगरी बस्दछ। कर्तव्य कार्य्य नगरी बसेपछि गृहस्थीहरूलाई हानी सिवाय फायदा कदापि हुँदैन ।

(३) त्यस्तै 'समय छँदै छ, के को हतारो' भनी गर्नुपर्ने काम पनि नगरी अल्सी मानिस हात बाँधी बस्दछ। कर्तव्य कार्य्य नगरी बसेपछि गृहस्थीहरूलाई हानी सिवाय फायदा कदापि हुँदैन ।

(४) त्यस्तै अलि अबेर भएपनि अल्सी मानिस 'सार्है अबेर भैसक्यो' भनी गर्नुपर्ने काम नगरी बसिदिन्छ। कर्तव्य कार्य्य नगरी बसेपछि गृहस्थीहरूलाई हानी सिवाय फायदा कदापि हुँदैन ।

(५) अल्सी व्यक्ति 'सार्है भोक लाग्यो' भनी गर्नुपर्ने काम नगरी बस्दछ। कर्तव्य कार्य्य नगरी बसेपछि गृहस्थीहरूलाई हानी सिवाय फायदा कदापि हुँदैन ।

(६) 'आज मेरो पेट सार्है ढुस्सिएको छ' भनी अल्सी व्यक्ति गर्नुपर्ने काम नगरी बस्दछ। कर्तव्य कार्य्य नगरी बसेपछि गृहस्थीहरूलाई हानी सिवाय फायदा कदापि हुँदैन ।

यसप्रकारले अल्सी व्यक्ति एउटा न एउटा निहुँ थापी गर्नुपर्ने काम नगरी अवसर गुमाएर बस्दछ। त्यस्ता अल्सी व्यक्तिलाई लाभ हुने धन सम्पत्ति तथा कीर्तिसमेत लाभ हुँदैन। उल्टो लाभ भइरहेको धन तथा कीर्तिसमेत क्रमशः विनाश भएर जान्छ।

गृहपतिपुत्र ! अल्सी भएर बस्नुमा यी छवटा दोष छन्।



Downloaded from http://dhamma.digital/

कार्य्य अर्थात् सज्जनहरूले त्याग गर्नुपर्ने उपर्युक्त चौध प्रकारका शिक्षा-उपदेश सिगालपुत्रलाई दिएर भगवान्ले पुनः निम्न गाथा आज्ञा गर्नुभयो :-

*"होति पान सखा नाम, होति सम्पिय सम्पिय ।*

*यो च अत्थेसु जातेसु , सहायो होति सो सखा ॥*

*उस्सुर सेय्या परदार सेवना, वेरप्पसवो च अनत्थता च ।*

*पापमित्तो च सुकदरियता च, एते छ ठाना पुरिसं धंसयन्ति ।"*

यस लोकमा धेरै मानिस यस्ता छन् जसलाई ख्वाउन सकुञ्जेल अर्थात् होटेल, भट्टीमा लगी मान गर्न सकुञ्जेलसम्म मात्रै साथी भएर बस्दछन् । फेरी कति साथी यस्ता हुन्छन्, जो मुखिञ्जेल मात्रै 'प्रिय साथी, भो मित्र !' भनी प्रिय वचन बोल्दछन्, पछितिर पऱ्यो कि त निन्दा गर्न थालि हाल्दछन् ।

जुन साथीले आफ्नो साथीको आपतपर्दाखेरि धनले सके धनले, जीउले सके जीउले, वचनले सके वचनले उपकार गर्दछ, त्यही सच्चा मित्र हो ।

आफ्नो विनाश तथा नोक्सान हुने अरु छवटा मूल कारण पनि छ- (१) सूर्योदय भैसकेपछि पनि सुतिरहनु, (२) व्यभिचार अर्थात् परस्त्री गमन गर्नु, (३) अरु मानिससित शत्रुभाव गरेर हिंड्नु (४) कर्तव्याकर्तव्यको विचार नगरी हिंड्नु, (५) कुसंगत गर्नु, (६) सार्है कपटी लोभी हुनु । आफ्नो वस्तु अलिकति पनि त्याग गर्न नचाहनु, तर अर्काको मात्रै लिने इच्छा गर्नु ।

यी छवटा कारणले पनि लोकजनको अवश्य विनाश हुन्छ ।



Downloaded from http://dhamma.digital/

*"पापमित्तो पापसखो, पाप आचार गोचरो*
*अस्मा लोका परम्हा च उभया धंसते नरो ॥*
*अक्खित्थियो बारुणी नच्चगीतं ,*
*दिवासेय्यं पारिचरिया अकाले ॥*
*पापा च मित्ता सुकदरियता च,*
*एते छ ठाना पुरिसं धंसयन्ति ॥*
*अक्खेहि दिब्बन्ति सुरा पिवन्ति*
*यन्तित्थियो माणसमा परेसं ।*
*निहीन सेवी न च वुड्ढ सेवी,*
*निहीयते कालपक्खेव चंदो ॥"*

जो कुसंगत गरेर हिंड्दछ, जो मिथ्याचरणमा लागी अनुचित स्थानमा जाने बानी गर्दछ, त्यस्तोको यो लोक र परलोक दुवैमा विनाश हानी हुन्छ ।

(१) जुवा खेल्नु, रण्डीबाजीमा लाग्नु तथा अर्काले प्राणसमान प्रेम गरेर राखेकी स्त्रीको गमन गर्नु, (२) सुरापान अर्थात् जाँड, रक्सीको सेवन गर्नु, (३) नाच, गान आदिमा भुल्नु, (४) बेला न कुबेला गरी यताउति घुम्न तथा डुल्न जानु, (५) कुमित्रको संगत गर्नु, (६) अल्सी र अत्यन्त मात्सर्य्य हुनु । यी छवटा कारणले पनि मनुष्यको विनाश अवश्यम्भावी छ ।

जो व्यक्ति जुवा खेल्नमा रमाउँछ, जाँड-रक्सी सेवन गर्नमा दत्तचित्त रहन्छ, अर्काको प्राणसमानकी पत्नीलाई बिगार्दछ, अयोग्य काम गरेर हिंड्ने मानिस साथी तुल्याउँछ, श्रेष्ठकर्म गर्ने व्यक्ति मित्र बनाउँदैन, त्यसको यश, कीर्तिलाभ, प्रसिद्धि जम्मै कृष्णपक्षको चन्द्रमाको तेज जस्तै दिन प्रतिदिन क्षीण हुँदै जान्छ ।



Downloaded from http://dhamma.digital/

*"यो वारुणी अधनो अकिंचनो, पिपासो पिवं पापगतो ।*

*उदकमिव इणं विगाहति, आकुलं कारयि खिप्पमत्तनो ॥"*

जो व्यक्ति धनहीन दरिद्र भएर पनि सुरापान गरेर हिंड्छ, त्यसले आफ्नो कुबानी छोड्न नसकी, गंगार्जीमा गई पानी लिएर आएझैं जोसुकैसित धन सापट लिई सुरपान सेवन गर्दछ र पछि ऋण तिर्न नसकेर चित्त दाह गरेर बस्नुपर्दछ ।

*"न दिव सोप्पसीलेन, रत्तिं उट्ठान देस्सिना ।*
*निच्चं मत्तेन सोण्डेन, सक्का आवसितुं घरं ॥*
*अतिसीतं अतिउण्हं, अतिसायमिदं अहु त्र*
*इति विस्सट्ठी कम्मन्ते, अत्था अच्चेन्ति माणवे ॥*
*यो'ध सीतं च उण्हं च, तिण भिय्यो न मञ्ञिति ।*
*करं पुरिस किन्चानि, न सो सुख विहायति ॥"*

सदा सूर्योदयसम्म पनि सुतिरहने स्वभावका, दिउँसो पनि सुत्ने बानी भएका, बेलुका सुत्ने समयमा भने आधीरातसम्म नचाहिने पाप तर्कना मनमा कल्पना गरी ननिदाइरहने, सदासर्वदा सुरापानगरी जुवा खेल्नेबानी भएका त्यस्ता ज्ञानहीन व्यक्तिहरूले गृहस्थाश्रममा बसेरपनि वृद्धि अर्थात् कुनै किसिमको उन्नति गर्न सक्तैनन् ।

जुन मानिसले 'अति जाडो छ, अति गर्मी छ, सान्है अबेर भइसक्यो, अझ समय बाँकी छ, सान्है भोक लागेको छ, अथवा भरखर खाएको पेट ढुस्सिएको छ आदि निहुँ थापी आलश्यको वशमा परी गर्नुपर्ने काम नगरी, समय गुमाउँछ, त्यस मानिसलाई लाभ हुने कुरो समेत लाभ हुँदैन ।



Downloaded from http://dhamma.digital/

जुन मानिसले 'जाडो छ पख, अति गर्मी छ, एकछिन पछि गरुँला' इत्यादि नभनी, आलश्यको वशमा नरही उत्साही भएर गनुपर्ने काम तुरुन्त गर्दछ, त्यसको यश, कीर्ति, लाभादि सबै शुक्लपक्षको चन्द्रमा झैं क्रमशः वृद्धि हुन थाल्दछ। यस्तै व्यक्तिले मात्रै गृहस्थाश्रममा रही उन्नति गर्न सक्तछ।

**अभ्यास प्रश्नहरू :**

(१) अल्सी भएर बस्नु राम्रो कुरा होइन। अल्सी भएमा छवटा दोषहरू देखापर्ने हुन्छ। ती दोषहरू के-के हुन् ?

(२) कस्ता मित्रलाई सच्चा मित्र भनिन्छ ?

(३) विनाश तथा नोक्सान हुने मूल कारणहरू छवटा उल्लेख गर्नुहोस्।

(४) अल्सी भएर बस्नु उचित छैन भन्ने कुरालाई उदाहरण सहित उल्लेख गर्नुहोस्।

(५) अल्सीपनालाई हटाउनु पर्छ भनेर अरुलाई कसरी बुझाउन सकिन्छ ?

# (ई) चार प्रकारका असत् मित्रहरू

Dhamma.Digital

गृहपतिपुत्र ! यी निम्न चार प्रकारका व्यक्तिहरूलाई, मित्र स्वरूपमा रहेको 'अमित्र' भनेर जान्नू।

(क) अर्काको बस्तु भने लिने इच्छा गर्दछ, तर आफ्नो बस्तु भने दिने इच्छा गर्दैन-यस्तो व्यक्तिलाई मित्रस्वरूपमा रहेको 'अमित्र' भनेर जान्नू।

(ख) वचनले मात्रै मित्रभाव देखाई कामले भने केही नगर्ने व्यक्तिलाई पनि 'अमित्र' भनेर जान्नू।



Downloaded from http://dhamma.digital/

(ग) मूर्खको अगिल्तिर प्रशंसा गरी पछिल्तिर निन्दा गरेर हिंड्ने व्यक्तिलाई पनि मित्रस्वरूपमा रहेको 'अमित्र' भनेर जान्नू ।

(घ) नचाहिने-नचाहिने काममा अर्थात् धन नाश हुने काममा मात्रै सल्लाह दिने व्यक्तिलाई पनि मित्रस्वरूपमा रहेको 'अमित्र' भनेर जान्नू ।

गृहपतिपुत्र ! यिनै चार प्रकारका व्यक्तिलाई मित्रस्वरूपमा रहेका 'अमित्र' भनेर जान्नू ।

**अभ्यास प्रश्न :**

(१) मित्रहरू राम्रा र नराम्रा दुबै हुन सक्छन् । कस्ता मित्रहरूलाई असत् मित्र भनेर चिनिन्छन् ?

# (क) परवस्तु मात्र लिने मित्र

गृहपतिपुत्र ! मित्रस्वरूपमा रहेको अमित्रले चार प्रकारले परवस्तु मात्रै लिने इच्छा गर्दछ-

***"अञ्ञदत्थु हरो मित्तो, अप्पेन बहुमिच्छति ।***
***भयस्स किच्चं करोति, सेवति अत्तकारणा ।"***

अर्थ– अञ्ञदत्थ हरो मित्तो = परवस्तु मात्रै लिने मित्रले; अप्पेन बहुमिच्छति = थोरै दिएर धेरै ताक्दछ । भयस्स किच्चं करोति = डरको कारणले काम गर्दछ । सेवति अत्तकारणा = आफ्नो स्वार्थको निंति संगत गर्दछ ।



Downloaded from http://dhamma.digital/

सविस्तार भावार्थ-

(१) परवस्तु इच्छा गर्ने मित्रले मित्र अथवा कसैकहाँ गएर त्यसको प्रशंसा गरी 'अहा ! तपाईंको त बयान गरेर साध्यै छैन, तपाईंको स्वभाव, गुण देखेर म त मुग्ध छु। धर्म, पुण्य गर्नमा त तपाईंलाई कसैले सक्तैन आदि नाना तरहले गुण वर्णन गरी ठग्ने दाउ हेर्दछ।

(२) थोरै दिएर धेरै ताक्ने मित्रले आफ्नो कम मोलको वस्तु दिएर परजनको मोलपर्ने वस्तु लिने इच्छा गर्दछ। अथवा पहिले आफैले थोरै मोल पर्ने वस्तु दिएर पछि मौका पारी बहुमूल्य वस्तु हातलागी गर्न विचार गर्दछ।

(३) भयको कारण काम गर्ने मित्रले आफूलाई दुःख आपतपरेको बखतमा मात्रै 'लौन साथी !' भन्दै मित्र बनाउन पुग्छ। फेरी तुरुन्तै आफ्ना" आपत दुःख तरेर गएपछि कहीं देखेपनि नदेखे झैं गरी हिंड्छ। 'यसले त मलाई यस्तो दुःखबाट तारिदिएको थियो' भनी गुण सम्झदैन।

(४) स्वार्थ अर्थात् आफ्नो मतलब साध्यको निंति संगत गर्ने मित्रले आफैलाई काम परेको बखतमा मात्रै आफूलाई लाभ हुनेछ भने मात्रै, संगत गर्न आउँछ। आफ्नो काम सकियो कि त खोलो तऱ्यो लौरो बिर्स्यो गरेर हिंड्दछ।

गृहपतिपुत्र ! यति यी चार प्रकारले परवस्तु मात्रै ताक्ने व्यक्तिलाई मित्रस्वरूपमा रहेको 'अमित्र' भनेर थाहा पाउँछन्।

**अभ्यास प्रश्न :**

(१) मित्रस्वरूपमा रहने अमित्रले के कस्ता प्रकारले परवस्तु लिने इच्छा गर्दछ ?



Downloaded from http://dhamma.digital/

# (ख) वचनले मात्रै मित्रभाव देखाउने मित्र

गृहपतिपुत्र ! मित्रस्वरूपमा रहेको अमिंत्रले चार प्रकारले वचनद्वारा मात्रै (कामद्वारा होइन) मित्रभाव देखाउँछ-

*"अतीतेन पटिसन्धरति, अनागतेन पटिसन्धरति ।*
*निरत्थकेन संगण्हाति, पच्चुप्पन्नेसु किच्चेसु व्यसनंदस्सेति ॥"*

अतीतेन पटिसन्धरति बितिसकेको मात्रै कुरा गर्छ, अनागतेन; पटिसन्धरति = पछि हुने कुरा मात्रै गर्छ। निरत्थकेन संगण्हाति = नचाहिने सार हीन कुरामात्रै गरी मान गर्दछ; पच्चुप्पन्नेसु किच्चेसु व्यसनंदस्सेति = वर्तमान समयमा भने धेरै मद्दत उपकार गर्ने जस्तो कुरा गर्दछ, तर आखिरमा एउटा न एउटा निहुँ थापी आफ्नो दुःख तथा असमर्थता देखाउँछ ।

सविस्तार भावार्थ :-

(१) कुनै एकजना साथी आई साथी ! मलाई तपाईंसित भएको फलानो वस्तु एकछिनको निंति चाहियो, दिनु हुन्छ कि भनी माग्न आयो भने 'के गरुँ साथी' सान्है अपशोच छ हिजो पाल्नु भएको भए जति भनेपनि दिनसकिने थियो अहिले त जम्मै सिद्धिसक्यो- भनी अतीतको मात्रै कुरा गरी मित्रता देखाई पठाउँछ ।

"अहो मित्र, क्षमा गर्नुहोला, तपाईंको त्यति सानो कुरा पनि मैले मौकामा पुऱ्याइदिन सकिन । नभएको पनि होइन, थियो पनि, तर भर्खर मात्रै फलानो-



Downloaded from http://dhamma.digital/

फलानो काममा खर्च भयो । दिएन नभन्नु होला, दुइचार दिनैमा फेरी हुनेछ, त्यसबेला तपाईंलाई अवश्य टक्र्याउने छु ।" यस प्रकारले भविष्यको मात्रै आशा देखाई मित्रता निभाएर पठाउँछ ।

(३) चाहिने नचाहिने बेलामा खाली वचनले मात्रै मान देखाउँछ । कुनै साथी हाथी वा घोडा वा गाडी चढेर आएको देख्यो भने त्यस अमित्रले वचनले संग्रह गर्दछ- "आउनोस् साथी बस्नोस् ! तपाईंलाई यो सवारी त असाध्य सुहाउँने रहेछ, तपाईं साँच्चै पुण्यवान हुनुहुन्छ ।" यस प्रकारको खोक्रो वचनले मात्रै मान सत्कार देखाउँछ ।

(४) कुनै साथी अगिल्तिरै भएको वस्तु एकछिनको निंति माग्न आयो भने त्यस अमित्रले तुरुन्त भन्छ- "अहो साथी, यसमा फलानो एउटा चीज नभएर वा बिग्रेर कामै लिन नसकी त्यसै फालिराखेको छु । मलाई पनि यसबाट काम लिन नसकेर साह्रै हर्जा भइरहेछ ।" यसरी आफ्नो असमर्थता प्रकट गरी साथीलाई फर्काएर पठाउँछ ।

गृहपतिपुत्र ! यसरी चार प्रकारले वचनले मात्रै मित्रता देखाउने, काम भने केही नगरिदने व्यक्तिलाई पनि मित्रस्वरूपमा रहेको अमित्र भनेर जान्नू ।

**अभ्यास प्रश्न :**

(१) मित्रस्वरूपमा रहने अमित्रले कसरी मुखले मात्र ठीक्क पारेर मित्रभाव देखाउँछ ?



Downloaded from http://dhamma.digital/

# (ग) मुखको अगिल्तिर मात्रै प्रशंसा गर्ने मित्र

गृहपतिपुत्र ! मित्रस्वरूपमा रहेको अमित्रले मुखिन्जेल मात्रै साथीको प्रशंसा गर्दछ र पछिल्तिर पऱ्यो कि निन्दा गरेर हिंड्न थाल्दछ-

*'पापकंपिस्स अनुजानाति,*
*कल्याणम्पिस्स अनुजानाति ।*
*सम्मुखस्स वण्णं भासति*
*परम्मुखस्स अवण्णं भासति ॥'*

अर्थ- पापकंपिस्स अनुजानाति = पाप कर्म गर्नमा पनि अनुमति दिन्छ; कल्याणम्पिस्स अनुजानाति = कल्याणकारी काम गर्नमा पनि अनुमति दिन्छ; सम्मुखस्स वण्णं भासति = मुखिन्जेल काम गर्नमा पनि अनुमति दिन्छ । सम्मुखस्स वण्णं भासति = मुखिन्जेल मात्रै वर्णना-प्रशंसा) गर्दछ = परम्मुखस्स अवण्ण भासति = मुख पछिल्तिर निन्दा गर्दछ ।

सविस्तार भावार्थ :-

(१) कुनै एकजना साथीले - 'साथी खसी काट्न जाऊँ हिंड, परस्त्री बिगार्न जाऊँ हिंड' भन्यो भने त्यो मित्र स्वरूपमा रहेको अमित्रले, राम्रो विचार गऱ्यो, हुन्छ हिंड' भनेर कुकार्यमा रोक्ने विचार नगरी बरु प्रोत्साहन दिन्छ ।

(२) कुनै किसिमको कुशल कर्म वा परोपकार गर्ने काममा पनि 'हुन्छ हिंड' भनेर अनुमति दिन्छ ।



Downloaded from http://dhamma.digital/

(३) अमित्रले मुखिन्जेल मात्रै 'तपाईं' साच्चै धर्मात्मा हुनुहुन्छ, गरीब उपर तपाईंको दया प्रशंसनीय छ, तपाईं जस्ता सत्पुरुष लोकमा साँच्चैनै हुन गाऱ्हो छ' भनी नाना तरहले माथि पुऱ्याएर कुरा गर्न थाल्दछ ।

(४) परन्तु मुखको पछाडि पऱ्यो कि त 'फलानीले यस प्रकारले परजनलाई ठग्यो, यस प्रकारले दुःखी गरीबहरूलाई चुस्यो, गरीब मारेर पैसा कमायो' आदि अनेक प्रकारले निन्दा अपमान गर्न बेर मान्दैन ।

गृहपतिपुत्र ! यसरी चार प्रकारले मुखिन्जेल मात्रै प्रिय वचन बोली प्रशंसा गर्दछ, पछिल्तिर पायो कि त निन्दा गर्न थाल्दछ । यस्तो व्यक्तिलाई मित्रस्वरूपमा रहेको 'अमित्र' भनेर जान्नू ।

**अभ्यास प्रश्न :**

(१) मित्रस्वरूपमा रहने अमित्रले मुख अगाडि मात्रै प्रशंसा गरेर ठीक्क पार्छ भने पछिल्तिर पऱ्यो कि कसरी निन्दा चर्चा गर्दै हिंड्छ ?

## (घ) कुकर्ममा मात्रै सहायता दिने मित्र

गृहपतिपुत्र ! मित्रस्वरूपमा रहेको अमित्रले चार प्रकारले कुकर्ममा मात्रै सहायता दिने काम गर्दछ-

(१) भट्टी आदिमा गई, बदमासी कामगरी हिंड्नुमा सहायता दिन्छ ।

(२) कुबेलामा गल्ली-गल्ली घुम्न जानुमा सहायता दिन्छ ।



Downloaded from http://dhamma.digital/

(३) नाच, गान, आदि मन भुलाउने काममा सहायता दिन्छ ।

(४) जुवा, तास आदि अनेक बाह्रमासे खेल्नमा उत्साहित भई सहायता दिन्छ ।

गृहपतिपुत्र ! यति चार प्रकारले धन नाश हुने कुकर्ममा सहायता दिने व्यक्तिलाई मित्रस्वरूपमा रहेको 'अभित्र' भनेर जान्नू ।

यति आज्ञा गरी भगवान्‌ले सिगालपुत्रलाई फेरी यस प्रकारले आज्ञा गर्नुभयो-

*"अञ्ञदत्थु हरो मित्तो योच मित्तो बची परमो ।*

*अनप्पियञ्च यो आह, अपायेसुच यो सखा ॥*

*एते अमित्ते चत्तारो, इति विञ्ञाय पण्डितो ।*

*आरका परिवज्जेय्य, मग्गं पटिभयं यथा ॥"*

अर्थ- परजनको वस्तु लिने मित्र, वचनले मात्रै मान गर्ने मित्र, मुखिन्जेल मात्रै प्रशंसा गर्ने मित्र, धन सम्पत्ति विनाश हुने काममा सहायता दिने मित्र- यति चार प्रकारका मित्रहरूलाई, मित्रस्वरूपमा रहेका 'अमित्रहरू' भनेर बुद्धिमान् गृहस्थीहरूले जानिलिनू । जसरी व्यापारीहरूले भययुक्त मार्ग छाडी निर्भययुक्त मार्ग समात्दछन् त्यसरी नै पण्डित विद्वान्‌हरूले पनि त्यस्ता अमित्र व्यक्तिहरूलाई छाडी सत्पात्रहरूलाई मित्र बनाउँछ ।

**अभ्यास प्रश्न :**

(१) मित्रस्वरूपमा रहेको अमित्रले कसरी कुकर्ममा मात्रै सहायता दिने काम गर्दछ ?



Downloaded from http://dhamma.digital/

# (३) चार प्रकारका सत्मित्रहरू

गृहपतिपुत्र ! यी निम्न चार प्रकारका व्यक्तिहरूलाई असल चित्तका 'कल्याणकारी-मित्र' भनेर जान्नू ।

(क) आफैलाई उपकार गर्ने व्यक्तिलाई राम्रो चित्त भएको 'कल्याण मित्र' भनेर जान्नू ।

(ख) सुख र दुःखमा समान रूपले उपकार गर्ने व्यक्ति राम्रो चित्त भएको 'कल्याण मित्र' भनेर जान्नू ।

(ग) धन-सम्पत्ति, यश, कीर्ति, लाभ वृद्धि हुने काममा अर्ति तथा प्रोहत्साहन दिने व्यक्तलाई राम्रो चित्त भएको 'कल्याण मित्र' भनेर जान्नू ।

गृहपतिपुत्र ! यति यी चार प्रकारका शुद्ध चित्त भएका व्यक्तिलाई 'कल्याण मित्र' भनेर जान्नू ।

**अभ्यास प्रश्नहरू :**

(१) 'कल्याण-मित्र' भनेर कसलाई चिनिन्छ ?

(२) 'कल्याण-मित्र' कति प्रकारका छन् ?



Downloaded from http://dhamma.digital/

# (क) उपकार गर्ने मित्र

गृहपतिपुत्र ! चारप्रकारले उपकार गर्ने व्यक्तिलाई राम्रो चित्तको 'कल्याण मित्र' भनेर जान्नू ।

(१) प्रमाद भइरहेकोलाई रक्षा गर्दछ अर्थात् कुनै साथी सुरापानको कारणले गर्दा अचेत भएर बाटाको बीचमा या कहीं गल्ली आदिमा परिरहेको देख्यो भने- "अहो, यो त मेरो साथी ! यस अवस्थामा मैले यसलाई बचाइन भने यसको शरीरमा रहेको बस्तु पैसा आदि अरुले लिएर जानेछ' भनी दया राखी त्यसको होश नआएसम्म रक्षा गरेर बसिरहन्छ ।

(२) प्रमादी भइरहेको व्यक्तिको धनसम्पत्ति रक्षा गर्दछ अर्थात् त्यस प्रकारले मद्यपानले बेहोश भइरको व्यक्तिको घर रक्षा गर्दछ । यानि घरमा चोर पस्ला भनी त्यसको होश नआएसम्म घरको रेखदेख गरिरहन्छ ।

(३) डराएको व्यक्तिलाई शरण भरोसा बाँधी निर्भय प्रदान गर्दछ । राजभय, चौरभय, भूतभय अथवा शत्रु भयले त्रसित भइरहको व्यक्तिलाई विविध कुराले धैर्य्य बनाई, अनेक धर्मशास्त्रको प्रमाण देखाई, अनेक युक्तिद्वारा त्यसको मनलाई शान्ति प्रदान गरी भय हटाइदिन्छ ।

(४) कुनै आवश्यक काम कुरा गर्ने बखतमा फायदा हुने तरिकाले अर्ति बुद्धि दिन्छ । 'यसो गरे यसो हुन्छ ' भनी अनेक विचारका कुरा गरी समयोचित अर्ति दिन्छ ।



Downloaded from http://dhamma.digital/

गृहपतिपुत्र ! यति यी चार प्रकारले उपकार गर्ने व्यक्तिलाई शुद्ध तथा राम्रो चित्तको 'कल्याण मित्र' भनेर जान्नू । यस्तै व्यक्तिलाई सुहृद्‌मित्र भन्दछन् ।

**अभ्यास प्रश्न :**

(१) उपकार गर्ने मित्रले के-कस्ता उपकारहरू गर्ने गर्दछ ?

## (ख) सुख–दुःखमा उपकार गर्ने मित्र

गृहपतिपुत्र ! चार प्रकारले सुख दुःख दुवैमा उपकार गर्ने व्यक्तिलाई राम्रो चित्तको 'कल्याण मित्र' भनेर जान्नू ।

(१) विश्वास गरेर कुरा जम्मै बताउँछ, गुप्त कुरा समेत जम्मै खोलेर बताउँछ । आफ्नै घरको पनि राम्रो नराम्रो जम्मै कुरा साथीलाई खोल्दछ ।

(२) साथीहरूको कुनै गुप्त कुरा आफैलाई बताए पनि विश्वासीबनी मुखबाट कहिं बाहिर प्रकाश गर्दैन । अरु कसैलाई त परैजावोस् आफ्नै धर्मपत्नीलाई समेत भन्दैन् ।

(३) आफ्नो साथीलाई आपत-विपत (आपत = सपनैमा नदेखे झैं अपर्झट आइपर्ने भय आदिलाई 'आपत' भन्दछन् । विपत = कल्पनै नगरेको तरिकाले आफ्नो धनसम्पत्ति अपर्झटमा विनाश भएर जानुलाई 'विपत' भन्दछन् ।) पर्दामा कहिल्यै पनि छाड्दैन । रोगभय, राजभय आदि अनेक प्रकारको भय पर्दामा साथीलाई छाडेर नभागी आफैले सकेको उपकार गर्दछ ।



Downloaded from http://dhamma.digital/

(४) सुहृदय साथीले आफ्नो साथीको निंति ज्यान समेत परित्याग गर्दछ। जस्तो, दुईजना साथीहरू गइरहँदा एकजनालाई सर्पले लखेट्न आयो भने साथीलाई छोडेर आफू मात्रै भाग्दैन । बरु आफ्नो ज्यानै माया मारी साथीलाई बचाउने कोशिश गर्दछ । सुमित्रहरूले 'साथी मरे मरोस् आफ्नो ज्यान त बचाऊँ कहिल्यै भन्दैनन् आफ्नै प्राण संकल्प गरेर भएपनि साथीको ज्यान बचाउने प्रयत्न गर्दछ। यस्ता व्यक्तिहरूलाई मात्रै लोकमा 'कल्याण मित्र' भन्दछन् ।

गृहपतिपुत्र चार प्रकारले सुख-दुःखमा उपकार गर्ने व्यक्तिलाई राम्रो शुद्ध चित्तको 'कल्याण मित्र' भनेर जान्नू ।

**अभ्यास प्रश्न :**

(१) सुख दुःख दुबैमा उपकार गर्ने व्यक्तिलाई किन कल्याण मित्र भनिन्छ ?

# (ग) बृद्धि हुने अर्ति दिने मित्र

गृहपतिपुत्र ! चार प्रकारले वृद्धि हुने अर्ति दिने व्यक्तिलाई राम्रो हृदयमा बिभ्न्ने कुरा गर्ने, परस्पर प्रेममा रहेका व्यक्तिहरूलाई फटाइ दिने काम गर्ने बानी भएको छ भने त्यसलाई यसप्रकारले अर्ति-बुद्धि दिन्छ-

"प्रिय मित्र ! तपाईं यस्तो नचाहिने अकर्तव्यमा लाग्नुभयो । यो त हामी जस्तो सज्जन मानिसले गर्नु हुने काम होइन । यस्तो काममा लाग्नुभयो भने तपाईंलाई पछि दुःख हुनेछ, शोक हुनेछ, पश्चात्तापमा पर्नु पर्नेछ लोकले तपाईंलाई निन्दा गर्ने छन् ।"



Downloaded from http://dhamma.digital/

यसप्रकारले अनेक तरहले बोधगरी अकुशल कर्मको आदिनव (दोष) देखाई साथीलाई असल बाटोमा ल्याउने कोशिश गर्दछ। कुकर्ममा नलाग्ने, झुठो नबोल्ने प्रतिज्ञा गराउँछ। अकुशल तथा कुकर्म छोडेपछि प्राप्त हुने आनिशंस (गुण, सुफल) को कुरा समेत देखाई पापबाट बचाउँछ।

(२) असल कर्म कार्य्यमा साथीलाई नियुक्त गर्दछ। कल्याणकारी सुख, शान्ति प्राप्त हुने काममा लगाउँछ। असल कामबाट मुख मोडेको छ भने असल कामतिर मन खिचिने कुरा उपाय बताउँछ। बुद्ध-वन्दना गर्न नजान्ने भए तथा मन नलागेको भए बुद्ध-वन्दना गर्न पट्टि मन फर्काइ दिन्छ। अनेक प्रकारले बुद्धगुण बताई धर्मतिर प्रवृत्ति बढाइ दिन्छ। आफैले जाने सुनेजति चूल सुभद्रादेवीले आफ्ना सासू ससूरालाई बुद्धको गुण-वर्णन गरी बुद्धप्रति श्रद्धा बढाइदिन्छ। दानगर्ने प्रवृत्ति बढाइदिन्छ। शीलपालन नगरेको भए त्यतातिर पनि रुचि उत्पन्न गराइदिन्छ। यसप्रकारको सुमित्रले आफ्नो साथीलाई अनेक किसिमले बोध गराई यस लोक र परलोक दुवैमा सुख प्राप्ति हुने, वृद्धि हुने कुशल कार्य्यमा नियुक्ति गरिदिन्छ।

**अभ्यास प्रश्नहरू :**

(१) बृद्धि हुने अर्ती दिने मित्रलाई राम्रो हृदयको कल्याण-मित्र भनेर किन भनिन्छ ?
(२) चारप्रकारका सत्मित्रहरू पढेर के शिक्षा पाउनुभयो ? उल्लेख गर्नुहोस्।
(३) 'कल्याण-मित्र' बन्ने प्रयास गर्नुपर्छ भनेर अरुलाई कसरी सम्झाउन हुन्छ ?
(४) मित्रलाई सत्मित्र बनाउन तपाईंले कसरी प्रयास गर्नु हुन्छ ?



Downloaded from http://dhamma.digital/

# चूलसुभद्राको कथा

भगवान् बुद्धको शासनकालमा कोशलराज्यको श्रावस्ती भन्ने नगरमा अनाथपिण्डिक नाम गरेका उकजना अत्यन्त धनी महाजन थिए । त्यही राज्यको अर्को नगर उग्ग भन्ने ठाउँमा पनि अर्को एकजना धनी थिए, उसको नाम उग्गसेठ थियो । ती दुबै सेठहरूको केटा-केटीमा सहपाठी थिए । तिनीहरूको बालक कालमा ठूलो मित्रता थियो । त्यो मित्रता परन्तुसम्म रहोस् भन्ने हेतुले ती दुवैजनाले एउटा कबूल गरे– "हाम्रा छोराछोरी भएभने, ती दुवैको परस्पर विवाह गरी दिनेछौं ।"

ती दुवै ठूला भएपछि आफ्ना आफ्ना नगरका सेठ भए ।

एकदिन उग्गनगरका महाजन उग्गसेठ पाँचसय गाडामा माल भरी, बीचबीचमा व्यापार गर्दै श्रावस्ती पुगेर अनाथपिण्डिको घरमा गए । आफ्नो मीत त्यसरी आइपुगेको देखी अनाथपिण्डकले आफ्नो छोरी चूलसुभद्रालाई डाकी भने– "तिम्रो मीत-बाबु आउनु भएको छ । वहाँको हेरविचार तथा सेवा गर्ने काम तिम्रो भयो ।"

चूलसुभद्राले पनि अलिकति पनि अल्सी नमानी आफ्नो मीत-बाबुको सेवा टहल गरिन् । त्यत्रा ठूलो महाजनकी छोरी भएर पनि आफ्नै हातले भोजन तयार पारी ख्वाइन् । नुहाउनको निंति पानी आदि ल्याइदिने काम पनि आफैले गरिन् । मीत-बाबुको सेवा टहलमा अलिकति पनि त्रुटि हुन दिइनन् । सुविनीत भावले आदर तथा मानराखी पाहुना सत्कारमा लागिन् ।



Downloaded from http://dhamma.digital/

चूलसुभद्राको स्वभाव देखेर उग्गसेठ साह्रै प्रसन्न भए । एकदिन अनाथपिण्डिक र उग्गसेठ कुशल बार्ता गर्दागर्दै आचरणमा खुशी भएका उग्गसेठ कुरा उठाए- "मीतज्यू हामी केटाकेटी बेलामा गरेको कबूल तपाईंलाई सम्झना छ ? तपाईंकी छोरी पनि त अब विवाह योग्य भइसकेकी रहिछन् ।"

अनाथपिण्डिकले केटाकेटीबेलाको कबूल सम्झिहाले र सोधे- 'तपाईंको छोराको विवाह नि ?'

बीचैमा कुरा काटेर उग्गसेठ भने– "त्यसैले त कुरो उठाउनु पर्‍यो !" यति भनी उग्गसेठ हाँसे ।

यस्ले छोरी माग्यो भन्ने कुरा अनाथपिण्डिकले बुझिहाले तर, हुन्छ हुन्न केही भनेनन् । कारण, उग्गसेठ अबौद्ध थिए । अबौद्धलाई आफ्नी छोरी कसरी दिने भन्ने तिनलाई चिन्ता पर्‍यो । त्यसकारण भगवान् कहाँ गएर तिनले यो कुरा निवेदन गरे ।

भगवान्ले भन्नुभयो– "चूलसुद्राको कारणले गर्दा पछि उग्गसेठको दृष्टि बद्लिने छ । सम्बन्ध जोड ।"

घर आई अनाथपिण्डिकले उग्गसेठलाई विवाहको अनुमति दिए । अनि आफ्नो धर्मपत्नी पुण्यलक्षणसित सल्लाह गरी कन्यादानको दिन तोकेर उग्गसेठलाई विदा दिएर पठाए ।

शुभदिन-शुभमुहूर्तमा उग्गसेठले जन्ति ल्याए । कन्यादानको दिनमा अनाथपिण्डिकले चूलसुभद्रालाई डाकी, धनंजय महाजनले विशाखा उपासिकालाई दिए जस्तो, उपदेश दिए–



Downloaded from http://dhamma.digital/

"प्रिय पुत्री ! ससुरालीमा बस्ने केटीले (१) घरको आगो बाहिर कसैलाई दिनु हुन्न, (२) बाहिरको आगो घरभित्र हुल्नु हुन्नु, (३) दिनेलाई मात्रै दिनु पर्दछ, (४) नदिनेलाई दिनहुन्न, (५) दिनेलाइ पनि नदिनेलाई पनि दिनु पर्दछ (६) राम्ररी बस्नु पर्दछ, (७) राम्ररी खानु पर्दछ (८) राम्ररी सुत्नु पर्दछ, (९) अग्नि सत्कार गर्नुपर्दछ, (१०) अभ्यन्तर देवताहरूको नमस्कार गर्नुपर्दछ ।"

(यहाँ पाठकहरूको मनमा संदेह उत्पन्न हुनसक्दछ कि घरमा बसेर पनि विना आगोको बिउ नदिइकन या नलिइकन काम कसरी चल्न सक्दछ ?)

उपर्युक्त उपदेशको मुख्य अर्थ यो हो भनी जान्नु पऱ्यो–

१. 'घरको आगो बाहिर दिनु हुन्न' भनेको मतलब साँच्चै नै चुलोको अथवा मकलको 'आगो' भनेको होइन । घरका सासू-ससुराको कुनैपनि दोष अथाव अवगुण बाहिरका कुनै मानिसलाई नभन्नू भनेको हो । घरका मानिसको कुरा बाहिर भन्नु जस्तो आगो- खराब काम अरु छैन । यसले घरै भस्माभूत पारिदिन सक्दछ ।

२. 'बाहिरको आगो घरभित्र हुल्नु हुन्न' भनेको मतलब पनि त्यस्तै हो । यदि कुनै विश्वासीले आफ्ना सासू, ससुराको दोष अथवा अवगुण सुनाएर ल्यायो भने सबैकुरा घरका मानिस तथा सासू, ससूरालाई नभन्नु भनेको हो । यो जस्ता आगो (खराब काम) अरु छैन । यसले पनि गृहस्थीलाई भस्माभूत पारिदिन सक्दछ ।

३. 'दिनेलाई मात्र दिनु पर्दछ' भनेको मतलब कुनै बस्तु पैंचो लगेर फेरि फर्काई नदिनेलाई पैंचो दिनु योग्य छैन भनेको हो ।



Downloaded from http://dhamma.digital/

४. "नदिनेलाई दिनु हुन्न" भनेको मतलब कुनै वस्तु पैंचो लगेर फेरि फर्काई नदिनेलाई पैंचो दिनु योग्य छैन भनेको हो ।

५. 'दिनेलाई पनि नदिनेलाई पनि दिनुपर्दछ' भनेको मतलब, गरीब-गुरुवा अथवा श्रमण ब्राह्मण अथवा भिक्षु तथा ज्ञाति बन्धुहरूलाई आफ्नो गच्छेअनुसार दिनयोग्य छ भनेको हो ।

६. 'राम्ररी बस्नु पर्दछ' भनेको मतलब सासू, ससुरा तथा स्वामीको अगिल्तिर आसनबाट उठ्नु पर्ने बेलामा बसिनै रहनु हुन्न भनेको हो ।

७. 'राम्ररी सुत्नु पर्दछ' भनेको मतलब, सासू, ससुरा सुत्नु भन्दा अगाडि नसुती तिनीहरूलाई गर्नु पर्ने सेवाटहल जम्मै गरिसकेपछि मात्रै सुत्नु पर्दछ भनेको हो ।

८. 'राम्ररी सुत्न पर्दछ' भनेको मतलब सासू ससूरा सुत्नु भन्दा अगाडि नसुती तिनीहरूलाई गर्नु पर्ने सेवाटहल जम्मै गरिसकेपछि मात्रै सुत्नु पर्दछ भनेको हो ।

९. 'अग्नि सत्कार गर्नु पर्दछ' भनेको मतलब सासू ससुरालाई र स्वामीलाई अग्निको ज्वाला तथा नागराजा समान देख्नु पर्दछ । जसरी आगोको ज्वालालाई तथा नागराजालाई छुंदा अनर्थ हुन्छ त्यस्तै यिनीहरू उपर पनि केही गऱ्यो भने आफैलाई अनर्थ हुन थाल्दछ तथा पाप लाग्दछ ।

१०. 'अभ्यन्तर देवताहरूलाई नमस्कार गर्नुपर्दछ' भनेको मतलब सासू-ससुरा र आफ्ना स्वामीलाई देवता समान ठानी आदर सत्कार गरेर बस्नु पर्दछ भनेको हो ।



Downloaded from http://dhamma.digital/

यति उपदेश दिइ, विशाखालाई जस्तै, अनेक । श्रीसम्पत्ति दाइजो सहित चूलसुभद्रालाई अनाथपिण्डिकले बिदा गरे । बुद्ध प्रमुख भिक्षु संघलाई पनि त्यसदिन महादान दिए ।

उग्ग नगर पुगेपछि सुभद्रालाई धेरै नागरिक महाजनहरू आएर लिनआए । सुभद्रा पनि आफ्नो श्रीसौभाग्य प्रकट गर्दै, विशाखा उपासिकाले जस्तै, आफूलाई सबैले देख्न सक्ने रथमा बसी नगर प्रवेश गरिन् । नागरिक महाजनहरूले दिन ल्याएका उपहार स्वीकार गरी पुनः ती जम्मै उपहार नागरिक जनताहरूलाई योग्यतानुसार वितरण गरिदिइन् । सकल नागरिकहरूलाई आफ्नो गुणद्वारा एकवद्ध गरिन् ।

एक दिन उग्गसेठको महलमा मंगलोत्सव थियो महाजनहरू तथा श्रमणहरू जम्मा भएका थिए । उग्गसेठले बुहारीलाई डाकेर भने– "हाम्रो यहाँको कुलानुसार श्रमणहरूको वन्दना गर्न जाऊ ।"

चूलसुभद्रा गइनन् । किन कि त्यहाँका श्रमणहरू अचेलक (नांगा फकिरहरू) थिए । बारम्बार ससुराले भन्दा पनि लाज मानेर सुभद्रा वन्दना गर्न गइनन् । ए, ससुराले भनेको समेत नमान्ने, यस्ती बुहारी ! भनेर सेठ रिसाई दोषादोष निर्णय गर्ने नाइकेहरू बोलाउन पठाई सबै कारण बताई 'तिमीहरूकी छोरी फिर्ती 'लैजाऊ' भनेर झोक्किए । ती नाइकेहरूले कारणाकारण सबै बुझी सुभद्राको दोष छैन भन्ने ठहऱ्याए । अनि त्यो सेठले आफ्नी पत्नीलाई भने "हाम्रा श्रमणहरू निर्लज्जी भनेर सुभद्रा वन्दना गर्न गइनन् ।"

यस्तो कुरा सुनेकी सेठकी पत्नीले, यिनीहरूका श्रमणहरू कस्ता छन् त ! भनी चूलसुभद्रासित यसरी प्रश्न गरिन् ।



Downloaded from http://dhamma.digital/

*"कीदिसा समणा तुय्हं बाल्हं खो ते पसंससि ।*
*किं सीला किं समाचारा तं मे अक्खाहि पुच्छितो 'ति ॥"*

हे सुभद्रे, तिमीले तिम्रा माइतीका श्रमणहरूको धेरै बयान गऱ्यौ । तिनीहरू कस्ता छन् ? तिनीहरूको आचरण छ ? शील स्वभाव कस्तो छ ? हामीलाई सुनाऊ त ।

सासूको यस्तो कुरासुनी सुभद्राले भगवान् बुद्ध र श्रावकहरूका गुण वर्णन गर्दै यसरी भनिन्-

*"सन्तिन्द्रिया सन्त मानसा सन्तं तेसं गतं ठितं ।*
*ओक्खित्त चक्खू मितभाणी तादिसा समणा मम ॥"*

इन्द्रिय वहाँहरूको शान्त छ। वहाँहरूको मन शान्त छ। आवत जावत पनि वहाँहरूको शान्त छ । वहाँहरूको चक्षु संयम छ । हेर्नु हुने भनेर चारैतिर आँखा नघुमाई आफूलाई चाहिने जति मात्रै अधोदृष्टि गरी हेर्नु हुन्छ । कुरा पनि चाहिने भन्दा बढ्ता गर्नु हुन्न । हाम्रा माइतीका श्रमणहरू त्यस्ता छन् ।

*"कायकम्मं सुचि तेसं वाचाकम्मं अनाविलं ।*
*मनोकम्मं सुविसुद्धं तादिसा समणा मम ॥"*

तीन प्रकारका कायिक-पाप नभएकाहरू भएको हुनाले वहाँहरूको काय-कर्म शुद्ध हुन्छ। चार प्रकारका वाचिक पाप नभएकाहरू भएको हुनाले वहाँहरूको वची-कर्म निर्मल छ । तीन प्रकारका मानसिक-पाप नभएकाहरू भएको हुनाले वहाँहरूको मन-कर्म सुपरिशुद्ध हुन्छ। हाम्रा श्रमणहरू त्यस्ता छन् ।



Downloaded from http://dhamma.digital/

*"विमला संखमुत्ताभा सुद्धा अन्तर बाहिरा ।
पुण्णा सुद्धेहि धम्मेहि तादिसा समणा मम ॥"*

निर्मल शंख, मोती आदि जस्तै वहाँहरू भित्र बाहिर दुवैतिर शुद्ध हुनुहुन्छ तथा वहाँहरू पवित्र धर्मले परिपूर्ण हुनु भएका छन् । त्यस्ता हाम्रा माइतीका श्रमणहरू हुन् ।

*"लाभेन उन्नतो लोको अलाभेन च ओनतो ।
लाभालाभेन एकट्ठा तादिसा समणा मम ॥"*

लाभ भयो भने माथितिर हेर्ने यस लोकका जनहरू, हानी भयो भने तलतिर हेर्ने यस लोकका जनहरू । तर वहाँहरू लाभ र हानी दुवैमा समान भएर बस्नु हुन्छ । मेरा माइतीका श्रमणहरू त्यस्ता छन् ।

*"यसेन उन्नतो लोको अयसेन च ओनतो ।
यसायसेन एकट्ठा तादिसा समणा सम ॥"*

यशद्वारा माथितिर हेर्ने यस लोकका जनहरू, अशयद्वारा तलतिर हेर्ने यस लोकका जनहरू । यश र अशयमा समानरूपले वहाँहरू रहनु हुन्छ । त्यस्ता मेरा माइतीका श्रमणहरू हुन् ।

*"पसंसायुन्नतो लोको निन्दाय च ओनतो ।
समा निन्दा पसंसासु तादिसा समणा मम ॥"*

प्रशंसाद्वारा माथितिर हेर्ने यस लोकका जनहरू, निन्दाद्वारा तलतिर हेर्ने यस लोकका जनहरू ! निन्दा र प्रशंसामा समानरूपले रहने वहाँहरू हुन् । त्यस्ता मेरा माइतीका श्रमणहरू हुन् ।



Downloaded from http://dhamma.digital/

*"सुखेन उन्नतो लोको दुक्खेन च ओनतो ।*
*अकम्पा सुख दुक्खेसु तादिसा समणा मम ॥"*

सुख भएमा माथितिर हेर्ने यस लोकका जनहरू, दुःख भएमा तलतिर हर्ने यस लोकका जनहरू ! सुख र दुःखमा समान भएर रहने वहाँहरू हुन् । त्यस्ता मेरा माइतका श्रमणहरू हुन् ।

यी सातवटा श्लोकले बुद्धको गुण वर्णन गरी सुभद्राले सासू ससुरालाई सन्तुष्ट पारिन् ।

सासू, ससुराले सोधे– "सुभद्रे ! तिम्रा ती श्रमणहरूको दर्शन हामीलाई गराउन सक्छयौ ?"

"सक्छु भनी सुभद्राले बुद्ध सहित महासंघलाई महादान दिने जोरजाम गर्न लगाई महलको कौसीमा बसी जेतवनतिर हेरी अत्यन्त भक्तिपूर्वक पञ्चाङ्ग प्रणाम गरी भगवान् बुद्धको गुण सम्भंदै, सुगन्ध धूप, पुष्पादिले पूजा गर्दै, 'यस लक्षण-द्वारा भगवान्लाई मेरो निमन्त्रणा थाहा होस् ।' भनी जूही-फूल आठ मुठी आकाशतिर हुत्याएर पठाइन् ।"

त्यो फूल गएर चतुपरिषद्हरूको (भिक्षु, भिक्षुणी, उपासक र उपासिका । यी चारलाई चतुपरिषद् भन्दछन् ।) बीचमा धर्मोपदेश गरिरहनु भएका भगवान् बुद्धको शीरमाथि चँदुवा भएर रहन गयो । त्यसै बेला अनाथपिण्डिक पनि भगवान्लाई भोलिपल्टको निमन्त्रणा दिन गएका थिए । भगवान्ले उनलाई भने– "गृहपति ! भोलिको निमन्त्रणा मैले अर्कै एक ठाउँमा स्वीकार गरिसकेको छु ।"

अनाथपिण्डिक– "भन्ते ! सबभन्दा पहिले यहाँ आइरहने म हुँ कसैले निमन्त्रणा दिन आएको त मैले देखिन ।"



Downloaded from http://dhamma.digital/

भगवान्– "उपासक ! चूलसुद्राले मलाई डाकिपठाइन् । मैले तिनको निमन्त्रणा भोलिको निंति स्वीकार गरिसकेको छु ।"

अनाथपिण्डिक– "यो कसरी हुन सक्दछ, भन्ते ! चूलसुभद्रा त यहाँदेखि एकसय बीस योजन टाढा बसेकी हैनन् र ?"

भगवान्– "गृहपति ! हो, तिनी टाढा बसिरहेकी छन् । तर सत्पुरुषहरू टाढै रहेतापनि हिमालय जस्तो टाढैबाट पनि देखिरहन्छ ।"

यति आज्ञा गरिसक्नु भएपछि भगवान् बुद्धले निम्न गाथा उच्चारण गर्नुभयो–

*"दूरे सन्तो पकासेन्ति हिमवन्तोव पब्बतो ।*
*असन्तेत्थ न दिस्सन्ति रत्तिक्खित्तो यथा सरा'ति ॥"*

सत्पुरुषहरू हिमगिरी जस्तै टाढैबाट पनि देखि रहन्छन् । असत्पुरुषहरू रातमा हानेर पठाएको तीर झैं नजीकैबाट पनि देखिंदैन ।

भोलिल्ट बिहान, भगवान् बुद्ध विशुद्ध क्षीणास्रवी भिक्षुहरू पाँचसय जति साथमा लिई आकाशमार्गबाट उग्गनगर चूलसुभद्राको घरतिर रवाना गर्नुभयो ।

चूलसभद्राको कुरा सुनेका सासू ससूराहरू भगवान्को प्रतिक्षामा बसिरहेका थिए । भगवान् पनि भिक्षुसंघ सहित आकाशै जाज्वल्यमान् पार्दै त्यहाँ आइपुग्नु भयो । सुभद्राको सासू, ससुरा सहित सकलजहान साह्रै प्रशन्न भए । अनि तिनीहरू सबैले भगवान्लाई स्वागत सत्कार गर्दै साष्टागं प्रणाम गरी महादान दिए । एक हप्तासम्म तिनीहरूले त्यस्तै प्रकारले दान दिइरहे । भगवान्को धर्मोपदेश सुनेर चूलसुभद्राको सासू, ससुरा प्रमुख चौरासी हजार नरनारीहरू बुद्धोपासक भए ।

यसप्रकारले कल्याण मित्रले आफ्नो साथीलाई असल कार्य्यमा नियुक्त गर्दछ ।



Downloaded from http://dhamma.digital/

(३) कहिल्यै नसुनेको कुरा सुनाएर मनलाई प्रशन्न पारिदिन्छ । देश विदेशका राम्रा राम्रा आदर्शवत् कुराहरू बताउँछ । कहिल्यै नसुनेको गूढार्थ कुरा सुनाउँछ । नबुझेको कुरालाई बारम्बार दोहऱ्याई तेहऱ्याइ विस्तृत पारी छर्लंग हुने गरी बताउँछ । नानाविध धर्मशास्त्रका कुरा तथा यस लोक (सन्दिट्ठिक) र परलोक (सम्परायिक) मा सुख वृद्धि हुने, चित्त शान्ति हुने कुरा बताउँछ ।

(४) सुगति स्वर्गलोक प्राप्त हुने कुरा बताउँछ । दानादि शीलपालन गरे भने कामावचर स्वर्गलोकमा जान पाइन्छ, समाधि गरे भने रूपावचर ब्रह्मलोकमा जान पाइन्छ भनी अनेक प्रकारले स्वर्गादि ब्रह्मलोकको मार्ग देखाउँछ ।

गृहपतिपुत्र ! यति यी चारप्रकारले बुद्धि हुने अर्ति-बुद्धि दिने व्यक्तिलाई असल चित्तको 'कल्याण मित्र' भनेर जान्नू ।

**अभ्यास प्रश्नहरू :**

(१) चूलसुभद्राको विवाह कसरी भयो ?

(२) अनाथपिण्डिकले चूलसुभद्रालाई विवाहको समयमा कुन कुन दश उपदेशहरू दिएका थिए ?

(३) भित्रको आगो बाहिर लानुहुन्न, बाहिरको आगो भित्र्याउनु हुन्न भनेर किन भनेको ? स्पष्ट पार्नुहोस् ।

(४) दिनेलाई मात्र दिनुपर्छ, नदिनेलाई दिनुहुन्न भन्नाले के बुझिन्छ ?

(५) किन दिने र नदिने दुबैलाई दिनुपर्छ ? स्पष्ट पार्नुहोस् ।

(६) किन बुहारी हुनेले राम्ररी बस्ने र राम्ररी खाने गर्नु पर्छ ?

(७) प्रत्येक बुहारीले आफूलाई आगोको बीचमा छु भनेर किन सोच्नुपर्छ ?

(८) किन कुलदेवतालाई सेवा सत्कार वन्दना गर्नु पर्छ भनिएको हो ?

(९) दश उपदेशहरूलाई आफ्नै शब्दमा खुलस्त पार्नुहोस् । त्यसो भनिएको हो ?



Downloaded from http://dhamma.digital/

# (घ) अनुकम्पा राख्ने मित्र

गृहपतिपुत्र ! चार प्रकारले अनुकम्पा राख्ने मित्रलाई शुद्ध चित्तको 'कल्याण मित्र' भनेर जान्नू ।

(१) त्यो आफ्नो साथीको हानी नोक्सानी देखेर वा सुनेर खुशी हुँदैन । आफ्नो साथीका छोराछोरीलाई रोगादि दुःख कष्ट भएको देखेर त्यसको मनमा साह्रै पीर पर्न थाल्दछ । साथीको धनसम्पत्ति आगोले खायो वा नदीले लग्यो वा राजाले सर्वस्व लग्यो वा लुटाहाहरूले लुटेर लगे भन्ने कुरा सुनेर त्यसको चित्तमा दुःख डाह हुन थाल्दछ ।

(२) आफ्नो साथीलाई लाभ भयो भन्ने कुरा सुन्न पाउँदा या देख्न पाउँदा त्यो साह्रै खुशी हुन्छ । साथीलाई राजाले कुनै उच्चपद दिए भन्ने वा कहींबाट धन लाभ भयो भन्ने या यस कीर्ति सुमंगल प्राप्त भयो भन्ने कुरा सुन्न पायो भने त्यो साह्रै हर्षित हुन्छ ।

(३) त्यसको आफ्नो साथीको बारेमा नराम्रो कुरा गरिरहेको सुन्यो भने त्यस्तो कुरा गर्न दिंदैन । कसैले आफ्नो साथीको बारेमा 'फलानो त साह्रै बेइमान' त्यसको स्वभाव साह्रै राम्रो छैन, शील भनेको त छँदैछैन' भनेर नाना तरहले कुरा गरिरहेको सुन्यो भने त्यसले यसप्रकारले त्यहाँ भन्दछ– "हे भाइहरू हो, तपाईंहरूले किन फलानोको बारेमा त्यस्तो अवगुणको कुरा गर्नुभएको ? त्यो त त्यस्तो व्यक्ति होइन, त्यो साह्रै दयालु छ, शीलवान् पनि हो । त्यसले आमाबाबुको सेवामा कुनै त्रृटि हुन दिएको छैन । नाताकुटुम्ब तथा इष्टमित्रहरूको उपकार गरेको छ, धर्म आचरण पनि राम्रो गर्दछ । फेरि दुःखीहरू उपर पनि त्यसको सहानुभूति



Downloaded from http://dhamma.digital/

छ । सबैसित प्रेम व्यवहार गर्दछ । त्यस्ता सुपेसल शिक्षाकामी, परहितैषीलाई त्यस्तो भन्नु योग्य छैन । त्यो मान्छे त साह्रै गुणवान् छ ।"

यस प्रकारले आफ्नो साथीको सत्य गुण प्रकाश गरी अगुण हटाइ दिन्छ ।

(४) कसैले आफ्नो साथीको गुण वर्णन गरिरहेको देख्यो भने त्यसले त्यस व्यक्तिको प्रशंसा गर्दछ । जस्तो कुनै व्यक्तिले, "फलानोको शील स्वभाव अहा ! कति राम्रो जोसित पनि मिलेर मानमिजास गरी बस्दछ । मिठो वचनले कुरा गर्दछ । आफ्ना आमाबाबुप्रति भक्ति पनि उत्तिकै छ ।" भनेर कुरा गरिरहेको सुन्यो भने त्यसले त्यस व्यक्तिलाई ठीक भन्नुभो ! तपाईंहरूले साँच्चै नै गुणीजनको गुण चिन्नु भएको रहेछ । साँच्चै नै त्यो मानिस संगत गर्न लायकको छ भनी त्यसले भनेकोमा पनि अझ एक दुइवटा बढ्ता गुण वर्णन गरिदिन्छ ।

यस प्रकारले आफूलाई थाहा भएजति गुण वर्णन गरिदिन्छ ।

गृहपतिपुत्र ! यी यति चार प्रकारले अनुकम्पा राख्ने राम्रो हृदयको व्यक्तिलाई 'कल्याण मित्र' भनेर जान्नू ।

यस प्रकारले कल्याण मित्रहरूको स्वाभाव वर्णन गरिसक्नु भएपछि भगवान् तथागतले उपयुक्त उपदेश जम्मै एकै ठाउँमा संग्रह गर्नुभई निम्न गाथा आज्ञा गर्नुभयो-

*"उपकारो च यो मित्तो, सुख दुक्खे च यो सखा ।*
*अत्थक्खायि च यो मित्तो, यो च मित्तानु कम्पको ॥*
*एते पि मित्ते चत्तारो, इति विञ्ञाय पण्डितो ।*
*सक्कच्चं पयिरूपासेय्य, माता पुत्तं व ओरसं ॥*
*पण्डितो सीलसम्मन्नो, जलं अग्गीव भासति ।*
*भोगा संहरमानस्स, भमरस्सेव इरीयतो ।*
*भोगा संनिचयं यन्ति, वम्मिकोवूपचीयति ॥"*



Downloaded from http://dhamma.digital/

उपकार गर्ने मित्र, सुख र दुःखमा समानता राख्ने मित्र, वृद्धि उन्नति हुने कुरा बताउने मित्र, दया करुणा भएको मित्र-यी चार प्रकारका मित्रहरूलाई 'कल्याण मित्र' भनेर बुद्धिमान् पण्डितहरूले जान्नू। आमाबाबुले एक्लो छोरोलाई अनन्य प्रेम गरे झैं उपर्युक्त चार प्रकारले उपकार गर्ने मित्रलाई अनन्य मित्र सम्झी प्रेमपूर्वक सत्संगत गर्नू।

जसरी माहुरीले फुलको वर्ण नबिगारी रस लिएर आई क्रमशः चाका बनाउँछ, त्यसरी नै कसैको चित्त नदुखाई सद्‌चित्तले कमाइ गर्ने व्यक्तिको श्रीसम्पति महाराशी भएर चिरस्थायी हुन्छ। जसरी उपचिका धमिराहरूले क्रमशः माटोको थुप्रो बनाउँछ, त्यसरी नै उपर्युक्त नियममा आचरण गर्ने व्यक्तिले धन जम्मा गर्दछ।

यस प्रकारले धनसम्पत्ति कमाई धार्मिक शीलवान र पण्डित भई दानादि पुण्यकर्म गरे भने संध्या समयमा पर्वत शिखरमा बलिरहेको अग्निस्कन्ध जस्तै तेजवान् भएर सुगृहको वास प्राप्त हुन्छ।

**पुनश्चः**

*एवं भोगे समागम्म, अलमत्तो कुले गिहि।*
*चतुधा विभजे भोगे, सवे मित्ता बन्धति॥*
*एकेन भोगं भुञ्जेय्य, द्वीहि कम्मं पयो जये।*
*चतुत्थञ्च निधापेय्य, आपदासु भविस्सती'ति॥*

माथि भने पुताविक धनसम्पत्ति कमाई, त्यो कमाएका सम्पत्तिलाई चार भाग गरी काम-काज गरी भने मित्रहरू धेरै प्राप्त हुन्छन् र घरमा पनि श्रीशुभले बास गर्दछ।



Downloaded from http://dhamma.digital/

चार भागको मतलब यसरी– एक भाग आफ्नो खान लाउनमा खर्च गर्नु, दुइ भाग आफ्नो कामकाज (व्यापार आदि) मा लगाउनु, एक भाग आपत-विपतको निंति ढुकुटीमा जम्मा पारी राख्नु ।

उपर्युक्त अनुसार धन कमाई उचित तरीकाले खर्च गरेन भने वृद्धिको बदला बिग्रेर जाने सम्भावना हुन्छ । त्यसकारण गृहस्थीहरूले इष्टमित्रहरूसित मेलजोल बढाई आनन्दपूर्वक गृहस्थी चलाउन धनको सुरक्षा र सुप्रयोग गर्न जान्नु पर्दछ । माथि भनेको आम्दानीबाट चार भागमा एकभाग खान लाउनको निंति राखेको जुन छ, त्यसबाट अलिकति झिकी इष्टमित्रहरूको सत्कार गर्नू । नोकर चाकारलाई तलब तथा दानादि पुण्यकर्म पनि त्यसैबाट गर्नू । रोजगारमा लागेको धन सकेसम्म छुनुहुन्न । चौथो भाग चाहिं राजभय, शत्रुभय, अग्निभय, जलभय, चोर भय अनि अनेक भय आउने अवस्थाको निंति सुरक्षित राख्नु पर्दछ । गृहस्थीहरूलाई यस्ता भय बराबर आउने संभव छ ।

यति नियम पालन गरेर बसे भने गृहस्थाश्रममा धेरै इष्टमित्रहरू भएर आउँछ । गृह व्यावहार चलाउन पनि सुविस्ता हुन्छ धन चिरस्थायी हुन्छ । आम्दानी भन्दा खर्च कम हुन्छ । रोजगार तथा काम-काज पनि सुविस्तापूर्वक चल्दछ । धर्मानुकूल जीविका हुन्छ ।

हे गृहपतिपुत्र ! आर्य्यश्रावकहरूले चार प्रकारका अकुशल छाडी, छः प्रकारका सम्पत्ति विनाश हुने कारण छाडी, सोऱ्ह प्रकारका कुमित्रहरू त्यागी, सोऱ्ह प्रकारका सुमित्रहरू ग्रहण गरी आनन्दपूर्वक गृहस्थी चलाउँछन् । स्त्री, पुत्रीपुत्रादि तथा नोकर चाकरहरूको राम्ररी भरण पोषण गर्दछ । यस्ता गृहस्थी देव मनुष्यहरूको बीचमा अग्निस्कन्ध जस्तै देदीप्यमान भइरहन्छ ।

यसप्रकार सिगालपुत्रलाई त्याग्नु पर्ने त्याग्न लगाई, ग्रहण गर्नु पर्ने ग्रहण गर्न लगाई, छ वटा दिशाको कुरा पुनर्वार भगवान्ले आज्ञा गर्नुभयो ।



Downloaded from http://dhamma.digital/

**अभ्यास प्रश्नहरू :**

(१) अनुकम्पा राख्ने मित्रलाई किन शुद्ध चित्तको कल्याण-मित्र भनेर जान्नुपर्छ ?

(२) सत्‌मित्र बनेमा अरुलाई पनि परिवर्तन गर्न सकिन्छ भन्ने कुरामा तपाईं सहमत हुनुहुन्छ ? हुनुहुन्छ भने किन ? उदाहरण सहित प्रकाश पार्नुहोस् ।

(३) सत्‌मित्र र असत्‌मित्रमा कुन मित्र जाति हुन्छ ? उल्लेख गर्नुहोस् ।

(४) हामीले सत्‌मित्र भएर समाजलाई के-कस्तो योगदान दिन सक्ने हुन्छौं ?

❖❖❖❖

Dhamma.Digital



Downloaded from http://dhamma.digital/

# परियत्ति : प्रथम प्रवेश शिक्षा

'समाप्त'

Dhamma.Digital

भवतु सब्ब मङ्गलं ।



Downloaded from http://dhamma.digital/

# नेपाल बौद्ध परियत्ति शिक्षाको एक चिनारी

**परियत्ति शिक्षा के हो ?**

राजकुमार सिद्धार्थको रूपमा नेपालका सुपुत्र, विश्वज्योति भगवान् बुद्धको जन्म नेपालको लुम्बिनी ग्राममा (हाल कपिलवस्तु तौलिहवा नजिकै) आजभन्दा करीब २६२६ वर्ष पूर्व भएको हो । उहाँ संसारलाई जलाइरहेको दुखाग्नि देखी चिन्तित हुनुहुन्थ्यो र शान्तिको मार्ग खोज्न एकदिन राजसी ऐस आराम, प्यारी पत्नी यशोधरा र पुत्र राहुललाई त्यागगरी अज्ञानता र दु:खबाट मुक्तिको मार्ग खोज्न घरबाट निस्कनुभयो । त्यसबेलामा नाम चलेका ज्ञानीजनहरूबाट आफूले खोजेको शान्तिको ज्ञान प्राप्तहुने नदेखेपछि आफैले सो ज्ञान प्राप्तगर्न ६ वर्षसम्म कठोर तपस्या गर्नुभयो । अन्तमा बोधिबृक्षमुनि ध्यानरतहुँदा उहाँले सम्यक्सम्बोधि प्राप्त गर्नुभयो र बुद्ध कहलाउनुभयो । तत्पश्चात् आफैले पत्ता लगाएको अमृतमय बुद्धधर्मको सन्देश ४५ वर्षसम्म आफूले स्थापना गर्नुभएको संघका भिक्षुहरूमा तथा गृहस्थहरूमा फैलाउँदै ८० वर्षको उमेरमा महापरिनिर्वाण हुनुभयो ।

प्राणीमात्रको हित र सुखको लागि भगवान् बुद्धले धर्मचक्र प्रवर्तन गर्नुभएदेखि परिनिर्वाणको समयमा मल्लहरूको सालवनमा भिक्षु आनन्द तथा अन्य भिक्षुहरू तथा सुभद्र परिब्राजकहरूलाई दिनुभएको अन्तिम धर्मोपदेशसम्म ४५ वर्ष तक निरन्तर अभिव्यक्त गर्नुभएका आदि, मध्य र अन्तमा पनि कल्याणकारी मूल र प्रामाणिक बुद्धवचन त्रिपिटक ग्रन्थमा सुरक्षित गरिएको छ । बुद्धवचन सुत्तपिटक, विनयपिटक र अभिधम्मपिटक गरी ३ भागमा विभक्त गरिएको भएर नै त्रिपिटक भनिएको हो । पिटक भनेको धर्म साहित्यको पिटक (डालो) हो । बुद्धशासनमा परि यत्ति, प्रतिपत्ति र प्रतिवेध ३ भाग मा विभाजित शासन मध्ये त्रिपिटक परियत्ति शासन हो । परियत्ति भनेको बुद्धवचन त्रिपिटकको अध्ययन अध्यापन गर्नुपर्ने सैद्धान्तिक पक्ष हो भने प्रतिपत्ति भनेको व्यवहारिक प्रयोगात्मक पक्ष हो । अनि



Downloaded from http://dhamma.digital/

प्रतिवेध भनेको शुद्धधर्मको अभ्यासबाट प्राप्तहुने मार्गफल र निर्वाण हो। परियत्ति शासन भएन भने प्रतिपत्ति शासन हुँदैन। त्यस्तै प्रतिपत्ति शासन भएन भने प्रतिवेध शासन हुँदैन। त्यसो भएर नै बुद्धशासनको आधारशीला भइरहेको परियत्ति अर्थात् बुद्धवचन शुद्धरूपले सुरक्षितगरी राख्न संगायनहरू भै राखेका छन्।

परियत्तिको महत्वबारे अंगुत्तर निकायको अट्ठकथाको मनोरथपूरणी ग्रन्थको एउटा गाथामा यस्तो भनिएको छ - *"सूत्र रहेन भने र विनय नष्ट भयो भने लोक त्यस्तै प्रकारले अन्धकारमय हुनेछ जस्तो सूर्य अस्ताउँदा हुन्छ। सूत्र आदि रक्षा भइरह्यो भने प्रतिपत्ति रक्षाहुन्छ, परियत्तिमा स्थिर भइरहने धीर पण्डित योगक्षेम निर्वाण प्राप्तगर्नबाट विमुख हुँदैन।"*

## नेपाल बौद्ध परियत्ति शिक्षाको संक्षिप्त इतिहास

आजभन्दा २६०० वर्ष अगाडि हाम्रो देश नेपालको लुम्बिनी उपवनमा कपिलवस्तुका राजा शुद्धोदन र अग्रमहिषी महामायादेवीका सुपुत्र राजकुमार सिद्धार्थको जन्म भयो। उहाँ २९ वर्षको उमेरमा गृहत्यागगरी ३५ वर्षको उमेरमा बुद्धगयाको बोधिबृक्ष मुनि बोधिज्ञान प्राप्त गरी सर्वज्ञबुद्ध हुनुभयो। बुद्धत्व प्राप्तिपछि भगवान बुद्धले संसारको हित र कल्याणको निम्ति ४५ वर्षसम्म गाउँ-गाउँमा, शहर-शहरमा, जनपदबाट जनपदमा चारिकागरी धर्म उपदेश गर्नुभयो। भिक्षाटनबाट फर्किसकेपछि खुट्टाधुने समयसम्म त्यसै नबसि उहाँ धर्मोपदेश गर्नुहुन्थ्यो। यसप्रकारको धर्मउपदेशदिने आदर्शलाई त्यसपछिको उहाँको शरणमा आउने सबै भिक्षु, श्रमण र श्रद्धालुहरूले पनि पालनगऱ्यो। बुद्धको महापरिनिर्वाणपछि बुद्धोपदेश लोपनहोस् भनेर मगध सम्राट् अजातशत्रुको संरक्षणमा आयुष्मान् महाकाश्यप महास्थविरको नेतृत्वमा पहिलो संगायना भयो।

त्यसको १०० वर्षपछि राजा कालाशोकको संरक्षणमा आयुष्मान् रेवत महास्थविरको नेतृत्वमा विनय-नियम शुद्ध र स्वच्छ रूपले कायम गरीराख्ने विशेष उद्देश्य राखी दोस्रो संगायना भयो।



Downloaded from http://dhamma.digital/

सम्राट् अशोकले चारैदिशातिर धर्मदूतहरू पठाई बुद्धको उपदेश प्रचार प्रसार गर्नुभयो । धर्मको संगायनालाई फेरी चिरस्थायीको कामना गरी श्रीलंकाका राजा वट्टगामिनिले वुद्धोपदेश त्रिपिटकलाई ताडपत्रमा लिपिबद्ध गरायो । यसको अगाडि बुद्धोपदेश लिपिबद्ध नभएसम्म त्यसलाई कण्ठ गरिराख्ने जिम्मा लिइराख्ने भिक्षुहरूले विभिन्न रूपले भाणक भाणक विभाजन गरी गुरूशिष्य परम्परा आ-आफूले जिम्मा लिइराखेकोलाई त्यसै अनुरूप अभिभारा बोकी पूर्णरूपले जिम्मेबार बहन गरी राखेको थियो । दुर्भिक्षादि प्राकृतिक भय-अन्तराय आएजस्तै अधार्मिक राजाहरू वा अधिकारीहरूबाट पनि अनेकौं बिघ्नवाधा आई शासनलाई धक्का पुग्नजाने अवस्थामा आ-आफूहरू केही भएमा धर्मको अंश नै लोप हुनसक्छ भनेर यत्रो भय लिई, संवेग लिई बुद्ध-शासन सुरक्षाको निम्ति दत्तचित्त भइराख्यो कि भनेरसाध्य छैन । जस्तो उहाँ दूरदर्शी बुद्ध-श्रावकहरूले भविष्यलाई देखी भय गर्नुहुन्छ, त्यो स्थिति साँच्चै नै आई बुद्ध-शासनप्रति कहिले अराजकतापूर्ण दमननीतिको प्रहारभयो, दुर्भिक्षादि भयको सामना गर्नुपर्‍यो, अधार्मिक अधिकारीहरूको हातबाट बच्न लुकी लुकी नदी नाला पहाड पर्वतको सहारा लिनुपर्‍यो । खाने,पिउने कुराको अभावमा खालि पेटको भरमा पनि हतोत्साही नभएका उहाँ आजानी वीरपुरूष भिक्षुहरूले बुद्धोपदेशको सुरक्षाको जिम्मा पूरा गर्‍यो । पछि यो परम्पराबाट मात्र शासन स्थिरनहुने स्थिति बुझी बाहिरको राम्रो वातावरण अनुकूल भइसकेपछि चौंथो संगायनागरी पुस्तकारूढको गतिलो काम सम्पन्न गर्नुभयो ।

बुद्धोपदेश सबै ताडपत्रमा पुस्तकारूढको रूपमा लिपिबद्ध भईसकेपछि यसको व्याख्या, टीका, अनुटीका, ग्रन्थी अनुग्रन्थी आदि धेरै धेरै ग्रन्थहरू लेख्ने तथा प्रचार प्रसारगर्ने काममा कति, कसरी अविस्मरणीय अमूल्य काम-कुरा भई सकिसक्यो । त्यस्तै धर्मको परिशुद्धताको लागि राजाबाट संगायन पनि भैसक्यों । पाँचौं संगायनाहुँदा पहिला भन्दा वुद्ध-शासन चिरस्थायीगर्ने ठूलो इच्छा प्रबल श्रद्धा राखी बर्मी राजा मेण्डोनले मार्बलमा बुद्धोपदेश कुँदी शिलालेखको रूपमा सम्पूर्ण त्रिपिटक लिपिवद्ध गर्नुभयो । आज यी शिलालेख राखीराखेको प्रत्येक चैत्यहरू



Downloaded from http://dhamma.digital/

धर्मको मन्दिरको रूपमा अहिलेसम्म दर्शन गर्नसकिन्छ । बुद्धधर्म जानी, बुझी तद्नुसार आचरण गर्नुपर्ने धर्म भएकोले यसको प्रचार-प्रसारको निकै आवश्यक छ ।

गौतम बुद्ध जन्मभएको लुम्बिनी त्यस्तै नै उहाँको जीवनसँग सम्बन्ध भएको कपिलवस्तु, देवदह भएको नेपाल देशमा बुद्धको उपदेशको अध्ययन-अध्यापन समय समयमा भैराखेको इतिहासबाट प्रष्ट हुन्छ । प्राचीन युगमा मौखीक रूपमा धर्मको प्रचार-प्रसार भएता पनि लिच्छवी युगमा हाम्रो देशमा धेरै बुद्ध-धर्म, बौद्ध दर्शन र बौद्धकलाको अध्ययन-अध्यापनको केन्द्र थियो । मध्ययुगमा पनि कैयौं बौद्ध विहारमा यसरी नै अध्ययन-अध्यापनको व्यवस्था थियो । जयस्थिति मल्लको समयदेखी बौद्ध विषयमा यसप्रकारको अध्ययन-अध्यापनको काम व्यवस्थित रूपमा हुन सकेन । त्यसपछि गुथी पारायण पद्धतिबाट यसको अध्ययन-अध्यापन पद्धतिलाई जीवित बनाइराख्यो ।

एशियामा फेरी संस्कृति र सभ्यताको पुनर्जागरण आयो । नेपालमा पनि बुद्ध बुद्ध-धर्म पुनः प्रचार-प्रसार भयो । यस कार्यमा भिक्षु प्रज्ञानन्द, भिक्षु धम्मालोक, भिक्षु शाक्यानन्द, भिक्षु अमृतानन्द, भिक्षु सुबोधानन्द, भिक्षु सुमंगलहरूको विशेष योगदान रहिआएको छ । बि.सं. २००१ सालमा तत्कालीन राणशासनमा नेपालमा भएका चारजना भिक्षुहरू र चारजना श्रामणेरहरूलाई नेपालमा बुद्ध-धर्म प्रचार-प्रसार नगर्नु भन्दाभन्दै पनि प्रचार-प्रसार गर्‍यो भन्ने आरोप लगाई देश निकाला गरी बुद्ध-धर्मको इतिहास समाप्तगर्ने प्रयास गरेता पनि नेपालका बौद्धहरूले भार तमा बसेर भए पनि धर्मको जागरणगर्ने काममा लागीरहे । यही क्रममा सन् १९४४ मा सारनाथमा 'धर्मोदय सभा' को गठन भयो । सन् १९४६मा भिक्षु अमृतानन्द महास्थविरको प्रयत्नबाट श्रीलंकाका प्रसिद्ध बौद्ध विद्वान् भिक्षु नारद महास्थविर प्रमुख ५ जना भिक्षुहरूको शिष्टमण्डलको रूपमा नेपालमा आउनु भयो । उहाँहरूले तत्कालीन राणाशासक पद्मशम्सेरलाई अनुरोधगरी देश निकाला गरीएका भिक्षुहरू पुनः नेपालमा फर्किनुभयो । त्यसपछि नेपालका धेरै श्रद्धालु उपासक-उपासिकाहरूले प्रब्रज्या ग्रहण गर्नुभयो ।



Downloaded from http://dhamma.digital/

सन् १९५१ मा "अखिल नेपाल भिक्षु महासंघ" को स्थापना भयो । भिक्षु महासंघद्वारा धर्मदेशनाबाट विहारमा सिकाउने, अध्ययन-अध्यापन गराउने काम पुनः शुरू भयो । यसबाट श्रीलंका, बर्मा, थाईल्याण्ड आदि देशहरूले नेपालका भिक्षुहरूलाई बुद्ध-धर्म अध्ययनार्थ छात्रवृत्ति प्रदान गरी नेपालको बुद्धधर्मको इतिहासमा कहिल्यै नबिर्सिने छाप राखिदियो । यसमा तत्कालदेखी कुशीनगर भारतमा बसोबास गरी आफूले सक्दो बुद्ध-धर्मको प्रचार-प्रसारको काममा धेरै योगदान दिंदैरहेका ऊ चन्द्रमणी महास्थविरको पनि ठूलो देन रहेको छ । नेपालका पुराना भिक्षु, अनागारिकाहरू धेरैजसो उहाँकै शिष्यहरू छन् ।

हाम्रो देशमा बुद्ध-धर्म सम्बन्धी अध्ययन र अध्यापनगर्ने कार्य अत्यन्त आवश्यक भएकोले यसलाई सुहाउँदो समय र परिस्थितिलाई हेरेर त्रिशूली सुगत बौद्ध मण्डलका सचिव धर्मरत्न शाक्यको सुझाव अनुसार श्रद्देय भिक्षु बुद्धघोष महास्थविर त्रिशूली सुगतपुर विहारमा पाल्नुभएको बेलामा बि.सं.२०१९ मा बुद्ध-धर्मको अध्ययन र अध्यापन कार्यको शुभारम्भ गर्नुभयो । जुन परीक्षा क्रममा १ कक्षादेखि ५ कक्षासम्म परीक्षार्थीहरू उत्तीर्ण पनि भयो ।

त्यसपछि भिक्षु बुद्धघोष महास्थविर र धर्मरत्न शाक्य 'त्रिशूली' ले "अखिल नेपाल भिक्षु महासंघ" मा प्रस्ताव पेश गरे अनुसार ५ बैशाख २०२० मा नवौं बैठकले परिवर्तित र परिवर्द्धित गरी त्यस शिक्षाकार्य अधिराज्यभरी संचालन गर्नेगरी स्वीकारगरी यस शिक्षाको अध्ययन-अध्यापनको क्रमलाई "नेपाल बौद्ध परियत्ति शिक्षा" नामाकरण गर्ने निर्णय भयो । त्यसै बैठकको निर्णय अनुसार यस शुभकार्यको शुभारम्भ "अखिल नेपाल भिक्षु महासंघ" का अध्यक्ष पूज्य प्रज्ञानन्द महास्थविरको ६४ औं जन्मदिनमा उद्घाटन भयो ।

"अखिल नेपाल भिक्षु महासंघ" को निर्णय अनुसार बु.सं.२५०७ को बुद्ध-जयन्तीको शुभदिनमा परीक्षा केन्द्र निर्णय भएको ठाउँमा नेपाल अधिराज्य भरी ठीक ८:४५ बजे विहान "नेपाल बौद्ध परियत्ति शिक्षा" को अध्ययन र अध्यापन कार्य प्रारम्भ भयो । यस सन्देश रेडियो नेपालबाट पनि त्यसै समयमा प्रसारण गरिदियो ।



Downloaded from http://dhamma.digital/

ने.सं.१००८, दिल्लागा ११ (बि.सं.२०२०, आषाढ १८ गते) को दिनमा अ.ने.भि.महासंघको बैठकको निर्णय अनुसार बौद्ध परियत्ति शिक्षाको पहिलो परीक्षामा कक्षा १ देखि कक्षा ५ सम्मको व्यवस्थागर्ने सम्पूर्ण कार्यभार श्रामणेर सुदर्शनलाई सुम्पियो । त्यस्तै महासंघको मैत्रीले विभिन्न परीक्षा केन्द्रमा परीक्षा नियन्त्रकहरू नियुक्त गरियो । पहिलो परीक्षा बि.सं.२०२० आश्विन २८ गते (अक्टोबर १४, १९६३) देखि भयो । पहिलोदेखी छैठौं परीक्षामा आशातीत सफलता र बुद्ध-धर्मको अध्ययन-अध्यापनको उत्साहबर्द्धक वातावरणको फलस्वरूप अ.ने.भि.महासंघबाट २३ फागुन २०२० को बैठकमा सातौं परीक्षालाई उपाधि परीक्षा गर्ने निर्णय भयो । शुरूमा सद्धम्म पालकसम्म अध्यापन गरिने ने.बौ.प.शिक्षामा सो तह उत्तीर्ण गरेका विद्यार्थी भएपछि अभ्र उच्च शिक्षा दिन सद्धम्मपालक उत्तीर्ण धर्मरत्न शाक्य र अ.सुशीला प्रमुख सबै विद्यार्थीहरूको आग्रह बमोजिम परियत्ति सद्धम्म कोविदसम्मको पाठ्यक्रम तयार गरी उच्चशिक्षा प्रारम्भ गरियो । त्यसपछि यस शिक्षालाई परिस्थिति र वातावरण सुहाउँदो ढंगले समय समयमा विभिन्न प्रकारले परिवर्तन र परिवर्द्धन गर्ने कममा विभिन्न नीति नियमहरू निर्धारण गर्ने र समिति उपसमिति गठन गर्ने देखि लिएर शिक्षण व्यवस्थापन सुदृढिकरण गर्दै व्यवस्थित रूपले कामकुरा अगाडि बढ्दै गयो । शुरूमा प्रारम्भिक प्रथमवर्ष देखि प्रवेश द्वितीयवर्षसम्म मात्र व्यवस्था भइराखेको यस शिक्षा आज आएर अन्तिम उपाधि परीक्षाको रूपमा “परियत्ति सद्धम्म कोविद उपाधि परीक्षा” सम्म संचालन हुँदै आइराखेको छ ।



Downloaded from http://dhamma.digital/

# नेपाल बौद्ध परियत्ति शिक्षा

प्रधान कार्यालय,
मणिमण्डप महाविहार, पटको, ललितपुर
फोन नं. : ५५२६५१७

सम्पर्क सचिवालय : विश्व शान्ति विहार
नयाँ बानेश्वर, मीनभवन, काठमाडौं
फोन नं. : ४४८२२५०, ४४८२९८४

## बौद्ध परियत्ति शिक्षा स्तर

१. परियत्ति सद्धम्म पालकको प्रारम्भिक प्रथम वर्ष
२. परियत्ति सद्धम्म पालकको प्रारम्भिक द्वितीय वर्ष
३. परियत्ति सद्धम्म पालकको प्रारम्भिक तृतीय वर्ष
४. परियत्ति सद्धम्म पालकको प्रवेश प्रथम वर्ष
५. परियत्ति सद्धम्म पालकको प्रवेश द्वितीय वर्ष
६. परियत्ति सद्धम्म पालकको प्रवेश तृतीय वर्ष
७. परियत्ति सद्धम्म पालकको उपाधि वर्ष
८. परियत्ति सद्धम्म कोविद प्रथम वर्ष
९. परियत्ति सद्धम्म कोविद मध्यम वर्ष
१०. परियत्ति सद्धम्म कोविद अन्तिम वर्ष



Downloaded from http://dhamma.digital/

# DEDICATION OF MERIT

May the merit and virtue
accrued from this work
adorn Amitabha Buddha's Pure Land,
repay the four great kindnesses above,
and relieve the suffering of
those on the three paths below.

May those who see or hear of these efforts
generate Bodhi-mind,
spend their lives devoted to the Buddha Dharma,
and finally be reborn together in
the Land of Ultimate Bliss.
Homage to Amita Buddha!

**NAMO AMITABHA**

南無阿彌陀佛

《尼泊爾文國語：一年級佛學課本》
財團法人佛陀教育基金會 印贈
台北市杭州南路一段五十五號十一樓
Printed and donated for free distribution by
**The Corporate Body of the Buddha Educational Foundation**
11F., 55 Hang Chow South Road Sec 1, Taipei, Taiwan, R.O.C.
Tel: 886-2-23951198 , Fax: 886-2-23913415
Email: overseas@budaedu.org
Website:http://www.budaedu.org
**This book is strictly for free distribution, it is not for sale.**
Printed in Taiwan
10,000 copies; Jul 2004
NE015-3837

Downloaded from http://dhamma.digital/

Downloaded from http://dhamma.digital/

[illegible]

request that it be treated with resp[illegible]

If you are finished with it,

please pass it on to others or

[illegible] it to a monastery, school or public lib[illegible]

Thanks for your co-operation.

**Namo Amitabha!**


《尼泊爾文國語：一年級佛學課本》

財團法人佛陀教育基金會 印贈

台北市杭州南路一段五十五號十一樓

Printed and donated for free distribution by

**[illegible] Corporate Body of the Buddha Educational Founda[illegible]**

[illegible]F., 55 Hang Chow South Road Sec 1, Taipei, Taiwan, R.O.[illegible]

Tel:886-2-23951198,Fax:886-2-23913415

Email:overseas@budaedu.org

Website: http://www.budaedu.org

**This book is for free distribution, it is not for sale.**

**यो पुस्तक निःशुल्क वितरणको लागि हो, विक्रीको लागि होइन ।**

Printed in Taiwan

NH015


Downloaded from http://dhamma.digital/